दर्शनाचार्य

# उत्तरवर्ती नेपाली लघुकथामा व्यङ्ग्य

**त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग अन्तर्गत दर्शनाचार्य तह तृतीय सत्रको नवौँ र दशौं पत्र (६०९ र ६१०) को लागि प्रस्तुत**

## शोधप्रबन्ध

**प्रस्तुतकर्ता**

**पुष्करराज भट्ट**

**त्रिभुवन विश्वविद्यालय**

**नेपाली केन्द्रीय विभाग**

**दर्शनाचार्य तह**

**शैक्षिक सत्र २०६८-०६९**

शोध निर्देशकको सिफारिस

उत्तरवर्ती नेपाली लघुकथामा व्यङ्ग्य, - पुष्करराज भट्ट

२०७०

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको दर्शनाचार्य तहका छात्र **पुष्करराज भट्टले** **उत्तरवर्ती नेपाली लघुकथामा व्यङ्ग्य** शीर्षकको प्रस्तुत शोधप्रबन्ध मेरो निर्देशनमा तयार पार्नु भएको हो । शोध प्रक्रियाको अनुशासन भित्र रही शोध्य विषयका अपेक्षा अनुरूप सामग्री सङ्कलन, विश्लेषण र गहन अध्ययन गरी मिहिनेतपूर्वक तयार पारिएको उहाँको यस शोधप्रबन्धसँग म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०७०-०१-०२

...............................

**प्रा.डा. महादेव अवस्थी**

(शोध निर्देशक)

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग अन्तर्गत दर्शनाचार्य शिक्षण कार्यक्रमको नवौँ र दशौं पत्रको लागि **पुष्करराज भट्टद्वारा** प्रस्तुत **उत्तरवर्ती नेपाली लघुकथामा व्यङ्ग्य** शीर्षकको शोध प्रबन्ध आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

<u>शोध प्रबन्ध मूल्याङ्कन समिति</u>

**१. प्रा. डा. देवीप्रसाद गौतम** .............................
(विभागीय प्रमुख)

**२. प्रा. डा. महादेव अवस्थी** .............................
(शोध निर्देशक)

**२ प्रा. डा. ताराकान्त पाण्डेय** .............................
(आन्तरिक परीक्षक)

**३ प्रा. डा. दयाराम श्रेष्ठ** .............................
(बाह्य परीक्षक)

मिति : २०७०/०२/२०

# कृतज्ञता ज्ञापन

प्रस्तुत **उत्तरवर्ती नेपाली लघुकथामा व्यङ्ग्य** शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभाग अन्तर्गत दर्शनाचार्य तह तेस्रो सत्रको नवौँ र दशौँ पत्र (६०९ र ६१०) को प्रयोजनका लागि तयार पारेको छु । यो शोधपत्र मैले मेरा आदरणीय गुरु **प्रा.डा. महादेव अवस्थी**ज्यूको बौद्धिक एवम् सुझबुझपूर्ण निर्देशनमा तयार पारेको छु । यो शोधपत्र तयारीका सन्दर्भमा आफ्नो कार्य व्यस्तताका बिच पनि समय निकालेर आवश्यक निर्देशन तथा विभिन्न सल्लाहसुझाव प्रदान गर्नु भएकोमा निर्देशक गुरुप्रति म हृदयदेखि नै कृतज्ञता प्रकट गर्दछु । प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि विभागीय स्विकृति प्रदान गर्नुहुने नेपाली केन्द्रीय विभागका विभागीय प्रमुख **प्रा.डा. देवीप्रसाद गौतमज्यू**मा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

मलाई नेपाली लघुकथामा शोध गर्न सल्लाह दिनुहुने गुरु सहप्राध्यापक **डा. लक्ष्मणप्रसाद गौतम**प्रति कृतज्ञता ज्ञापन गर्दछु । शोधपत्र तयार गर्ने क्रममा आवश्यक सल्लाह दिनुहुने गुरु **प्रा.डा. दयाराम श्रेष्ठ** एवम् गुरु **प्रा. केशव सुवेदी**प्रति कृतज्ञता ज्ञापन गर्दछु ।

यो शोधपत्र तयार गर्दा मैले विभिन्न व्यक्ति एवम् संस्थाहरूबाट सहयोग लिएको छु । यो शोधपत्र तयार गर्ने क्रममा म सँग नभएका आवश्यक पुस्तक एवम् सामग्री उपलब्ध गराई सहयोग गरिदिने लघुकथा समाज, नेपाल प्रति आभार प्रकट गर्दछु । शोधपत्र लेखनका क्रममा सल्लाह सुझाव दिनुहुने लघुकथाकार श्रीओम श्रेष्ठ 'रोदन', डा. रवीन्द्र समीर, नवराज रिजाल एवम् ध्रुव मधिकर्मीप्रति कृतज्ञता ज्ञापन गर्दछु । त्यसरी नै सामग्री उपलब्ध गराईदिनु हुने लघुकथाकारहरू विजय सागर, पदमप्रसाद शर्मा, रामचन्द्र नेपाल, रामबहादुर बानियाँ क्षेत्री, आरआर चौलागाई, शर्मिला खडका (दाहाल), सरस्वती रिजाल, कल्याण पन्त, इन्द्रकुमार विकल्प, प्रयास सौरभ श्रेष्ठ, विजय सागरप्रति कृतज्ञ छु । त्यसरी नै शोधपत्र तयार गर्ने क्रममा भाषा सम्पादन गर्नमा सहयोग गर्ने मित्र गिरीराज न्यौपानेलाई पनि ह्दयदेखि आभार प्रकट गर्दछु ।

मेरो अध्ययन कार्यलाई यहाँसम्म पुऱ्याउने पूज्य माता-पिता राधिकादेवी भट्ट/गोपालदत्त भट्ट प्रति म सँधै ॠणी हुनेछु । म यस क्षणमा जीवनका असहज दिनमा पनि उत्साह दिइरहने भाइ-बहिनी हेमराज एवम् हेमन्तीलाई पनि सम्झिरहेको छु । सुख-दुःखमा साथ दिने जीवनसाथी निर्मलालाई पनि सम्झेकै छु । मेरो जीवनलाई यहाँसम्म पुऱ्याउन मद्दत गर्नुहुने सम्पूर्ण मित्रहरू प्रति कृतज्ञ छु ।

अन्त्यमा, प्रस्तुत अध्ययन पत्रको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग दर्शनाचार्य कार्यक्रम समक्ष पेश गर्दछु ।


..................


**पुष्करराज भट्ट**

दर्शनाचार्य तह

त्रिभुवन विश्वविद्यालय

शैक्षिक सत्र २०६८-०६९

# विषयसूची


| शीर्षक | पृष्ठ |
| --- | --- |
| शोध निर्देशकको सिफारिस | |
| कृतज्ञता ज्ञापन | |
| **परिच्छेद एक : शोध परिचय** | |
| १.१ विषय परिचय | १ |
| १.२ समस्या कथन | १ |
| १.३ शोधको उद्देश्य | २ |
| १.४ पूर्वकार्यको समीक्षा | २ |
| १.५ अध्ययनको औचित्य र महत्त्व | ९ |
| १.६ अध्ययनको सीमाङ्कन | ९ |
| १.७ विश्लेषणको आधार तथा ढाँचा | ९ |
| १.७.१ सामग्री सङ्कलन विधि | ९ |
| १.७.२ विश्लेषणको आधार र ढाँचा | १० |
| १.८ शोधप्रबन्धको रूपरेखा | ११ |
| **परिच्छेद दुई : लघुकथाको सन्दर्भमा व्यङ्ग्यको सिद्धान्त** | |
| २.१ व्यङ्ग्यको परिचय | १३ |
| २.२ व्यङ्ग्यको प्रयोजन | १३ |
| २.३ व्यङ्ग्य सम्बन्धी पूर्वीय साहित्यशास्त्रीय मान्यता | १५ |
| २.४ व्यङ्ग्य सम्बन्धी पश्चिमी साहित्यशास्त्रीय मान्यता | १७ |
| २.५ व्यङ्ग्य सम्बन्धी नेपाली साहित्यशास्त्रीय मान्यता | २२ |
| २.६ नेपाली लघुकथामा पाइने व्यङ्ग्यले लक्षित गरेका क्षेत्र विश्लेषणको सैद्धान्तिक प्रतिमान | २३ |
| २.७ नेपाली लघुकथमा प्रयुक्त व्यङ्ग्यको अभिव्यक्ति कला विश्लेषणको सैद्धान्तिक प्रतिमान | २८ |
| २.८ निष्कर्ष | ३२ |
| **परिच्छेद तिन : नेपाली लघुकथाको ऐतिहासिक विकासक्रम** | |
| ३.१ विषय परिचय | ३३ |
| ३.२ नेपाली लघुकथाको विकासक्रमका बारेमा गरिएका अध्ययनहरू | ३३ |

३.३ नेपाली लघुकथाको ऐतिहासिक विकासक्रम ३६
३.४ निष्कर्ष ४७
**परिच्छेद चार : नेपाली लघुकथामा प्रयुक्त व्यङ्ग्यले लक्षित गरेका क्षेत्रहरू**
४.१ विषय परिचय ५०
४.२ नेपाली लघुकथामा राजनीतिक व्यङ्ग्य ५०
४.३ नेपाली लघुकथामा सामाजिक व्यङ्ग्य ६६
४.४ नेपाली लघुकथामा सांस्कृतिक व्यङ्ग्य ८६
४.५ नेपाली लघुकथामा धार्मिक व्यङ्ग्य ९१
४.६ नेपाली लघुकथामा आर्थिक व्यङ्ग्य ९८
४.७ नेपाली लघुकथामा भाषा तथा साहित्य विषयक व्यङ्ग्य १०४
४.८ नेपाली लघुकथामा शिक्षा विषयक व्यङ्ग्य ११४
४.९ नेपाली लघुकथामा स्वास्थ्य विषयक व्यङ्ग्य १२०
४.१० नेपाली लघुकथामा प्रशासन क्षेत्रसँग सम्बन्धित व्यङ्ग्य १२५
४.११ नेपाली लघुकथामा विज्ञान विषयक व्यङ्ग्य १३३
४.१२ नेपाली लघुकथामा आधुनिक सभ्यता एवम् जीवनशैलीसँग सम्बन्धित व्यङ्ग्य १३८
४.१३ नेपाली लघुकथामा न्याय कानुन विषयक व्यङ्ग्य १४७
४.१४ नेपाली लघुकथामा पत्रकारिता विषयक व्यङ्ग्य १५०
४.१५ नेपाली लघुकथामा वैयक्तिक व्यङ्ग्य १५३
४.१६ निष्कर्ष १५९
**परिच्छेद पाँच : नेपाली लघुकथामा व्यङ्ग्यको अभिव्यक्ति कला**
५.१ विषय परिचय १६७
५.२ नेपाली लघुकथामा भाषिक विचलनका माध्यमबाट व्यङ्ग्य १६७
५.३ नेपाली लघुकथामा समानान्तरताका माध्यमबाट व्यङ्ग्य १७४
५.४ नेपाली लघुकथामा प्रर्यायकथनका माध्यमबाट व्यङ्ग्य १७९
५.५ नेपाली लघुकथामा विशेषणगुच्छका माध्यमबाट व्यङ्ग्य १८३

५.६ नेपाली लघुकथामा दृष्टान्तिकरणका माध्यमबाट व्यङ्ग्य १८७
५.७ नेपाली लघुकथामा अप्रचलित शब्द एवम् शब्दयुग्मको प्रयोगका माध्यमबाट व्यङ्ग्य १९०
५.८ नेपाली लघुकथामा अलङ्कारका माध्यमबाट व्यङ्ग्य १९३
५.९ नेपाली लघुकथामा अप्रचलित उखानका माध्यमबाट व्यङ्ग्य १९६

५.१० नेपाली लघुकथामा टुक्काका माध्यमबाट व्यङ्ग्य २०२
५.११ नेपाली लघुकथामा नवनिर्मित क्रियाको प्रयोगका माध्यमबाट व्यङ्ग्य २०७
५.१२ निष्कर्ष २०८
**परिच्छेद छ : सारांश तथा निष्कर्ष**
६.१ सारांश २११
६.२ निष्कर्ष २२१
**सन्दर्भ सामग्रीसूची** २२७

# परिच्छेद एक

## शोध परिचय

### १.१ विषय परिचय

लघुकथा आख्यान विधाको लघुतम प्रकार हो । लघुकथा रचनाले पाठकलाई तीव्र अनुभूति प्रदान गर्दछ । यसले मानिसको मन मस्तिष्कलाई झङ्कृत पार्ने सामर्थ्य राख्दछ । पूर्वीय एवम् पाश्चात्य साहित्यको पृष्ठभूमिमा आएका धार्मिक, पौराणिक, आख्यानहरू, पञ्चतन्त्र र हितोपदेशसँग सम्बन्धित अनुवाद, इसपका नीतिकथामा लघुकथाको बिज पाइन्छ । नेपाली लघुकथाको सचेत प्रयोग वि.स. २००७ मा प्रकाशित पूर्णप्रसाद ब्राह्मणको **झिल्का** लघुकथा सङ्ग्रहबाट भएको पाइन्छ ।

व्यङ्ग्य विकृति एवम् विसङ्गतिप्रति असहमत भएर गरिने साहित्यिक अभिव्यक्ति हो । व्यङ्ग्यमा सामाजिक जीवनका विभिन्न क्षेत्रसँग सम्बन्धित मूर्खता, दुर्बलता, कमीकमजोरी एवम् नमिल्दा पक्षप्रतिको चोटिलो प्रहार गरिन्छ ।

नेपाली लघुकथाको प्रमुख विशेषताका रूपमा व्यङ्ग्य रहेको पाइन्छ । व्यङ्ग्यले लघुकथा रचनालाई चोटिलो एवम् प्रभावकारी बनाउँछ । लघुकथा रचनामा वर्तमान जीवनका विकृति, विसङ्गति एवम् युगीन संगतिहीन पक्षलाई प्रभावकारी किसिमले प्रस्तुत गर्ने काम गरिएको हुन्छ । नेपाली लघुकथाको अध्ययन गर्दा त्यसमा पाइने व्यङ्ग्यको अध्ययन आवश्यक हुन  जान्छ । यस शोधकार्यमा उत्तरवर्ती नेपाली लघुकथामा पाइने व्यङ्ग्यको अध्ययन गरिएको छ । नेपाली लघुकथाका कृतिलाई मूल आधारका रूपमा लिएर व्यङ्ग्यको विश्लेषण गरिएको छ ।

### १.२ समस्या कथन

यो अध्ययन प्राज्ञिक अध्ययनका दृष्टिले महत्वपूर्ण रहेको छ । यस अध्ययनले उत्तरवर्ती नेपाली लघुकथामा पाइने व्यङ्ग्यका सम्बन्धमा प्रकाश पारेको छ । यस शोधमा उत्तरवर्ती नेपाली लघुकथामा पाइने व्यङ्ग्यलाई मूल समस्याको रूपमा मान्दै शोधसमस्याको

समाधान पहिल्याउनका लागि निम्नलिखित शोधप्रश्नका आधारमा सामग्रीको विश्लेषण गरिएको छ :

(क) उत्तरवर्ती नेपाली लघुकथामा व्यङ्ग्यले लक्षित गरेका क्षेत्र कुन-कुन हुन ?

(ख) नेपाली लघुकथामा व्यङ्ग्यको अभिव्यक्ति कलाको प्रयोग कसरी गरिएको छ ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधको मुख्य उद्देश्य उत्तरवर्ती नेपाली लघुकथामा प्रयुक्त व्यङ्ग्यको व्याख्या विश्लेषण गर्नु हो । समस्या कथनमा उठाइएका प्रश्नसँग सम्बन्धित रहेर यसरी शोधका उद्देश्यहरू निर्धारण गरिएको छ :

(क) उत्तरवर्ती नेपाली लघुकथामा व्यङ्ग्यले लक्षित गरेका क्षेत्रहरू पहिल्याउनु ।

(ख) उत्तरवर्ती नेपाली लघुकथामा पाइने अभिव्यक्ति कलाको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली लघुकथाका बारेमा विभिन्न लेखक, अनुसन्धानकर्ताहरूले व्यक्तिगत एवम् संस्थागत रूपले अध्ययन-अनुसन्धान गर्दै आएको पाइन्छ । नेपाली लघुकथाका बारेमा भएका अध्ययन-अनुसन्धानले लघुकथा सम्बन्धमा थप नयाँ ज्ञान प्रदान गर्नुका साथै अगामी अध्ययनका निमित्त सुगमता प्रदान गर्ने निश्चित छ । नेपाली लघुकथाका बारेमा भएका अध्ययनलाई यस प्रकार देखाउन सकिन्छ :

हेमकुमार गौतम (२०५१) ले “भागरथी श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्व” मा भागरथी श्रेष्ठको लघुकथाकारिताका बारेमा चर्चा गरेका छन् । उनको ‘रङ्गीन पोखरी’ नामक लघुकथा कृतिमा व्यक्ति जीवनभन्दा सिङ्गो समाज र राष्ट्रिय जीवनमा व्याप्त विसङ्गति र विकृतिलाई समेटिएको बताएका छन । गौतमले श्रेष्ठका कथाहरूमा क्रमशः हराउँदै गएको मानवता, स्वदेश र स्वजातिको महिमालाई बिर्सिएर केवल आफ्नो स्वार्थमा

लम्पट भएका व्यक्तिहरू र सत्ताको बागडोर समाएर पनि जनताको दु:ख कष्टतिर ध्यान नदिने लोभी सत्ताधारीहरू प्रति तीव्र रूपमा व्यङ्ग्य विचार प्रकट गरेका छन् ।

शैलेन्दुप्रकाश नेपाल (२०५५) ले "नेपाली साहित्यमा लघुकथा" लेखमा लघुकथामा व्यङ्ग्यको प्रबलता हुने र व्यङ्ग्य चेतनाको सशक्त प्रस्तुति नै लघुकथा लेखनको ध्येय हुने विचार प्रकट गरेका छन् ।

सुरेन्द्र भट्टराई (२०५५) ले "इन्दिरा प्रसाईको जीवनी, व्यक्तित्व र कृतित्व" मा इन्दीरा प्रसाइको लघुकथा लेखनका बारेमा चर्चा गरेका छन् । भट्टराईले प्रसाईको 'बयान' लघुकथा सङ्ग्रहमा सामाजिक असमानता, आर्थिक शोषण, नारी शोषण, राजनैतिक विसङ्गतिप्रति व्यङ्ग्य गरिएको बताएका छन् । उनका लघुकथामा पुस्तान्तरणका कारण उत्पन्न समस्यालाई देखाइएको विचार व्यक्त गरेका छन् । भट्टराईले इन्दिराका केही कथाहरूमा राजनैतिक नेता र समाजसेवीहरूको आडम्बरको पर्दाफास गरेर तीखो व्यङ्ग्य गरिएको विचार व्यक्त गरेका छन् ।

दयाराम श्रेष्ठ (२०५६) ले "नेपाली लघुकथाको पहिलो ऐतिहासिक पृष्ठभूमि र स्वरूप" लेखमा लघुकथाको ऐतिहासिक प्रष्ठभूमि र स्वरूपका बारेमा चर्चा गरेको पाइन्छ । उनले नेपाली लघुकथामा पाइने व्यङ्ग्यविधानको बारेमा पनि चर्चा गरेका छन् ।

बिजुलीदेवी देवकोटा (२०५६) ले "पूर्णप्रसाद ब्राह्मणको जीवनी, व्यक्तित्व र कृतित्व" मा पूर्णप्रसाद ब्राह्मणका लघुकथामा उपेक्षित र शोषित नारीको पक्षमा क्रान्तिकारी विचार आएको कुरा प्रकट गरेकी छन् । पौराणिक पात्र र प्रकृतिलाई आधार बनाइने ब्राह्मणका कृतिमा मानवीय संवेदनाको पक्षका साथै धर्म, दर्शन र मानवतावाद आएको कुरा बताएकी छन् । उनले ब्राह्मणका कथामा व्यङ्ग्यात्मकता प्रबल भएको विचार प्रकट गरेकी छन् । उनले पूर्णप्रसादका लघुकथामा राणाकाल र कांग्रेस कालका विकृतिप्रति व्यङ्ग्य गरिएको अभिमत राखेकी छन् ।

लक्ष्मणप्रसाद गौतम (२०५६) ले "लघुकथाको स्वरूप, संरचना र तत्व" लेखमा लघुकथालाई आख्यानात्मक विधा मान्दै लघुकथाका स्वरूप, संरचना र तत्वको बारेमा चर्चा गरेका छन् । गौतमले लघुकथामा व्यङ्ग्यात्मकता अन्तनिहित भएर रहने दृष्टिकोण व्यक्त गरेका छन् ।

रोशन थापा 'नीरव' (२०५६) ले "लघुकथाको सैद्धान्तिक पक्ष र चालीसको दशकका लघुकथा" शीर्षकको लेखमा विधागत रूपमा लघुकथाको परिभाषा, तत्व, विशेषता प्रस्तुत गरेका छन् । उनले लघुकथाका विशेषता चिनाउने क्रममा व्यङ्ग्यविधानका सम्बन्धमा चर्चा गरेका छन् ।

श्रीओम श्रेष्ठ (२०५६) ले "लघुकथा र यसका प्रकाशन" शीर्षकको लेखमा समाजका हरेक पक्षमा विकृति, विसङ्गति, विडम्बना केन्द्रित हुने भएकोले लघुकथामा व्यङ्ग्यचेतना सशक्त हुने बताएका छन् ।

गोविन्द गिरी 'प्रेरणा' (२०५६) ले "लघुकथाको बनोट र नेपाली लघुकथा" लेखमा लघुकथामा देखिएका प्रवृतिहरूको बारेमा जानकारी दिएका छन् । प्रेरणाले लघुकथामा तीक्ष्ण व्यङ्ग्य पाइने विचार प्रकट गरेका छन् । उनले लघुकथामा व्यङ्ग्य तत्व भएकोले लघुकथा ठट्टा एवम् चुटकिला हुन सक्ने सम्भावना तर्फ सजग गराएका छन् ।

शारदा अधिकारी (२०५८) ले "विषय र प्रस्तुतिका दृष्टिले आजका लघु/लघुत्तम कथाहरू" लेखमा लघुकथाको परिचयका साथै लघुत्तम आख्यानको महत्वलाई प्रष्ट पारेकी छन् । अधिकारीले लघुकथाका विशेषतामाथि प्रकाश पार्ने क्रममा लघुकथाकार र उनीहरूका लघुकथात्मक प्रवृतिको बारेमा चर्चा गरेकी छन् । उनले लघुकथामा पाइने व्यङ्ग्यात्मताको बारेमा पनि चर्चा गरेकी छन् ।

ईश्वरीप्रसाद पोखरेल (२०५९) ले "नेपाली लघुकथाको परम्परा" शोधपत्रमा लघुकथाको सैद्धान्तिक प्रतिमान, नेपाली साहित्यमा लघुकथाको ऐतिहासिक परम्परा, नेपालका प्रमुख आधुनिक लघुकथाकारहरू बारेमा चर्चा गरेका छन् । उनले नेपाली लघुकथाको वि.स. १९९० देखि २०६० सम्मको अध्ययन गरेका छन् । पोखरेलले लघुकथामा पाइने व्यङ्ग्यात्मकको बारेमा चर्चा गरेका छन् ।

गोपाल अश्क (२०५९) ले "नेपाली लघुकथाको उद्‍भव र विकास" नामको लेखमा लघुकथाको परिभाषा, तत्वका साथै उपलब्धिको चर्चा गरेका छन् । उनले विश्वसाहित्यमा लघुकथाको प्रवेश बारेमा चर्चा गरेका छन् । उनले नेपाली लघुकथाको विकासक्रम समेत प्रस्तुत गरेका छन् । अश्कले समकालीन युगका लघुकथाकारको प्रमुख विशेषताका रूपमा व्यङ्ग्यात्मकता भएको विचार प्रकट गरेका छन् ।

रामदयाल राकेश (२०५९) ले "लघुकथा : एक लघु विवेचना" शीर्षकको लेखमा लघुकथामा कहीँ नाटकीय प्रवृत्ति र कहीँ व्यञ्जनात्मक व्यञ्जना व्यञ्जित हुनु स्वभाविक भएको विचार व्यक्त गरेका छन् ।

रेणुका पन्थी (२०५९) ले "पूर्णप्रसाद ब्राह्मणको कथाकारिता" मा ब्राह्मणका लघुकथात्मक प्रवृत्तिहरू बारेमा प्रकाश पारेका छन् । पन्थीले पूर्णप्रसादका लघुकथामा लघुकथामा ग्रामीण जीवनको दुःखेसो र वेदनाको कारूणिक चित्र पाइने तर्क राखेका छन् । उनले ब्राह्मणका पूर्वार्धका लघुकथामा ग्रामीण सामाजिक प्रवृत्तिहरू माथि व्यङ्ग्य गरिएको विचार प्रस्तुत गरेकी छन् । उनले पूर्णप्रसादको 'एकतिस कथा' सङ्ग्रहभित्रका लघुकथाले धार्मिक, पौराणिक पात्रहरू राखेर विषयवस्तुलाई अर्थको अन्योक्तिमूलक तहमा पुगेर अमूर्त पात्रहरु मार्फत व्यङ्ग्य प्रस्तुत गरेको विचार प्रकट गरेकी छन् ।

अनिता लक्ष्मी महर्जन (२०६०) ले "लघुकथाकार विनयकुमार कसजूका कथाकृतिको विश्लेषण र मूल्याङ्कन" मा कसजू नेपाली कथाको विकासक्रममा देखिएको समसामयिक युगभित्रको मार्क्सवादी धारालाई आत्मसात गरी कथा लेख्ने एक सशक्त खम्बा भएको विचार अभिव्यक्त गरेकी छन् । महर्जनले कसजूका लघुकथामा आर्थिक शोषण, सामाजिक असमानता र अमानवीय चरित्रको सटिक रूपले व्यङ्ग्य र विद्रोह मुखरित भएको विचार राखेकी छन् ।

गणेशकुमार खडका (२०६०) ले "लघुकथाकार विनयकुमार कसजूको जीवनी, व्यक्तित्व र कृतित्व" मा विनयकुमार कसजू नेपाली साहित्यको लघुकथा विधामा अग्रणी व्यक्तित्व भएको विचार प्रकट गरेका छन् । खडकाले कसजूका लघुकथामा प्रगतिवादी चिन्तनका साथै विकृति, विसङ्गतिको विरोध पाइने अभिमत प्रकट गरेका छन् । खडकाले कसजूका कथाहरूको मूल अभिप्राय व्यङ्ग्यात्मकता भएको दृष्टिकोण राखेका छन् । उनले कसजूका कथाहरूमा समाजका विकृति र विसङ्गतिप्रति तीव्र व्यङ्ग्य आएको बताएका छन् ।

दुर्गादेवी तिवारी (२०६०) ले "साहित्यकार जगदीश नेपालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन" मा नेपाली लघुकथाका अग्रज लेखक जगदीश नेपालीको लघुकथाकारिताका बारेमा चर्चा गरेका छन् । उनले नेपाली लघुकथामा विसङ्गति एवम् विरोधाभासको बिडम्बनामा व्यङ्ग्य देखिने विचार राखेका छन् । तिवारीले नेपालीका

लघुकथामा सामाजिक विषमता, राजनीतिक अस्थिरता, प्रशासनिक दुर्बलता र बौद्धिक पलायनप्रति व्यङ्ग्य गरिएको विचार व्यक्त गरेकी छन् ।

ध्रुवचन्द्र गौतम (२०६०) ले **अन्धाहरूको देशमा** लघुकथा कृतिमा "अनेकन रहस्यहरूको उदघाटन" भूमिका लेखमा किशन थापा अधिरका लघुकथामा एउटै लघुकथामा पनि थुप्रै पक्षलाई पनि एकसाथ व्यङ्ग्य गरिएको बताएका छन् । उनले किशनका लघुकथामा विषयका लागि उपयुक्त व्यङ्ग्य भाषाको निमार्ण भएकोले रचना सशक्त भएको दृष्टिकोण प्रस्तुत गरेका छन् ।

भगवती बिष्ट (२०६१) ले "भुपेन्द्र सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन" मा भुपेन्द्र सुवेदीको जीवनका विभिन्न पक्षमाथि प्रकाश पार्ने क्रममा सुवेदीका लघुकथाले सिधै विषयवस्तुमा प्रवेश गरेर अन्य विषयलाई झ्वाट्ट भन्न सक्ने सामर्थ्य राखेको बताएकी छन् । उनले सुवेदीका विभिन्न लघुकथामा पाइने व्यङ्ग्यात्मकता बारेमा चर्चा गरेकी छन् ।

लक्ष्मी पाण्डेय (२०६१) ले "जयनारायण गिरीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन" मा गिरीले नेपाली कथा साहित्यमा भर्खर-भर्खर लघुकथाको प्रचलन भएको बेला लघुकथा लेखेर नेपाली लघुकथा परम्परालाई समृद्ध पारेको बताएकी छन् । पाण्डेयले गिरीका लघुकथामा सामाजिक एवम् मनोवैज्ञानिक विषयवस्तु भएकोले रचनामा गुणात्मकता थपिएको विचार प्रकट गरेकी छन् । पाण्डेयले गिरीका लघुकथामा व्यङ्ग्यात्मकता प्रमुख विशेषताका रूपमा आएको बताएकी छन् ।

सीतादेवी शर्मा (२०६१) ले "साहित्यकार हिरण्य भोजपुरेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन" मा लघुकथाकार हिरण्य भोजपुरेको जीवनका विभिन्न पक्षका साथै उनको लघुकथा लेखनको बारेमा चर्चा समेत गरेकी छन् । उनले भोजपुरेका लघुकथामा समाजका विकृति, विसङ्गतिहरूलाई कथाका माध्यमबाट व्यङ्गात्मक बाण प्रहार गरिएको बताएकी छन् ।

कृष्णराज पौडेल (२०६३) ले "इन्द्रकुमार विकल्पको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन" मा इन्द्रकुमार विकल्पको जीवनका अनेकन पक्षमाथि प्रकाश पारेका छन् । उनले विकल्पका लघुकथा सङ्ग्रह सर्वदलीय घरका लघुकथामा मानिसको आडम्बरी स्वभावप्रति व्यङ्ग्य गरिएको विचार प्रस्तुत गरेका छन् ।

कपिल लामिछाने (२०६४) "नेपाली लघुकथा र समकालीन सन्दर्भ" मा नेपाली लघुकथाका कृतिहरूमा नेपाली समाजका विभिन्न पक्षप्रति व्यङ्ग्य गरिएको उल्लेख गरेका छन् । लामिछानेले नेपाली लघुकथाको प्रमुख विशेषताको रूपमा व्यङ्ग्य रहेको विचार व्यक्त गरेका छन् ।

ईश्वरीप्रसाद पोखेल (२०६५) ले "नेपाली लघुकथा : एक अध्ययन" लेखमा वि.स. २०४० सालपछिका लघुकथाहरूमा व्यङ्ग्य सशक्त रूपमा आएको विचार व्यक्त गरेका छन् ।

गोपाल अश्क (२०६५) ले **लघुकथा : प्रक्रिया र पाठ** नामक पुस्तकमा लघुकथाको विशेषता चिनाउने क्रममा व्यङ्ग्यचेतना को उल्लेख गरेका छन् । उनले लघुकथामा व्यङ्ग्यको पुट हुँदा त्यसको प्रभावान्विति तीव्र हुने विचार व्यक्त गरेका छन् ।

नारायण तिवारी (२०६५) ले **विघटनको तयारी** लघुकथा सङ्ग्रहमा "विघटनको तयारीमा बारे सबै सबै अक्षहरहरूमा प्रकट भएभैं" भूमिका लेखमा आर.आर.चौलागाईका लघुकथामा प्रखर राजनीतिक व्यङ्ग्य भएको कुरा व्यक्त गरेका छन् ।

रामनाथ ओझा (२०६५) ले "लघुकथाको सैद्धान्तिक परिचय" लेखमा व्यङ्ग्यधर्मितालाई अवलम्बन गर्नु नै लघुकथा प्रभावकारी हुनु हो भन्ने विचार प्रकट गरेका छन् ।

निमेष निखिल (२०६५) ले "लघुकथा र लघुकथा लेखन" लेखमा लघुकथा न्यून आयतन भएको, बिना कुनै भूमिका सुरुवात हुने र व्यङ्ग्यात्मक तथा चमत्कारपूर्ण प्रभाव सहित टुङ्गिने आफैमा पूर्ण कथा भएको दृष्टिकोण अघि सारेका छन् ।

पुष्करराज भट्ट (२०६५) ले "नेपाली लघुकथा स्वरूप एवम् सिद्धान्त" लेखमा लघुकथामा समाजका यथार्थ घटनाहरू र तिनले समाज एवम् राष्ट्रमा पार्न सक्ने असरका बारेमा सन्देश, व्यङ्ग्य, विद्रोह आउने गरेको विचार व्यक्त गरेका छन् ।

भाउपन्थी (२०६५) ले **पराई विचार** लघुकथा सङ्ग्रहमा "अग्रगामी सिर्जनधर्मिता बोकेका लघुकथाहरू" भूमिका लेखमा सुमन सौरभका लघुकथामा विकृत राजनीतिका कारण जनजीवनमा आइपरेका समस्या र वैचारिक र सांस्कृतिक प्रदूषणप्रति नै व्यङ्ग्यप्रहार लक्षित भएको दृष्टिकोण राखेका छन् ।

सावित्री भट्ट (२०६६) ले "साहित्यकार पुष्करराज भट्टको जीवनी, व्यक्तित्व र कृतित्व" मा साहित्यकार पुष्करराज भट्टको जीवनको विभिन्न पक्षका साथै उनको लघुकथा लेखनका विभिन्न पक्षको बारेमा प्रकाश पारेकी छन् । उनले भट्टको लघुकथामा व्यङ्ग्यको साथै विद्रोह पनि आएको विचार व्यक्त गरेकी छन् ।

डिल्लीरमण भट्टराई (२०६९) ले **तारो** लघुकथा सङ्ग्रहमा "नेपाली लघुकथामा कृष्ण शाह यात्री" लेखमा कृष्ण शाह यात्रीका लघुकथामा समाजमा घटने विभिन्न घटनाहरू लाई कथावस्तुको रूपमा उठान गरिएको विचार प्रकट गरेका छन् । उनले यात्रीका लघुकथामा समाजलाई विकृति, विसङ्गतिप्रति व्यङ्ग्य गरिएको विचार राखेका छन् ।

लक्ष्मणप्रसाद गौतम  र ज्ञानु अधिकारी (२०६९) ले **नेपाली कथाको इतिहास** मा "नेपाली लघुकथाको विकासप्रक्रिया" भन्ने लेखमा नेपाली लघुकथाको मूल विशेषताका रूपमा युगीन यथार्थ आएको विचार व्यक्त गरेका छन् । गौतमले नेपाली लघुकथामा विविध सङ्गतिहीनताप्रति व्यङ्ग्य गरिएको अभिमत प्रकट गरेका छन् ।

नेपाली लघुकथाका बारेमा शैलेन्द्रप्रकाश नेपाल, दयाराम श्रेष्ठ, लक्ष्मणप्रसाद गौतम, रोशन थापा 'निरव', गोविन्द गिरी 'प्रेरणा', शारदा अधिकारी, ईश्वरीप्रसाद पोखेल, गोपाल अश्क, रामदयाल राकेश, कपिल लामिछाने, ईश्वरीप्रसाद पोखेल, रामनाथ ओझा, निमेष निखिल, पुष्करराज भट्ट, लक्ष्मणप्रसाद गौतम र ज्ञानु अधिकारीले आफ्नो अध्ययनमा लघुकथाको परिचय र  सैद्धान्तिक पक्षको बारेमा अध्ययन गरेको पाइन्छ । यी अध्ययनमा नेपाली लघुकथामा पाइने व्यङ्ग्यको सैद्धान्तिक एवम् व्यवहारिक प्रयोगका सन्दर्भमा भने अध्ययन हुन सकेको छैन ।

नेपाली लघुकथाका बारेमा हालसम्म भएका अध्ययन मध्ये हेमकुमार गौतम, सुरेन्द्र भट्टराई, बिजुलीदेवी देवकोटा, श्रीओम श्रेष्ठ 'रोदन', ईश्वरीप्रसाद पोखेल, गोपाल अश्क, रेणुका पन्थी, अनितालक्ष्मी महर्जन, गणेशकुमार खडका, दुर्गादेवी तिवारी, ध्रुवचन्द्र गौतम, भगवती बिष्ट, लक्ष्मी पाण्डेय, सीतादेवी शर्मा, कृष्णराज पौडेल, कपिल लामिछाने, नारायण तिवारी, भाउपन्थी, सावित्री भट्ट, डिल्लीरमण भट्टराई, लक्ष्मणप्रसाद गौतम र ज्ञानु अधिकारीले नेपाली लघुकथाका कृति एवम् रचनाका प्रवृत्तिका बारेमा अध्ययन गरेका छन् । यी अध्ययनहरू स्रष्टाकेन्द्रित अध्ययन हुन् । यी अध्ययनहरूले नेपाली लघुकथाको समग्र

प्रवृत्ति निरूपण एवम् नेपाली लघुकथामा व्यङ्ग्यले लक्षित गरेका क्षेत्रको व्यापकता समेटन सकेका छैनन् ।

नेपाली लघुकथामा प्रयुक्त व्यङ्ग्यको अभिव्यक्ति कलाका सम्बन्धमा भने हालसम्म पनि कुनै अध्ययन नभएको अवस्था छ ।

यस अध्ययनमा नेपाली लघुकथामा व्यङ्ग्यले लक्षित गरेका क्षेत्र तथा नेपाली लघुकथामा व्यङ्ग्यको अभिव्यक्ति कला विश्लेषण गरिएको छ । नेपाली लघुकथामा पाइने व्यङ्ग्यको विश्लेषणका लागि देशभरि छरिएर रहेका लघुकथा विधाका कृतिहरूलाई आधार लिइएको छ ।

## १.५ अध्ययनको औचित्य र महत्व

नेपाली लघुकथाको प्रमुख विशेषताका रूपमा व्यङ्ग्य रहेको छ । नेपाली लघुकथाका कृतिहरूमा व्यङ्ग्यको सशक्त प्रयोग पाइन्छ । उत्तरवर्ती नेपाली लघुकथामा प्रयुक्त व्यङ्ग्यको विश्लेषण गर्नु नै यस शोधकार्यको औचित्य हो ।

नेपाली लघुकथाका बारेमा यस अघि पनि विभिन्न अध्ययन-अनुसन्धान भएको पाइन्छ । यस अध्ययन भन्दा पूर्व भएका अध्ययनहरूमा नेपाली लघुकथामा पाइने व्यङ्ग्य सम्बन्धमा अध्ययन भएको पाइँदैन । यस अध्ययनले उत्तरवर्ती नेपाली लघुकथाको विश्लेषणमा व्यङ्ग्यको सैद्धान्तिक मान्यतालाई स्थापना गर्ने भएकोले यस शोधकार्यको महत्व रहेको छ ।

## १.६ अध्ययनको सीमाङ्कन

यस शोधमा नेपाली लघुकथामा पाइने उत्तरवर्ती नेपाली लघुकथामा व्यङ्ग्यले लक्षित गरेका क्षेत्रहरू पहिल्याइएको छ । उत्तरवर्ती नेपाली लघुकथामा व्यङ्ग्यको अभिव्यक्ति कलाका दृष्टिले विश्लेषण गरिएको छ । यस शोध कार्यमा नेपाली भाषामा नेपालभित्रबाट प्रकाशित (वि.स. २०३६ देखि हालसम्म प्रकाशित भएका) लघुकथाका कृतिहरूमा पाइने व्यङ्ग्य विधानको अध्ययन गरिएको छ ।

### १.७ विश्लेषणको सैद्धान्तिक आधार तथा ढाँचा

यस शीर्षक अन्तर्गत शोधकार्य सम्पन्न गर्नका लागि अवलम्बन गरिएको सामग्री सङ्कलन विधि र विश्लेषणको सैद्धान्तिक आधार र ढाँचालाई समावेश गरिएको छ ।

#### १.७.१ सामग्री सङ्कलन विधि

अध्ययनको मूल समस्यामा केन्द्रित भई उक्त समस्यासँग सम्बन्धित तथ्य वा सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । नेपाली लघुकथाका वि.स. २०३६ पछि प्रकाशित पुस्तकमा रहेका लघुकथा रचनाका बारेमा विश्लेषण गरिएको छ । नेपाली लघुकथाको इतिहास एवम् सिद्धान्तका बारेमा भएका अध्ययन-अनुसन्धानलाई पनि विश्लेषणका लागि उपयोग गरिएको छ ।

#### १.७.२ विश्लेषणको आधार र ढाँचा

विभिन्न स्रोतहरूबाट प्राप्त सामग्रीहरूको अध्ययन, विश्लेषण र सामान्यीकरणसमेत गरी शोध निष्कर्षसम्म पुग्नका लागि मूलतः नेपाली लघुकथामा प्रस्तुत व्यङ्ग्य सम्बन्धी सूचक, सन्दर्भहरूको टिपोट तथा तिनको वर्गीकरण र विश्लेषण गरिएको छ । यस क्रममा व्यङ्ग्यको उद्देश्य तथा अभिव्यक्ति कलासँग सम्बन्धित सैद्धान्तिक बुँदाको स्थापना गरेर त्यसलाई विश्लेषण ढाँचाका रूपमा प्रयोग गरिएको छ ।

उत्तरवर्ती नेपाली लघुकथामा व्यङ्ग्यले लक्षित गरेका क्षेत्रहरू विश्लेषणका आधारहरू विश्लेषणका लागि राजनीतिक, समाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक, भाषा-साहित्य, शिक्षा, स्वास्थ्य, प्रशासन, विज्ञान, आधुनिकसभ्यता/जीवनशैली, न्याय/कानुन, पत्रकारिता एवम् वैयक्तिक जीवनसँग सम्बन्धित लघुकथालाई मूल आधारका रूपमा लिइएको छ । उत्तरवर्ती नेपाली लघुकथामा प्रयुक्त अभिव्यक्ति कलाको विश्लेषणका लागि विचलन, समानान्तरता, पर्याययोक्ति-पयार्य युक्ति, विशेषणगुच्छको प्रयोग, दृष्टान्तीकरण, अप्रचलित शब्द एवम् शब्दयुग्मको प्रयोग, अलङ्कारको प्रयोग, उखानको प्रयोग, टुक्काको

प्रयोग, नवनिर्मित क्रियाको प्रयोग लाई मूल आधारको रूपमा लिइएको छ । सोही अनुसार विश्लेषण ढाँचाको पनि निर्माण गरिएको छ ।

### १.७.२.१ व्यङ्ग्यले लक्षित गरेका क्षेत्रहरू विश्लेषणका आधार

उत्तरवर्ती नेपाली लघुकथामा व्यङ्ग्यले लक्षित गरेका क्षेत्रहरू विश्लेषणका लागि यस प्रकार आधारहरू निर्धारण गरिएको छ ।

(क) राजनीतिक व्यङ्ग्य

(ख) समाजिक व्यङ्ग्य,

(ग) सांस्कृतिक व्यङ्ग्य

(घ) धार्मिक व्यङ्ग्य

(ङ) आर्थिक व्यङ्ग्य

(च) भाषा-साहित्य क्षेत्रसँग सम्बन्धित व्यङ्ग्य

(छ) शैक्षिक व्यङ्ग्य

(ज) स्वास्थ्य क्षेत्रसँग सम्बन्धित व्यङ्ग्य

(झ) प्रशासनिक व्यङ्ग्य

(ञ) विज्ञानसँग सम्बन्धित व्यङ्ग्य

(ट) आधुनिकसभ्यता/जीवनशैलीसँग सम्बन्धित व्यङ्ग्य

(ठ) न्याय/कानुनसँग सम्बन्धित व्यङ्ग्य

(ड) पत्रकारितासँग सम्बन्धित व्यङ्ग्य

(ढ) वैयक्तिक व्यङ्ग्य

### १.७.२.२ व्यङ्ग्यको अभिव्यक्ति कला विश्लेषणका आधारहरू

उत्तरवर्ती नेपाली लघुकथामा व्यङ्ग्यको अभिव्यक्ति कला विश्लेषणका लागि यस प्रकार आधारहरू निर्धारण गरिएको छ ।

(क) विचलन

(ख) समानान्तरता

(ग) पर्याययोक्ति-पयार्य युक्ति

(घ) विशेषणगुच्छको प्रयोग

(ङ) दृष्टान्तीकरण

(च) अप्रचलित शब्द एवम् शब्दयुग्मको प्रयोग

(छ) अलङ्कारको प्रयोग

(ज) उखानको प्रयोग

(झ) टुक्काको प्रयोग

(ञ) नवनिर्मित क्रियाको प्रयोग

## १.८ शोधप्रबन्धको रूपरेखा

शोधप्रबन्धलाई निम्न अनुसार परिच्छेद विभाजन गरेर अध्ययन गरिएको छ ।

**पहिलो परिच्छेद-**शोध परिचय ।

यस परिच्छेदमा विषयपरिचय, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य र महत्व, अध्ययनको सीमाङ्कन, सामग्री सङ्कलन तथा सैद्धान्तिक विधि एवम् शोधप्रबन्धको रूपरेखाका सम्बन्धमा प्रकाश पारिएको छ ।

**दोस्रो परिच्छेद-** लघुकथाका सन्दर्भमा व्यङ्ग्यको सिद्धान्त

यस परिच्छेदमा व्यङ्ग्यको परिचय, व्यङ्ग्यको प्रयोजन, व्यङ्ग्य सम्बन्धी पूर्वीय, पश्चिमी एवम् नेपाली साहित्यशास्त्रीय मान्यता प्रस्तुत गरिएको छ । लघुकथाको लक्ष्य एवम् उद्देश्य तथा अभिव्यक्ति कलाका सन्दर्भमा व्यङ्ग्यको सैद्धान्तिक प्रतिमान स्थापना गरिएको छ ।

**तेस्रो परिच्छेद-**नेपाली लघुकथाको ऐतिहासिक विकासक्रम

यस परिच्छेदमा नेपाली लघुकथाको विकासक्रमबारे गरिएको अध्ययनहरूका बारेमा चर्चा गरिएको छ । त्यस्तै नेपाली लघुकथाको विकासक्रमका बारेमा अध्ययन गरिएको छ । नेपाली लघुकथाको विकासमा योगदान दिने लेखक, लेखकहरूका कृति, सम्पादित कृति, विशेषाङ्कका बारेमा चर्चा गरिएको छ । व्यक्तिगत एवम् संस्थागत रूपमा भए गरेका कार्यको लेखाजोखा प्रस्तुत गरिएको छ । प्रमुख कालखण्डका प्रवृत्ति समेत निरूपण गरिएको छ ।

**चौथो परिच्छेद-** उत्तरवर्ती नेपाली लघुकथामा व्यङ्ग्यले लक्षित गरेका क्षेत्रहरू

यस परिच्छेदमा नेपाली लघुकथामा व्यङ्ग्यले लक्षित गरेका क्षेत्रहरू विश्लेषणका लागि चौध वटा शीर्षकमा विभाजन गरेर विश्लेषण गरिएको छ । नेपाली लघुकथामा व्यङ्ग्यले लक्षित गरेका क्षेत्रहरू अन्तर्गत राजनैतिक, सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक, भाषा तथा साहित्य, शिक्षा, स्वास्थ्य, प्रशासन, विज्ञान, आधुनिक सभ्यता एवम्

जीवनशैली, न्याय कानुन, पत्रकारिता एवम् वैयक्तिक विषयलाई आधार मानेर विश्लेषण गरिएको छ ।

**पाँचौ परिच्छेद** - नेपाली लघुकथामा व्यङ्ग्यको अभिव्यक्ति कला

यस परिच्छेद अर्न्तगत नेपाली लघुकथामा व्यङ्ग्यको अभिव्यक्ति कला अन्तर्गत भाषिक विचलन, समानान्तरता, प्रर्याय कथन, विशेषणगुच्छको प्रयोग, दृष्टान्तीकरण, अप्रचलित शब्द एवम् शब्दयुग्मको प्रयोग, अलङ्कार, उखान, टुक्का एवम् नवनिर्मित क्रिया गरेर १० वटा विषयलाई आधार मानेर अध्ययन गरिएको छ ।

**छैठौं परिच्छेद** - अध्ययनको सारांश एवम् निष्कर्ष

यस परिच्छेदमा शोधकार्यबाट प्राप्त सारांशलाई प्रस्तुत गरिएको छ । सारांशका आधारमा अध्ययनको निष्कर्ष समेत दिइएको छ ।

# परिच्छेद दुई

## लघुकथाका सन्दर्भमा व्यङ्ग्यको सिद्धान्त

### २.१ व्यङ्ग्यको परिचय

व्यङ्ग्य मानिसको व्यक्तिगत जीवनदेखि लिएर व्यापक सामाजिक परिवेश हुँदै राष्ट्र अन्तर्राष्ट्रको सेरोफेरोमा रहेर विकृति एवम् विसङ्गतिप्रति गरिने बौद्धिक प्रहार हो । व्यङ्ग्यमा विभिन्न विषयप्रति आफ्नो भिन्न मत राख्दै त्यसप्रति उपहास, गिल्ला एवम् हाँसो गरिन्छ । यसको उद्देश्य कसैलाई समाप्त पार्नु नभएर आलोचनाका माध्यमबाट उसलाई सुधार्नु हो । व्यङ्ग्य उद्देश्यपूर्ण हुन्छ  र यसले गलत पक्षप्रति सुधारको अपेक्षा राखेको हुन्छ । व्यङ्ग्यकारले समाजमा असल संस्कार, विचार एवम् क्रियाकलापले स्थान पाओस् भन्ने चाहना राखेको हुन्छ । व्यङ्ग्यमा विभिन्न विषयका मूर्खता, कमजोरी, दोष, दुर्बलता, असङ्गति, विसङ्गति आदि प्रति उपहास गर्दै तीव्र घृणा वा विरोध गरिएको हुन्छ । नेपाली लघुकथामा व्यङ्ग्यको सशक्त प्रयोग पाइन्छ ।

### २.२ व्यङ्ग्यको प्रयोजन

प्रयोगका दृष्टिले व्यङ्ग्यलाई  दुई भागमा बाँडिएको हुन्छ (क) प्रत्यक्ष व्यङ्ग्य र (ख) अप्रत्यक्ष व्यङ्ग्य (भट्टराई, २०४४ : ५६) । प्रत्यक्ष व्यङ्ग्यमा व्यङ्ग्योक्तिपूर्ण भनाइहरू प्रथम पुरुषमा प्रकट गरिन्छ भने अप्रत्यक्ष व्यङ्ग्य सोझै नभएर घुमाउरो तरिकाले प्रकट गरिन्छ ।

व्यङ्ग्यको प्रयोग खास उद्देश्यले प्रेरित भएर गरिन्छ । व्यङ्ग्यको विषय समाजिक यथार्थ हो । समाजिक यथार्थलाई पक्रेर विभिन्न विषयवस्तुप्रति तिरस्कार, अपेक्षा वा भत्सर्नाको भाव प्रकट भएमा त्यसले व्यङ्ग्यको रूप लिन्छ । व्यङ्ग्यमा दया, करुणा, उदारताको भाव आएको हुँदैन् । कुनै भय, त्रासबिना कठोर भएर मानिसका वैयक्तिक एवम् समाजिक विसंगत पक्षप्रति कठोरतापूर्वक प्रहार गरिन्छ ।

व्यङ्ग्य साहित्यिक अभिव्यक्तिको कला हो जसका माध्यमबाट समाजका विसङ्गति, विद्रुपता, पाखण्डीपनप्रति आलोचना तथा प्रहार गरिन्छ । यो आदर्शको चैतन्यले प्रेरित हुन्छ अनि यसमा हास्यको मिश्रण पनि हुन सक्छ (पाण्डेय, २०४५ : ३०) ।

समाजिक कुरीति, रुढिवाद, वर्तमानमा भइरहेको अनेक अमिल्दा पक्षप्रति विरोध एवम् असहमति प्रकट गर्दै समाजिक सुधारको अपेक्षा गर्दै व्यङ्ग्य गरिएको हुन्छ ।

कुनै पनि साहित्य लेखन प्रयोजन युक्त हुन्छ । व्यङ्ग्य लेखन निश्चित प्रयोजनका साथ गरिन्छ । समाजमा रहेको यथार्थ एवम् सत्यलाई उदघाटन गर्नु व्यङ्ग्यकारको उद्देश्य रहेको हुन्छ । सफल व्यङ्ग्यकार त्यही हो, जो भ्रम र बहानारूपी नक्कली रूप धारण गरेर माथि जान खोज्नेको पर्दाफास गरी नग्न, विकृत र सत्यलाई साक्षात्कार गराउँछ (सदरलैण्ड उद्धृत ओझा, २०६४ : २१) । व्यङ्ग्य लेखकले व्यक्ति एवम् समाजका विसङ्गत पक्षलाई सबैका सामु उदघाटित गर्दछन् ।

व्यङ्ग्यकारले व्यक्तिका क्रियाकलाप र समाजका गलत पक्षलाई आलोचना गर्ने गर्दछन् । गलत पक्षप्रति निर्ममतापूर्वक प्रहार गर्दछन् । गलत पक्षप्रति प्रहार गरेर मात्र मानिसहरू लाई सही पक्षको बारेमा जानकारी गराउन सकिने भएकोले पाठकलाई आफ्ना विचारप्रति सहमत गराउँदै गलत पक्षप्रति निन्दा एवम् भर्त्सना गरिएको पाइन्छ ।

समाजमा रहेका कुरीति, अन्धविश्वास, गलत संस्कृतिले समाजको सही विकासमा अवरोध सिर्जना गरेको हुन्छ । व्यङ्ग्यकार समाजको सचेत प्राणी भएकोले उसले समाजमा कुरीतिको अन्त्य चाहन्छ । त्यसैले व्यङ्ग्यको प्रयोजन कुरीति अन्त्यको चाहना पनि हो । व्यङ्ग्यकारले समाजमा विकृति, विसङ्गति अन्त्य भएर स्वस्थ समाजको सिर्जना होस भन्ने चाहना राखेको हुन्छ । यसले व्यङ्ग्य साहित्यका माध्यमबाट सम्पूर्ण अनाचारको मुकुण्डो उतार्न एवम् आडम्बरलाई निराकरण गर्ने उद्देश्य राखेको हुन्छ ।

व्यङ्ग्य साहित्यको उद्देश्य समाजमा नैतिक चेतनाको प्रवाह गर्नु पनि रहेको हुन्छ । व्यङ्ग्यकारले समाजिक व्यवहारका क्रममा अनैतिक ठानिएका काम कारवाहीप्रति मानिसहरू विमुख नहुन् भन्ने चाहना राख्दछ ।

व्यङ्ग्यमा विसङ्गत जीवनका अनेक पक्षहरू आएको हुन्छ । व्यक्ति जीवनदेखि समाज, राष्ट्र, विश्वका अनेकन पक्षमा विसङ्गति पाइन्छ । कतिपय विसङ्गति

व्यक्तिजीवनमा पाइन्छ भने कतिपय समुदायका स्तरमा पनि पाइन्छ । सानो समूहदेखि लिएर कतिपय ठूलो समूहमा पनि विसङ्गति पाइन्छ । विसङ्गति सूक्ष्मदेखि वृहत् पक्षमा समेत रहेको पाइन्छ । साहित्यमा विसङ्गतिको उदघाटन, तिनको वर्गीकरण र त्यसबाट पृथक खाले सुसंस्कृत समाजको सिर्जना गरिएको पाइन्छ । मानवीय दुर्बलताको आलोचना गरेर परिवर्तनको चाहनाद्वारा गरिने घृणा कलात्मक एवम् विशिष्ट रूपले साहित्यमा व्यक्त हुन्छ भने त्यस्तो साहित्यिक अभिव्यक्तिमा व्यङ्ग्य पाइन्छ ।

विसङ्गति सामाजिक, धार्मिक, सांस्कृतिक, राजनीतिक, प्रशासनिक, आर्थिक, वैयक्तिक गरेर विभिन्न प्रकारको हुन्छन् । समाजका विभिन्न क्षेत्र र पेशासँग सम्बन्धित विसङ्गति सो क्षेत्रका फोहरमैला हुन् । एक कुशल रचनाकारले ती विसङ्गतिलाई व्यङ्ग्यका माध्यमले प्रहार गर्ने र समाजिक सुधार एवम् परिवर्तनको चाहना समेत राखेको पाइन्छ ।

व्यङ्ग्यकार समाजका विविध पक्षमा देखिने विकृति, विसङ्गति र बेमेललाई सहन सक्दैन बरु तिनप्रति क्षुब्ध हुन्छ र तिनप्रतिका असहमतिहरू लाई उद्घाटन गर्नका लागि व्यङ्ग्यको रचना गर्दछ (ओझा, २०६४ : २४) ।

विसङ्गत यथार्थप्रति फरक मत राख्ने व्यङ्ग्यकारले तिनमाथि प्रहार गरी मानसिक सन्तुष्टि प्राप्त गर्न व्यङ्ग्यको रचना गर्दछ । भौतिक रूपमा विसङ्गति विरुद्ध लडन नसके पनि बौद्धिक रूपमा त्यस विरुद्ध आवाज उठाएर आत्मसन्तुष्टि प्राप्त गर्दछ ।

## २.३ व्यङ्ग्य सम्बन्धी पूर्वीय साहित्यशास्त्रीय मान्यता

पूर्वीय काव्यशास्त्रमा ध्वनिवादलाई व्यङ्ग्यको रूपमा स्विकारिएको पाइन्छ । ध्वनिवादका संस्थापक आनन्दवर्धन (नवौँ शताब्दी) ले **ध्वन्यालोक** नामक आफ्नो पुस्तकमा काव्यमा रहने व्यङ्ग्यार्थ वा ध्वनिलाई काव्यको आत्मा मानेका छन् ।

ध्वनिवादी सम्प्रदायका प्रर्वतक आनन्दवर्धनले जुन अर्थका लागि शब्द वा अर्थले आफ्नो अर्थ वा अभिप्रायलाई त्यागिदिन्छन् र कुनै विशिष्ट भावलाई व्यक्त गर्दछन्, त्यस्तो व्यङ्ग्य भएर आउने काव्यको वस्तुविशेषलाई ध्वनि भनेका छन् (उपाध्याय, २०४४ : २४७) ।

ध्वनिवादको स्थापना हुनुभन्दा अघि अभिधा वा लक्षणा शब्दशक्तिलाई नै काव्यको शब्दार्थ बोध गराउने मुख्य वृत्ति मानिन्थ्यो । त्यसैले आनन्दवर्धनले व्यञ्जनावृत्तिको स्थापनाद्वारा ध्वनिविरोधी विविध मतलाई खण्डन गर्दै आफ्नो ध्वनिवादी मान्यतालाई स्थापित गरेका छन् ।

अलङ्कारवादीले ध्वनि अलङ्कारबाट उत्पन्न हुने भएकोले ध्वनिको अलग आवश्यकता नभएको विचार व्यक्त गरेका छन् । लक्षणावादीहरूले यसको विरोध गरेर विभिन्न अलङ्कारद्वारा प्रकट हुने लक्षणाले नै व्यञ्जनाको काम गर्दछ भन्ने मत प्रस्तुत गरेर ध्वनिवादको विरोध गरेको पाइन्छ ।

ध्वनिवादीले ध्वनिको मूल आधार व्यञ्जनावृत्तिलाई मूल आधार मानेका छन् । यसै वृत्तिले काव्य वा साहित्यमा व्यङ्ग्यार्थ, प्रतियमानार्थ वा ध्वन्यार्थ प्रकट हुने विचार राखेका छन् ।

ध्वनिवादलाई अघि सार्ने क्रममा पूर्वीय काव्यशास्त्रीहरुले तीनवटा शब्दशक्तिलाई अघि सारेका छन् ।

### २.३.१ अभिधा

शब्दले भनिएको कुरा जस्ताको त्यस्तै अर्थ बुझाउने शब्दशक्ति अभिधा हो । निश्चित, प्रत्यक्ष, इङ्गित वा लोक प्रचलित अर्थ बुझाउने शब्दशक्ति अभिधा शब्दशक्ति हो ।

शब्द र अर्थको सोझो वा प्रत्यक्ष सम्बन्ध नै अभिधा हो ( भट्टराई, २०४४ : ११६) । यो व्याकरण, कोश, उपमान, आप्तवाक्य, व्यवहार, वाक्यशेष, विवृति, प्रसिद्ध पद साधिन्यबाट उत्पन्न हुन्छ ।

### २.३.२ लक्षणा

अभिधाबाट अर्थ नआएर मुख्यार्थभन्दा भिन्न अर्थ प्रकट हुन्छ भने लक्षणा शब्दशक्तिको सहयोग लिइन्छ । मुख्य अर्थसित सम्बन्ध राखेर पनि शब्दको अर्को अर्थ बोध गराउने शब्द शक्ति लक्षणा हो ।

अभिधाले सोझो एव् प्रत्यक्ष अर्थ बुझाएपछि पनि वक्ताको तात्पर्य स्पष्ट भएन भने त्यो तात्पर्य अर्थ बुझाउने शब्दार्थलाई लक्षणा भनिन्छ । यसरी मूख्य अर्थसित सम्बन्ध राखेर पनि शब्दको अर्को अर्थ बोध गराउने शब्दशक्ति लक्षणा हो ( भट्टराई, २०४४ : ११७) ।

कुनै पनि शब्द लक्षणा हुनका लागि तीन कुराको आवश्यकता पर्दछ । मुख्यार्थबोध, मुख्यार्थयोग र रुढि र प्रयोजन । मुख्यार्थमा बाधा उत्पन्न हुनुपर्छ । मुख्य अर्थको लक्ष्य अर्थसँगको सम्बन्ध (योग) हुनुपर्दछ । त्यसरी नै रुढि र प्रयोजन हुनुपर्छ । यी तीन कुराहरू भएमा लक्षणा हुन जान्छ ।

### २.३.४ व्यञ्जना

पूर्वीय काव्य परम्परामा व्यञ्जनालाई मुख्य शब्दशक्ति मानिएको छ । अभिधा र लक्षणाबाट अर्थ उत्पन्न नभएमा व्यञ्जनाको सहयोग लिइन्छ । व्यञ्जनाले व्यापक अर्थलाई समेट्दछ ।

ध्वनिवादीले व्यङ्ग्य र व्यङ्ग्यार्थलाई वाच्य र प्रतियमान अर्थ गरी दुई भेदमा बाँडेका छन् । वाच्य वा सामान्य अर्थ अन्तर्गत काव्यका रीति, गुण र अलङ्कार जस्ता स्थूल शिल्प सौन्दर्य पर्दछन् भने प्रतियमान वा विशिष्ट अर्थ नै खासमा व्यङ्ग्यार्थ हो ।

व्यञ्जना प्रकट हुने शब्दलाई व्यञ्जक र व्यञ्जनाबाट प्रकट हुने अर्थलाई व्यङ्ग्यार्थ भनिन्छ । ध्वनिवादीहरूले व्यञ्जक शब्द, व्यङ्ग्य अर्थ र व्यञ्जनावृत्ति लाई ध्वनि भनेर चिनाएका छन् (ओझा, २०६४ : ११८) ।

## २.४ व्यङ्ग्यसम्बन्धी पश्चिमी साहित्यशास्त्रीय मान्यता

पश्चिममा व्यङ्ग्यका दुई धारहरू रहेका छन् । जुभेलियन व्यङ्ग्य र होरेसियन व्यङ्ग्य । जुभेनल प्राचीन रोमका आक्रमक व्यङ्ग्यकार मानिन्छन् । उनले प्रयोग गरेको व्यङ्ग्य जुभेलियन व्यङ्ग्य हो । यो एक प्रकारको निराशावादी व्यङ्ग्य हो । 'यस परम्पराका पक्षधर व्यङ्ग्यकारहरू सामाजिक संरचनामा देखापरेका विकृति, विसंगति वा

दुर्बलताप्रति अपेक्षाकृत कडा वा कठोर व्यङ्ग्य प्रहार गर्न रूचाउँछन् (ओभा, २०६४ : ११८) ।

ईसाको पहिलो शताब्दीतिर रोममा देखापरेका होरेस पत्रकाव्य र व्यङ्ग्यकाव्यका उत्कृष्ट रचनाकार हुन् । होरेसले प्रयोग गरेको व्यङ्ग्य होरेसियन व्यङ्ग्य हो । यो व्यङ्ग्य कोमल तरिकाले यथार्थको उद्घाटन गरी व्यक्तिलाई गलत कार्यतर्फ प्रवृत्त हुने कामबाट रोक्नका लागि रचना गरिन्छ । वर्तमानमा प्रचलित व्यङ्ग्य रचना होरेसियन प्रकारको पाइन्छ । व्यङ्ग्यका माध्यमबाट सुधारको चेतना लिएर विकृतिमाथि प्रहार गर्दै रचना गरिएको पाइन्छ ।

पश्चिममा हास्यका विभिन्न भेद मानिएका हयुमर (हाँस्य), कार्टुन (व्यङ्ग्यचित्र), इन्वेक्टिभ आइरोनी (वक्रोक्ति), विट (वाक-वैदग्ध्य), क्यारिकेचर (अतिरञ्जना) क्यारेक्टरस्केच (चरित्रचित्रण), प्यारोडी (विहास), कमिक (उपहास), फार्स (प्रहसन), लैम्पुन (व्यक्तिगत आक्षेप), सार्क्याज्म (तिरस्कारपूर्ण व्यङ्ग्य) बर्लेस (हाँसो ठट्टा), एलिगरी (पुराकथा) जस्ता प्रविधिहरू, आत्मव्यङ्ग्य र स्वैरकल्पना (fantacy) लाई पनि व्यङ्ग्यको उपकरणका रूपमा प्रयोग गर्न सकिने देखिन्छ (पाण्डेय, २०४५ : ३०-३१) ।

व्यङ्ग्यका विभिन्न रूपहरू यस प्रकार रहेका छन् ।

### २.४.१ हाँस्य (ह्युमर)

पश्चिममा हास्यलाई आलम्बनप्रधान मानेका र विभिन्न आलम्बनहरूका विभिन्न अवस्थाले हास्यको सृष्टि हुने भएकोले हास्यको सृष्टिको मूल आधार विसङ्गति वा विकृति हो (ओभा, २०६४ : २५) ।

हास्य कोरा परिहास नभएर शिष्ट उपहास हो । हास्यले व्यक्ति तथा समाजका विसङ्गत पक्षलाई आलम्बन बनाएर विकृति, विसङ्गतिप्रति फरक मत जाहेर गर्दछ । हास्यको उद्देश्य समाजिक सुधारको चाहना पनि हो । जसप्रति हास्य गरिएको हो, त्यसले तत्कालै कुरा थाहा पाउने भएकोले हास्यको प्रभाव क्षणिक हुन्छ ।

### २.४.२ वक्रोक्ति (आइरोनी)

वक्रोक्ति सोझै नभनी केही घुमाएर वक्र किसिमले भन्ने गरिन्छ । यसमा वक्ताले भनेको कुरा भन्दा श्रोताले भिन्न ढङ्गले बुझ्दछ । यो एकप्रकारको घुमाउरो भनाइ हो ।

वक्रोक्ति जसप्रति लक्षित गरिएको हो, उसले तत्कालै नबुझेर ढिलो बुझ्दछ ।...यसको लक्ष्य मूलतः व्यक्ति र समाजका गलत र असङ्गत पक्षप्रति केन्द्रित हुने हुनाले यसलाई व्यङ्ग्यको सशक्त रूप मानिन्छ (ओझा, २०६४ : २८) ।

यसमा प्रशंसा गरिएको भावमा पनि विरोधको भाव झल्केको हुन्छ । यसमा अभिधामाथि अतिक्रमण गरिएको हुन्छ । वक्रोक्तिमा भनिएको भन्दा उल्टो अर्थ लाग्ने हुन्छ । यसमा समर्थन गरे जस्तो गरेर विरोध र विरोध गरेर समर्थन गरिएको हुन्छ । यसलाई व्यङ्ग्यको सशक्त रूप मानिन्छ ।

### २.४.३ वाक्-वैदग्ध्य (विट)

भनाइको विचित्रताका कारण उत्पन्न हुने उक्ति चमत्कार वाक्-वैदग्ध्य हो । यसले अभिव्यक्तिको विशिष्ट एवम् कलात्मक आनन्द प्रदान गर्दछ । यसमा क्षणिक रूपमा विचार प्रस्तुत भएर आफ्नो प्रभाव जमाउँछ । वाक्-वैदग्ध्यमा भाषिक प्रयोगमा प्रौढता चाहिने भएकोले रचनाकारमा बौद्धिकताको अपेक्षा गरिन्छ । कलात्मक र सूत्रात्मक हुने भएकोले वाक्-वैदग्ध्यमा पाठक पनि बौद्धिक र प्रतिभावान हुनुपर्दछ ।

यसमा प्रयुक्त व्यङ्ग्य आक्रमक, प्रहारात्मक वा तीव्र आक्षेपात्मक किसिमको नभएर मृदुमुस्कान/हास्यसहितको व्यङ्ग्य हुन्छ । यसमा न हाँस्य बढी न व्यङ्ग्य बढी बरू अभिव्यक्ति कौशल भएको व्यङ्ग्यको एउटा रूप हो ( ओझा, २०५४ : २९) । वाक्-वैदग्ध्यको प्रहार कहिले भयो र कहिले कसरी पर्‍यो, थाहा पाउन गाह्रो हुन्छ । यो बिजुलीको प्रवाह जस्तै अचानक आउने र अचानक हराउने खालको हुन्छ ।

### २.४.४ विहास (प्यारोडी)

साहित्यकारका प्रसिद्ध रचनाको शब्द, विचार, धारणा आदिमा रहेको विशिष्ट पक्षलाई असङ्गत वा हास्यास्पद ढङ्गले अनुकरण गर्नु विहास (प्यारोडी) हो । यसले हास्यलाई माध्यम बनाए पनि लक्षित लेखकका लक्षित कृतिमा विद्यमान शैलीगत कमजोरी वा विसङ्गतिलाई ठम्याएर प्यारोडी गरेको पाइन्छ ।

प्यारोडी कुनै व्यक्तिको क्रियाकलाप वा प्रसिद्ध कविको कृतिको रूप वा शब्दको हाँस्यात्मक वा व्यङ्ग्यात्मक प्रभाव उत्पन्न गर्नका लागि गरिएको अनुकरण हो ( ओझा, २०५४ : ३२) ।

यो एक प्रकारको नक्कल हो । कुनै पनि व्यक्ति, विषय एवम् घटनाको गम्भीरतालाई परिहासमा परिवर्तित गरेर केही मात्रामा गिज्याएर व्यङ्ग्य गर्ने काम विहासमा गरिन्छ ।

**२.४.५ अतिरञ्जना (क्यारिकेचर)**

अतिरञ्जना (क्यारिकेचर) मा कुनै पनि विषयलाई बढाइचढाइ गरेर प्रस्तुत गरिन्छ । यसमा व्यक्तिको यथार्थ रूप भन्दा भिन्न, हुँदै नभएको कुरा देखाउन सकिन्छ । व्यक्तिविशेषका विशेषता, चालचलन, चरित्रलाई घृणा गर्दै आलोचना गरिएको पाइन्छ ।

अतिरञ्जनाले कुनै ज्ञात वस्तु, व्यक्ति वा परिस्थिति आदिको अनुकरण गरेर अथवा तिनलाई अनुपातरहित ढंगले बढाएर वा घटाएर तिनको विशेषता वा चरित्रहरूको विकृत वा अतिशयोक्तिपूर्ण चित्रण गर्दछ (ओझा, २०५४ : ३३) ।

अतिरञ्जनामा हास्य र व्यङ्ग्यको मात्रा हुन्छ । करूणा, हाँसो, घृणा तथा आलोचनाको भाव पाइने भएकोले यसलाई व्यङ्ग्यको सशक्त रूप मानिन्छ ।

**२.४.६ प्रहसन (फार्स)**

नाट्यकला अर्न्तगत प्रहसन कमेडीको एक स्वरूप हो । यसको उद्देश्य हाँस्यात्मक परिस्थिति तथा घटनाका माध्यमबाट हाँस्यको सृष्टि गर्नु हो (इन्साइक्लोपिडिया ब्रिटानिका-९ : ७१) ।

यसमा मानव जीवनका विविध विद्रुप एवम् विसङ्गत पक्षलाई हास्यका रुपमा दर्शक सामु प्रस्तुत गरिन्छ । प्रहसनमा एकातिर मानिसलाई मनोरञ्जन गरिन्छ भने अर्कोतिर यसले समाजको विकृत पक्षप्रति व्यङ्ग्यात्मक आलोचना गरिएको हुन्छ । शासनसत्ताको उच्च तहमा रहेका शासकदेखि लिएर सामान्य नागरिकका बारेमा प्रहसन प्रस्तुत गरिन्छ । यसको विषयवस्तुको स्रोत इतिहास प्रसिद्ध नभएर उत्पाद्य हुन्छ । यो मानिसको वैयक्तिक जीवनदेखि लिएर सामाजिक जीवनका विभिन्न घटना एवम् विषयमा आधारित भएर प्रहसन गरिन्छ ।

### २.४.७ ठट्टा-नक्कल (बलैस)

ठट्टा-नक्कल (बलैस) मा कुनै साहित्य, अभिनय वा अन्य विशिष्ट कृतिको नक्कल गरी सो कृतिलाई सो हास्यको विषय बनाइन्छ। विषय र त्यसका बिचको बेमेललाई ठट्टापूर्ण तरिकाले प्रस्तुत गरिन्छ । यसमा कलात्मकताको साथै मौलिकता पनि समावेश गरिएको हुन्छ । यसमा सत्यलाई बिगारेर, भाँचभुँच गरेर, बढाइचढाइ गरेर अथवा खिस्सी-गिल्ली गरेर पाठकलाई आनन्द पार्ने किसिमले काम गरिन्छ। यसमा व्यङ्ग्यको मात्रा सूक्ष्म हुन्छ।

यसमा केही हास, केही उपहास र अर्न्तव्यङ्ग्य रहेको हुन्छ । यो कलात्मक पनि हुन्छ र यसमा मौलिकताको मात्रा पनि समावेश भएको हुन्छ ( ओझा, २०५४ :३५)।

### २.४.८ व्यङ्ग्यचित्र (कार्टुन)

यो जनसरोकारको विषयसँग सम्बन्धित हुन्छ। व्यङ्ग्यचित्रले थोरै प्रस्तुतिबाट पनि गहन भाव सम्प्रेषण गर्दछ र तीव्र सम्वेदना उब्जाउँछ । यो सामान्यतया सामयिक पत्रपत्रिका, अखबारमा प्रकाशित हुन्छ। यसमा जनसरोकारका गहन विषयको उठान गरिन्छ । चित्रका साथसाथै त्यसमा स्पष्ट पार्न केही कुरा लेखिएको पनि पाइन्छ। 'यसको प्रस्तुति चित्रात्मक हुन्छ र सूत्रात्मक तरिकाले यसले विकृति-विसङ्गतिप्रति व्यङ्ग्य गर्दछ' (ओझा, २०५४ : ३६)। यसको प्रस्तुति भाषाद्वारा नभएर रेखा वा चित्रद्वारा गरिन्छ।

### २.४.९ अभियोग कथन

मनमा तीव्र प्रतिशोध उत्पन्न भएर मानिसले विवेक गुमाएको अवस्थामा कडा भन्दा कडा अश्लील शब्दको प्रयोग गरेमा अभियोग कथनको जन्म हुन्छ । यसमा अभिधात्मक प्रस्तुति हुन्छ। यसमा क्रोध सँगै क्लेश, पीडा र सम्वेदना बढी तीव्र भएर आउँछ।

यसमा सिधै निन्दाभाव व्यक्त गरिएको हुन्छ । यसमा चरम कटुता र कठोरता हुन्छ ( ओझा, २०५४ :३७)। शिष्ट साहित्यमा अभियोग कथनको प्रयोग पाइँदैन ।

### २.४.१० आक्रमकोक्ति (लेम्पन)

आक्रमकोक्ति (लेम्पन) गद्य र पद्य दुवैमा प्रयोग हुन्छ। यसमा वैमनष्य, व्यभिचार, ईर्ष्या तथा दुष्टताको भाव व्यक्त गरिएको हुन्छ। यो सामान्यतया व्यक्तिगत हुन्छ र कसैप्रति

व्यक्तिगत बदला लिने उद्देश्यले यसको रचना गरिन्छ । वैमनष्यका कारण यसको जन्म हुन्छ । 'यसमा व्यक्तिका खास-खास शारीरिक आकृति वा स्वभाव, चरित्र आदिको अतिरञ्जनात्मक किसिमले चित्रण गरिन्छ र व्यक्ति चरित्रलाई अतिरञ्जित तथा विकृत बनाएर उपहासपूर्ण तरिकाले आक्रमण गरिन्छ' ( ओझा, २०५४ :३८) । यसको प्रयोग वर्तमानमा कमै पाइन्छ ।

### २.४.११ व्यङ्ग्यस्तुति (सार्क्याजम)

व्यङ्ग्स्तुतिमा स्तुति गरे जस्तो गरेर निन्दा गरिएको हुन्छ । 'यसमा स्तुति गर्दागर्दै निन्दा व्यक्त गरिएको हुन्छ । प्रशंसाका माध्यमबाट तिरस्कार गरिने हुनाले यसमा अभिव्यक्त तिरस्कारको भावलाई व्यञ्जनाले छेकेको हुन्छ' (ओझा, २०५४ : ३८) । यसमा कुनै विषयप्रति प्रहार गरे पनि त्यसमा उपहासको मात्रा अत्यधिक हुन्छ । उपहास र तिरस्कारका माध्यमबाट यसमा व्यङग्यस्तुति आएको हुन्छ । कलाकारहरूले कुनै विषयप्रति आफ्नो असहमति जनाउन व्यङ्ग्यस्तुति गरेको पाइन्छ ।

### २.४.१२ उपहास र खिस्सी-गिल्ली (लाफिङ्ग एण्ड रेडिक्यूल)

कटुक्ति/गालीगलौच (लाफिङ्ग एण्ड रेडिक्यूल) मा व्यक्तिको अत्याचारी क्रियाकलापप्रति प्रहार गरिन्छ । यो अभिधात्मक हुन्छ र सोझो प्रहार हुन्छ । व्यङ्ग्य साहित्यमा यसको प्रयोग कम हुन्छ । 'यसमा प्रहार पनि हुन्छ तर प्रहारका तुलनामा उपहास-गिल्लीकै मात्रा बढी रहन्छ । यो सुक्ष्म रूपमा मात्र झल्कन्छ' ( ओझा, २०५४ : ३८-३९) ।

### २.४.१२ कटूक्ति/गालीगलौच (पजेन्ट)

यो नितान्त वैयक्तिक हुन्छ । 'व्यक्तिभित्रका द्वैष, ईर्ष्या, हिंसा वा द्वन्द्वको प्रतिफल स्वरूप यसको जन्म हुन्छ । यसमा व्यक्तिका अत्याचारी क्रियाकलापमाथि तीव्र प्रहार गरिन्छ । व्यञ्जनाभन्दा अभिधाकै मात्रा ज्यादा हुन्छ र सोझो रूपमा लक्षित व्यक्तिप्रति तीव्र प्रहार गरिन्छ' (ओझा, २०५४ : ३९) । यो कलात्मक नहुने हुनाले यसको प्रयोग कम पाइन्छ ।

यसरी व्यङ्ग्यका विभिन्न प्रकारहरू प्रचलनमा रहेको पाइन्छन् । यी प्रकारहरूले व्यङ्ग्यलाई राम्ररी चिनाउनुका साथै व्यङ्ग्य विश्लेषणका लागि महत्वपूर्ण आधार समेत सिर्जना गरेको पाइन्छ ।

## २.५ व्यङ्ग्यसम्बन्धी नेपाली साहित्यशास्त्रीय मान्यता

व्यङ्ग्य सम्बन्धमा नेपाली साहित्यमा मौलिक सिद्धान्त निर्माण भएको छैन । व्यङ्ग्यका सन्दर्भमा पूर्वीय साहित्यशास्त्र र पाश्चात्य साहित्यशास्त्रमा प्रचलित मान्यतालाई पछ्याउने काम नेपाली विद्वानहरूबाट भएको पाइन्छ । व्यङ्ग्यका सन्दर्भमा सोमनाथ शर्माले व्यञ्जनाद्वारा बुझाउनेलाई अभिव्यञ्जक, व्यञ्जनाबाट बुझिने अर्थलाई व्यङ्ग्य वा अभिव्यङ्ग्य भनिने कुरा बताएका छन् (शर्मा, २०१६ : ३४) । शक्य लक्ष्य अर्थ सर्वसाधारणका लागि बोध्य भए पनि अभिव्यङ्ग्य अर्थलाई प्रतिभा सम्पन्न भावकहरूले मात्र बुझने कुरामा उनले जोड दिएका छन् । पूर्वीय साहित्यशास्त्रीय मान्यताका आधारमा व्यङ्ग्यसम्बन्धी मान्यता उनले प्रस्तुत गरेका छन् ।

नेपाली साहित्यमा सैद्धान्तिक समालोचनाका दृष्टिले हास्य र व्यङ्ग्यको चर्चा ज्यादै न्यून भए पनि **रचना** पत्रिकाको तर्फबाट आयोजित हास्यव्यङ्ग्य परिचर्चामा सम्मिलित नेपाली साहित्यका ख्यातिप्राप्त तीनजना समालोचकहरूको हास्यव्यङ्ग्यसम्बन्धी दृष्टिकोणहरू सैद्धान्तिक दृष्टिले निकै उल्लेखनीय छन् (भट्टराई, २०४४ : १३४) ।

हास्य र व्यङ्ग्य एकसाथ हुँदा सुनमा सुगन्ध हुन्छ तर यी ज्यादा फरक फरक रहन्छन् भन्ने दृष्टिकोण मोहनराज शर्माको रहेको छ । कृष्णसिँह प्रधानले हास्य र व्यङ्ग्य संयुक्त भए पनि व्यङ्ग्य चाँहि अलग्गै विकास भएको मनग्य दृष्टान्त छन् भनेका छन् (भट्टराई, २०४४ : १३५)।

> यसै सन्दर्भमा वासुदेव त्रिपाठीले व्यङ्ग्य सम्बन्धमा महत्वपूर्ण विचार व्यक्त गरेका छन् : हास्य र व्यङ्ग्यलाई आ-आफ्नो प्रयोजनअनुसार स्रष्टाले प्रयोग गर्दा फरक भए पनि हास्य र व्यङ्ग्य्को उत्तमता र सबलता दुवैको आनुपातिक र सन्तुलित प्रयोगमा झल्कन्छ । व्यङ्ग्य शब्दले सामान्य छेडपेचका साथै पूर्वीय

शास्त्रीयशास्त्रको व्यङ्ग्यार्थ समेतलाई आत्मसात गरेको छ (भट्टराई, २०४४ : १३५) ।

## २.६ नेपाली लघुकथामा प्रयुक्त व्यङ्ग्यले लक्षित गरेका क्षेत्रहरू विश्लेषणका आधार

व्यङ्ग्यसम्बन्धी पूर्वीय साहित्यशास्त्र, पश्चिमी साहित्यशास्त्र र नेपाली साहित्यशास्त्रमा जे जस्ता मान्यता प्रतिपादन भएको छ, तिनको बारेमा यसै परिच्छेदमा २.३, २.४ र २.५ उपशीर्षकमा अध्ययन भइसकेको छ । यहाँ नेपाली लघुकथामा पाइने व्यङ्ग्यको विश्लेषणका लागि आवश्यक आधारहरूको निर्धारण यिनै परम्परित साहित्यशास्त्रीय व्यङ्ग्यसम्बन्धी मान्यताका आधारमा गर्नुपर्ने भएको छ । नेपाली लघुकथामा पाइने व्यङ्ग्यको लक्ष्य र उद्देश्य विभिन्न विषयवस्तुप्रति व्यङ्ग्य गर्नु हो । नेपाली लघुकथामा पाइने व्यङ्ग्य खास गरी पश्चिमी साहित्यिक स्रोतको 'सटाएर' निकट देखिन्छ । नेपाली लघुकथाका कृतिहरूको अध्ययन गरी तिनमा पाइने विषय क्षेत्रको आधारमा यसप्रकार नेपाली लघुकथागत व्यङ्ग्य विश्लेषणका आधारहरू बनाएको छ । ती आधारहरू यस प्रकार रहेका छन् (क) राजनीतिक व्यङ्ग्य (ख) समाजिक व्यङ्ग्य, (ग) सांस्कृतिक व्यङ्ग्य (घ) धार्मिक व्यङ्ग्य (ङ) आर्थिक व्यङ्ग्य (च) भाषा-साहित्य क्षेत्रसँग सम्बन्धित व्यङ्ग्य (छ) शैक्षिक व्यङ्ग्य (ज) स्वास्थ्य क्षेत्रसँग सम्बन्धित व्यङ्ग्य (झ) प्रशासनिक व्यङ्ग्य (ञ) विज्ञानसँग सम्बन्धित व्यङ्ग्य (ट) आधुनिकसभ्यता/जीवनशैलीसँग सम्बन्धित व्यङ्ग्य (ठ) न्याय/कानुनसँग सम्बन्धित व्यङ्ग्य (ड) पत्रकारितासँग सम्बन्धित व्यङ्ग्य (ढ) वैयक्तिक व्यङ्ग्य । यी प्रत्येक आधारका बारेमा तल स्पष्ट पारिएको छ ।

### २.६.१ राजनीतिक व्यङ्ग्य

राजनीति राज्य सञ्चालनको प्रमुख आधार हो । राजनैतिक व्यङ्ग्य राज्य एवम् पार्टी सञ्चालनका क्रममा राजनैतिक नेतृत्व, कार्यकर्ता वर्ग, पार्टीका तर्फबाट गरिने गलत क्रियाकलापलाई लिएर गरिने व्यङ्ग्यलाई बुझिन्छ । राजनीतिक क्षेत्रमा हुने विसङ्गतिमूलक मानवीय अर्न्तभावनालाई राजनैतिक व्यङ्ग्यले उद्घाटन गरेका हुन्छन् ( ओझा, २०६४ : ६६) । यस्तो खाले व्यङ्ग्यमा जनताप्रति गरिने आश्वासनमुखी व्यवहार, चुनावका नाममा गरिने गलत क्रियाकलापका साथै ठगीपूर्ण क्रियाकलापलाई लिएर व्यङ्ग्य गर्ने काम गरिन्छ ।

### २.६.२ सामाजिक व्यङ्ग्य

सामाजिक व्यङ्ग्य समाजमा हुने विभिन्न खाले भेदभाव, कुसंस्कार, भेदभाव, छुवाछुत, चालचलन, नारीमाथिको विभेद आदिसँग सम्बन्धित विषयमा गरिने व्यङ्ग्य हो । समाजमा बस्ने विभिन्न खाले चिन्तन भएका मानिसहरूले गर्ने क्रियाकलापले गर्दा समाजमा असल एवम् खराब दुवै खाले प्रभाव परेको हुन्छ । सामाजिक मूल्य, मान्यता एवम् अनुशासन विपरित गरिने कामले गर्दा मानिसहरूले दुःख पाएका हुन्छन् । सामाजिक व्यङ्ग्य समाजमा रहेर गलत कार्य गर्ने एवम् अरूलाई दुःख दिने मानिसहरूलाई सुधार्नका लागि गरिन्छ । समाजको व्यापक सेरोफेरोबाट व्यङ्ग्यकारको चेतना निर्माण हुने भएकाले सामाजिक व्यङ्ग्यहरू जीवन्त, उर्वर, सशक्त र तीव्र संवेदना उत्पन्न गराउने खालका हुन्छन् ( ओझा, २०६४ : ५१) । सामाजिक व्यङ्ग्यमा समाजमा रहेका गलत चिन्तन एवम् व्यवहारमाथि प्रहार गरिन्छ ।

### २.६.३ सांस्कृतिक व्यङ्ग्य

सांस्कृतिक व्यङ्ग्य भन्नाले संस्कृतिको क्षेत्रमा हुने गरेका गलत गतिविधिप्रति गरिने व्यङ्ग्यलाई बुझाउँछ । सांस्कृतिक व्यङ्ग्यमा आन्तरिक एवम् बाह्य संस्कृतिको प्रभावबाट देखापरेको दुर्गुणबाट निमार्ण भएको विसङ्गत अवस्थाप्रति साहित्यका माध्यमबाट प्रहार गरिन्छ । यसमा समाजमा हुने गरेका असमानता, विभेद  एवम् मानव हित विरोधी क्रियाकलापप्रति व्यङ्ग्य गरिन्छ ।

पाश्चात्य संस्कृतिको प्रभावका कारण सिर्जित सांस्कृतिक विकृति, विसङ्गति र त्यसका कारण गिर्दै गएको सांस्कृतिक मूल्य, व्यक्तिका व्यभिचारी प्रवृत्ति र त्यस्तै अन्य प्रवृत्तिलाई विषयवस्तु बनाएर तिनप्रति चोटिलो प्रहार गरी रचना गरिएका व्यङ्ग्य सांस्कृतिक व्यङ्ग्य हुन् ( ओझा, २०६४ : ५७) ।

### २.६.४ धार्मिक व्यङ्ग्य

धार्मिक व्यङ्ग्यमा धर्म पालनाका क्रममा जनता एवम् धार्मिक गुरुहरू बाट गरिएका विसङ्गतिपूर्ण क्रियाकलापप्रति व्यङ्ग्य गरिन्छ । धर्मलाई सही रुपमा ग्रहण नगरेमा त्यसले मानव जीवनमा विसङ्गति ल्याउँछ ।

धर्मका नाममा व्यक्ति, संस्थाले गरेका कुकृत्य, शोषण, व्यभिचार र अनाचारलाई विषयवस्तु बनाएर यस्तो व्यङ्ग्यको रचना गरिन्छ ( ओझा, २०६४ : ५३) ।

### २.६.५ आर्थिक व्यङ्ग्य

आर्थिक क्षेत्र राष्ट्रको मेरुदण्ड हो । आर्थिक व्यङ्ग्यमा आर्थिक क्रियाकलापका क्रममा सरकार, गैरसरकारी संस्था, ठेकेदार, निमार्ण कम्पनी, सरकारी कार्यालयसँग सम्बन्धित व्यक्ति एवम् संस्थाहरूबाट गरिएका अपारदर्शी एवम् भ्रष्टाचारका घटनाहरू माथि व्यङ्ग्य गरिन्छ । आर्थिक गतिविधिका माध्यमबाट समाजलाई भ्रष्ट बनाउने काम हुने भएकोले समाजमा, राष्ट्रमा आर्थिक अनुशासन कायम हुनु आवश्यक हुन्छ । आर्थिक अनुशासन नभएका कारण समाजमा परेका विकृत परिणामका देखा परिरहेका छन् । यसले जनताको जीवनमा अनेकन नराम्रा प्रभाव समेत परेको पाइन्छ । आर्थिक व्यङ्ग्यमा आर्थिक क्षेत्रमा हुने गरेका गलत एवम् भ्रष्ट क्रियाकलापप्रति सिर्जनाका माध्यमबाट प्रहार गरिन्छ

### २.६.६ भाषा तथा कला -साहित्य क्षेत्रसँग सम्बन्धित व्यङ्ग्य

भाषा तथा कला-साहित्य क्षेत्रसँग सम्बन्धित विभिन्न व्यक्ति, सङ्घसस्थाका गलत क्रियाकलापहरूलाई लिएर गरिने व्यङ्ग्य भाषा तथा साहित्य-कला सम्बन्धित व्यङ्ग्य हुन् ।

सिर्जनाकारका गलत रचना प्रक्रियाका कारण साहित्य र समालोचनका क्षेत्रमा देखापर्ने यावत विकृति र विसङ्गतिलाई व्यङ्ग्यकारले हेरिरहेको हुन्छ । यी सम्पुर्ण पक्ष उसका व्यङ्ग्य रचनाको प्रेरक पक्ष बन्न पुग्दछन् ( ओझा, २०६४ : ५९) । भाषा, साहित्य एवम् कला क्षेत्रका व्यक्तिहरूको भनाइ र गराइको बिच अन्तर, पुरस्कारका नाममा गरिने गलत क्रियाकलाप, पुस्तक विमोचनका नाममा गरिने तडकभडकपूर्ण क्रियाकलाप, साहित्यिक लेखक एवम् प्रकाशकबाट हुने गरेका गलत क्रियाकलाप, भाषा एवम् साहित्य-कलासम्बन्धी सङ्घसङ्स्थाबाट हुने गरेका गलत क्रियाकलापहरूप्रति गरिने व्यङ्ग्यलाई यस अर्न्तगत समेटिएको पाइन्छ ।

### २.६.७ शिक्षा क्षेत्रसँग सम्बन्धित व्यङ्ग्य

शिक्षा जनसरोकारको महत्वपूर्ण विषय भएकोले यस क्षेत्रमा हुने गलत क्रियाकलापले जनतामा व्यापक प्रभाव पार्दछ । शिक्षा क्षेत्रसँग सम्बन्धित गलत क्रियाकलापहरूप्रति गरिने व्यङ्ग्य शैक्षिक व्यङ्ग्य हो । यसमा सरकारी निकाय, शैक्षिक सङ्घसंस्था, गैह्रसरकारी

सङ्घसंस्था एवम् व्यक्तिहरूबाट गरिने विसङगतिपूर्ण क्रियाकलाप प्रति व्यङ्ग्य गर्ने काम गरिन्छ ।

शैक्षिक विषय र क्षेत्रसँग सम्बन्धित भएर ती क्षेत्रमा देखापर्ने विसङ्गत पक्षप्रति चोटिलो प्रहार गर्ने सुधारको चाहना सहित रचना गरिएका व्यङ्ग्य शैक्षिक व्यङ्ग्य हुन् ( ओझा, २०६४ : ६२) ।

### २.६.८ स्वास्थ्य क्षेत्रसँग सम्बन्धित व्यङ्ग्य

स्वास्थ्य जनताको हितसँग प्रत्यक्ष सरोकार राख्ने विषय भएकोले यस क्षेत्रमा हुने गलत क्रियाकलापले जनतामा व्यापक प्रभाव पार्दछ । स्वास्थ्य क्षेत्रसँग सम्बन्धित गलत क्रियाकलापहरूप्रति गरिने व्यङ्ग्य स्वास्थ्य क्षेत्रसँग सम्बन्धित व्यङ्ग्य हो । यसमा सरकारी निकाय, स्वास्थ्य सम्बन्धी सङ्घसंस्था, स्वास्थ्य सम्बन्धी गैह्रसरकारी सङ्घसंस्था एवम् सो क्षेत्रमा संलग्न व्यक्तिहरूबाट गरिने विसंगतिपूर्ण क्रियाकलापप्रति व्यङ्ग्य गर्ने काम गरिन्छ ।

### २.६.९ प्रशासन क्षेत्रसँग सम्बन्धित व्यङ्ग्य

प्रशासन राज्य सञ्चालनको प्रमुख अङ्ग हो । कर्मचारीतन्त्रसँग सम्बन्धित नीति, नियम, कामकारवाही यसअर्न्तगत पर्दछन् । प्रशासनिक व्यङ्ग्यमा उच्च पदस्थ कर्मचारीले गर्ने भ्रष्ट क्रियालाप, सुविधाभोगी प्रवृति, तल्ला तहका कर्मचारी एवम् जनताप्रति गरिने दुर्व्यवहार प्रति साहित्यका माध्यमबाट प्रहार गरिन्छ । यस प्रकारको व्यङ्ग्यअर्न्तगत जनताको काम गर्ने क्रममा कर्मचारीवर्गले गर्ने अनैतिक एवम् भ्रष्ट क्रियाकलापलाई अध्ययनको विषय बनाइएको पाइन्छ ।

प्रशासनिक क्षेत्रसँग सम्बन्धित विकृतिलाई विषयवस्तु बनाएर तिनलाई सार्वजनिक गर्ने तथा गलत प्रवृत्तिलाई हटाउने उद्देश्य सहित आक्रमण गरी प्रशासनिक व्यङ्ग्यको रचना गरिएको हुन्छ (ओझा, २०६४ : ६८) ।

### २.६.१० विज्ञानसँग सम्बन्धित व्यङ्ग्य

विज्ञानसँग सम्बन्धित व्यङ्ग्यमा विज्ञानका क्षेत्रमा भइरहने आविष्कार, अनुसन्धान र सम्बन्धित क्षेत्रका व्यक्तिहरूका गतिविधिले सिर्जना गरेका कुप्रभावहरू प्रति गरिने प्रहार

गरिन्छ । विज्ञान मानवीय हितका लागि हुनुपर्नेमा त्यसले विनाश निम्त्याउने गरेको प्रति विरोध एवम् असहमति प्रकट गर्ने काम गरिन्छ ।

सन्त्रासमय वैज्ञानिक आविष्कारले सिर्जना गरेको अशान्ति र अन्यौलपूर्ण भविष्यले व्यङ्ग्यकार सम्वेदनशील बन्न पुग्छ र विज्ञानको सही उपयोग नहुँदा सिर्जना भएको वातावरणले उसलाई आद्र तुल्याउँछ । यो व्यङ्ग्य रचनाका लागि बलियो क्षेत्र बन्न पुगेको छ (ओझा, २०६४ : ६४) ।

### २.६.११ आधुनिक सभ्यता/जीवनशैलीसँग सम्बन्धित व्यङ्ग्य

आधुनिक सभ्यता/जीवनशैलीसँग सम्बन्धित व्यङ्ग्यमा आधुनिक सभ्यता/ जीवनशैलीले निम्त्याएका कुप्रभावहरूप्रति व्यङ्ग्य गरिन्छ । आफ्नो मौलिक सभ्यता र जविनशैलीभन्दा भिन्न फरक खाले सभ्यता एवम् जविनशैली अँगाल्ने मानिसहरूका विसङ्गत क्रियाकलापले सिर्जना

गर्ने विसङ्गत अवस्था प्रति गरिने व्यङ्ग्य आधुनिक सभ्यता/जविनशैलीगत व्यङ्ग्य हो ।

### २.६.१२ न्याय/कानुन क्षेत्रसँग सम्बन्धित व्यङ्ग्य

न्याय/कानुनसँग सम्बन्धित व्यङ्ग्यमा न्याय/कानुन पालनाका क्षेत्रमा हुनेगरेका भेदभाव, गलत क्रियाकलापलाई लिएर व्यङ्ग्य गरिन्छ । यसमा न्याय परिपालनका क्रममा गरिने गलत आर्थिक क्रियाकलाप, दोहोरो चरित्र, अन्यायपूर्ण क्रियाकलापलाई लिएर व्यङ्ग्य गर्ने काम गरिएको हुन्छ ।

### २.६.१३ पत्रकारितासँग सम्बन्धित व्यङ्ग्य

पत्रकारितासम्बन्धी व्यङ्ग्यमा पत्रकारिता क्षेत्रमा भएका गलत क्रियाकलापलाई लिएर व्यङ्ग्य गरिन्छ । यस्तो खाले व्यङ्ग्यमा पत्रकारिता क्षेत्रसँग सम्बन्धित संस्था, प्रकाशन समूह, प्रकाशक, सम्पादक, सम्वाददाता आदिका तर्फबाट गरिने विभेद, गलत क्रियाकलाप आदिलाई विषय बनाइएको पाइन्छ ।

### २.६.१४ वैयक्तिक व्यङ्ग्य

वैयक्तिक व्यङ्ग्यमा व्यक्ति विशेषका दुर्गुण, कमजोरी, गलत व्यवहारलाई प्रहार गरिन्छ । कुनै व्यक्तिलाई सोझो रूपमा इङ्गित गरी प्रहार गर्दा त्यसले गालीगलौचको रूप

लिन्छ । व्यङ्ग्यकारले कसैप्रति प्रतिशोधका हिसाबले व्यङ्ग्य गऱ्यो भने त्यसले व्यङ्ग्यकार र व्यङ्ग्य गरिएको व्यक्ति कसैका लागि पनि राम्रो हुँदैन । त्यसैले व्यक्तिगत घृणा र क्रोधलाई सामूहिकीरण गरेर कलात्मक ढङ्गले प्रस्तुत गर्दा त्यसले पार्ने प्रभावक्षेत्र ठूलो बन्छ । व्यक्तिभन्दा प्रवृतिलाई व्यङ्ग्य गर्दा त्यसले समाजमा नराम्रो कामप्रति घृणा जागृत भएर मानिसलाई सुध्रिने अवसर पनि प्राप्त हुन्छ ।

व्यक्तिगत विषय वा व्यक्तिविशेषलाई आलम्बन बनाई गरिएको व्यङ्ग्य वैयक्तिक हो भने अन्य विषय समष्टिगत व्यङ्ग्यअन्तर्गत पर्दछन् । सामान्यतया समाजिक, आर्थिक, राजनैतिक, धार्मिक र साहित्यिक व्यङ्ग्यलाई समष्टिगत व्यङ्ग्यअन्तर्गत राख्न सकिन्छ ( पाण्डेय, २०४५ : ३१) ।

यस बाहेक पनि समाजिक जीवनका अनेकन विषयमा गरिएका व्यङ्ग्यको अध्ययन गर्न सकिन्छ । नेपाली लघुकथामा कृतिमा विविध क्षेत्र एवम् विषयसँग सम्बन्धित विसङ्गतिपूर्ण क्रियाकलापलाई लिएर व्यङ्ग्य गरिएको पाइने भएकोले नेपाली लघुकथामा पाइने व्यङ्ग्यलाई यस अध्ययनमा समेटिएको छ ।

## २.७ नेपाली लघुकथामा प्रयुक्त व्यङ्ग्यको अभिव्यक्ति कला विश्लेषणका आधार

लघुकथामा व्यङ्ग्यको अभिव्यक्ति गर्ने प्रमुख आधारका रूपमा अभिव्यक्ति कला पनि पर्दछ । लघुकथामा व्यङ्ग्यविधान अभिव्यक्ति कलाका माध्यमबाट प्रकट हुन्छ । अभिव्यक्ति कला भाषिक पक्षसँग सम्बद्ध हुन्छ । नेपाली लघुकथामा व्यङ्ग्यको अभिव्यक्ति कलाको प्रयोगलाई अध्ययन गर्न नेपाली लघुकथामा पाइने भाषिक विशेषताको सूक्ष्म अध्ययन एवम् विश्लेषण आवश्यक हुन्छ । (भाषा र शैलीगत प्रयोगमा विचलन, समानान्तरता, पर्याययोक्ति-पयार्य युक्ति, विशेषणगुच्छको प्रयोग, दृष्टान्तीकरण, अप्रचलित शब्द एवम् शब्दयुग्मको प्रयोग, अलङ्कारको प्रयोग, उखानको प्रयोग, टुक्काको प्रयोग, नवनिर्मित क्रियाको प्रयोग जस्ता उपकरणको प्रयोगले व्यङ्ग्यको भाषा र शैलीलाई विशिष्ट, प्रभावकारी, संवेद्य बनाउनुका साथै व्यङ्ग्यलाई प्रहारक बनाउँछ (ओझा, २०६४ :६९) । नेपाली लघुकथामा व्यङ्ग्यको अभिव्यक्ति कलालाई अध्ययन गर्ने आधारहरू यस प्रकार निर्धारण गरिएको छ ।

### २.७.१ विचलन

सामान्य भाषाको प्रयोगबाट रचनामा सौन्दर्य सिर्जना नहुने भएकोले भाषाको विशिष्ट प्रयोगका माध्यमबाट प्रचलित व्याकरणिक नियमप्रति अतिक्रमण गरेर विचलन ल्याइन्छ । ध्वनि, रूप, शब्द, पदावली, उपवाक्य एवम् वाक्यका स्तरमा गरिने व्याकरणिक विचलन लोकसम्मत हुने भएकोले यसले भनाइमा विशिष्टता ल्याउँछ । विचलन कोशीय, व्याकरणिक एवम् अर्थतात्विक गरेर तीन किसिमको हुन्छ । कोशीय विचलन शब्दकोशले निर्धारण गरेको शब्द निर्माण प्रक्रियाभन्दा भिन्न खाले विचलन हो । व्याकरणिक विचलन व्याकरणिक नियमले निर्धारण गरेका नियम भन्दा भिन्न खाले विचलन हो । अर्थतात्विक विचलनमा शब्दको मानक अर्थभन्दा भिन्न लक्षणात्मक, व्यञ्जनात्मक, प्रतीकात्मक अर्थका लागि शब्दको प्रयोग गरिन्छ ।

व्यङ्ग्यकारले व्यङ्ग्यमा ध्वनि, रूप, शब्द, पदावली, उपवाक्य एवम् वाक्यका स्तरमा विचलनको प्रयोग व्याकरणिक नियम विपरित गरे पनि त्यो लोकसम्मत हुने भएकाले यसको प्रयोगले थोरैमा धेरै भन्न सकिने तथा भनाइ तीक्ष्ण एवम् विशिष्ट बन्दछ् (ओझा, २०६४ : ७४) ।

### २.७.२ समानान्तरता

भाषा प्रयोगका क्रममा आउने पुनरावृतिलाई समानान्तरता भनिन्छ । यसमा समान भाषिक एकाइहरूको दुई वा दुईभन्दा बढी पटक पुनरावृति भएको पाइन्छ ।

भाषिक एकाइका ध्वनि, शब्द, पदसमूह, उपवाक्य, वाक्य तथा अर्थका तहमा समानान्तरता हुने गर्दछ । 'समानान्तरता दुई प्रकारको हुन्छ' (शर्मा, २०४८ : २९) ।

एक वा एकभन्दा बढी ध्वनि, शब्द, पदावली, उपवाक्य वा वाक्य लगायतका भाषिक एकाइमा हुने आवृति बाह्य समानान्तरता हो । भाव वा वाच्य अर्थमा आउने आवृति बाह्य समानान्तरता हो । साहित्य रचनामा आन्तरिक एवम् बाह्य समानान्तरका माध्यमबाट व्यङ्ग्य आएको हुन्छ ।

एकै प्रकारका ध्वनि, शब्द वा वाक्यहरू बारम्बार पुनरावृतिले व्यङ्ग्यलाई प्रखर र तीक्ष्ण बनाउँछ । समानान्तरता समतामूलक पनि हुन सक्छ र विरोधमूलक पनि हुन सक्छ ( ओझा, २०६४ : ७६ ) ।

### २.७.३ पर्याययोक्ति/पयार्य-उक्ति

पयार्ययोक्ति/पयार्य-उक्ति कुनै एक शब्दसँग समान अर्थ राख्ने अर्को शब्दको प्रयोग हो । यो अभिव्यक्तिको विशिष्ट शैली हो ।

यो शैलीसँग सम्बन्धित कुरा हो । विकृति र विसङ्गतिलाई सोझो रूपमा भन्दा त्यो गाली गलौच हुन सक्ने भएकाले त्यही कुरालाई घुमाउरो पाराले भन्दा लक्षित विषयमाथि चर्को प्रहार हुने र भनाइमा विशिष्टता आउने हुनाले व्यङ्ग्यकारहरूका लागि पर्याययोक्ति शैलीको अवलम्बन गर्नु आवश्यक देखिन्छ (ओझा, २०६४ : ७७) ।

### २.७.४ विशेषणगुच्छको प्रयोग

विशेषणगुच्छ भन्नाले विषेष्यको गुण बुझाउन आउने एकभन्दा बढी विशेषणको समूहलाई बुझिन्छ । विशेषणगुच्छको प्रयोगबाट साहित्य रचनामा व्यङ्ग्य सिर्जना हुने भएकोले भाषा र शैलीमा आउने व्यङ्ग्यको अध्ययनको आधारका रूपमा विशेषणगुच्छलाई पनि लिइएको छ । 'व्यङ्ग्य रचनाहरूमा लक्षित विषयमाथि व्यङ्ग्य गर्न त्यसका विकृति, विसङ्गति, बेथिति आदि पक्षहरूलाई उजागर गर्नका लागि विशेषणगुच्छको विशेष भूमिका रहन्छ' (ओझा, २०६४ : ७७) ।

### २.७.५ दृष्टान्तीकरण

दृष्टान्तीकरण भन्नाले कुनै पनि विचार प्रस्तुत गरेपछि त्यसलाई जोड दिन उदाहरण दिनुलाई बुझाउँछ । अप्रचलित शब्दको प्रयोगका माध्यमबाट साहित्य रचनामा व्यङ्ग्य गरिएको हुन्छ । 'प्रस्तुत विषयलाई वा विसङ्गत पक्षलाई व्यक्त गरेपछि त्यसप्रति अझ जोड दिन वा त्यसका पक्ष पक्षान्तरतर्फ पाठकको ध्यान पूनः केन्द्रित गराउनका लागि दृष्टान्तिकरणले मूख्य भूमिका खेल्दछ' (ओझा, २०६४ :७८) ।

यसरी दृष्टान्तीकरणका माध्यमबाट गरिने व्यङ्ग्यले साहित्यमा कलात्मक एवम् विशिष्ट शैलीको निर्माण गर्दछ ।

### २.७.६ अप्रचलित शब्द एवम् शब्दयुग्मको प्रयोग

नेपाली साहित्यमा भावको अभिव्यक्तिका लागि अप्रचलित शब्द एवम् शब्दयुग्मको प्रयोग गरिएको पाइन्छ । मौखिक रूपमा रहेका एवम् व्याकरणिक रूपमा नचलेका शब्द

एवम् शब्दयुग्यको प्रयोगबाट रचनालाई विशिष्ट बनाउँछ । यस्ता शब्द एवम् शब्दयुग्मको प्रयोगले समाजिक जीवनका विभिन्न विषयप्रति गरिने व्यङ्ग्यलाई सशक्त बनाउँछ ।

भावको बेरोकटोक अधिव्यक्तिका क्रममा शब्दको व्याकरणिक संयोजनको बेफूर्सदीमा बन्न जाने यस्ता शब्दयुग्म अप्रचलित भएर पनि यिनले भनाइलाई विशिष्ट तुल्याउन मद्दत पुऱ्याउँछन् (ओझा, २०६४ :७७) ।

### २.७.७ अलङ्कारको प्रयोग

साहित्य रचनामा अलङ्कारको प्रयोगको विशिष्टताका माध्यमबाट व्यङ्ग्य आएको हुन्छ । अलङ्कारले साहित्यमा विशिष्ट सौन्दर्य सिर्जना गरी लेखनलाई विशिष्ट खाले लेखनमा परिणत तुल्याउँछ । यो एक किसिमको वक्र किसिमको भनाइ भएकोले व्यङ्ग्य साहित्यका लागि यो महत्वपूर्ण हुन्छ ।

### २.७.८ उखानको प्रयोग

नेपाली लोकजीवनमा विभिन्न उखान प्रचलित पाइन्छ । साहित्य रचनामा उखानका माध्यमबाट गम्भीर विषय उठाइएको पाइन्छ । उखानको प्रयोगबाट साहित्य रचनामा व्यङ्ग्य सिर्जना गरिएको हुन्छ । उखानको चयन विषयलाई प्रभावकारी एवम् प्रयोजनपूर्ण बनाउन गरिन्छ । यसको प्रयोग सन्दर्भ अनुसार गरिएको हुन्छ ।

### २.७.९ टुक्काको प्रयोग

टुक्का लोकसाहित्यको एक गद्यात्मक उपविधा हो । यसले व्यङ्ग्यलाई प्रभावकारी एवम् सशक्त बनाउँछ । टुक्काका माध्यमबाट विकृति र विसङ्गतिलाई व्यञ्जनात्मक रुपमा प्रस्तुत गरिएको पाइन्छ । रचनाकारहरूले व्यङ्ग्य साहित्यमा भाव अनुकुल टुक्काको प्रयोग गरेको पाइन्छ ।

### २.७.१० नवनिर्मित क्रियाको प्रयोग

व्यङ्ग्यलाई सशक्त बनाउनका लागि प्रचलितभन्दा भिन्न खाले नवनिर्मित क्रियाको प्रयोग पनि गरिएको हुन्छ । नवनिर्मित क्रियाको प्रयोगले सिर्जनामा नवीनता थप्छ ।

व्यङ्ग्यकारले रचनामा अभिव्यक्त व्यङ्ग्यको भावलाई तीक्ष्णता, प्रभावकारिता र संवेद्य बनाउनका लागि प्रचलित क्रियापदको प्रयोगको सीमालाई अतिक्रमण गरी नवीन क्रियाको प्रयोग गर्दछन् (ओझा, २०६४ : ८०) ।

यहाँ अभिव्यक्तिगत कलाका आधारमा व्यङ्ग्यको अध्ययनका निमित्त भाषिक विचलन, समानान्तरता, प्रर्याय कथन, विशेषणगुच्छको प्रयोग, दृष्टान्तीकरण, अलङ्कार, उखान, टुक्का एवम् नवनिर्मित क्रिया गरेर १० वटा विषयलाई आधार मानेर अध्ययन गरिएको छ ।

## २.८ निष्कर्ष

साहित्यमा पाइने व्यङ्ग्यको विश्लेषणका लागि पूर्वीय साहित्यशास्त्र एवम् पश्चिमी साहित्यशास्त्रका आफ्नै मौलिक सिद्धान्त छन् । पूर्वीय साहित्यशास्त्रमा ध्वनिलाई व्यङ्ग्यको मूल आधार मानेर अध्ययन गरिएको पाइन्छ ।  पश्चिमी साहित्यशास्त्रमा व्यङ्ग्यका विभिन्न रुपहरु हास्य, वक्रोक्ति, वाक्-वैदग्ध, विहास, अतिरञ्जना, प्रहसन, ठट्टा-नक्कल, व्यङ्ग्य चित्र, आक्रमोक्ति, व्यङ्ग्यस्तुति/व्याजोक्ति, उपहास र खिस्सी-गिल्ली, कटुक्ति/गालीगलौज रहेका छन् । नेपाली साहित्यशास्त्रका विद्वानहरूले पूर्वीय साहित्यशास्त्र र पाश्चात्य साहित्यशास्त्रका सिद्धान्तलाई नै पछ्याउने कार्य गरेको पाइन्छ ।

नेपाली साहित्यमा साहित्य रचनाको विश्लेषण गर्ने क्रममा पूर्वीय साहित्यशास्त्रीय र पाश्चात्य साहित्यशास्त्रीय सिद्धान्तका आधारमा व्यङ्ग्यको अध्ययन गर्ने काम गरिएको पाइन्छ ।

नेपाली लघुकथामा व्यङ्ग्यले लक्षित गरेका क्षेत्रहरू विश्लेषणका आधार अर्न्तगत राजनीतिक व्यङ्ग्य, सामाजिक व्यङ्ग्य, सांस्कृतिक व्यङ्ग्य, धार्मिक व्यङ्ग्य, आर्थिक व्यङ्ग्य, भाषा-साहित्य क्षेत्रसँग सम्बन्धित व्यङ्ग्य, शैक्षिक व्यङ्ग्य, स्वास्थ्य क्षेत्रसँग सम्बन्धित व्यङ्ग्य, प्रशासनिक व्यङ्ग्य, विज्ञानसँग सम्बन्धित व्यङ्ग्य, आधुनिकसभ्यता/जीवनशैलीसँग सम्बन्धित व्यङ्ग्य, न्याय/कानुनसँग सम्बन्धित व्यङ्ग्य, पत्रकारितासँग सम्बन्धित व्यङ्ग्य, वैयक्तिक व्यङ्ग्य लाई व्यङ्ग्यको अध्ययन एवम् विश्लेषणको आधार मानिएको छ । त्यसरी नै नेपाली लघुकथामा प्रयुक्त व्यङ्ग्यको अभिव्यक्ति कला विश्लेषणका लागि विचलन,

समानान्तरता, पर्यायोक्ति-पयार्ययुक्ति, विशेषण गुच्छको प्रयोग, दृष्टान्तीकरण, अलङ्कारको प्रयोग, उखान टुक्काको प्रयोग एवम् नवनिर्मित क्रियाको प्रयोगका आधारमा अध्ययन गरिएको छ ।

# परिच्छेद तीन

## नेपाली लघुकथाको ऐतिहासिक विकासक्रम

### ३.१ विषयपरिचय

नेपाली लघुकथाको विकासका बारेमा विभिन्न समालोचकहरू द्वारा आ-आफ्ना मान्यताहरू प्रस्तुत गरिएको पाइन्छ । नेपाली साहित्यका विद्वान्हरूद्वारा नेपाली लघुकथाको बारेमा गरेका अध्ययन अनुसन्धानले नेपाली लघुकथालाई चिनाउनमा मद्दत पुगेको छ । यस अध्ययनमा नेपाली लघुकथाको विकासक्रम सम्बन्धमा विभिन्न विद्वान्हरूका विचारहरू प्रस्तुत गरिएको छ । यहाँ नेपाली लघुकथाको विकासक्रमका बारेमा भएका अध्ययनहरूको विश्लेषण गरिएको छ । नेपाली लघुकथाको विकासका विभिन्न चरणहरू निर्धारण गर्नुका साथै ती चरणहरूका मूल प्रवृत्तिको समेत निरूपण गरिएको छ । नेपाली लघुकथाको विकासमा योगदान दिने लघुकथाकार, लघुकथाका कृति, लघुकथाका विशेषाङ्कको बारेमा चर्चा गरिएको छ । लघुकथा लेखनका बारेमा भए गरेका प्राज्ञिक एवम् बौद्धिक कार्यको समेत विश्लेषण गरिएको छ ।

### ३.२. नेपाली लघुकथाको विकासक्रम बारेमा गरिएका अध्ययनहरू

नेपाली लघुकथाको विकासक्रमका बारेमा विभिन्न विद्वानहरूले आ-आफ्नो वर्गीकरण प्रस्तुत गरेका छन् । यहाँ नेपाली लघुकथाको विकासक्रमका बारेमा भएका अध्ययनहरूलाई प्रस्तुत गरिएको छ :

(क) दयाराम श्रेष्ठ (२०५६) ले **मधुपर्क** मा "नेपाली लघुकथाको ऐतिहासिक पृष्ठभूमि तथा स्वरूप" लेखमा नेपाली कथाको आधुनिक काल वि.स. १९९२ मा सुरू भएपछि मात्र नेपाली लघुकथाको विकास भएको बताएका छन् (श्रेष्ठ, २०५६ : १३) । उनले गोपालसिंह नेपालीको कृति **कल्पना** (१९९२) को बारेमा आफ्ना दृष्टिकोण अघि सारेका छन् । श्रेष्ठले **कल्पना**लाई हालसम्म कविता सङ्ग्रह भनिदैं आएकोमा सो धारणा भन्दा भिन्न विचार प्रकट गरेका छन् । उनले यो कृतिमा रचनाविधानका दृष्टिले कथानकता पाइने विचार प्रस्तुत गरेका छन् । उनले नेपाली लघुकथाको विकासक्रमलाई यस प्रकार निर्धारण गरेका छन् :

(अ) पहिलो काल (वि.स. १९९२-२०१९) ।

(आ) दोस्रो काल ( वि.स. २०२०-२०३९) ।

(ई) तेस्रो काल (वि.स. २०४० पछि) ।

श्रेष्ठले नेपाली लघुकथाको पहिलो काल नेपाली कथाको आधुनिक काल वि.स. १९९२ पछि भएको कुरालाई आधार मानेर त्यसलाई नेपाली लघुकथाको पहिलो काल मानेका छन् । उनले वि.स. २०२० पछिको काललाई नेपाली लघुकथाको नवचेतनावादी कालका रूपमा मानेका छन् । उनले वि.स. २०४० साललाई नेपाली लघुकथाको आधुनिक कालका रूपमा मानेका छन् ।

(ख) ईश्वरीप्रसाद पोखेल (२०५९) ले त्रिभुवन विश्वविद्यालयबाट "नेपाली लघुकथाको परम्परा" शीर्षकमा स्नातकोत्तर तहको शोधका निमित्त गरेको शोध नेपाली लघुकथा सम्बन्धमा विश्वविद्यालय स्तरमा भएको पहिलो अध्ययन हो । यस शोधमा पोखरेलले नेपाली लघुकथाको विकासक्रमलाई यसरी वर्गीकरण गरेका छन् :-

(अ) पहिलो चरण (वि.स. १९९२-२०१९) ।

(आ) दोस्रो चरण ( वि.स. २०२०-२०३९) ।

(ई) तेस्रो चरण (वि.स. २०४० देखि हालसम्म) ।

उनले नेपाली लघुकथाको सम्बन्धमा दयाराम श्रेष्ठले गरेको वर्गीरणलाई नै आधार मानेका छन् ।

(ग) कुमारप्रसाद कोइराला (२०५९) ले **दीपशिखा** मा "नेपाली लघुकथा : परम्परा र स्वरूप" मा नेपाली लघुकथा लेखनको प्रारम्भको सुरुवात पूर्णप्रसाद ब्राह्मण र जननारायण गिरीबाट भएको बताएका छन् (कोइराला, २०५९ : १९) । उनले नेपाली लघुकथाको प्रथम सङ्ग्रह पूर्णप्रसाद ब्राह्मणको **झिल्का** (२००७) र **म लोग्ने हुँ** (२००८) लाई मानेका छन् । कोइरालाले नेपाली लघुकथाको विकासक्रमलाई यसरी निर्धारण गरेका छन् :-

(अ) पहिलो चरण (वि.स. २०००-२०१९) ।

(आ) दोस्रो चरण ( वि.स. २०२०-२०३९) ।

(ई) तेस्रो चरण (वि.स. २०४० देखि हालसम्म) ।

(घ) गोपाल अश्क (२०५९) ले **समकालीन साहित्य**मा “नेपाली लघुकथाको उद्‌भव र विकास” भन्ने लेखमा दयाराम श्रेष्ठकै वर्गीकरणलाई मानेर नेपाली लघुकथाको विकासक्रमको बारेमा चर्चा गरेका छन् (अश्क, २०५९ : ५०-५९) ।

(ङ) गोपीन्द्र पौडेल (२०६३) ले **साहित्य सन्ध्या** मा “नेपाली लघुकथा परम्परा र प्रवृत्ति” लेखमा लघुकथा लेखनको खास आरम्भबिन्दुका दृष्टिले पूर्णप्रसाद ब्राह्मणको **झिल्का** (२००७) तथा जयनारायण गिरीको **कसिङ्गर** (२००८) लाई नेपाली लघुकथाको प्रस्थानबिन्दु मान्न सकिने तर्क प्रस्तुत गरेका छन् (पौडेल, २०६३ : २२-२३) । उनले नेपाली लघुकथाको विकासक्रमलाई यसरी तीन चरणमा विभाजन गरेका छन् :

(अ) पहिलो चरण (वि.स. २००७-२०२९) प्रारम्भिक काल ।

(आ) दोस्रो चरण ( वि.स. २०३०-२०४५) विकास काल ।

(ई) तेस्रो चरण (२०४६ -हालसम्म) उत्थान काल ।

(च) कपिल लामिछाने (२०६४) ले **मिर्मिरे** मा “नेपाली लघुकथा र समकालीन सन्दर्भ” मा नेपाली लघुकथाको आफैले विकासक्रमको कालखण्ड विभाजन नगरे पनि नेपाली लघुकथाको विकासका बारेमा आफ्ना महत्वपूर्ण विचार प्रकट गरेका छन् । उनले नेपाली आख्यानको १८२७ देखिको लेखन सन्दर्भलाई अघि सारेका छन् । लामिछानेले असचेत रूपमा भए पनि नेपाली लघुकथाका आरम्भ वि.स. १९९२ बाट भएको विचार प्रकट गरेका छन् ( लामिछाने, २०६४ : १५५) । उनले वि.स. २००७ मा पूर्णप्रसाद ब्राह्मणको **भिल्का** लघुकथा प्रकाशन हुनुलाई नै नेपाली लघुकथाको पहिलो सचेत प्रयास भएको विचार प्रस्तुत गरेका छन् । उनले नेपाली लघुकथाका बारेमा दयाराम श्रेष्ठले गरेको वर्गीकरणलाई नै आधार मानेका छन् ।

(छ) लक्ष्मणप्रसाद गौतम (२०६७) ले नेपाल प्रज्ञा प्रतिष्ठान, गद्य/आख्यान विभाग र नेपाली लघुकथा समाजको आयोजनामा २०६७ कार्तिक २७ गते, काठमाडौंमा भएको विचार गोष्ठीमा “लघुकथाको सैद्धान्तिक स्वरूप र नेपाली लघुकथाको सन्दर्भ” विषय कार्यपत्र प्रस्तुत गरेको पाइन्छ । उक्त कार्यपत्रमा गौतमले नेपाली लघुकथाको विकासक्रमलाई यसरी निर्धारण गरेका छन् :

(क) आधारभूमिको चरण-सुरुदेखि-२००६ सम्म (आधारभूमिको निर्माण) ।

( ख) पहिलो चरण-२००७-२०२० सम्म (मौलिकताको स्पर्श) ।

(ग) २०२१- २०३९ सम्म (विकास र विस्तारको आधार) ।

(घ) तेस्रो चरण २०४०- २०५२ सम्म (समकालीन युगजीवनसँगको सापेक्षता) ।

(ङ) चौथो चरण २०५३ यता (नवीन प्रवृत्ति, प्रविधि संस्कृतिको प्रयोग र व्यापकीकरण) ।

माथिका यी वर्गीकरणहरूले नेपाली लघुकथाको विकास प्रक्रियालाई चिनाउनमा महत्वपूर्ण योगदान दिएको छ । यी अध्ययनहरूमा नेपाली लघुकथाका विभिन्न चरण एवम् ती चरणहरूमा भएगरेका कार्यको लेखाजोखा प्रस्तुत गर्ने कार्य भएको छ ।

## ३.३. नेपाली लघुकथाको ऐतिहासिक विकासक्रम

नेपाली लघुकथाका बारेमा हालसम्म भएका अध्ययनहरूमा नेपाली लघुकथाका बारेमा प्रर्याप्त प्रकाश पारिएको पाइन्छ । कुनै पनि साहित्यिक विधाको कालक्रम निर्धारण आफैमा महत्वपूर्ण कार्य हो । साहित्यिक रचनामा समयको विकाससँगै आएका नवीन मूल्य एवम् मान्यताको प्रभाव परेको हुन्छ । यी प्रभावले कालखण्ड विभाजनमा महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । नेपाली लघुकथाको बारेमा भएका हालसम्म भएका अध्ययनहरूमा देखापरेका वर्गीकरणहरूलाई सम्मान गर्दै नेपाली लघुकथाको विकासक्रम यसरी निर्धारण गर्नु उपयुक्त देखिन्छ :

(क) प्रष्ठभूमि काल (सुरुदेखि-वि.स. २००६ सम्म) प्रष्ठभूमिको निर्माणको अवधि ।

(ख) पहिलो चरण ( वि.स. २००७-२०२९) प्रारम्भिक काल ।

(ग) दोस्रो चरण (वि.स. २०३०-२०४५) विकास काल ।

(घ) तेस्रो चरण (वि.स. २०४६-२०५२) विस्तार काल ।

(ङ) चौथो चरण (वि.स. २०५३ पछि -हालसम्म) व्यापक विस्तार एवम् नवीन मूल्यको प्रारम्भ ।

(क) **पृष्ठभूमि काल** (सुरुदेखि- वि. स.२००६ सम्म) :- नेपालमा लघुकथा पश्चिमी कथा सिद्धान्तमा आधारित भएर प्रारम्भ भए पनि यसले पूर्वीय साहित्यको पनि प्रभाव ग्रहण गरेको छ । पूर्वीय साहित्यमा लघुकथाको ३००० पूर्व लामो परम्परा पाइन्छ । महाभारतमा आख्यानसँग उपकथा पनि जोडिएको पाइन्छ । चिनियाँ 'आफन्तीका कथा' एवम् भारतीय महाद्वीपको 'अकबर बिरबलका विनोद'का श्रृङ्खलामा पनि लघुकथाको प्रारम्भिक संकेत पाइन्छ । अरेबियन नाइट्सका कथामा पनि लघुकथाको बिज पाइन्छ ।

नेपाली लघुकथाको पृष्ठभूमि पहिल्याउने क्रममा नेपाली साहित्यको पृष्ठभूमिको अध्ययन गर्नुपर्ने हुन्छ । नेपाली साहित्यको पृष्ठभूमिमा प्राचीन धार्मिक एवम् पौराणिक साहित्य आएको छ । यसरी नै धार्मिक, पौराणिक आख्यानहरूका अनुवाद, पञ्चतन्त्र र हितोपदेशसँग सम्बन्धित अनुवाद, इसपका नीतिकथाका साथै विभिन्न आख्यानका अनुवादलाई पनि ख्याल गर्नुपर्ने हुन्छ । प्राथमिक एवम् माध्यमिक कालीन आख्यानका अनुवादलाई लघुकथाको निर्धारक मान्न सकिँदैन । प्राथमिक माध्यमिक कालको 'सत्सङ्गको वर्णन भएको कथाहा', 'राजा प्रपञ्चैको एउटा किस्सा' र 'मुन्सीका तीन आहान' मा लोकतत्वको उपस्थिति पाइन्छ । लक्ष्मणप्रसाद गौतमकाअनुसार मुन्सीका तीन आहान मध्ये एक आहानमा लोकतत्व केही कम भए पनि सामाजिक तत्व समेत कम भएकोले १९८०-१९८५ मा कृष्णचन्द्र अर्ज्यालद्वारा लेखिएको **लौकिक न्याय मणिमाला** को 'खानु त पाँचमुठी बस्नु त नेपाल' लगायतका सत्ताइस वटा लघुकथाहरूलाई नेपाली लघुकथाको प्रस्थानबिन्दु मान्नु उपयुक्त हुने तर्क गरेका छन् ( गौतम, २०६७ : ७) ।

**लौकिक न्याय मणिमाला** वि.स. २०१६ मा जगदम्बा प्रकाशनबाट प्रकाशित भएको पाइन्छ । यस सङ्ग्रहका सबै लघुकथाको शीर्षक नेपाली उखानमा राखिएको पाइन्छ । लघुकथाको शीर्षक नेपाली उखानमा राखिनाले पनि यस कृतिको मौलिकता देखिन्छ ।

सुकुम शर्माले जे.ए. एटनले नेपाली भाषा एवम् साहित्यका क्षेत्रमा गरेको कार्यको चर्चा गर्ने क्रममा 'नेपाली व्याकरणको प्रारम्भिक इतिहास' पुस्तकमा नेपाली भाषा सिक्नेहरूलाई नेपाली भाषाको संरचना बुझाउने हेतुले रमाइला तीन प्रसियन कथाको अनुवादलाई प्रस्तुत गरेर यस भाषाको व्याकरणसम्बन्धी चर्चा टुङ्ग्याइएको बताएका छन् ( शर्मा, २०५८ : २८) । यी आख्यान रचनाको अनुवादमा नेपाली आख्यानको प्राचीन रूप रहेको पाइन्छ । यी आख्यान रचना नेपाली लघुकथाको पृष्ठभूमिकालको अध्ययनका क्रममा महत्वपूर्ण मानिन्छन् ।

भारतमा रहेका नेपाली साहित्यकार गोपालसिंह नेपालीको **कल्पना** (१९९२) लाई कविता भनिए पनि यसमा लघुकथात्मक तत्वको उपस्थिति पाइन्छ ( गौतम, २०६७ : ७) । यस कृतिले असचेत रूपमा भए पनि लघुकथा लेखनको आधारभूमिको काम गरेको पाइन्छ । यस अवधिको उपलब्धी **लौकिक न्याय मणिमाला** र **कल्पना** लाई मान्न सकिन्छ ।

यस समयावधिका रचनामा संस्कृत र नीतिकथाको अनुवाद परम्परा र तिलस्मी रूपका छोटा कथाको अनुवाद पाइन्छ । यस समयावधिका आख्यानमा लोककथात्मक शैलीको प्रयोग गरिएको पाइन्छ । यस लेखनको प्रवृत्तिमा अति काल्पनिक कथालेखन पनि पर्दछ । उखानलाई विषय बनाएर लघुकथा लेखिएको पाइन्छ । ती रचनामा आंशिक रूपमा सामाजिकताको प्रयोग पनि भएको छ । नेपाली लघुकथा लेखनको लागि पृष्ठभूमि निर्माण गर्ने काम यसै अवधिमा भएको हो ।

(ख) **पहिलो चरण** ( वि.स. २००७-२०२९) प्रारम्भिक काल :- पूर्णप्रसाद ब्राह्मणको **झिल्का** (वि.स. २००७) सालमा प्रकाशनपछि नेपाली लघुकथालेखनको सचेत प्रयास भएको कुरामा लघुकथा सम्बन्धी अध्येताहरूको एकमत रहेको देखिन्छ । लैनसिंह बाङ्देलले जयनारायण गिरीको **कसिङगर** (वि.स. २००८) लघुकथा सङ्ग्रहको भूमिकामा यस कृतिलाई नेपाली लघुकथाको पहिलो सङ्ग्रह भनेका छन् । गिरीभन्दा पहिले ब्राह्मणको कृति प्रकाशित भइसकेको हुँदा पहिलो लघुकथाको पहिलो कृतिका रूपमा **झिल्का** लाई नै मानिएको पाइन्छ । नेपाली लघुकथाको सचेत रूपमा लेखन वि.स. २००७ बाट प्रारम्भ भएकोले नेपाली लघुकथाको प्रारम्भ काल वि.स. २००७ लाई मानेर यो अध्ययन गरिएको छ । वि.स. २००८ सालमा पूर्णप्रसाद ब्राह्मणको **म लोग्ने हुँ** र यसै वर्ष जयनारायण गिरीको **कसिङ्गर** प्रकाशित हुन्छ । नेपाली लघुकथाको विकासमा यी कृतिहरूको महत्व रहेको पाइन्छ । वि.स. २०१९ मा शशिकला शर्माको **उसको सुरुवाल** प्रकाशित हुन्छ । वि.स. २०२९ मा विश्वम्भर प्याकुरेलको **इन्द्रेणीको गुम्बजभित्र** प्रकाशित भयो । यस समयावधिमा लघुकथा कृति प्रकाशनको साथै सामयिक सङ्कलन पनि प्रकाशित भएको पाइन्छ । वि.स. २०२८ सालमा हरिभक्त कटुवालको सम्पादनमा **बान्की** सामयिक सङ्कलनको प्रकाशन हुन्छ । यस सङ्कलनमा नेपाली लघुकथा रचना प्रकाशित भएको पाइन्छ । नेपाली लघुकथाको पहिलो चरणमा विविध प्रवृत्तिहरू पाइन्छन् । यी लघुकथामा राणाशासन र प्रजातन्त्र स्थापना भएपछिका समयको सङ्क्रमणकालीन अवस्था आएको पाइन्छ । नेपाली लघुकथा रचनामा वि.स. २०१७ मा प्रजातन्त्रको हरण भएपछिको नेपाली समाजका विभिन्न रूपहरू आएको

पाइन्छ । यस समयका लघुकथा कृतिमा नेपाली समाजमा हुने गरेको अन्याय, अत्याचारका घटनाको चित्रण गर्नुका साथै विद्रोहका घटना समेत प्रस्तुति गरिएको पाइन्छ । सामाजिक, आर्थिक एवम् सांस्कृतिक क्षेत्रका विसङ्गतिको चित्रण गरिएको पाइन्छ । पारिवारिक जीवनका समस्या, धार्मिक आडम्बर, अशिक्षा एवम् गरिबीका घटनाको वर्णन गरिएको पाइन्छ । यस कालमा मानवेत्तर पात्रको प्रयोग गरिएको पाइन्छ । यसै कालबाट प्रतीकात्मक लेखनको पनि आरम्भ भएको पाइन्छ । यस अवधिका पछिल्ला लघुकथा रचनामा जीवनको विसङ्गत यर्थाथको प्रस्तुतिका साथै निराशा, कुन्ठा एवम् हताश मानिसका जीवन कथा प्रस्तुत गरिएको पाइन्छ ।

(ग) **दोस्रो चरण** (वि.स. २०३०-२०४५) विकास काल :- नेपाली लघुकथाको दोस्रो चरण वि.स. २०३० पछि प्रारम्भ भएको पाइन्छ । पञ्चायतको उत्कर्ष कालमा रचना गरिएका लघुकथा रचनामा तत्कालीन समयको प्रतिबिम्ब पाइन्छ । यस अवधिमा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गरिएकोले लेखक/कलाकारले आफ्नो विचार प्रत्यक्ष नआउने गरी साहित्य रचना सिर्जना गर्ने काम गरे । नेपाली साहित्यमा तत्कालीन समयमा प्रचलित शैलीको प्रभाव लघुकथा लेखनमा पनि परेको पाइन्छ । यस समयमा प्रकाशित लघुकथा कृतिमा रमेश नेपालीको **पाटीकी बौलाही** (२०३२), अनिता तुलाधरको **फुलु** (२०३४), ध्रुव मधिकर्मी र श्याम आशाको **लघु** (२०३५), लव गाउँलेको **गाउँलेका मसिना कथाहरू** (२०३७), जगदीश नेपालीको **केही लघुकथाहरू** (२०३९), विनयकुमार कसजूको **पशुतन्त्र** (२०३९) दुर्लभलाल सिंहको **झुलभित्रको मान्छे** (२०३९) र रत्न कोजूको **बूढो वर्तमान** (२०३९), पूर्णप्रसाद ब्राह्मणको **एकतिस कथा** (२०४२) रहेका छन् ।

यस समयावधिमा लघुकथा कृति प्रकाशनको साथै सामयिक सङ्कलन प्रकाशन गर्ने कार्यले पनि तीव्रता पाएको देखिन्छ । वि.स. २०३४ मा विजय सागर र विनय कुमार कसजूको सम्पादनमा **चौतारो** नामक हवाई पत्रिका प्रकाशन हुन्छ । त्यसरी नै विराटनगरबाट **प्रयोग** (२०३४), **दर्पण** (२०३४) सामयिक सङ्कलन प्रकाशित हुन्छ । वि.स. २०३९ मा राजेन्द्र सलभको सम्पादनमा **दुबो** प्रकाशित हुन्छ । त्यसरी नै वि.स. २०३९ मा **नागबेली** प्रकाशित हुन्छ । वि.स. २०३४ मा **नवरत्न** को प्रकाशन भएको पाइन्छ । वि.स. २०४० मा वासु बरालको सम्पादनमा **चार हस्ताक्षर बाह्र स्वर** प्रकाशित हुन्छ । वि.स. २०४३-२०४४ सालमा गोविन्द गिरी प्रेरणाको सम्पादनमा **लघुकथा** प्रकाशित भएको पाइन्छ । यो सङ्कलन चार अङ्कसम्म प्रकाशित भएको पाइन्छ ।

यस समयावधिमा वि.स. २०३९ मा सिर्जनशील साहित्य समाजले काठमाडौँमा लघुकथा गोष्ठी सम्पन्न गरेको पाइन्छ ।

यस समयावधिका लघुकथा रचनामा जीवनको अभाव, अशिक्षा एवम् गरिबीबाट उत्पन्न मानवीय विसङ्गत क्रियाकलापको बारेमा चर्चा गरिएको पाइन्छ । यी लघुकथामा मानिसको जीवनको निस्सारता, खोक्रोपना, निराशा, कुन्ठा एवम् सामाजिक भ्रष्ट क्रियाकलापलाई देखाइएको छ । यस अवधिका लघुकथा कृतिमा आर्थिक, धार्मिक, राजनीतिक, एवम् प्रशासनिक क्षेत्रका विसङ्गति प्रति व्यङ्ग्य पाइन्छ । यी लघुकथामा पञ्चायती व्यवस्थाको विरोध एवम् प्रजातन्त्रको चाहना पनि अभिव्यक्त भएको पाइन्छ । यस अवधिका पछिल्लो समयमा पशुपक्षी पात्रको प्रयोग गरेर लघुकथा लेखिएको पाइन्छ । पछिल्ला समयमा लघुकथामा प्रतीकात्मक र अन्योक्तिमूलक लेखनको प्रारम्भका साथै कलात्मक सीपप्रति सचेतता पनि आउँदै गरेको पाइन्छ । यस अवधिमा लघुकथा लेखनको नवीन शैलीको प्रारम्भ भएको पाइन्छ । विषयगत विविधता यस कालको प्रमुख विशेषता मान्न सकिन्छ ।

(घ) **तेस्रो चरण** (वि.स. २०४६-२०५२) विस्तार काल :- नेपाली लघुकथाको तेस्रो चरण वि.स. २०४६ पछि प्रारम्भ हुन्छ । राजनैतिक परिवर्तनसँगै प्रकाशन एवम् विचार स्वतन्त्रताका क्षेत्रमा खुकुलोपनले लेखन प्रकाशनमा पनि सहजता आउँछ । यस चरणमा लघुकथा कृति प्रकाशनको साथै पत्रपत्रिका प्रकाशनले पनि तीव्रता पाउँछ । यस अवधिमा प्रकाशित लघुकथा कृतिमा अमोद भट्टराईको **हस्ताक्षर** (२०४७), नारायण तिवारीको **दशैँखर्च** (२०४७), भागीरथी श्रेष्ठको **रङ्गीन पोखरी** (२०५०), रामबहादुर बानियाँ क्षेत्रीको **यो जीत कस्को ?** (२०५०), सुमन सौरभको **आधुनिक लघुकथाहरू** (२०५१) र ध्रुव मधिकर्मीको **बुद्ध कहीँ छैन** (२०५१) रहेका छन् ।

यस चरणमा कृति प्रकाशनको साथै लघुकथासम्बन्धी सामयिक सङ्कलन प्रकाशनले पनि तीव्रता पाएको देखिन्छ । वि.स. २०४६-०४७ मा अशेष मल्ल र किशोर पहाडीको सम्पादनमा **सौरभ** पत्रिका प्रकाशन भएको पाइन्छ । यसमा विभिन्न लघुकथाकारका लघुकथा रचनाहरू प्रकाशित भएको पाइन्छ । त्यसरी नै वि.स. २०४७ मा किशोर पहाडी र अशेष मल्लको सम्पादनमा चालीसजना लघुकथाकारका लघुकथा भएको **अध्याय** पत्रिका प्रकाशन हुन्छ । यसरी नै वि.स. २०५० मा **वासु मार्मिक** को सम्पादनमा **अभिभावक** पत्रिका प्रकाशन हुन्छ । वि.स. २०५१ मा कृष्ण शाह 'यात्री' को सम्पादनमा उदयपुरबाट

**ज्योतिपुञ्ज** पत्रिका प्रकाशित हुन्छ । यसै वर्ष (वि.स. २०५१) मा सुनसरीबाट कृष्णप्रसाद दहालको सम्पादनमा **सुनसरी** नामक पत्रिका प्रकाशन हुन्छ । वि.स. २०५१ मा **अभिव्यक्ति** पत्रिकाले लघुकथा विशेषाङ्क प्रकाशित हुन्छ ।

यस चरणका लघुकथा कृतिमा प्रजातन्त्र कालपछिको समयको चित्रण गरिएको पाइन्छ । वि.स. २०४६ को राजनैतिक परिवर्तनपछि जनताका अपेक्षा पूरा हुन नसकेकोमा असन्तुष्टि व्यक्त गरिएको पाइन्छ । यस अवधिका कृतिमा समाजिक जीवनका विभिन्न विषयवस्तु प्रति व्यङ्ग्य गर्ने काम गरिएको पाइन्छ । लघुकथा रचनाहरूमा प्रतीकात्मक लेखन बढ्दै गएको पाइन्छ । यस कालखण्डमा साहित्यिक पत्रिकाले लघुकथा विशेषाङ्क प्रकाशन गर्न थालेको पाइन्छ ।

(ङ) **चौथो चरण** (वि.स. २०५३ पछि-हालसम्म ) व्यापक विस्तार एवम् नवीन मूल्यको प्रारम्भ :- वि.स. २०४६ सालपछि नेपाली लघुकथाको व्यापक विस्तार भएको पाइन्छ । यस चरणमा लघुकथा कृतिको प्रकाशन व्यापक बनेको पाइन्छ । लघुकथा लेखनमा सङ्ख्यात्मक वृद्धिसँगै रचनामा नवीन मूल्य मान्यताको प्रवेश भयो । यस समयावधिमा प्रकाशित लघुकथामा विनयकुमार कसजूको **लिस्नो** (२०५३), **थोपाथोपा** (२०५७), **स्याललाई स्लिपिङ् ब्याग** (२०६६), वासु मार्मिकको **छेस्काछेस्की** (२०५३), किशोर पहाडीको **किंवदन्ती** (२०५३), कपिल लामिछानेको **अन्यथा** (२०५४), **जलमानव** (२०६१), **बोन्साई** (२०६९), विश्वराज अधिकारीको **सूर्य** (२०५४), **अभिनय** (२०६०), रामविक्रम थापाको **पात्रहरू** (२०५५), हरिगोविन्द लुँइटेलको **समय र पोखरी** (२०५५), इन्दिरा प्रसाईको **बयान** (२०५५), शेखरकुमार श्रेष्ठको **सागरपुर** (२०५९), कृष्ण शाह यात्रीको **सूक्ष्म शिखाहरू** (२०५६), **आणविक अस्त्र** (२०६४), **तारो** (२०६९), विजय सागरको **सागरका कथाहरू** २०६०), सुमन सौरभको **पराई विचार** (२०६५) र **चौथो लिङ्गी** (२०६८), रवीन्द्र समीरको **तेस्रो आँखा** (२०५३), **पोष्टमार्टम** (२०६३), **विकिरण** (२०६३), **ईश्वरका कथा** (२०६५), **अर्जुनदृष्टि** (२०६७), **अणु र पहाड** (२०६९) रहेका छन् ।

त्यसरी नै यस अवधिका अन्य लघुकथा कृतिमा नवराज रिजालको **अदृश्य पीडा** (२०५७), **माटो खोज्दै** (२०६७), श्रीओम श्रेष्ठको **आँखीझ्याल** (२०५८), **भ्रममार्ग** (२०६७), प्रयास सौरभ श्रेष्ठको **बिम्ब प्रतिबिम्ब** (२०५८), पुष्करराज भट्टको **कर्मयोद्धा** (२०५९), **मुक्तिदूत** (२०५२), **एक थोपा सागरको** (२०६४, नेपाली र डोटेली दुवै भाषामा), शेखरकुमार श्रेष्ठको **सागरपुर** (२०५९), गोविन्द भट्टराईको **भाग्यले लुटेको जिन्दगी** (२०५९), यमनदेव

उत्प्रेरकको **यात्रारम्भ** (२०५९), डम्बर रसिक भारतीको **भूइँकुहिरो** (२०६०), **तुँवालो** (२०६९), किशन थापा 'अधिर' को **अन्धाहरूको देशमा** (२०६०), बद्री पलिखेको **मनस्थिति** (२०६०), इन्द्रकुमार विकल्पको **सर्वदलीय घर** (२०६०), गोरखबहादुर सिंहको **आलुप्याज प्याजआलु** (२०६०), **नगरसभाको पाँचौ दिन** (२०६५), अगीब बनेपालीको **शुभयात्रा** (२०६०), **अन्तिम आग्रह** (२०६२, नेपाली र नेवारी दुवै भाषामा), हिरण्य भोजपुरेको **जङ्घार** (२०६०) एवम् अच्युत घिमिरको **शिखर चढिरहेको मानिस** (२०६०) एवम् कुसुम ज्ञवालीको **सहिदले बिर्सेको गाउँ** (२०६०) रहेका छन् ।

यस चरणका अन्य लघुकथा कृतिमा पोष चापागाईको **हाइकु कथा** (२०६१), भूपेन्द्र सुवेदीको एक मूल एकाउन्न फूल (२०६१), केशव प्रधानको **दुर्गे दमाईको मृत्यु** (२०६१), माधव लामिछानेको **पुरस्कार** (२०६१), भरत भारद्वाजको **प्रश्नको क्याराभान** (२०६१), षडानन्द पौडेलको **परिवेश** (२०६१), श्रीबाबु कार्की 'उदास' को **समय-बाछिटा** (२०६२), गोपाल ढकालको **अस्ताएको सूर्य** (२०६२), धनुषराज राई 'राशी' को **सेतो हस्ताक्षर** (२०६२), राजुराम मुनङ्कर्मी को **अन्र्तद्वन्द्व** (२०६२), हरिहर पौडेलको **कालो उज्यालो** (२०६२), शिवहरि अधिकारी को **दुखेको मन** (२०६२), पद्मप्रसाद शर्माको **उपहार** (२०६२), अमित घिमिरेको **सलह** (२०६२), बी. थुलुङको **अनुभूत** (२०६२) रहेका छन् ।

बुद्धिनाथ ज्ञवालीको **जल्दै गरेको आकाश** (२०६३), हरिप्रसाद भण्डारीको **अविरल यात्रा** (२०६३), **काला सर्पको खोजी** (२०६७), मित्र राजु पाठकको **भलादमी श्रीमती** (२०६३), कृष्ण बजगाईको **यन्त्रवत** (२०६४), **रोडम्याप** (२०६६), एलबी क्षेत्रीको **त्रिशङ्कुको देशमा** (२०६४), शर्मिला खड्का दाहालको **सम्वत-अफिस** (२०६४), प्रदीप प्रधानको **द्वन्दकालीन कथा** (२०६४), आर.आर. चौलागाईको **विघटनको तयारीमा** (२०६५), सरस्वती रिजालको **प्रसङ्ग, भ्रम र पात्रहरू** (२०६५), भीम राना 'जिज्ञासु' को **कर्फ्यू लागेको दिन** (२०६५), सुमनराज ताम्राकारको **गठेमङ्गल** (२०६५), नारा जोशीको **भीडमा एक्लो मान्छे** (२०६५), दिलीप शाहको **जालो** (२०६६), देवेन्द्र अर्याल 'आँशु'को **घाइते ईश्वर** (२०६६), मुक्तिनाथ घिमिरेको **२१६६** (२०६६), सुशीला देउजाको **दोभान** (२०६६), सनत रेग्मीको **स्मृतिदंश र अन्य कथाहरू** (२०६६), टङ्कराम सुनुवार 'सिर्सेली' को **परेङ्** (२०६७), रामबहादुर बानियाँ क्षेत्रीको **लघु कथा सङ्ग्रह** (२०६७), रमेश परियारको **समयचक्र** (२०६७), रसुवाली कविको **हत्यारो विदेशतिर** (२०६८), सिन्धु गौतमको **कर्कलाको शीत** (२०६८), साधना प्रतीक्षाको **सन्दिग्ध समयका पाइलाहरू** (२०६८), लुमडी आचार्यको

**कागजको खोस्टो** (२०६८), रमेश भट्टराई 'पुजारी' को **उर्दी** (२०६८), महेश प्रसाईको **फूलै फूलका आलापहरू** (२०६८), रामचन्द्र नेपालको **प्रतिबिम्ब** (२०६९) एवम् कल्याण पन्तको **समय सन्दर्भ** (२०६९) रहेका छन् ।

यस चरणमा लघुकथा प्रकाशनको साथै सामयिक सङ्कलन एवम् विशेषाङ्क प्रकाशनले पनि तीव्रता पाएको छ । यस चरणमा **प्रसुन** (२०५३), **गुञ्जन** (२०५६) **वेदना** (२०५६), **मधुपर्क** (२०५६), **दायित्व** (२०५४ र २०५९), **मन्थन** (२०५८), **अक्षर** (२०६३), **बिसौनी** (२०६५) ले पनि लघुकथा विशेषाङ्क प्रकाशित गरेको पाइन्छ ।

वि.स. २०५४ र २०५५ मा रेयुकाइ नेपालले लघुकथा प्रतियोगिता आयोजना गरेको पाइन्छ । यी प्रतियोगितामा समावेश भएका लघुकथाहरू श्रीओम श्रेष्ठ 'रोदन' को सम्पादकत्वमा **शुभारम्भ** (२०५४) र **सञ्चयन** (२०५५) का रूपमा प्रकाशित हुन्छ । वि.स. २०५५ मा गोरखबहादुर सिंहको सम्पादनमा **पहिरो थुप्रिएको बगर** नामक लघुकथाको सङ्ग्रह प्रकाशित हुन्छ । यस सङ्ग्रहमा १०९ लघुकथा समावेश छन् । वि.स. २०५९ मा एम्नेष्टी इन्टरनेशनलको प्रकाशनमा कृष्ण कँडेलको सम्पादकत्वमा **सम्वेदन स्वरहरू** प्रकाशित हुन्छ । वि.स. २०५८ मा रेयुकाइ पाटन शाखाले **संवरण** लघुकथा सङ्ग्रह प्रकाशन गरेको पाइन्छ ।

नेपाली लघुकथाको विकासमा **मधुपर्क** मासिकबाट निस्केको लघुकथा विशेषाङ्क (२०५६) को महत्वपूर्ण योगदान रहेको छ । यस विशेषाङ्मा २०० भन्दा बढी नेपाली लघुकथा रचना प्रकाशित छन् । नेपाली लघुकथाका बारेमा विभिन्न विद्वान्हरूका समालोचनात्मक लेखरचनाका साथै विभिन्न लघुकथाकारका विचार पनि समावेश गरिएको छ । त्यसरी नै नेपाली लघुकथाको विकासमा विवेक सिर्जनशील प्रकाशनबाट विनयकुमार कसजूको सम्पादनमा निस्केको **प्रतिनिधि नेपाली लघुकथाहरू** (२०६५) को ठूलो योगदान रहेको पाइन्छ । यस सङ्ग्रहमा नेपाली लघुकथाका बारेमा ईश्वरीप्रसाद पोखरेल एवम् विनयकुमार कसजूका अनुसन्धानात्मक लेखका साथै विभिन्न नेपाली लघुकथाहरू प्रकाशित छन् । यस सङ्ग्रहमा नेपाली भाषाका लघुकथाका साथै विभिन्न विदेशी लेखकहरूका लघुकथाहरूको नेपाली अनुवाद समेत गरिएको छ । यस बाहेक पनि विभिन्न पत्रपत्रिकाबाट विभिन्न समयमा प्रकाशित लघुकथा विशेषाङ्को प्रकाशनले लघुकथाको विकासमा योगदान पुऱ्याउँदै आएको पाइन्छ ।

यस बाहेक विभिन्न पत्रपत्रिकाले लघुकथाको विकासमा महत्वपूर्ण योगदान दिएको पाइन्छ । नेपाली लघुकथाका रचना प्रकाशन गर्ने पत्रपत्रिकामा **रूपरेखा, मुकुट, हिमानी, बिहान, मन्त्र, सिउँडी, बिम्ब, अभिव्यक्ति, स्वतन्त्रता, रचना, जनमत, शब्द संयोजन, शब्दांकुर, नवप्रज्ञापन, वेदना, साहित्य सन्ध्या, समष्टि, भानु, अक्षर, कालीको सुसेली, आफन्त, मलासिनी, दायित्व, जयन्ती, मिर्मिरे, मधुपर्क, गुञ्जन, गरिमा, समकालीन साहित्य, जुही, युवा, गोरखापत्र** पर्दछन् । यस बाहेक पनि यहाँ उल्लेख नगरिएका विभिन्न पत्रपत्रिकाले लघुकथाको रचना प्रकाशित गरेको पाइन्छ ।

नेपाली लघुकथाको विकासमा गोजी पत्रिका एवम् हवाई पत्रिकाको पनि योगदान रहेको पाइन्छ । नेपाली लघुकथाको विकासमा महत्वपूर्ण भूमिका खेल्ने गोजी पत्रिका एवम् हवाई पत्रिकामा **बान्की, प्रयोग, नवरत्न, दुबो, आँखीझ्याल, पलाँस, प्रतिभा, जुनकिरी, अणु, दर्पण, चौतारी, प्रोत्साहन** पर्दछन् ।

यसै कालखण्डमा नेपाली लघुकथाका क्षेत्रमा बौद्धिक अर्न्तक्रियामूलक कार्यक्रमहरू पनि भएको पाइन्छ । लघुकथा गोष्ठीहरूमा प्रस्तुत गरिने कार्यपत्रहरूमा नेपाली लघुकथाको बारेमा विस्तृत चर्चा एवम् टिप्पणी गरिएको पाइन्छ । यी गोष्ठीहरूले नेपाली लघुकथा लेखनलाई प्राज्ञिक बहसको विषय बनाउने कार्यमा महत्वपूर्ण योगदान दिएका छन् । यस अवधिमा नेपाल प्रज्ञा प्रतिष्ठानको आयोजनामा झापाको धुलाबारीमा भएको लघुकथा गोष्ठी (२०५३) ले नेपालको लघुकथाको इतिहासमा महत्वपूर्ण स्थान राख्दछ । यस लघुकथा गोष्ठीमा नेपाल र भारतका लघुकथाकारहरू समावेश थिए । यस गोष्ठीमा राजेन्द्र सुवेदीले 'लघुकथाको परिचय, विकास र वर्तमान परिपेक्ष्यमा लघुकथाको महत्व' शीर्षकको कार्यपत्र प्रस्तुत गरेको पाइन्छ । इन्द्रेणी सांस्कृतिक समाजले वि.स. २०५५ जेठमा लघुकथा गोष्ठी गरेको पाइन्छ । त्यस्तै वि.स. २०६७ मा लघुकथा समाज र नेपाल प्रज्ञा प्रतिष्ठानको सहआयोजनामा सम्पन्न भएको लघुकथा विचारगोष्ठी र लघुकथावाचन कार्यक्रममा लक्ष्मणप्रसाद गौतमले प्रस्तुत गरेको 'लघुकथाको सैद्धान्तिक स्वरूप एवम् नेपाली लघुकथाको सन्दर्भ' शीर्षकको कार्यपत्र पनि त्यतिकै महत्वपूर्ण छ । यस कार्यपत्रमा गौतमले लघुकथाको सैद्धान्तिक स्वरूप समेत पहिल्याएका छन् । नेपाली लघुकथाको परम्परा र प्रवृत्ति निरूपणका दृष्टिले पनि यो कार्यपत्र महत्वपूर्ण रहेको छ ।

विभिन्न समयमा देशका विभिन्न ठाउँमा भएका लघुकथा गोष्ठीले नेपाली लघुकथाको विकासमा महत्वपूर्ण भूमिका खेलेका छन् । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले

वि.स. २०५४ मा प्रथम राष्ट्रव्यापी लघुकथा प्रतियोगिता सम्पन्न गरेको पाइन्छ । त्यस्तै वि.स. २०५५ मा द्वितीय राष्ट्रव्यापी लघुकथा प्रतियोगिता सम्पन्न गरेको पाइन्छ । नेपाली लघुकथाको विकासमा द रेयुकाइ नेपाल, पाटन शाखाको पनि महत्वपूर्ण योगदान दिएको पाइन्छ । वि.स. २०५४ र २०५५ मा रेयुकाइ नेपालले लघुकथा प्रतियोगीता सम्पन्न गरेको पाइन्छ । यसरी नै एम्नेष्टी इन्टरनेसनलले काठमाडौंमा लघुकथा गोष्ठी गराउनुको साथै लघुकथा विशेषाङ्कसमेत प्रकाशित गरेको पाइन्छ ।

नेपाली लघुकथाको विकासमा विश्वविद्यालयस्तरबाट पनि काम भएको छ । त्रिभुवन विश्वविद्यालयबाट वि.स. २०६० सालमा ईश्वरीप्रसाद पोखरेलले 'नेपाली लघुकथाको परम्परा' नामक स्नातकोत्तर तहको शोधकार्य सम्पन्न गर्नुभएको पाइन्छ । यस शोधले नेपाली लघुकथाको इतिहासलाई देखाउने कार्यमा महत्वपूर्ण भूमिका खेलेको छ । यस शोधकार्यबाट नेपाली लघुकथालाई प्राज्ञिक एवम् बौद्धिक क्षेत्रमा चिनाउने काम हुने देखिन्छ । यस बाहेक पनि विभिन्न लघुकथाकारको लेखन सम्बन्धमा स्नातकोत्तर तहमा शोधकार्य भइरहेको पाइन्छ । यी शोधकार्यले नेपाली लघुकथालाई साहित्यिक एवम् बौद्धिक क्षेत्रमा चिनाउनमा महत्वपूर्ण मद्दत गरेका छन् ।

नेपाली लघुकथाको बारेमा अनुसन्धानमूलक कृति प्रकाशन गर्ने क्रम पनि बढ्दै गएको पाइन्छ । वि.स. २०६५ मा साझा प्रकाशनबाट गोपाल अश्कको **लघुकथा : सूत्र र पाठ** नामक कृति प्रकाशित भएको पाइन्छ । यस कृतिमा लघुकथाको सैद्धान्तिक पक्षका साथै नेपाली लघुकथाको विकासक्रम प्रस्तुत गरिएको छ । यस कृतिमा नेपाली लघुकथाका २२ जना लेखकका रचना समेत समावेश गरिएको छ ।

नेपाली लघुकथाको विकासमा संस्थागत प्रयास समेत प्रारम्भ भएको छ । वि.स. २०६५ भदौ १७ गते काठमाडौंको न्यूरोड स्थित एक क्याफेमा लघुकथा समाजको स्थापना गरिएको पाइन्छ । श्रीओम श्रेष्ठ 'रोदन' को संयोजकत्वमा गठित लघुकथा समाजमा किशोर पहाडी, ध्रुव मधिकर्मी, गोरखबहादुर सिंह र रवीन्द्र समीर सदस्य रहने गरी कार्यसमिति गठन गरिएको पाइन्छ । वि.स. २०६५ भदौ १७ गते सो समितिको बैठकले कार्यसमिति गठन गरेको पाइन्छ । श्रीओम श्रेष्ठ 'रोदन' को अध्यक्षतामा गठित सो समितिमा उपाध्यक्ष, सचिव र कोषाध्यक्षमा गोरखबहादुर सिंह, रवीन्द्र समीर र सुमन सौरभ रहनु भएको थियो । समितिको सदस्यमा ध्रुव मधिकर्मी, कृष्ण शाह यात्री र तुलसीहरि कोइराला रहनु भएको थियो । संस्थाको सल्लाहकारमा विनयकुमार कसजू, हिरण्य भोजपुर र किशोर पहाडी रहनु

भएको थियो । वि.स. २०६६ माघ १६ गते संस्थाका उपाध्यक्ष गोरखबहादुर सिंहले आफ्नो कार्यव्यस्तताका कारण राजीनामा दिएपछि उहाँको ठाउँमा उपाध्यक्षमा ध्रुव मधिकर्मी लाई र रिक्त सदस्यमा हरिप्रसाद भण्डारीलाई मनोनयन गरिएको पाइन्छ ।

लघुकथा समाजको स्थापना भएपछि लघुकथासम्बन्धी गतिविधि बढेको पाइन्छ । लघुकथा समाजको आयोजनामा विभिन्न लघुकथाकारका कृति विमोचनका साथै ती कृतिहरू माथि अर्न्तक्रियासमेत सम्पन्न भएको पाइन्छ । नेपाल  प्रज्ञा प्रतिष्ठानसँग मिलेर लघुकथा सम्बन्धी विचार गोष्ठी समेत भएको पाइन्छ । नेपाली भाषाको साथै विभिन्न मातृभाषामा पनि लघुकथा वाचन गर्ने कार्यक्रम सम्पन्न गरिएको पाइन्छ । लघुकथा समाजले लघुकथा विधाका क्षेत्रमा योगदान पुऱ्याउने अनुसन्धानकर्तालाई सम्मान गर्ने कार्यक्रम पनि सम्पन्न गरिसकेको छ ।

यस चरणका लघुकथामा राजनैतिक मूल्यहीनता, भ्रष्टता एवम् अपराधीकरणप्रति चिन्ता व्यक्त गरिएको छ । मानिसमा रहेको स्वार्थी प्रवृत्तिका साथै चाकरी गर्ने कार्यप्रति व्यङ्ग्य गरिएको छ ।  नेपाली लघुकथामा आर्थिक क्षेत्रमा देखिएका गलत कार्यका साथै साहित्यिक क्षेत्रका विकृतिप्रति आक्रोश व्यक्त गर्ने काम गरिएको छ । मानिसको वैयक्तिक जीवनमा प्रेम, यौन एवम् ग्राहस्थ जीवनका घटना पनि आएका छन् । यस समयका लघुकथामा प्रविधिको विकाससँगै मानिसको चिन्तनमा आएको परिवर्तन एवम् नवीन मूल्यप्रतिको विश्वासलाई पनि समेटेको पाइन्छ । नेपाली लघुकथाकारहरूले डायस्पोरा एवम् नारीवादी चिन्तनलाई समेत स्थान दिन थालेका छन् ।

नेपाली लघुकथाको चौथो चरणमा नेपाली लघुकथाको लेखन, प्रकाशनले व्यापकता पाएको छ । नेपाली लघुकथाका कृति एवम् कृतिकारले सञ्चार माध्यममा महत्वपूर्ण ठाउँ पाउन थालेका छन् । लघुकथा लेखनबारे अर्न्तक्रिया, बहस प्रारम्भ भइसकेको छ । लघुकथा विधामा प्रतिबद्ध भएर लेख्ने लघुकथाकारको संख्या बढ्दो छ । लघुकथामा चित्रात्मकताका साथै नवीन बिम्ब एवम् प्रतीकको प्रयोग गर्ने चलन बढेको छ ।

**३.४ निष्कर्ष**

पूर्वीय साहित्यमा वि.स. ३००० पूर्व लघुकथाको परम्परा पाइन्छ । महाभारतमा आख्यानसँग उपकथा पनि जोडिएको पाइन्छ । चिनियाँ 'आफन्तीका कथा' एवम् भारतीय

महाद्वीपको 'अकबर बिरबल विनोद'का श्रृङ्खलामा पनि लघुकथाको प्रारम्भिक संकेत पाइन्छ । अरबियन नाइट्सका कथामा पनि लघुकथाको बिज पाइन्छ ।

नेपाली लघुकथाको पृष्ठभूमि काल विगत पौराणिक कालदेखि वि. स.२००६ सम्मको अवधिलाई मानेर यहाँ अध्ययन गरिएको छ । नेपाली साहित्यको पृष्ठभूमिमा प्राचीन धार्मिक एवम् पौराणिक साहित्य आएको छ । लघुकथाको पृष्ठभूमिमा धार्मिक, पौराणिक आख्यानहरूका अनुवाद, पञ्चतन्त्र र हितोपदेशसँग सम्बन्धित अनुवाद, इसपका नीतिकथाका साथै विभिन्न आख्यानका अनुवाद रहेका छन् । प्राथमिक एवम् माध्यमिक कालीन आख्यानका अनुवादलाई लघुकथाको निर्धारक मान्न सकिँदैन । प्राथमिक माध्यमिक कालको 'सत्सङ्गको वर्णन भयाको कथाहा', 'राजा प्रपञ्चैको एउटा किस्सा' र 'मुन्सीका तीन आहान' मा लोकतत्वको उपस्थिति पाइन्छ । नेपाली लघुकथाको पृष्ठभूमिकालको उपलब्धि 'लौकिक न्याय मणिमाला' र 'कल्पना' लाई मान्न सकिन्छ ।

नेपाली लघुकथाको प्रथम चरण वि.स. २००७ देखि वि.स. २०२९ सम्म मानेर अध्ययन गरिएको छ । नेपाली लघुकथाको पहिलो चरणमा विविध प्रवृत्तिहरू पाइने भएकोले ती प्रवृत्तिहरू निरूपण गरिएको छ । यस अवधिका लघुकथामा राणाशासन र प्रजातन्त्र स्थापना भएपछिका समयमा भएको सङ्क्रमणकालीन अवस्था आएको पाइन्छ । वि.स. २०१७ मा प्रजातन्त्रको हरण भएपछिको नेपाली समाजका विभिन्न रूपहरू आएको पाइन्छ । यस समयका लघुकथा कृतिमा नेपाली समाजमा हुने गरेको अन्याय, अत्याचारका घटनाको चित्रण गर्नुका साथै विद्रोहको प्रस्तुति समेत आएको छ । यी लघुकथाहरूमा सामाजिक, आर्थिक एवम् सांस्कृतिक क्षेत्रका विसङ्गतिको चित्रण गरिएको पाइन्छ । पारिवारिक जीवनका समस्या, धार्मिक आडम्बर, अशिक्षा एवम् गरिबीका घटनाको वर्णन गरिएको पाइन्छ । यस कालमा मानवेत्तर पात्रको समेत प्रयोग गरिएको पाइन्छ । यसै कालबाट प्रतीकात्मक लेखनको पनि आरम्भ भएको पाइन्छ । यस अवधिका पछिल्ला लघुकथा रचनामा जीवनको विसङ्गत यर्थाथको प्रस्तुतिका साथै निराशा, कुन्ठा एवम् हताश मानिसको जीवन कथा प्रस्तुत गरिएको पाइन्छ ।

नेपाली लघुकथाको दोस्रो चरण वि.स. २०३० देखि वि.स. २०४५ सम्म मानेर अध्ययन गरिएको छ । यस समयावधिका लघुकथा रचनामा जीवनको अभाव, अशिक्षा एवम् गरिबीबाट उत्पन्न मानवीय विसङ्गत क्रियाकलापको बारेमा चर्चा गरिएको पाइन्छ । यी लघुकथामा मानिसको जीवनको निस्सारता, खोक्रोपना, निराशा, कुण्ठा एवम् सामाजिक भ्रष्ट

क्रियाकलापलाई देखाइएको छ । यस अवधिका लघुकथा कृतिमा आर्थिक, धार्मिक, राजनीतिक, एवम् प्रशासनिक क्षेत्रका विसङ्गतिप्रति व्यङ्ग्य पाइन्छ । यी लघुकथामा पञ्चायती व्यवस्थाको विरोध एवम् प्रजातन्त्रको चाहना पनि अभिव्यक्त भएको पाइन्छ । यस अवधिको पछिल्लो समयका लघुकथामा पशुपक्षी पात्रको प्रयोग गरेर लघुकथा लेखिएको पाइन्छ । यस समयका लघुकथामा प्रतीकात्मक र अन्योक्तिमूलक लेखनको प्रारम्भका साथै कलात्मक सीपप्रति सचेतता पनि आउँदै गरेको पाइन्छ । लघुकथा लेखनको नवीन शैलीको प्रारम्भ भएको यस अवधिमा विषयगत विविधता पाइन्छ ।

नेपाली लघुकथाको तेस्रो चरण वि.स. २०४६ देखि २०५२ सम्मको अवधिलाई मानेर अध्ययन गरिएको छ । यस चरणका लघुकथा कृतिमा प्रजातन्त्र कालपछिको समयको चित्रण गरिएको पाइन्छ । वि.स. २०४६ को राजनैतिक परिवर्तनपछि जनताका अपेक्षा पूरा हुन नसकेकोमा असन्तुष्टि व्यक्त गरिएको पाइन्छ । यस अवधिका कृतिमा समाजिक जीवनका विभिन्न विषयवस्तुप्रति व्यङ्ग्य गर्ने काम गरिएको पाइन्छ । पछिल्लो समयमा लघुकथा रचनामा प्रतीकात्मक लेखन बढ्दै गएको पाइन्छ । यस कालखण्डमा साहित्यिक पत्रिकाले लघुकथा विशेषाङ्क निकाल्ने काम समेत भएको पाइन्छ ।

नेपाली लघुकथाको चौथो चरण वि.स. २०५३ पछिको समयलाई मानेर अध्ययन गरिएको छ । यस चरणका लघुकथामा राजनैतिक मूल्यहीनता, भ्रष्टता एवम् अपराधीकरणप्रति चिन्ता व्यक्त गरिएको छ । मानिसमा रहेको स्वार्थी प्रवृत्तिका साथै चाकरी गर्ने कार्यप्रति व्यङ्ग्य गरिएको छ । नेपाली लघुकथामा आर्थिक क्षेत्रमा देखिएका गलत कार्यका साथै साहित्यिक क्षेत्रका विकृतिप्रति आक्रोश व्यक्त गर्ने काम गरिएको छ । मानिसको वैयक्तिक जीवनमा प्रेम, यौन एवम् ग्राहस्थ जीवनका घटना पनि आएका छन् । यस समयका लघुकथामा प्रविधिको विकाससँगै मानिसको चिन्तनमा आएको परिवर्तन एवम् नवीन मूल्यप्रतिको विश्वासलाई पनि समेटेको पाइन्छ । नेपाली लघुकथाकारहरूले डायस्पोरा एवम् नारीवादी चिन्तनलाई समेत स्थान दिन थालेका छन् ।

नेपाली लघुकथाको चौथो चरणमा नेपाली लघुकथाको लेखन, प्रकाशनले व्यापकता पाएको छ । नेपाली लघुकथाका कृति एवम् कृतिकारले सञ्चार माध्यममा महत्वपूर्ण ठाउँ पाउन थालेका छन् । लघुकथा लेखनबारे अन्तर्क्रिया, बहस प्रारम्भ भइसकेको छ । लघुकथा विधामा प्रतिबद्ध भएर लेख्ने लघुकथाकारको सङ्ख्या बढ्दो छ । लघुकथामा चित्रात्मकताका साथै नवीन बिम्ब एवम् प्रतीकको प्रयोग गर्ने चलन बढेको छ ।

वि.स. २००७ सालबाट नेपाली लघुकथा लेखनको सचेत प्रयास भएको पाइन्छ । त्यसपछिका दिनमा नेपाली लघुकथा क्रमशः विकसित भएको पाइन्छ । नेपाली लघुकथाको विकास तीसको दशकको मध्यदेखि व्यापक बन्दै आएको छ । यस अध्ययनमा वि.स. २०३६ पछिका नेपाली लघुकथालाई अध्ययनको विषय बनाइएको छ ।

# परिच्छेद चार

## नेपाली लघुकथामा प्रयुक्त व्यङ्ग्यले लक्षित गरेका क्षेत्रहरू

### ४.१ विषय परिचय

नेपाली लघुकथामा व्यङ्ग्यको सशक्त आयोजना गरिएको पाइन्छ । लघुकथा रचना व्यक्ति जीवनदेखि सामाजिक जीवनका विभिन्न विषयवस्तुमा गरिएका व्यङ्ग्यले गर्दा प्रभावकारी बन्न सकेको हो । लघुकथामा सामाजिक जीवनका विभिन्न विषयवस्तुलाई तिरस्कार, उपेक्षा वा भर्त्सनाका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली लघुकथामा व्यङ्ग्यले लक्षित गरेका क्षेत्रहरूमा राजनीतिक, सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक, भाषा तथा साहित्य, शिक्षा, स्वास्थ्य, प्रशासन, विज्ञान, आधुनिक सभ्यता/जीवनशैली, न्याय/कानुन, पत्रकारिता एवम् वैयक्तिक विषय रहेका छन् । यस परिच्छेदमा नेपाली लघुकथामा विभिन्न विषयप्रति गरिएको व्यङ्ग्यको अध्ययन गरिएको छ ।

### ४.२ नेपाली लघुकथामा राजनीतिक व्यङ्ग्य

नेपाली लघुकथामा राजनैतिक विषय सन्दर्भलाई प्रमुख स्थान दिइएको पाइन्छ । नेपाली लघुकथामा राजनीतिक नेतृत्व, राजनैतिक कार्यकर्ताद्वारा गरिने विभिन्न विसङ्गत क्रियाकलापहरूप्रति व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली लघुकथामा व्यङ्ग्यको लक्ष्य र उद्देश्य राजनीतिका नाममा हुने गरेका अन्याय, अत्याचार, भ्रष्टाचार, विकृति, विसङ्गति, व्यभिचार, सुविधाभोगी प्रवृत्तिका साथै नेतृत्वको दोहोरो चरित्रका कारण समाजमा खराब प्रवृति एवम् क्रियाकलापप्रति व्यङ्ग्य गर्नु हो । राजनीतिक व्यङ्ग्य रचनाको उद्देश्य राजनीतिमा आएका खराब पक्षलाई प्रहार गरेर ती खराब प्रवृत्तिका विरुद्ध जनमत सिर्जना गर्नुका साथै खराब पक्षलाई पनि सुध्रिन अवसर दिनु हो ।

नेपाली लघुकथामा राजनैतिक विषयक व्यङ्ग्यको प्रधानता पाइन्छ । यसै सन्दर्भमा नेपाली लघुकथा रचनामा पाइने राजनैतिक विषयक व्यङ्ग्यको विश्लेषण गर्नुपर्ने हुन्छ । यहाँ राजनैतिक व्यङ्ग्यलाई प्रमुखताका साथ प्रस्तुत गर्ने लघुकथाकारका लघुकथा रचनाको विश्लेषण गरिएको छ ।

नेपाली लघुकथामा राजनैतिक क्षेत्रमा भएका क्रियाकलापप्रति व्यङ्ग्य गर्ने प्रमुख लघुकथाकारमा विनय कसजू, गोरखबहादुर सिँह, आर.आर.चौलागाई, रवीन्द्र समीर, कपिल लामिछाने, कृष्ण शाह यात्री, कृष्ण बजगाई, हरिप्रसाद भण्डारी, रामविक्रम थापा, पुष्करराज भट्ट रहेका छन् । त्यसरी नै राजनैतिक सन्दर्भलाई प्रस्तुत गर्ने अन्य लघुकथाकारमा ध्रुव मधिकर्मी, नारायण तिवारी, भागीरथी श्रेष्ठ, सुमन सौरभ, वासु मार्मिक, किशोर पहाडी, भुपेन्द्र सुवेदी, टङ्कराम सुनुवार, सुशीला देउजा, हरिहर पौडेल, भरत भारद्वाज, साधना प्रतीक्षा, किशन थापा अधिर, देवेन्द्र अर्याल, दिलीप शाह, वी. थुलुङ, रसुवाली कवि, गोविन्द भट्टराई, सुमनराज ताम्राकार, विश्वराज अधिकारी, रामबहादुर बानियाँ क्षेत्री, पोष चापागाई, बद्रि पलिखे, रमेश भट्टराई, राजुराम मुनङ्कर्मी, रामचन्द्र नेपाल, माधव लामिछाने, मुक्तिनाथ घिमिरे, अगीब बनेपाली, श्रीबाबु कार्की उदास, श्रीओम श्रेष्ठ, नवराज रिजाल, सरस्वती रिजाल, एलवी क्षेत्री, कुसुम ज्ञवाली, अच्युत घिमिरे, प्रदीप प्रधान, हरिगोविन्द लुइँटेल, सिन्धु गौतम, डम्बर रसिक भारती, इन्द्रकुमार विकल्प रहेका छन् ।

कपिल लामिछानेका लघुकथामा राजनैतिक व्यङ्ग्य प्रमुखताका साथ प्रस्तुत गरिएको पाइन्छ । उनका **एजेन्ट, विकासको मुहान, कम्युनिष्ट, भेदनीति, झण्डावाहक, स्वार्थ र संगठन, सभा, सुर्ती र ताली, समाजवादी नेता, चुनाव, नेता, बन्दुकेहरू, सत्ता : हरियो चश्मा, त्रासदी, सुराकी, टिकट, मौनधारण, कसाइ, राष्ट्रियता, स्वामीभक्ति, चेकिङ, नकाम, स्थिति परिवर्तन, मानिस र मानिसहरू, हर्के र बन्दुक, छवि, सग्लो घर, नेताको चुनाव, राज्यसत्ता, गोलोगोलो वस्तु, कहीँ नभएको जात्रा, मानवअधिकारको रक्षा, थोत्रो ट्रक, ढुङ्गो, गिद्धगान, बाटो, निषेध, एक साँझ रगतको होली, चोकको न्वारान, पुरस्कार, शान्तिपूर्ण चुनाव, गृहेमन्त्री, ड्राइभर्नी माइली, लोकतान्त्रिक बस** लघुकथामा राजनीतिक विषयप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा राजनीतिमा आएको मूल्यको ह्रास, विदेशभक्तिका साथै विदेशमुखी क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । लामिछानेका लघुकथामा अयोग्य राजनीतिकर्मी एवम् भाटगिरी गर्ने कार्यकर्ताका कारण देश ओरालो लागेकोले त्यस्ता कार्यप्रति प्रहार गरिएको छ । उनका लघुकथामा सत्ता प्राप्त गर्न जुनसुकै उपाय पनि गर्ने राजनीतिकर्मीका गलत क्रियाकलापका कारण जनताले दुःख पाउनु परेकोले त्यस्ता गलत क्रियाकलापको भन्डाफोर गरिएको छ । राजनीतिमा हिंसामुखी क्रियाकलाप बढेको र हिंसाजन्य गतिविधिका कारण मानिसको बाँच्न पाउने अधिकार हनन भएकोमा चिन्ता व्यक्त गरिएको छ । राजनैतिक नेताहरूप्रति जन अविश्वासको प्रमुख कारण सिद्धान्त र व्यवहार

बिचको बेमेलका कारण भएकोले उनीहरूको त्यस्तो गलत कार्यप्रति व्यङ्ग्य गरिएको छ । उनको **झण्डावाहक** लघुकथामा जनतालाई नचाहिँदो आश्वासन दिने नेताको कुतर्क दिने बानीप्रति यसरी व्यङ्ग्य गरिएको छ, "जवाफमा मन्त्रीले कारतिर देखाउँदै भने, "चुनाव ताक तपाइँहरूले झन्डा बोक्नु भयो, अब म बोक्दैछु । तपाईंहरू र ममा के को फरक ? हामी सब समान त छौं नि ! तपाइँहरू पनि झन्डावाहक, म पनि झन्डावाहक !" ( लामिछाने, २०५४ : ८) ।

विनय कसजूका लघुकथामा राजनीतिक स्वार्थलिप्सा, अवैध साँठगाँठ र चाकरी चाप्लुसी गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा राजनीतिमा बढ्दै गएको सुविधाभोगी प्रवृत्ति, निरङ्कुश चरित्र एवम् ठगीपूर्ण क्रियाकलापप्रति विरोध जनाउनुको साथै त्यस्ता क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । राजनीतिकर्मीको शान्तिको नाम बेचेर अशान्ति मच्चाउने कार्य एवम् जनता मार्ने, राज्य आतङ्क मच्चाउने कार्य गर्ने गरेकोमा उनीहरूको सो कार्यप्रति घोर विरोध एवम् कठोर व्यङ्ग्य गरिएको पाइन्छ । कसजूका लघुकथामा विभिन्न पशुपक्षी पात्रका साथै पौराणिक मिथकका माध्यमबाट राजनैतिक व्यङ्ग्य गरेका छन् । कसजूका **रातो बत्ती, चार जना चरित्रवान, स्याल र कुकुर, साहुजीको पार्टी, तपाईं कहाँ हुनुहुन्छ ?, हलीको फोटो, गुलाबको फूल र काँडेझ्याङ, न्यूयोर्कमा नेपाल, शान्तिको चरा, लगानी, सहिदभूमि, सक्कली धामी, भाग्यमानी जनावरहरू** लघुकथामा राजनैतिक सन्दर्भ प्रमुखताका साथ उठाइएको छ । उनको **हलीको फोटो** लघुकथामा आफ्नो विगतको ख्याउटे अनुहार देखाएर जनतालाई मूर्ख बनाउन मन्त्रीलाई सल्लाह दिने मन्त्राणीको कार्यप्रति यसरी व्यङ्ग्य गरिएको छ, "यो फोटो हजुरको हो भनेर अब कसैले पनि अनुमान गर्न सक्दैन । यदि कसैले थाहा पाएर प्रचारै गरे पनि यसबाट हजूरलाई नै फाइदा हुन्छ । अर्को चुनावको प्रचार यही फोटोले गर्छ । मन्त्रीनीको सुझबुझ देखेर मन्त्रीको अनुहार उज्यालो भयो" (कसजू, २०५७ : १५२) ।

पुष्करराज भट्टका लघुकथामा राजनीतिक परिवर्तन भए पनि त्यसैअनुरूप जनताले राहत पाउन नसकेको र राजनीतिकर्मीले फाइदा उठाउने कार्य गरेकोमा त्यस्ता कार्यप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा राजनीतिमा आएको मूल्य विघटन, जनतामाथि गरिने भेदभावजन्य गतिविधि, लुछाचुँडीका घटना एवम् ठगीजन्य क्रियाकलापप्रति आक्रोश व्यक्त गर्नुका साथै त्यस्ता कार्यप्रति तीव्र प्रहार समेत गरिएको छ । भट्टका लघुकथामा राजनीतिमा मौलाएको अवसरवादी क्रियाकलाप एवम् भ्रष्टाचारजन्य गतिविधिप्रति आक्रोश

व्यक्त गरिएको छ । उनका **अपूरो सपना, परिवर्तन, विचलन, योग्यता, हतियार, न्याय, मूक्तिदूत, पुनरावृति, कुशल अभिनेता, कुर्ची, समय र छेपारो, शासनकला** लघुकथामा राजनैतिक विसङ्गतिप्रति व्यङ्ग्य गरिएको छ । उनको **अपूरो सपना** लघुकथामा जनताको जीवनस्तरमा कुनै सुधार नआएको र जनतालाई त्यस्तो स्थितिमा पुऱ्याउने राजनीतिकर्मीको व्यवहारप्रति यसरी व्यङ्ग्य गरिएको छ, "हिजो खुट्टामा लाउने चप्पल किन्न नसक्ने नेताहरू सत्तामा पुग्दा महल र पजेरोको मालिक भई असङ्ख्य सम्पति जोडी नवसामन्तका रूपमा परिणत भैसके । राजनीतिमा नयाँ वर्गको लुटतन्त्र हावी भयो तर जनताको् जीवनस्तरमा कुनै फेरबदल आएको छैन, बरू झन् कष्टकर भैरहेको छ" (भट्ट, २०५९ : ३) ।

गोरखबहादुर सिंहका लघुकथामा नेपालको राजनैतिक क्षेत्रका विकृति, विसङ्गतिप्रति तीव्र व्यङ्ग्य गरिएको पाइन्छ । उनका राजनीतिक विषय सन्दर्भ प्रमुखताका साथ प्रस्तुत गरिएका लघुकथामा **प्रजातन्त्र, विक्रम टेम्पोको धुँवा, चिरा परेको खेत, बेवारिसे घोषणापत्र, मयूरपङ्खी कलम, बाजी, अमृत मन्त्रीको भान्जा पर्दैनन्, आलुप्याज प्याजआलु, अछुत परिकार, अम्बाको रूख मूर्दावाद, फरक पर्ला र, भऱ्याङ, भाग्यरेखा, भोटेताल्चा, मौसम/बेमौसम, सरल रेखा, साइकल, नियती** पर्दछन् । उनका लघुकथामा राजनैतिक नेताहरूका गैरजिम्मेवार एवम् भ्रष्टाचारजन्य गतिविधिप्रति व्यङ्ग्य गरिएको पाइन्छ । प्रजातन्त्रको नाममा लुछाचुँडी गर्ने, राष्ट्रियतामाथि प्रहार गर्ने कार्यप्रति विरोध गरिएको छ । उनका लघुकथामा सुविधा जति आफू र आफ्ना आफन्तमा सुरक्षित गर्ने र नातावाद कृपावादजन्य क्रियाकलाप बढाउने कार्यप्रति तीव्र व्यङ्ग्य गरिएको छ । उनको **बाजी** लघुकथामा पदका लागि देशको बाजी लगाउने राजनीतिकर्मीको कार्यप्रति यसरी व्यङ्ग्य गरिएको छ, "बाजी र छोटो परिचय भर्नुपर्ने ससाना फाराम वितरण गरिए, भरिए, सङ्कलन र विश्लेषण गरिए । तर त्यसरी पनि राष्ट्राध्यक्षको छनोटको टुङ्गो लाग्न सकेन । धेरैजसो कार्डको बाजीको महलमा लेखिएको थियो-'आफ्नै देश'" (सिंह, २०६५ : ६१) ।

आर.आर. चौलागाईका लघुकथामा राजनीतिकर्मीका पदलोभी व्यवहारका साथै आश्वासनमुखी क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनका लघुकथामा आफ्ना लागि सुविधा बढाउने र जनतालाई विभाजित बनाएर फाइदा लुटने प्रवृत्तिप्रति छेड हानिएको छ । चौलागाइका लघुकथामा राजनीतिमा दोहरो चरित्र अँगाल्ने र सहिदको नाममा आउने सुविधा आफू र आफ्ना सन्तानलाई उपलब्ध गराउने राजनीतिकर्मीका गलत कार्यप्रति समेत व्यङ्ग्य गरिएको छ । उनका **बजेट भाषण, परिवर्तन, नेपाल बन्द, आगो, आदत,**

**आश्वासन, एक्लो मान्छे, कारवाही, खन्चुवा काजी, जुलुस, दुईवटा जिब्रो** लघुकथामा राजनैतिक विषयक व्यङ्ग्य गरिएको पाइन्छ । चौलागाईको **कबुल** लघुकथामा गरिबी हटाउने वाचा गरेको नेताले चुनाव जितेपछि गरिबलाई हटाएको घटनाप्रति लघुकथामा यसरी व्यङ्ग्य गरिएको छ, "केही समयपछि धुलो उडाउँदै ठाउँठाउँमा डोजरहरूको ताँती लाग्छ । असङ्ख्य छाप्रा र झुप्राहरू भत्किन्छन् । नेताहरूले चुनावमा कबुल गरेअनुसार ठाउँठाउँबाट गरिबहरू हटाइन्छन् र ती ठाउँमा ठूलाठूला महल र पाँचतारे होटलहरू ठडिन्छन्" (चौलागाई, २०६५ : ५२) ।

रवीन्द्र समीरका लघुकथामा राजनीतिमा सहिदको नाम बेच्ने नेताहरूको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनका लघुकथामा आश्वासनमुखी व्यवहार, धाँधलीजन्य क्रियाकलाप एवम् दोहरो चरित्र बोक्ने कार्यप्रति व्यङ्ग्य गरिएको छ । समीरका लघुकथामा चाकरी चाप्लुसी गर्ने र राजनीतिलाई कमाउने भाँडो बनाउने प्रवृत्तिप्रति समेत प्रहार गरिएको छ । जथाभावी बन्द गराउने नेताको क्रियाकलाप एवम् पैसाका लागि सहिद घोषणा गर्ने क्रियाकलाप्रति आक्रोश व्यक्त गर्नुका साथै तीव्र व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा राजनीतिलाई आर्थिक स्वार्थका लागि हतियार बनाउने व्यापारी मानिसका गलत क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । समीरका **आठ, शहिदकी आमा, सङ्घीयता, मजदुर दिवस, नेताजीको उपचार, राशीफल, चुनावको तयारी, उपचार, राजनीति, बलिको बोको, नियती, छोरीलाई अंश, गौरव, मानसिकता, विस्मृति, भाव, सहिद, बन्द** लघुकथामा राजनैतिक विषय सन्दर्भ आएको पाइन्छ । उनको **भाव** लघुकथामा साँच्चिकै बाघभन्दा मनको बाघबाट डराउने राजनैतिक नेताप्रति यसरी व्यङ्ग्य गरिएको छ, "अन्त्यमा सभापतिको पालो आयो । सभापतिको मन्तव्यले नेताहरूको मुटु चस्कियो । अनुहार रातोपिरो भयो । सभापतिले आफ्नो मन्तव्य टुङ्ग्याउँदै भनेका थिए, 'हाम्रा सम्माननीय नेताहरू अत्यन्तै इमानदार, आदर्श, नैतिक, त्यागी एवं देश र जनताप्रति वफादार हुनुहुन्छ ।'" (समीर, २०६९ : ७६) ।

कृष्ण शाह यात्रीका लघुकथामा नेपाली राजनीतिमा बढ्दै गएको स्वार्थी एवम् अवसरवादी राजनीतिकर्मीका क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । बन्दका नाममा हुने तोडफोड, हिंसाजन्य गतिविधि प्रति विरोध गरिएको छ । अपराधीकरण, अशान्त परिवेशले जन्माएको त्रासद घटना, जनतालाई दुःख दिने नेताको क्रियाकलाप, भ्रष्टाचारजन्य गतिविधि उनका लघुकथामा मूल विषय सन्दर्भ भएर आएको छ । उनले समाज र राष्ट्रलाई पीडा

दिएर आफू भने सुखसुविधामा रम्ने राजनीतिकर्मीका क्रियाकलापप्रति तीव्र व्यङ्ग्य गरेका छन् । उनका राजनीतिक विषयले प्रमुखता पाएका लघुकथामा **नियती, नेताको रूप, विडम्बना, विजयी क्रम, सहिद पुत्र, अनुपात, लेखा, सर्वज्ञ र नरमांस, सेता परेवाहरू, अतृप्त भोक र मान्छेहरू, पहिचानको खोजी, सहिद/सहिदहरू, विकल्प, प्राप्ति, बलात्कार, दृश्य/दृश्यहरू, जेल वर्षहरू फूट, बन्द, स्वभाव, दृष्टिकोण, जङ्गे पिलर** आदि पर्दछन् । उनको **फूट** लघुकथामा पार्टी फुटाउने राजनीतिकर्मीको  गलत क्रियाकलाप बारे यसरी व्यङ्ग्य गरिएको छ, "चरम फूटले गर्दा उसको पार्टीमा ऊ एक्लो सदस्य मात्र बाँकी रह्यो । त्यसपछि उसले नयाँ पार्टी खोल्यो-राष्ट्रिय एकता पार्टी" (यात्री, २०६९ : ३४) ।

कृष्ण बजगाईका लघुकथामा राजनीतिका नाममा हुने गरेका हिंसा आतंकजन्य क्रियाकलापप्रति विरोधका साथै त्यस्ता हिंसा आतङ्कजन्य गतिविधिप्रति व्यङ्ग्य गरिएको छ । बजगाईले राजनीतिक नेताका अवसरवादी क्रियाकलाप, शक्तिप्रेम, भष्ट्राचार आदिलाई लघुकथा मार्फत जोरदार झापट हानेका छन् । देशमा बढदै गएको विभाजनमुखी क्रियाकलापप्रति तीव्र आक्रोश व्यक्त गरिएको छ । बजगाईका लघुकथामा मानिसको मस्तिष्कबाट नभै बन्दुकबाट राज्य चलेकोमा त्यस्ता हिंसामुखी राजनीति भित्र्याउने राजनीतिक नेताप्रति व्यङ्ग्य गरिएको  छ । उनका राजनैतिक विषय सन्दर्भ प्रमुखताका साथ उठाइएका लघुकथामा **रोडम्याप, दर्शन, झगडाको गुँड, भित्र/बाहिर, भोक हडताल, घोषणापत्र, मुर्दाशान्ति, लोकतन्त्र, सांङ्केतिक भाषा, सल्लाह, विपत्ति, दु:ख, मन्त्रीको जुत्ता, राहत, खुशी, परिवर्तन, राजनैतिक प्रयोगशाला, आकर्षण, नरिवल, मधेश र पहाड, सञ्चालन** लगायत पर्दछन् । उनको **दर्शन** लघुकथामा मानिसहरूको शक्तिप्रेमप्रति यसरी व्यङ्ग्य गरिएको छ, "नबोल्ने भगवानको आर्शीवाद भन्दा टयाउँ-टयाउँ बोल्ने मन्त्रीको आश्वासन चित्त बुझ्दो लाग्यो उनीहरूलाई । हेर्दा-हेर्दै मन्त्रीजीको दर्शनका लागि लामो लाइनमा ठूलो भीड जम्मा भैसकेको थियो । मन्दिरको ढोकामा चाँहि ठूलो ताल्चा झुन्डिएको थियो" ( बजगाई, २०६६ : ३०) ।

रामचन्द्र नेपालका लघुकथामा विगत शसस्त्र द्वन्द्वकालमा आम नेपाली जनताले भोग्नु परेका पीडा आएका छन् । उनका लघुकथामा द्वन्द्वका क्रममा ज्यान गुमाउन पुगेका नागरिकका परिवारजनको बिचल्ली एवम् उनीहरूको दु:खकष्टलाई विषय बनाइएको छ । जनतामाथि आतंक सिर्जना गर्नेहरू प्रति व्यङ्ग्य गरिएको छ । जनतामा रहेको दास प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । देशमा झगडा भइरहने एवम् नेताहरूले देशको सम्पति

हजम गरिरहने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । उनका राजनैतिक व्यङ्ग्य गरिएका लघुकथामा **हजुरबा, नाति र कथा, प्रवृत्ति, बुढीआमा र बत्ती, प्रवाह र बाँध, शान्ति समितिको अर्न्तक्रिया, रातहरू, कहाली, कस्तो गाई, उनीहरू कति वर आए ? सांस्कृतिक रूपान्तरण, घनश्याम र हामी** पर्दछन् । उनको **जय होस्** लघुकथामा सबै ठाउँमा पद ओगटन खोज्ने स्थानिय नेताको क्रियाकलापप्रति यसरी व्यङ्ग्य गरिएको छ, "अर्को दिन क्याम्पसको वार्षिकोत्सव संचालनको हैसियतले उनले दिएको धुवाँदार भाषण सुनेपछि लाग्यो, त्यहाँ पनि उनको रचनात्मक भूमिका रहेछ । अनि शान्ति समिति, नागरिक समाज, आदिका मञ्चहरू र उति नै तीव्र भाषणहरू सुनेको छु, यस्तै भूमिकाहरू अरू र उनको रचनात्मक भूमिका आदि (नेपाल, २०६९ : ६७) ।

हरिप्रसाद भण्डारीका लघुकथामा राजनीतिमा हुने धाँधलीजन्य क्रियाकलापका साथै विदेशी हस्तक्षेपका घटनाप्रति व्यङ्ग्य गरिएको छ । जनता ठग्ने राजनीतिकर्मीका क्रियाकलापप्रति उनले आक्रोश व्यक्त गरेका छन् । द्वन्द्वकालमा जनतामा उत्पन्न भएको त्रासजन्य अनुभूतिलाई सजीव ढङ्गले प्रस्तुत गर्नुका साथै हिंसाजन्य गतिविधि गर्नेहरू प्रति व्यङ्ग्य गरिएको छ । गोष्ठीका नाममा हुने अत्यधिक खर्च र कार्यक्रममा ढिला पुग्ने राजनैतिक नेताका क्रियाकलापप्रति समेत तीव्र व्यङ्ग्य गरिएको छ । उनको **स्वतन्त्र निर्वाचन, रहस्य, कामरेड पञ्चराम, वार्ता, हलो ! आवाज आएन, सत्ताको एजेण्ट, आदेशको पालन, सम्मानको अर्थ, कुर्ची, निर्वाचन, अनौठो प्रजातन्त्र, महत्वपूर्ण कार्यक्रम, ब्ल्याक आउट, छोरीको जिज्ञासा, आन्दोलन, प्रवेश** लघुकथामा राजनैतिक विषयले प्रवेश पाएका छन् । उनको **कामरेड पञ्चराम** लघुकथामा ठग राजनीतिक नेताको क्रियाकलापप्रति यसरी व्यङ्ग्य गरिएको छ, "उसको नयाँ पाठशालाको पढाइ सुरु भयो । उनले पहिलो दिनको पहिलो पाठ यसरी बुझे-सामन्तवाद, साम्राज्यवादको संरक्षण गर्दै र सिधासादा जनतालाई मूर्ख बनाउँदै छिटोछिटो माथि जानु, जतिसक्दो धन कमाउनु र सहरमा ठूला ठूला घर बनाउनु नै मार्क्सवाद हो" (भण्डारी, २०६३ : ४१) ।

रामविक्रम थापाका लघुकथामा राजनीतिक अवसरवादिता, भ्रष्टाचारजन्य क्रियाकलाप, पदको दुरूपयोग गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । पदमा छँदा साथीभाइ नचिन्ने नेताका क्रियाकलाप देखि लिएर नातावाद कृपावाद गर्ने, पदको लुँछाचुँडी गर्ने र धनलोभ देखाउने कार्यप्रति समेत व्यङ्ग्य गरिएको पाइन्छ । उनका **प्रजातान्त्रिक अभिवादन, कुर्ची, संकल्प, मौसमी रङ्ग, अभिशप्त उज्यालो, राजीनामा, गाइजात्रा : मोहभंग, बाघ**

**आतंक, पाँच वर्षको अन्तर, रहस्योघाटन, नेतृत्व विकास** लघुकथामा राजनैतिक विषयलाई प्रमुखताका साथ उठाइएको छ । उनको **प्रजातान्त्रिक अभिवादन** लघुकथामा राजनीतिमा मौलाएको अवसरवादी क्रियाकलापप्रति यसरी व्यङ्ग्य गरिएको छ, "अस्ति म त्यहाँ पुग्दा ऊ 'नमस्कार' भन्थ्यो र हात मिलाउँथ्यो । हिजो अचानक ऊभित्रको मित्र हात मुट्ठी कसेर बोल्यो- 'लालसलाम', गुलियो चिया मगायो र खुवायो पनि । बसूँसम्म पनि नभनी आज अनायस 'जय नेपाल' बोल्ने उही मित्रले भोलि पुनः 'लाल सलाम' को अभिवादन पस्किन के बेर !" (थापा, २०५५ : ३) ।

रामबहादुर बानियाँ क्षेत्रीका लघुकथामा राजनैतिक विषय सन्दर्भ सघन रूपमा उठाइएको पाइन्छ । उनका शान्ति, प्रजातन्त्र, अनशन, यो जीत कस्को ?, आफन्त, निजीकरण, राष्ट्रियताको औषधी लघुकथामा राजनैतिक विकृति एवम् विसङ्गतिप्रति व्यङ्ग्य गरिएको पाइन्छ । **प्रजातन्त्र** लघुकथामा प्रजातन्त्रका नाममा गाउँघरका ठालुवर्गले आम जनतामाथि हैकम जमाउने गरेको यथार्थ प्रस्तुत गरिएको छ । ठालुवर्गको गलत कार्यप्रति व्यङ्ग्य गरिएको छ । **अनशन** लघुकथामा प्रजातन्त्रको नाममा जथाभावी मजदुर हडताल गर्ने र कारखाना नै बन्द हुने अवस्था सिर्जना गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । **निजीकरण** मा निजीकरणका नाममा जनता लुटनेहरू प्रति व्यङ्ग्य गरिएको छ । **राष्ट्रियताको औषधी** लघुकथामा जातीयताका नाममा राजनीति गर्ने प्रचलनले समाजमा विखण्डन ल्याएको प्रति व्यङ्ग्य गरिएको छ । लघुकथामा जातियताका नाममा राजनीति गर्ने प्रवृत्तिका कारण समाजमा आएको विखण्डनप्रति यसरी व्यङ्ग्य गरिएको छ :

> पार्टीले भोट राजनीतिको लागि अन्तरजातीय जनसंख्या भित्र आफ्नो पकड बलियो हुनुपर्छ भन्ने सोची अन्तरजातीय जनसंख्या भित्र संघ/संगठन/परिषद/मञ्च आदि गठन गर्दै गए । फेरी अन्तरजातीय जनसंख्या भित्र पनि एउटा दम्भ प्रबल हुँदै गयो । फलस्वरूप क्षेत्रीनी विवाह गर्ने ब्राह्मण परिवार, ब्राह्मणी विवाह गर्ने क्षेत्री परिवार, गुरूङ्गसेनी विवाह गर्ने ब्राह्मण परिवार, लिम्बुनी विवाह गर्ने शेर्पा परिवार, दलित विवाह गर्ने थारू परिवार, थरूनी विवाह गर्ने दलित परिवार जस्ता थुप्रै संगठनहरू गठन भएर प्रत्येक संगठनले आफू-आफू श्रेष्ठ भएको प्रतिस्पर्धा गर्न थाले (क्षेत्री, २०६७ : २०) ।

प्रयास सौरभ श्रेष्ठका लघुकथामा राजनीतिमा असल मानिसलाई विस्थापित गरेर ठगहरू स्थापित हुने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा राजनीतिमा

देखापरेको नैतिकताको अभाव, हिंसामुखी प्रवृत्ति, सत्ताको चाकरी गर्ने र बन्दमुखी क्रियाकलापलाई बढावा दिने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । श्रेष्ठका लघुकथामा साधनसम्पन्नले सर्वसाधारण जनतालाई दुःख दिने, सताउने, श्रम शोषण गर्ने कार्य गर्ने गरेकोमा त्यस्ता कार्यप्रति व्यङ्ग्य गरेका छन् । राजनीतिमा देखापरेको अवसरवाद एवम् सिद्धान्तहीनताप्रति समेत चिन्ता व्यक्त गर्नुका साथै त्यस्ता कार्यप्रति व्यङ्ग्य गरिएको छ । उनका राजनैतिक विषयक सशक्त व्यङग्य गरिएका लघुकथामा **राजनीति, कर्तव्य कि बाध्यता, घटना क्रम, विजयोत्सव, क्रम, कालापानी, हत्याराको खोजी, अज्ञात त्रास, व्यवहार, बहुमत, अंकुश, शिर्ष समाचार, लङ्गुर बुर्जा**, **आस्थाको हत्या, सिद्धान्त र व्यवहार** पर्दछन् । उनको **आस्थाको हत्या** लघुकथामा पद र पैसाको पछि लागेर आफ्नो आस्था नै भूल्ने राजनीतिकर्मीको क्रियाकलापप्रति यसरी व्यङ्ग्य गरिएको छ, “त्यसपश्चात उनीहरू बिफ्रकेसको नौलो आस्थासँग लैबरीलै गर्न थाले । यता आस्था भने झुत्रे झोलाको आँखी झ्यालबाट रूँदै चियाउँदै थिइन्. अलपत्र” ( श्रेष्ठ, २०५८ : ५४) ।

माधव लामिछानेको **सिफारिश** लघुकथामा राजनीतिक नेताले कुरै नबुझेर सिफारिस गर्ने क्रियाकलापप्रति यसरी व्यङ्ग्य गरिएको छ :

> मन्त्रीको घरदेखि कार्यालय जतातत‌ै भीडभाड बढ्यो । सबैका आ-आफ्नै निवेदन थिए सिफारिश गराउन । प्रतिक्षा केवल मन्त्रीज्यूको थियो । काम पनि बिस्तारै भइरहेको थियो । सिफारिश गरेका मध्ये एउटा निवेदन रेडियो कार्यालयमा पुग्यो । ‘गायक बनाइदिनु’ भन्ने आदेशको सिफारिश रहेछ त्यो ( लामिछाने, २०६१ : २०) ।

पद्मप्रसाद शर्माका लघुकथामा राजनीतिक खिंचातानीप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा सशस्त्र द्वन्दकालमा भएको हिंसाजन्य क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । त्यसरी नै नेतावर्गमा रहेको आत्मप्रशंसा गर्ने र अरूलाई गाली गर्ने प्रवृत्तिप्रति समेत व्यङ्ग्य गरिएको छ । उनको चन्दाको करामत लघुकथामा चन्दा दिएर समाजविरोधी मानिसले लाभ उठाउने गरेकोमा त्यस्ता कार्यप्रति यसरी व्यङ्ग्य गरिएको छ :

> देशमा जतिसकै परिवर्तन आएपनि उनलाई कुनै मतलब छैन । उनको आफ्नै ताल सुर छ । दल भने खुब तलासी गर्छन् । जुन समयमा जुन दलको बोलबाला देख्छन् त्यही दललाई ठूलो चन्दा थपाउँछन् । भूतनाथ बाजेको फट्यांई कहिल्यै उजागर

हुँदैन र कारवाही पनि हुँदैन । कुनै आफन्तसँग गफ चल्दा ढुक्कसँग भन्छन् । राजनीति रोज्न जान्नुपर्छ क्या, सब काम चन्दाबाटै हुन्छ (शर्मा, २०६२ : २) ।

महेश प्रसाईका लघुकथामा अवसरवादी राजनीतिक नेताका क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनका लघुकथामा राजनीतिक विवाद, लुछाचुँडी, स्वार्थजन्य क्रियाकलाप, जनतालाई दुःख दिने कार्यप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा राजनीतिक नेताले गर्ने भ्रष्टाचारजन्य क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनको **प्रजातन्त्र** लघुकथामा नैतिकताको प्रवचन गर्ने क्याम्पस प्रमुखले अनैतिक कार्य गर्ने मन्त्रीको छोरालाई दण्डित गर्न नसकेको स्थितिप्रति यसरी व्यङ्ग्य गरिएको छ :

मन्त्रीपुत्रमाथि कारवाही गर्ने कुरा टालटुल गरियो । अर्कातिर छात्राहरूको रोष तीव्र रूपमा बढिरहेको थियो । मन्त्रीपुत्रलाई दण्डित नगरे उनीहरू कक्षा बहिष्कार गर्ने अडानमा थिए । क्याम्पस प्रमुखले स्टाफ मिटिङ बोलाए । मिटिङमा सहभागीहरूले मन्त्रीपुत्रका विरूद्ध हस्ताक्षर गर्न अस्वीकार गरे । त्यहाँ सन्नाटा छायो । त्यस दिनदेखि अपमानित छात्रले क्याम्पसबाट आफ्नो नाम कटाइन् (प्रसाई, २०६८ : २७) ।

बुद्धिनाथ ज्ञवालीका लघुकथामा विगत द्वन्द्वकालमा सर्वसाधारण जनताले पाउनु परेको दुःखलाई प्रस्तुत गरेका छन् । समाजमा हिंसा फैलाउने कार्य गर्ने कार्यप्रति व्यङ्ग्य गरेका छन् । उनका लघुकथामा जनलाई भ्रममा पारेर भोट माग्ने नेता शैलीप्रति छेड हानिएको छ ।

विजय सागरका लघुकथामा छेपारो प्रवृत्ति भएका राजनैतिक व्यक्तिका क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा सत्ताको निरङ्कुश चरित्रको पर्दाफास गरिएको छ । ज्ञवालीका लघुकथामा सत्ता पाएपछि पहिले आफूले पाएको दुःख भुल्ने मानिसको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

पूर्णप्रसाद ब्राह्मणका लघुकथामा मानिसमा रहेको मानिसको अति राजनीतिमुखी क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा देशको अस्थिर राजनीतिले निम्त्याएका अराजकतापूर्ण क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

ध्रुव मधिकर्मीका लघुकथामा राजनैतिक नेताहरूका आश्वासनमुखी क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनका लघुकथामा राज्यपक्षबाट जनतामाथि गरिने दमनप्रति समेत व्यङ्ग्य गरिएको पाइन्छ ।

नारायण तिवारीका लघुकथामा प्रजातन्त्रको नाममा गरिने चुनावी धाँधली एवम् जोरजर्बजस्तीका कार्यप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनका लघुकथामा राजनीतिमा फैलिँदै गएको विकृतिजन्य क्रियाकलाप एवम् शासक वर्गले सामान्य जनतालाई शोषण गर्ने गरेकोमा त्यस्ता कार्यप्रति तीव्र प्रहार गरिएको पाइन्छ ।

भागीरथी श्रेष्ठका लघुकथामा राज्यको निङ्कुश राजनैतिक क्रियाकलापप्रति व्यङ्ग्य पाइन्छ । राजनीतिमा मौलाएको स्वार्थी एवम् विभाजनकारी प्रवृत्तिप्रति उनले छेड हानेकी छन् । सुमन सौरभका लघुकथामा जनतालाई भेडा ठान्ने राजनीतिकर्मीको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा सहिदको अपमान गर्ने र विदेशी गुहार्ने राजनीतिकर्मीका कार्यप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

वासु मार्मिकका लघुकथामा जनआन्दोलनका घाइतेको वास्ता नगर्ने राज्य एवम् समाजका कार्यप्रति व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली समाजमा रहेका राजनीतिक नेतामा नैतिकता, इमान्दारिता एवम् अनुशासन नभएकोमा त्यस्ता नेताका क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा राजनीतिक व्यवस्था परिवर्तन भए पनि समाजमा कुनै परिवर्तन नआएकोमा नेतृत्व वर्गप्रति व्यङ्ग्य गरिएको छ ।

किशोर पहाडीका लघुकथामा राजनीतिकर्मीका सम्वेदनहीन क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । विद्यार्थी आन्दोलनका नाममा हुने गरेका भाँडभैलोको साथै बन्द हडतालप्रति समेत व्यङ्ग्य गरिएको छ । उनले जनतामा रहेको प्रतिक्रिया नजाउने प्रवृत्तिप्रति छेड हानेको छन् ।

भुपेन्द्र सुवेदीका लघुकथामा राजनीतिक हिंसाजन्य क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । राजनीतिमा मौलाएको भ्रष्ट प्रवृत्ति र सामान्य जनताको अपमान गर्ने प्रवृत्तिप्रति तीव्र प्रहार गरिएको छ ।

वी. थुलुङका लघुकथामा जनता ठग्ने राजनीतिकर्मीप्रति व्यङ्ग्य गरिएको छ। उनका लघुकथामा राजनीतिकर्मीका अवसरवादी क्रियाकलाप एवम् आर्थिक लोभ गर्ने कार्यप्रति समेत प्रहार गरिएको छ।

रसुवाली कविका लघुकथामा राजनीतिमा मौलाएको आपराधिक क्रियाकलाप एवम् अवसरवादी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ। उनका लघुकथामा सहिदको नाममा चर्को भाषण गरेपनि बेवास्ता गर्ने नेताप्रति व्यङ्ग्य गरिएको छ।

गोविन्द भट्टराईका लघुकथामा जनताको नाममा भ्रष्टाचार गर्ने नेताको कार्यप्रति व्यङ्ग्य गरिएको छ। उनका लघुकथामा रक्सीमा बिक्ने जनता र जनता ठग्ने नेताप्रति तीव्र प्रहार गरिएको छ।

सुमनराज ताम्राकारका लघुकथामा राजनीतिमा मौलाएको अवसरवाद, धोकाधडी एवम् ढोँगी क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ।

विश्वराज अधिकारीका लघुकथामा राजनीतिक सङकीर्णताप्रति व्यङ्ग्य प्रहार गरिएको छ। उनका लघुकथामा जनतालाई दुःख दिने र समाजमा हिंसाजन्य गतिविधिमा संलग्न हुने राजनीतिकर्मीप्रति व्यङ्ग्य गरिएको पाइन्छ।

पोष चापागाईका लघुकथामा समाजमा हत्या हिंसा फैलाउने राजनीतिक नेता प्रवृत्ति एवम् स्वार्थी-अवसरवादी क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ।

बद्री पलिखेका लघुकथामा प्रजातन्त्रको नाममा मौलाएको मनपरीतन्त्र एवम् जनतालाई आतंकित पारेर सत्ता लम्बाउने राज्यपक्षका क्रियाकलापप्रति व्यङ्ग्य पाइन्छ।

टङ्कराम सुनुवारका लघुकथामा राजनीतिक क्षेत्रमा हुने गरेको झगडाप्रति व्यङ्ग्य गरिएको छ। उनका लघुकथामा सङ्क्रमणकाल लम्बाउने र जनतालाई हेप्ने नेता प्रति आक्रोश व्यक्त गरिएको छ। उनका लघुकथामा गोष्ठीमा मात्र रम्ने र देशमा भ्रष्ट क्रियाकलाप निम्ताउने नेतृत्व प्रति समेत व्यङ्ग्य गरिएको छ।

श्रीओम श्रेष्ठ 'रोदन' का लघुकथामा भ्रष्टाचारजन्य क्रियाकलापका साथै राजनीतिमा मौलाएको अवसरवादी कामकारवाहीप्रति पनि व्यङ्ग्य गरिएको छ। उनका लघुकथामा राजनीतिका नाममा विभाजित हुने जनता प्रवृत्तिप्रति समेत व्यङ्ग्य गरिएको छ। उनका लघुकथामा साहित्यलाई हेला गर्ने नेताको कार्यप्रति समेत हानिएको छ। उनले सत्तामा

बस्नेले मनपरी गर्ने र जनता सताउने क्रियाकलाप गरेकोमा त्यस्ता कार्यप्रति तीव्र प्रहार गरेका छन् ।

नवराज रिजालका लघुकथामा राजनीतिमा मौलाएको आफूले जस खोज्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा नेतावर्गले सत्ताका लागि लुछाचुँडी एवम् मित्र घात गर्ने गरेकोमा त्यस्ता कार्यप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा जनतालाई युद्धको मारमा पारेर आफू सुखसुविधामा भुल्ने राजनीतिकर्मीप्रति समेत तीव्र व्यङ्ग्य गरिएको पाइन्छ ।

सरस्वती रिजालका लघुकथामा राजनीतिमा मौलाएको विभाजनकारी एवम् खट्टा तान्ने प्रवृत्तिप्रति तीव्र व्यङ्ग्य गरिएको छ । उनले राजनीतिका नाममा विभाजित हुने जनताका कार्यप्रति समेत छेड हानेकी छन् । उनका लघुकथामा अनैतिक र देखावटीपन भएका राजनीतिकर्मीका क्रियाकलापप्रति उनले प्रहार गरिएको छ ।

रमेश भट्टराईका लघुकथामा सङ्घीयताका नाममा देशमा बढेको जातीय, क्षेत्रीय चिन्तनप्रति व्यङ्ग्य गरिएको छ । राजनीतिक नेताले मनोमानी गर्ने र जनतामाथि दमन गर्ने क्रियाकलापप्रति समेत व्यङ्ग्य गरिएको छ ।

सुशीला देउजाका लघुकथामा राजनीतिका नाममा जनतालाई भेडाबाख्रा ठान्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा  बेइमान एवम् भ्रष्ट राजनीतिकर्मीका क्रियाकलापप्रति आक्रोश व्यक्त गरिएको छ । देश बनाउनु पर्ने राजनेताहरू आफै झगडा गरेर बसेकोमा नेताहरूका त्यस्ता क्रियाकलापप्रति समेत व्यङ्ग्य गरेकी छन् ।

राजुराज मुनङ्कर्मीका लघुकथामा राजनैतिक नेताको जनतालाई आश्वासन बाँडने राजनीतिक नेताको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा राजनीतिमा विकृति, विसङ्गति भित्र्याउने नेताहरूको प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । राजुरामका लघुकथामा नेताहरूले आफ्ना छोराछोरीलाई सहिदको कोटामा विदेश पठाउने गरेकोमा सो कार्यप्रति छेड हानिएको छ ।

हरिहर पौडेलका लघुकथामा नेपाली राजनीतिमा मौलाएको अवसरवादप्रति व्यङ्ग्य गरिएको छ । जातीय भेदभाव गर्ने नेता र जनतालाई बेवास्ता गर्ने राजनीतिकर्मीका क्रियाकलापप्रति समेत व्यङ्ग्य प्रहार गरिएको छ ।

माधव लामिछानेका लघुकथामा आफ्नै स्वार्थमा अल्मलिएर प्रजातन्त्र गुम्दा पनि थाहा नपाउने नेताहरू प्रति व्यङ्ग्य गरिएको छ । उनले  निर्वाचनमा हुने धाँधलीपूर्ण क्रियाकलाप, बन्दका नाममा हुने मनपरीतन्त्र एवम् लाशको राजनीतिकरण गर्ने राजनीतिक नेता/कार्यकर्ताहरूको कार्यप्रति समेत व्यङ्ग्य गरेका छन् ।

भरत भारद्वाजका लघुकथामा दोहोरो चरित्र बोक्ने नेताको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा जनतालाई एकआपसमा भिडाउने आफू भने भित्रभित्रै मिल्ने नेताहरूको कार्यप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

मुक्तिनाथ घिमिरेका लघुकथामा बन्दुकका बलले जनता आफ्नो पक्षमा भएको ठान्ने नेता प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा सत्ता र शक्ति मोहका कारण देश र जनतालाई जतिसुकै धोका दिन पनि तयार हुने राजनीतिकर्मीका क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

साधना प्रतीक्षाका लघुकथामा राजनीतिमा मौलाएको भ्रष्टाचारजन्य गतिविधिप्रति आक्रोश पोख्नुका साथै  त्यस्ता गतिविधिप्रति समेत व्यङ्ग्य गरिएको छ ।

अगीब बनेपालीका लघुकथामा चुनावका नाममा हुने गलत राजनीतिक क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।  उनका लघुकथामा राजनीतिमा हुने गरेको लुछाचुँडी र बन्दका नाममा हुने डराउने, धम्काउने कार्य प्रति समेत व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा द्वन्दकालमा जिम्मेवारी लिन नचाहने हाकिम प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । बनेपालीका लघुकथामा देशमा मौलाएको बेथिति र राजनीतिक दिशाहीनता एवम् निरङ्कुशतन्त्रप्रति समेत व्यङ्ग्य गरिएको  छ ।

किशन थापा 'अधिर' का लघुकथामा राजनीतिक नेतामा मौलाएको भ्रष्ट एवम् पराधीन चिन्तन एवम् क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा राजनैतिक नेताले राष्ट्रिय उद्योग समाप्त गरेर विदेशीका निमित्त बजार उपलब्ध गर्ने कार्य गर्ने गरेकोमा सो गलत कार्यप्रति तीव्र प्रहार गरिएको पाइन्छ । उनका लघुकथामा उच्च राजनैतिक नेतृत्व वर्गमा रहेको सत्तामुखी प्रवृत्ति र जनतालाई शोषण गर्ने क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

श्रीबाबु कार्की 'उदास' का लघुकथामा प्रजातन्त्रका नाममा दोहोरो चरित्र देखाउने राजनीतिक कर्मीको गलत क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनले हत्या, हिंसाजन्य गतिविधिका साथै लामो समयसम्म चलिरहने बन्दका घटनाप्रति समेत व्यङ्ग्य गरेको छन् । उनका लघुकथामा जनतालाई राहत वितरण गर्न जाने बहानामा नेतृत्व वर्गले गर्ने फजुल खर्च गर्ने कार्यप्रति समेत विरोध गरिएको पाइन्छ ।

देवेन्द्र अर्यालका लघुकथामा राजनीतिमा अयोग्य मानिस अगाडि बढेकोमा त्यस्ता क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा सहिद परिवारको बिचल्ली हुने र नेतावर्गले मोजमज्जा गर्ने घटनाप्रति समेत तीव्र प्रहार गरिएको छ । अर्यालका लघुकथामा जनतालाई दुःख दिने राजनीतिकर्मीका कार्यप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

दिलीप शाहका लघुकथामा सोझासाझा जनतालाई काममा लगाउने र शक्तिको पूजा गर्ने राजनीतिकर्मीका कार्यप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा अयोग्य मानिसहरू राजनीतिमा अघि बढेर नैतिकता र आदर्शको पाठ पढाउने गरेकोमा त्यस्ता व्यक्तिका क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । शाहका लघुकथामा पदलोभी, सुविधाभोगी नेताहरूका गलत क्रियाकलापप्रति झटारो हानिएको छ ।

एलवी क्षेत्रीका लघुकथामा राजनीतिक दिशाहीनताप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा विदेशी प्रभावमा बाँच्ने राजनीतिकर्मीका क्रियाकलापप्रति समेत व्यङ्ग्य गरिएको छ ।

कुसुम ज्ञवालीका लघुकथामा सहिद परिवारको बिचल्ली हुँदा पनि मौन रहने राज्य एवम् राज्य सञ्चालनको जिम्मा लिएका राजनीतिकर्मीका व्यवहारप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा सुविधाभोगी नेतृत्वका क्रियाकलापप्रति छेड हानिएको पाइन्छ ।

अच्युत घिमिरेका लघुकथामा विगत द्वन्द्वकालमा जनतालाई आतङ्कमुनि बाँच्न बाध्य बनाउने राज्य एवम् विद्रोही पक्षका क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा राजनीतिमा अयोग्य मानिस हावी हुँदै गएको र सामान्य जनतामा पनि राजनैतिक पदमोह रहेकोमा त्यस्ता क्रियाकलाप प्रति व्यङ्ग्य गरिएको छ ।

प्रदीप प्रधानका लघुकथामा विगतमा नेपाली समाजमा राजनैतिक द्वन्द चर्किएका समयका घटनाहरू प्रस्तुत गरिएको छ । उनका लघुकथामा राज्य एवम् विद्रोही पक्षबाट

जनतालाई मार्ने काम भएकोमा त्यस्ता कार्यप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनका लघुकथामा जनताको भावनाको खेलवाड गर्ने र जनतालाई दुःख दिने सरकार पक्षको गतिविधिप्रति समेत व्यङ्ग्य गरिएको छ ।

हरिगोविन्द लुइँटेलका लघुकथामा राजनीतिमा हराउँदै गएको इमान्दारिताप्रति चिन्ता व्यक्त गरिएको छ । उनका लघुकथामा बेइमानी गर्ने नेताहरू, अवसरवादीहरू, मौकापरस्त एवम् धोकेबाजहरूप्रति तीव्र व्यङ्ग्य गरिएको छ । लुइँटेलका लघुकथामा सिद्धान्तहीन मान्छेका क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । लुइँटेलले साँचो कुरादेखि डराउने सामन्तवर्गप्रति छेड हानेका छन् ।

सिन्धु गौतमका लघुकथामा राजनीतिकर्मीले जनतालाई दुःख दिने गरेकोमा सो प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा बन्दका नाममा हुने आगजनी, सामान्य जनता तर्साउने प्रवृत्तिप्रति समेत व्यङ्ग्य गरिएको छ । सिन्धुका लघुकथामा संविधान बनाउन नसक्ने सभासद र आफ्नो काम हुँदा जनताको आवागमन समेत बन्द गराउने उच्च नेतृत्व वर्गको क्रियाकलापप्रति समेत व्यङ्ग्य गरिएको पाइन्छ ।

इन्द्रकुमार विकल्पका लघुकथामा अवसरका लागि घरपरिवारका सदस्यहरू विभिन्न पार्टीमा लाग्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । असचेत जनताले भ्रष्ट नेतालाई साथ दिने गरेकोमा त्यस्ता कार्यप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनका लघुकथामा गरिबलाई भिख नदिए पनि राजनैतिक पार्टीलाई भने चन्दा दिने व्यापारीको क्रियाकलापप्रति समेत व्यङ्ग्य गरिएको छ ।

डम्बर रसिक भारतीका लघुकथामा जनतामा रहेको न्यून राजनैतिक चेतनाबाट उत्पन्न मूर्खतापूर्ण क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा जनता झुक्याउने र जाँडरक्सीमा भुल्ने नेताका क्रियाकलापप्रति समेत व्यङ्ग्य गरिएको छ । रसिकका लघुकथामा राजनैतिक दर्शन भन्दा भोजभतेरमा विश्वास गर्ने राजनीतिक सङ्गठन र तिनलाई साथ दिने जनताप्रति समेत छेड हानिएको छ ।

सनत रेग्मीका लघुकथामा एउटा मृत व्यक्तिको खल्तीबाट सबै राजनैतिक पार्टीका सदस्यता पत्र पाइएको देखाएर नेपालमा जनतामा रहेको स्वार्थी एवम् अवसरवादी प्रवृत्तिलाई देखाइएको छ । व्यक्तिगत लाभ लिन सबै पार्टीमा चाहार्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । रेग्मीका लघुकथामा कुनै मानिस भेट्न आउँदा केही माग्न नै आएको होला

भन्ने सोच्ने नेता प्रवृत्तिप्रति समेत व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा देशमा भय र आतङ्क ग्रस्त स्थिति सिर्जना गर्नेहरूप्रति समेत व्यङ्ग्य गरिएको पाइन्छ ।

यस बाहेक दुर्लभलाल सिँह, जगदीश नेपाली, यमनदेव उत्प्रेरक, बालमुकुन्द खनाल, लुमडी आचार्य, शिवहरि अधिकारी, अमित घिमिरे, मित्र राजु पाठक, धनुषराज राई, भीम राना जिज्ञासु, कल्याण पन्त, गोपाल ढकालका लघुकथामा राजनीतिक व्यङ्ग्य गरिएको पाइन्छ ।

### ४.३ नेपाली लघुकथामा सामाजिक व्यङ्ग्य

नेपाली लघुकथामा हाम्रो समाजमा घटेका विभिन्न विसङ्गत घटना एवम्  गलत क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली लघुकथामा सामाजिक व्यङ्ग्य सशक्तताका साथ प्रस्तुत गर्ने प्रमुख लघुकथाकारमा विनय कसजू, सुमन सौरभ, किशोर पहाडी, भुपेन्द्र सुवेदी, हरिप्रसाद भण्डारी, कृष्ण बजगाई, श्रीओम श्रेष्ठ रोदन, रामचन्द्र नेपाल, दिलीप शाह, कपिल लामिछाने, नवराज रिजाल, सरस्वती रिजाल, रवीन्द्र समीर, अच्युत घिमिरे, आर.आर. चौलागाई, प्रदिप प्रधान, गोपाल ढकाल, हरिगोविन्द लुइँटेल, गोरखबहादुर सिँह, रामबहादुर बानियाँ क्षेत्री, डम्बर रसिक भारती, रमेश भट्टराई, नारा जोशी, कल्याण पन्त, देवेन्द्र अर्याल, श्रीबाबु अर्याल, रामविक्रम थापा, किशन थापा अधिर, अगीब बनेपाली, पुष्करराज भट्ट पर्दछन् ।

विनय कसजूका लघुकथामा सामाजिक विषयक व्यङ्ग्य सशक्त किसिमले प्रस्तुत गरिएको पाइन्छ । उनका **चाकरी गाथा, बाध्यता, दानशीलता, भाकलको भाले, मूर्ति र मूर्तिकार, तीन जना बस यात्री, दयालु सेठ, विकासे भाले, बक्सिस, एकादशी, अँगालो र हतकडी, किन चाहियो विकास ?, डरलाग्दो कुकुर, दुई जना नेपाली, हामीले के पायौँ, दशैँ, जनावर र मान्छे, डरलाग्दो फिल्म, ज्युँदै समवेदना, सहयात्री, हिराको औँठी, गलगाँडेको देशमा, मूल्याङ्कन, लक्ष्य, एम्बुलेन्सको देश**लगायतका लघुकथामा सामाजिक विषयक व्यङ्ग्य पाइन्छ । उनका लघुकथामा वर्गीय विभेद गर्ने मानिसहरूप्रति व्यङ्ग्य गरिएको पाइन्छ । त्यसरी नै समाजमा रहेको चाकरी प्रथा एवम् हिंस्रक प्रवृत्तिमाथि छेड हानिएको पाइन्छ । कसजूका लघुकथामा असचेत जनताका मूर्खतापूर्ण क्रियाकलापका साथै समाजका अग्रज सम्पन्न मानिस एवम् राजनीतिकर्मीका गलत क्रियाकलापप्रति समेत प्रहारका साथै

व्यङ्ग्य प्रहारसमेत गरिएको पाइन्छ । कसजूको **एम्बुलेन्सको देश** लघुकथामा जातीयताका नाममा मानिसहरूमा फैलिएको घृणा र त्यसले जन्माएको सम्वेदनहीनताप्रति यसरी व्यङ्ग्य गरिएको छ :

सबैले, आ आफ्नो घाइतेलाई अस्पताल पुऱ्याए ।

तर घाइते अझै बाँकी थिए, जसको जात, धर्म, थर, ठेगाना थाहा भएन ।

तर ती सब नेपाली थिए ।

आखिर उद्धारकर्ताहरूले नेपाल एम्बुलेन्स खोजे ।

तर नेपाल एम्बुलेन्स कतै भेटिएन ।

नेपाल एम्बुलेन्स वर्कसपमा पठाएको कसैलाई सम्झना भएन ।

अभिलेख समेत भेटिएन (कसजू, २०६६ : ८०) ।

सुमन सौरभका लघुकथामा सामाजिक विषयमा सशक्त व्यङ्ग्य गरिएको पाइन्छ । उनका **अभ्यस्तता, भीड, भित्री मान्छे, मोल, दरिद्रता, नाटक, शहिद, बुद्धिजीवी, धोका, गरिबी, मूर्खता, झुठो कुरा, कलियुग, दशैँ, शरणार्थी, दृष्टिदोष, यक्षप्रश्न, फसल, घाटे दलित, प्रशिक्षण, अन्तर्पीडा, विजयोन्माद, आशिष, घृणा, हकदावी, प्रतिस्पर्धा, प्रतिबिम्ब, आदर्श** लघुकथामा समाजिक विषयक व्यङ्ग्य पाइन्छ । सुमनका लघुकथामा मानवीय मूल्यको ह्रासप्रति चिन्ता व्यक्त गर्नुका साथै त्यस्ता क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । मानिसका हिंसा एवम् यौनजन्य क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । सम्वेदनहीन नवपुस्ताका क्रियाकलापका साथै स्वार्थी चरित्रप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा भौतिकतावादी चिन्तन एवम् व्यवहारले उत्पन्न गरेका जटिलतालाई कुशलतापूर्वक प्रस्तुत गरिएको छ । उनले मानिसको स्वार्थी एवम् धनलोलुप क्रियाकलापप्रति व्यङ्ग्य गरेको पाइन्छ । उनको **उपचार** लघुकथामा मानिसको खराब देख्ने, खराब सुन्ने र खराब बोल्ने प्रवृत्तिप्रति यसरी व्यङ्ग्य गरिएको छ, “राम्रो भएन र त । यिनीहरूको रोग पहिलेजस्तो थियो, अहिले पनि त्यस्तै छ । छोपेको हात झिक्यो की खराबै देख्ने, खराबै सुन्ने र खराबै बोल्ने लक्षण त जाँदै गएन । उपचार गर्नु पऱ्यो” (सौरभ, २०६५ : ८४) ।

किशोर पहाडीका **संस्कार, अतिरिक्त, अल्याङटयाङ, खुकुरी, बयान, बाह्रखरी, साथ, साबुन, हिसाब कथा** लघुकथामा सामाजिक व्यङ्ग्य पाइन्छ । किशोरका लघुकथामा गरिबीका कारण मानिसमा उत्पन्न विसङ्गत सोचका साथै खराब कार्यप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनका लघुकथामा सहरिया जीवनको यान्त्रिकता एवम् मानिसहरूमा पलाएको स्वार्थी एवम् अहङ्कारी प्रवृत्तिप्रति समेत व्यङ्ग्य गरिएको पाइन्छ । उनको **बाह्रखरी** लघुकथामा भिख मागेर बिडी खाने महिलाको क्रियाकलापप्रति यसरी व्यङ्ग्य गरिएको छ, "उसले पसलको कन्तुरबाट पचास पैसाको ढ्याक निकालेर त्यो बूढी माग्ने भएतिर फुत्त फाल्यो । उसले हेरिरह्यो-बूढीले झटपट त्यो पैसा टिपी । जाँदाजाँदै भन्दै पनि गई-'के गर्नु बिहान देखि बिडी खान नपाएर....।'" (पहाडी, २०५३ : ४०) ।

रमेश भट्टराई 'पुजारी' का लघुकथामा सामाजिक विषयक व्यङ्ग्य सशक्त किसिमले प्रस्तुत गरिएको पाइन्छ । उनका **खुकुरी, राम्रो काम, औकात, जरिवाना, सङ्गत, ढाहस, खोक्रो आदर्श, अनुत्तरित प्रश्न, बाल अधिकार** लघुकथामा सामाजिक विषयक व्यङ्ग्य गरिएको पाइन्छ । उनका लघुकथामा श्रमप्रति बेवास्ता गर्ने समाजिक प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको पाइन्छ । मानिसमा पाइने स्वार्थी प्रवृत्ति एवम् ठूलाबडाले सामान्य जनतालाई शोषण गर्ने गरेकोमा त्यस्तो क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनको **राम्रो काम** लघुकथामा श्रमपूर्ण कार्य छोडेर दलाली कार्य गर्न लागेकोमा त्यसलाई राम्रो काम भन्ने सामाजिक चिन्तनप्रति यसरी व्यङ्ग्य गरिएको छ, "हाल म जग्गा दलाल, सेयर दलाल साथै हरेक कुरामा दलाल गर्न थालेको छु । कमाइ राम्रो छ । पछि के हुने हो थाहा छैन तर सबैले त्यो राम्रो काम हो भनेर वाह !! वाह !! गर्दै ताली बजाउन थालेका छन्" ( भट्टराई, २०६८ : १३) ।

नारा जोशीका **प्रसव व्यथा, नामाकरण, बेवारिसे, एक बोतल, सुकुम्बासी, भेदभाव, बचन र फूलको डाली** लघुकथामा सामाजिक विषयक व्यङ्ग्य गरिएको पाइन्छ । उनका लघुकथामा समाजमा रहेको अन्धविश्वास, भेदभावपूर्ण क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । जोशीका लघुकथामा मान्छेको स्वार्थी चरित्र एवम् परिवारभित्रै भेदभाव गर्ने कार्यप्रति पनि व्यङ्ग्य गरिएको छ । उनको **वचन** लघुकथामा नेता दम्पतिले आफ्नै विधवा भाउजूलाई जोगिनी बन्न लगाउने र उनको सम्पति पूरै हडप्ने कार्य गरेकोमा उनको सो कार्यप्रति व्यङ्ग्य गरिएको छ, "देवरानीले मेनुकालाई भनिन्, "दिज्यू, यहाँ बस्नुभन्दा माता ( साधुनी) बन्नुहोस्, आनन्द ।" मेनुका माता बनिन् । नेताजी साधु समाजमा महिला अधिकार

बारे भाषण दिइरहेथे । मेनुका नेताका वचन सुनिरहेकी थिइन् । नेताजी उच्चस्वरमा नारीलाई सम्मान गर्ने कुरा फलाकिरहेका थिए" ( जोशी, २०६५ : ४१) ।

हरिप्रसाद भण्डारीका लघुकथामा समाजमा घटेका विभिन्न घटना परिघटनालाई विषय बनाइएको पाइन्छ । उनका सामाजिक विषयक व्यङ्ग्य गरिएका लघुकथामा **श्राद्ध, वीर गोर्खालीका नाति, चामलको मूल्य, बुद्धजयन्ती, दाउराको मोल, परत्रको चिन्ता, देवताको सेवक, आदर्श पुरुष, परिचय पत्र, भागबण्डा, मृत्युको मूल्य, म अनन्ते होइन, सम्झौता, म होइन ऊ** पर्दछन् । उनका लघुकथामा पुरातन संस्कृतिप्रति विरोधका साथै जनताको असचेतताका कारण उत्पन्न मूर्खतापूर्ण क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । समाजमा रहेको वर्गीय विभेद, भ्रष्टाचारी गतिविधिका साथै विभाजनमुखी क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनको **बुद्धजयन्ती** लघुकथामा बुद्धजयन्ती मनाउने सत्ताधारीले जनताको रगतमा होली खेलेकोमा उनीहरूको त्यस्तो कार्यप्रति यसरी व्यङ्ग्य गरिएको छ, "परेवा उडेर आकाशमा जाँदै थियो, त्यस्तैमा पारितिरबाट आएको एउटा गोली उसको छातीमा लाग्यो । गोली लागेपछि ऊ ढलमलिँदै तल खस्यो र मिसियो भर्खरै मारिँदै गरेका मान्छेका लासमाथि" (भण्डारी, २०६३ : ३९) ।

कृष्ण बजगाईका सामाजिक विषयक व्यङ्ग्य गरिएका लघुकथामा **आशा, मानवीयता, मूल्य, आत्महत्या, बलात्कार, शब्दहरूको मृत्यु** पर्दछन् । उनका लघुकथामा विवाहका नाममा महिलाहरूको अस्मितामाथि अपमान गर्ने कार्यप्रति व्यङ्ग्य गरिएको पाइन्छ । मानिसहरूमा हराउँदै गएको सम्वेदना र भीडमुखी प्रवृत्तिप्रति समेत व्यङ्ग्य गरिएको पाइन्छ । उनको **आशा** लघुकथामा विवाहका लागि केटी हेर्ने नाममा महिलाको अस्मितामाथि प्रहार गर्ने समाजिक परिपाटीप्रति यसरी व्यङ्ग्य गरिएको छ, "आज पनि नाटकको एक क्षेपण सकियो । वर्षौंदेखि यसरी नै त्यस युवतीलाई आफन्तकै अगाडि धेरैले नङ्ग्याउँदै आए । कतै बिहे भै हाल्छ कि भन्ने आशामा यी सबै चुपचाप सहिरहेकी छे एक बूढीकन्या" (बजगाई, २०६६ : ३८) ।

श्रीओम श्रेष्ठ 'रोदन'का लघुकथामा सामाजिक विषय सन्दर्भलाई प्रमुख विषय बनाइएको पाइन्छ । उनका सामाजिक विषससँग सम्बन्धित व्यङ्ग्य गरिएका लघुकथामा **सभ्यता, संस्कार, मायाको स्पर्श, उसको मुस्कान, सजाय पुरस्कार सजाय, मोल, जीवन, समय सापेक्ष, गोपीकृष्णको** पर्दछन् । उनका लघुकथामा मानिसहरूमा एकलकाँटे प्रवृत्ति मौलाएको र स्वार्थजन्य क्रियाकलाप बढेकोमा त्यस्ता कार्यप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

मानिसमा प्रचारमुखी प्रवृत्ति मौलाउँदै गएको तर संवेदना हराएकोमा चिन्ता व्यक्त गर्नुका साथै त्यस्ता कार्यप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनको **सभ्यता** लघुकथामा सहरमा फोहर बढेकोमा त्यस्तो कार्यप्रति यसरी व्यङ्ग्य गरिएको छ :

> सफाइसम्बन्धी अवलोकन भ्रमणमा भएका केही अगुवाले देखेपछि एकले भन्यो, "हामी पनि पहिले घर सफा गरेर सडक फोहर गर्थ्यौं तर सहरका सभ्य मानिसहरू अहिले सम्म पनि त्यस्तै गर्दा रहेछन् ।" अर्कोले थप्यो- "हामीलाई सिकाउँदासिकाउँदा यताकालाई सिकाउन नभ्याएका होलान् ।" फेरि अर्कोले थप्यो- "हामीलेभन्दा यिनीहरूले पहिले सिकेका भएर बिर्सेका होलान् ।" (रोदन, २०६७ : १९) ।

दिलीप शाहका सामाजिक विषयक व्यङ्ग्य गरिएका लघुकथा **अन्तर्विरोध, गतिहीन, विरोधाभास, अकारण, व्यक्तित्व, प्यास, हिनताबोध, राक्षस, पूर्वाभ्यास, जिन्दगीको अर्थ, यो नेपाल हो, निर्लज्ज** हुन् । ती लघुकथाहरूमा सामाजिक सरोकारसँग सम्बन्धित विभिन्न विषयवस्तुप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनका लघुकथामा समाजमा रहेको शोषणमुखी क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । शाहका लघुकथामा जनतामा रहेको सामन्ती चिन्तनका साथै समाजमा रहेको कुण्ठाजन्य गतिविधिप्रति समेत व्यङ्ग्य प्रहार गरिएको छ । उनको **पूर्वाभ्यास** लघुकथामा जनतामा रहेको दब्बु प्रवृत्तिप्रति यसरी व्यङ्ग्य गरिएको छ, "'बिहानबिहानै मालिकले मलाई 'कल्लुजी नमस्कार !' भन्नुभयो । सँधै डन्डाले बात गर्ने मान्छेमा एकाएक यस्तो परिवर्तन । यौ बौलाहापन नभएर के हो त ?' कल्लुले एक लोटा पानी घटाघट पियो । 'ए त्यसो हो भने त मालिक बौलाएकै हुन् । झारफुक गरिहाल्नुपर्छ' स्वास्नी कुचोले कसिङ्गर बढार्न लागी" (शाह, २०६६ : ५३) ।

कपिल लामिछानेका लघुकथामा सामाजिक सरोकारका विषयलाई प्रमुखताका साथ प्रस्तुत गरिएको पाइन्छ । उनका **सभ्यता, समझदारी, ह्यालमेट, माग्ने, विशाक्त, भोटे कुकुर, अनिर्णित, कुप्राहरूको देश, ऋणमोचन, घर, चोरी, धाक, विक्रय वस्तु, शेषपछि शेषपछि, परिवार** लघुकथामा सामाजिक विषयसँग सम्बन्धित व्यङ्ग्य गरिएको पाइन्छ । उनका लघुकथामा सहरिया मानिसहरूका असभ्य व्यवहारप्रति व्यङ्ग्य गरिएको पाइन्छ । साधनहीन एवम् कमजोर मानिसलाई साधनसम्पन्न मानिसले गर्ने शोषणमुखी कार्यप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनका लघुकथामा नचाहिँदो आडम्बर, देखासिकीपूर्ण व्यवहार एवम् मानवीय स्वार्थी प्रवृत्तिप्रति छेड हानिएको पाइन्छ । संवेदनहीन परिवेश एवम्

अमानवीय व्यवहारप्रति तीव्र व्यङ्ग्य गरिएको पाइन्छ । उनको **विक्रय वस्तु** लघुकथामा मानिसहरूको मानसिक भ्रष्ट चिन्तन एवम् क्रियाकलापप्रति यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "साँझ बिर्खेले सोध्यो- "मैले त्यति राम्रोसित पोलेका मकै पनि बिक्दैनथे, तैँले त गजपै गरिस् । के भो यस्तो ?" बिर्खेका अनुहारमा प्रसन्नता थियो । चमेलीले लजाउँदै भनी- जमाना नै यस्तै छ बा ! जमाना बुझ्नुपर्छ ।" (लामिछाने, २०६८ : ८) ।

नवराज रिजालका लघुकथामा समाजिक विषय सन्दर्भलाई प्रमुख स्थान दिइएको पाइन्छ । उनका **अर्ती, अभियान, जीवन र व्यथा, क्रम, निरूत्तर, विश्वास, सन्दर्भ, आँखीझ्याल, स्वार्थ, विगत आगत, अनुभूति, मानवता, धूर्तता, कायर र वीर, पेट, चरित्रहरू, मानवीयता, घोषणा, समवेदना, उनीहरू, अवस्था, गन्तव्य, सूची** लघुकथामा समाजिक विषयक व्यङ्ग्य पाइन्छ । उनका लघुकथामा सत्ता र शक्ति भएका मानिसहरूले सामान्य जनतालाई गर्ने शोषणजन्य कार्यप्रति व्यङ्ग्य गरिएको छ । रिजालका लघुकथामा महिलाहरूमाथि गरिने भेदभावपूर्ण क्रियाकलापप्रति विरोधका साथै व्यङ्ग्य प्रहार गरिएको पाइन्छ । उनका लघुकथामा  गैरसकारी संस्थाका पैसामुखी क्रियाकलाप एवम् सहरिया मानिसहरूका अनैतिक आचरणप्रति समेत व्यङ्ग्य प्रहार गरिएको पाइन्छ । उनको **धूर्तता** लघुकथामा मजदुरहरूले नेता बनाएको मानिस आफै कारखाना मालिकको नेता भएको यथार्थ प्रस्तुत गरिएको छ  । लघुकथामा उक्त व्यक्तिको  द्वैध चरित्रप्रति यसरी व्यङ्ग्य गरिएको छ, "अर्को दिन थाहा भयो मजदुर हडतालको नेतृत्व गर्ने नेता त कारखाना मालिकको मानिस पो रहेछन् । मजदुरहरू मालिकका हात विपरीत नजाउन् भनेर खटाएको मानिस पो रहेछन् उनी । मजदुरहरू जिल्लिए, अझै पनि ज्ञात हुन आयो, उक्त बन्द र विरोध मालिकले मजदूरहरूको समर्थन र सो विरोधमा छन् बुझ्न गराएका रहेछन्"  ( रिजाल, २०५७ : ४३) ।

सरस्वती रिजालका सामाजिक विषयक व्यङ्ग्य गरिएका लघुकथामा **विस्मृत परिचय, अप्रत्याशित, समवेदना, छेपारो, धृतराष्ट्र, अंश, समाजसेवा, मानिसको मूल्य, मोहभंग, सपनाको खण्डहर** पर्दछन् । उनका लघुकथामा अपाङ्ग, महिला तथा साधनहीन सामान्य नागरिकमाथि ठूलाबडाद्वारा गरिने भेदभावजन्य क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनका लघुकथामा घरपरिवारमा हुने विभेदपूर्ण व्यवहारका साथै समाजमा मानिसका असरवादी कामकारवाहीप्रति समेत व्यङ्ग्य गरिएको पाइन्छ । उनको **धृतराष्ट्र** लघुकथामा बदलिरहेका पारिवारिक समाजिक मूल्यहरू देखाइएको छ । यस लघुकथाा मानवीय मूल्यको

ह्रास र सम्वेदनहीन युवापुस्ताका क्रियाकलापप्रति यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "अब उसलाई आफ्नो सुखसुविधामा बाबु नै घाँडो बनेको छ । हिजो भर्खर उसले बाबुलाई घरबाट निकाल्यो" (रिजाल, २०६५ : ६५) ।

रवीन्द्र समीरका लघुकथामा सामाजिक विषयलाई प्रमुखताका साथ प्रस्तुत गरिएको पाइन्छ । उनका सामाजिक विषयक व्यङ्ग्य गरिएका लघुकथामा **सत्र, शव परीक्षण, पोइटिङ्ग्रे, उत्तरोत्तर, भाग्य, टोपी, समाजको ऐना, तीलको ताड, पत्थरीकरण, अनुभूति, संस्कार, दावी, आँखाको रङ, भाग्य, नास, ऊ र म, बिहानको कार्यक्रम, गाउँ र शहर, सम्मान** लघुकथामा पर्दछन् । उनका लघुकथामा समाजमा रहेको हिंसा एवम् भाग्यवादी चिन्तनप्रति व्यङ्ग्य गरिएको छ । समीरका लघुकथामा समाजमा रहेको अनैतिक क्रियाकलापप्रति छेड हानिएको छ । उनका लघुकथामा मानिसहरूको अनुशासनहीन प्रवृत्ति, परपीडक प्रवृत्ति, दोहोरो चरित्र, संवेदनहीनता एवम् वर्गीय उत्पीडनसँग सम्बन्धित विषय सन्दर्भ उठाइएको पाइन्छ । उनले नारीहरूमाथि गरिने विभेद एवम् नारीहरूका उपभोक्तावादी चिन्तनबाट अभिप्रेरित कामकारवाहीप्रति व्यङ्ग्य गरेका छन् । उनको **पत्थरीकरण** लघुकथामा आजको समयमा मानिसहरूमा मौलाएको संवेदनहीनताप्रति यसरी व्यङ्ग्य गरिएको छ, "अलि पर पुगेपछि बाटाको घुम्तीमा रहेको ढुङ्गालाई पुरुषले एउटा फूल, एउटा स्याउ र पाँच रूपैयाँ चढायो, महिलाले पनि त्यसै गरिन् । उनीहरूको घर नजिकैको गल्लीमा एउटा अपाङ्ग हात फिँजाएर पैसा मागिरहेको थियो । पुरुषले त्यस मगन्तेलाई नाघेर फटाफट अघि बढयो, महिलाले पनि त्यसै गरिन्" (समीर, २०६७ : ७७) ।

आर.आर. चौलागाईका लघुकथामा सामाजिक क्षेत्रका विभिन्न विकृति, विसङ्गतिप्रति तीव्र प्रहार गरिएको पाइन्छ । उनका **अगुवाको चर्तिकला, अभियोग, आफ्नो, कुकुर र मान्छे, जातिभेद, जातभात, कबुल, जुँगा, दाइजो, दौलत, पहिचान, बालदिवस, भलाद्मी, मिस नेपाल** लघुकथामा सामाजिक विषयवस्तु उठाइएको पाइन्छ । उनका लघुकथामा मानिसको स्वार्थजन्य क्रियाकलापको साथै वर्गीय एवम् लैङ्गिक उत्पीडनसँग सम्बन्धित विषयवस्तु उठाएको पाइन्छ । ती विकृतिजन्य क्रियाकलापप्रति व्यङ्ग्य प्रहार समेत गरिएको पाइन्छ । उनका लघुकथामा आधुनिकताको नाममा भित्रिएको विकृति एवम् समाजमा हुने गरेका ठगीपूर्ण क्रियाकलापप्रति समेत व्यङ्ग्य प्रहार गरिएको पाइन्छ । उनको **जातभात** लघुकथामा जातिभेद गर्ने गाउँका ठूला मानिएका गाविस अध्यक्षको क्रियाकलापप्रति यसरी व्यङ्ग्य गरिएको छ :

अध्यक्षको होसहवास उड्यो । उनले जमिन भासिएको अनुभव गरे र बैठकमा तत्कालै निर्णय गराए-"पानी नचल्ने जातले छोरी भगाएको हुँदा तुरन्त खोजखबर गरी छोरीलाई उसैको घरमा फिर्ता गर्ने र सार्की जेठाको छोरालाई कालो मोसो र जुत्ताको माला लगाई गाउँको सेरोफेरो घुमाउने र उसको खलक समेतलाई गाउँबाट निकाल्ने (चौलागाई, २०६५ : ६३) ।

गोरखबहादुर सिंहका लघुकथामा सामाजिक विषयसँग सम्बन्धित कथ्य सन्दर्भ प्रमुखताका साथ प्रस्तुत गरिएको पाइन्छ । उनका **सक्रिय उद्धार, जोडिएको घर, आइडिया, उन्मुक्ति, मोहरको फिर्ती, काँचो हलुवाबेद, कृष्णबहादुरहरू, उदार मन, सुकुम्बासी** लघुकथामा समाजिक विषयक व्यङ्ग्य पाइन्छ । उनका लघुकथामा मानवीय सम्वेदनाको ह्रास, जातिय एवम् लैङ्गिक उत्पीडनका घटना प्रसङ्गहरू प्रस्तुत गर्नुका साथै त्यस्ता कार्यप्रति व्यङ्ग्य प्रहार गरिएको पाइन्छ । उनका लघुकथामा समाजमा हुने गरेका ठगीपूर्ण क्रियाकलाप, अहङ्कारजन्य गतिविधिका साथै परपीडक चिन्तनप्रति समेत व्यङ्ग्य गरिएको पाइन्छ । उनको **सुकुम्बासी** लघुकथामा सुकुम्बासीमाथि गरिने दमन र सुकुम्बासीको नाममा हुकुम्बासी मोटाएको घटनाप्रति यसरी व्यङ्ग्य गरिएको छ, "आयोगको कार्यसम्पन्नतासँगै सुकुम्बासीका झुपडी रफ्तारमा खरानी बन्दै थिए, उनीहरूको झुपडीमा उभिएका अमिन अरूहरूकै नाममा दर्ता भइसकेका थिए । सुकुम्बासकि लगतमा चढ्नका लागि आवश्यक कोसेलीको नितान्त अभावमा सुकुम्बासी पहिलेजस्तै विशुद्ध सुकुम्बासी नै थिए" ( सिँह, २०६५ : ९२) ।

साधना प्रतीक्षाका लघुकथामा सामाजिक विषयक व्यङ्ग्यको प्रधानता पाइन्छ । उनका **स्वाभिमान, सम्बन्ध विच्छेद, कहिले सासुको पालो..., बत्ती नबाल, समालोचना, हार्दिकता, भिन्नता, छुनु भएन र शुभकामना** लघुकथामा सामाजिक विषयक व्यङ्ग्य पाइन्छ । उनका लघुकथामा दाइजो माग्ने प्रथाप्रति व्यङ्ग्य गरिएको पाइन्छ । साधनाका लघुकथामा महिलालाई दुःख दिने पुरूषहरूका क्रियाकलापप्रति तीव्र प्रहार गरिएको पाइन्छ । उनका लघुकथामा समाजमा मौलाएको धनलोलुप प्रवृत्ति एवम् संवेदनहीनता जस्ता क्रियाकलापप्रति समेत व्यङ्ग्य गरिएको पाइन्छ । उनको **शुभकामना** लघुकथामा समाजमा कुनै परिवर्तन नआएको तर नयाँ वर्षको शुभकामना साटासाट भइरहेकोमा यथास्थितिवादी नेतृत्वप्रति यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "यो नचाहिने फतफत होइन बूढा ! वर्तमानको नियती हो । महङ्गी, अभाव, रोग, भोक, अशान्तिले जिउँदै मरेतुल्य भएर पनि हामी नेपालीहरू यसरी

नयाँ वर्षको शुभकामना आदानप्रदान गरिरहेका छौं । नयाँ वर्ष अब यही शुभकामनाको औपचारिकतामै सीमित भएको त छ नि होइन र ....?" (प्रतीक्षा, २०६८ : ४६) ।

कृष्ण शाह यात्रीका लघुकथामा सामाजिक मूल्यको विघटनप्रति चिन्ता व्यक्त गरिएको छ । उनका लघुकथामा सामाजिक शोषण, पारिवारभित्र गरिने भेदभाव, समाजमा मौलाएको धनलोलुप क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । मानिसमा अवसरवादी चिन्तन मौलाएको र स्वार्थी क्रियाकलाप बढेकोमा चिन्ता व्यक्त गर्दै त्यस्ता कार्यप्रति व्यङ्ग्य गरिएको छ । उनका सामाजिक विषयक व्यङ्ग्य गरिएका लघुकथामा **अर्को राम, भोको स्वतन्त्रता, आशीर्वाद, रङ्ग र मान्छे, अन्तिम प्रश्न, पर्खाल र भ्रम, धन्दा, कुमारी आमा, बाँदर मान्छे, श्रवणकुमार, अँध्यारो उज्यालो, परम्परा, दूरी** पर्दछन् । उनको **अँध्यारो-उज्यालो** लघुकथामा देशमा लोडसेडिङ् बढेर जनताले दुःख पाएकोमा त्यस्तो लोडसेडिङ बढाउने कार्य गर्ने सरोकारवाला पक्षप्रति यसरी व्यङ्ग्य गरिएको छ, "उज्यालोमा बस्न बानी परेको भाइलाई यसपटक दाजुले भन्यो, "भाइ ! मलाई त अँध्यारोमा बस्न बानी परिसक्यो । अब चाहिँ पालो तेरो हो है । लोडसेडिङ बढेर भोलिदेखि दैनिक तेइस घण्टा हुने भएको छ रे नि ।" (यात्री, २०६९ : ५२) ।

प्रयास सौरभ श्रेष्ठका लघुकथामा नैतिक मूल्यको विघटनप्रति चिन्ता व्यक्त गर्नुका साथै त्यस्ता क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । मानिसमा हराउँदै गएको मानवता, आडम्बरमुखी क्रियाकलाप एवम् चमकदमकपूर्ण क्रियाकलापप्रति व्यङ्ग्य गरेका छन् । उनका लघुकथामा समाजमा हुने गरेको छुवाछूतपूर्ण व्यवहार एवम् मानिसहरूले न्यून चेतनाका कारण गर्ने मूर्खतापूर्ण क्रियाकलापप्रति समेत व्यङ्ग्य गरिएको पाइन्छ । उनका **पथप्रदर्शक, चखेवा चित्कार, साहस, गोहीको आँसु, बल्छी, सिको, सेतो बादल, दृष्टिकोण, भित्री मुख, ममताको मूल्य, प्रतिशोध, सम्मान, बेवारिसे, रित, जुक्ति** लगायतका लघुकथामा सामाजिक विषयक व्यङ्ग्य गरिएको पाइन्छ । उनको **पथप्रदर्शक** लघुकथामा समाजमा अनैतिक क्रियाकलाप गर्ने र बच्नका लागि सुरक्षा छाता खोज्दै हिँडने व्यक्तिको क्रियाकलापप्रति यसरी व्यङ्ग्य गरिएको छ, "धेरैबेरको भोगपछि ऊ जुरूक्क उठ्यो र आफ्नो पहिरन परिवर्तन गर्न लाग्यो । ऐना हेरेर कपाल पनि कोर्‍यो र शरीरमा अत्तर छरेर बाहिर निस्कियो । त्यतिखेरै "बाल यौन दुराचारीलाई कार्वाही गर्" भन्ने व्यानर सहितको जुलुस आउँदै थियो । ऊ पनि त्यसै जुलुसमा सामेल भयो र नाराबाजी गर्दै बाटो लाग्यो" ( श्रेष्ठ, २०५८ : ४) ।

देवेन्द्र अर्याल 'आँशु' का लघुकथामा सामाजिक विषयवस्तुलाई प्रमुखताका साथ उठाइएको पाइन्छ । उनका सामाजिक विषयक लघुकथामा **मानवता, परिणाम, अभिमान, अन्तर, नियती, बालदिवस, असली रूप, अवमूल्यन, लाइसेन्स, उपहास, काइदा, स्वाद, अर्थ, राजमार्ग, नाता, निरर्थक बहस, भ्रम, एकताको सूत्र** पर्दछन् । उनका लघुकथामा मानिसमा रहेको अहङ्कारी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको पाइन्छ । समाजमा रहेको धनलोलुप प्रवृत्ति, धनका आडमा गरिने विकृतिजन्य क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा मानवीय संवेदनाको ह्रासोन्मुखता, समाजमा मौलाएको अराजकताप्रति समेत छेड हानिएको पाइन्छ । उनको **नाता** लघुकथामा आफूलाई जन्म दिने आमालाई कुनै वास्ता नगर्ने तर कुकुरप्रति अत्यधिक मोह देखाउने सुब्बा साबको क्रियाकलापप्रति यसरी व्यङ्ग्य गरिएको छ :

> "पोहर मात्र आमा बिरामी हुँदा गाउँमा बिदा मिलेन भनेर फोन गर्नुभो । बुबाले त्यस्तो ढिपी गर्दा समेत गाउँ गएनन् ।" हाकिम साबको कुरा नसकिँदै पि.ए.ले प्याच्च बोल्यो "त्यति मात्र कहाँ हो र आमा मर्दा समेत किरिया गर्न गएनन् । किरिया गर्न खेताला लगाए ।" सुब्बासाबको खेताला प्रवृत्ति र कुकुर मोह देखेर हाकिम साबलाई सुब्बा साबको कुकुर र आमाप्रतिको नाता नै छुट्याउन गाऱ्हो पऱ्यो ( आँशु, २०६६ : ३३) ।

कल्याण पन्तका लघुकथामा सामाजिक विषयक व्यङ्ग्य सशक्त ढङ्गले प्रस्तुत गरिएको पाइन्छ । उनका सामाजिक व्यङ्ग्य भएका लघुकथामा **कपटी, छिमेकी, विश्वासघात, मित्रता, सम्बन्ध, सापटी, चाकडी, व्यवहार, दृष्टिकोण** पर्दछन् । उनका लघुकथामा मित्रघात गर्ने साथी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको पाइन्छ । पन्तका लघुकथामा समाजमा ठगी कार्य गर्ने मानिसहरू प्रति तीव्र प्रहार गरिएको छ । उनका लघुकथामा खराब मानिसहरूको मिलापका घटना देखाउनुको साथै त्यस्तो क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा विदेश भनेपछि सम्मान गर्ने समाजिक चलनप्रति समेत व्यङ्ग्य गरिएको पाइन्छ । उनको **व्यवहार** लघुकथामा नारी अधिकार सम्बन्धी भाषण गर्ने तर व्यवहारमा नउतार्ने समाजिक कार्यकर्ताको कार्यप्रति यसरी व्यङ्ग्य गरिएको छ :

> भोलिपल्ट बालकृष्ण राजधानी जानुपर्ने कुरा बताए र घुप्लुक्क सुते । उनी झिसमिसेमै उठे, जुत्तामा पालिस गरे, ब्यागमा कागजात ठिक्क बनाएर राखे । लुगा लगाउन खोजे तर मैलो देखे । उनले घरकी सहायकलाई तथानाम गाली गरे । यसै

बिचमा श्रीमतीले भनिन्, महिला अधिकार भाषणमा मात्र होइन, व्यवहारमा पनि उतार्न सिक्नुपर्छ।" (पन्त, २०६९ : ४१)।

रामविक्रम थापाका लघुकथामा सामाजिक विषयवस्तुलाई प्रमुखताका साथ उठाइएको पाइन्छ। उनका **मान्छेको मोल, पात्रहरू, आइमाइको अन्तिम लक्ष्य, छोरा बुहारी, चिया खाने कोट, एउटा अर्को व्यापार, गरिबको शत्रु, अवकाशित जीवन, वर्तमान, साथी नं ११२०** लघुकथामा सामाजिक विषयवस्तु उठाइएको पाइन्छ। थापाका सामाजिक विषयक लघुकथामा मानिसलाई पैसाका आधारमा मूल्याङ्कन गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ। उनका लघुकथामा अवसरवादी क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइनछ। समाजमा हुने गरेको ठगीपूर्ण क्रियाकलाप, तडकभडकपूर्ण कार्यका साथै स्वार्थी प्रवृत्तिप्रति पनि व्यङ्ग्य गरिएको पाइन्छ। उनको **एउटा अर्को व्यापार** लघुकथामा छोराको अन्नप्रसानको बहानामा व्यापार गर्ने मित्रको कार्यप्रति यसरी व्यङ्ग्य गरिएको छ :

> धुमधामले सजाइएका ध्वजा-पताकाहरू र रङ्गीचङ्गी गेटहरूले शोभायमान साथीको घरमा आगन्तुकहरूको भीड देखेँ। पालोको लाइनमा बसेर मित्रपुत्रलाई बल्लतल्ल टीका लगाइदिएर भात खुवाई शुभाशीषका साथ गोजीको खाम थमाइदिएँ। अनि, लाइनबाटै हामीलाई भोज खाने भव्य कोठामा लगियो र राडी-गलैँचामा बसाइयो। प्लेटमा एक-एकवटा सेल रोटी र एक एक वटा चिया ग्रहण गरी कोठामा आएर निदाइरहेकी श्रीमतीलाई नबोलाई चुपचाप छेउमा घुस्रिएँ (थापा, २०५५ : १५)।

श्रीबाबु कार्की 'उदास'का लघुकथामा सामाजिक विषयले प्रमुखता पाएको पाइन्छ। उनका सामाजिक व्यङ्ग्य गरिएका लघुकथामा **पैसा, भाते गोष्ठी, मान्छेजस्तै, आज के चाड हो ?, सङ्ग्रहालय, दशैँ, वेश्याकी छोरी, प्रवृत्ति १ र २, पृथक, प्रायश्चित, जस, होली** पर्दछन्। उनका लघुकथामा समाजमा रहेको सामन्ती शोषण, स्वार्थी एवम् परपीडक प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ। उनका लघुकथामा मानिसहरूमा रहेको पैसामुखी चरित्रका साथै एनजीओले गर्ने आर्थिक क्रियाकलापप्रति समेत व्यङ्ग्य गरिएको छ। उनको **मान्छेजस्तै** लघुकथामा मानिसमा रहेको झगडालु प्रवृत्तिप्रति यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "सोही भीडमध्येकै एक कुकुरले झगडालु कुकुरहरूलाई सङ्केत गर्दै भन्यो, 'छया, मान्छेजस्तै एकाआपसमा के झगडा गर्नुपऱ्या हो कुन्नि यिनीहरूलाई।'" (उदास, २०६१ : १४)।

किशन थापा अधिरका लघुकथामा सामाजिक विषयवस्तुलाई प्रमुख स्थान दिइएको छ । उनका सामाजिक विषयक व्यङ्ग्य गरिएका लघुकथामा **सफाई, चरित्र, भोक, यहाँको चलन, स्वयम्भुको जवाफ, प्रचलन, प्रश्न, सन्तान, तरिका, प्रेम** पर्दछन् । उनका लघुकथामा मानिसमा बढेको दोहोरो चरित्रप्रति प्रहार गरिएको छ । सहरमा फोहरमैला र प्रदूषण बढेकोमा मानिसहरूको फोहर गर्ने कार्यप्रति व्यङ्ग्य गरिएको छ । मानिसमा रहेको लोभीपापी प्रवृत्ति एवम् अरूलाई दबाउने चिन्तन बढेकोमा त्यस्ता कार्यप्रति व्यङ्ग्य गरिएको छ । उनको **शिक्षा** लघुकथामा विद्यालयमा जातीय भेदभाव गर्नुहुँदैन भन्ने शिक्षक समाजमा भने आफै त्यस्तो कार्य गर्न पुग्छन् । उनको त्यस्तो गलत कार्यप्रति लघुकथामा यसरी व्यङ्ग्य गरिएको छ, "घरमा श्रीमतीले बताइन्-"बस्नेतको घरबाट हाम्री छोरीका लागि कुरा आएको छ ।" कन्सिरी तातिएकै झोकमा उमाप्रसाद पड्किए "त्यो क्षेत्री जैरेको त्यत्रो हिम्मत...। हामी जस्तो उच्च जातको ब्राह्मणघरकै चेली ताक्नुपर्ने ?" (अधिर, २०६० : ३८) ।

डम्बर रसिक भारतीका सामाजिक विषयक व्यङ्ग्य गरिएका लघुकथामा **नचिन्ने क्रम, समवेदना, छाती चिरेर, चिउँडोको दाह्री, टिप्पणी, स्वभाविक परिणाम, मान्यता, रित्तिएको पर्स, साथीको दृष्टि, घुरमैलो प्रभात, मर्यादाक्रम, आत्मासन्तुष्टि र निर्णय** पर्दछन् । उनका लघुकथामा मानिसमा रहेको संवेदनहीनता प्रति व्यङ्ग्य गरिएको छ । समाजमा रहेको असचेतता एवम् अशिक्षाले जन्माएको मूर्खतापूर्ण क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । समाजमा रहेको जातीय एवम् वर्गीय विभेदप्रति असन्तुष्टि पोखिएको छ । उनका लघुकथामा समाजमा ठगहरू बढ्दै गएको र पैसा नै सबथोक ठान्ने चिन्तनमा त्यस्ता कार्यप्रति समेत व्यङ्ग्य प्रहार गरिएको छ । उनको **आत्मासन्तुष्टि** लघुकथामा अरूलाई असल कार्यमा लाग्न प्रेरित गर्ने पण्डितजी आफै सोमरसमा भुलेकोमा यसरी व्यङ्ग्य गरिएको छ, "क्या फसाद ! पण्डितजी सोमरसमा निर्लिप्त हुँदै गर्दा विक्रमले फेला पाऱ्यो । ठीकठीक भइसकेका पण्डितजी भन्दै हुनुहुन्थ्यो, हो, विक्रम, आत्मा मार्नुहुन्न । आत्माले जे चाहन्छ, त्यो पूर्ण गर्नु नै हाम्रो धर्म हो" ( भारती, २०६९ : ८६) ।

अगीब बनेपालीका लघुकथामा सामाजिक विषयले प्रमुखता पाएको पाइन्छ । उनका सामाजिक विषयसँग सम्बन्धित व्यङ्ग्य गरिएका लघुकथामा **व्हेलहरू, दाउ, विवशता, शोषण, स्वाभिमान, हिसाब मिलेन, विडम्बना, निर्णय, मसाम नज्ञान, परिणाम उही, देशले नछोएको गाउँ, अन्तिम आग्रह, छोएको सत्य, भूकम्प, मानवता, बाह्र ठोकाइ** पर्दछन् ।

उनका लघुकथामा समाजमा रहेको जातीय, लैङ्गिक, वर्गीय रूपमा शोषणमुखी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनका लघुकथामा स्वाभिमान नभएका राजनीतिकर्मी प्रति तीव्र छेड हानिएको पाइन्छ । उनको **शोषण** लघुकथामा नोकर मात्र नभएर उसकी श्रीमती पनि मालिकको नोकर हुनुपरेकोमा कर्णेलको शोषणमुखी क्रियाकलापप्रति यसरी व्यङ्ग्य गरिएको छ, “म त त्यो घरको नोकर थिएँ । अब मेरी दुलही पनि नोकर्नी हुने भई .....। बलेले आँसु थाम्न सकेन । ऊ निरास भयो । समान लिएर ऊ फर्क्यो । मेरो आँखाअगाडि कर्णेलको अनुहार झलझली नाच्न थाल्यो । कर्णेलको जालोमा दुईजनाको जीवन फसिसकेको थियो” ( बनेपाली, २०६० : १६) ।

रामचन्द्र नेपालका लघुकथामा सामाजिक विषय सन्दर्भलाई प्रमुखताका साथ उठाइएको पाइन्छ । उनका लघुकथामा सुदूर पश्चिमाञ्चलको स्थानिय समाज र संस्कृतिलाई प्रमुखताका साथ प्रस्तुत गरिएको पाइन्छ । स्थानिय समाजका कुसंस्कृति एवम् कुसंस्कार प्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनका लघुकथामा देश, समाजका ठूल्ठूला कुरा गर्ने तर आफू कुसंस्कारमा बाँच्ने मानिसका कार्यप्रति व्यङ्ग्य गरिएको छ । नेपालीहरूको असभ्य एवम् गैरजिम्मेवार जीवनशैली प्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा समाजमा रहेको सामन्ती संस्कार, छुवाछुत, अनैतिकताप्रति प्रहारका साथै व्यङ्ग्य गरिएको छ । उनका सामाजिक विषयक व्यङ्ग्य गरिएका लघुकथामा **जालो, रात्रीबसका भलादमी, म नेपालीलाई राम्ररी चिन्दछु, कृषि मेलाको पुरस्कार, मन्दिर र छोरीहरू, त्यो फैसला ?, घर-माइत** रहेका छन् । उनको **म नेपालीलाई राम्ररी चिन्दछु** लघुकथामा नेपालीहरूको असभ्य बानीबेहोरा प्रति एकजना विदेशी पात्रले गरेको व्यङ्ग्यलाई यसरी देखाइएको छ, “मतिर हेरेर केही कुटिल मुस्कानसाथ उनले भने-“म नेपालीहरूलाई राम्ररी जान्दछु । त्यसैले झ्यालबाट छिरेर सीटमा बसिहालेँ ।” अलि रोकिएर व्यङ्ग्यात्मक रूपले उनले थपे-तर आफ्नो देश फर्केपछि मैले यो बानी बदल्नुपर्छ ( नेपाल, २०६९ : १७) ।

सिन्धु गौतमका लघुकथामा सामाजिक विषय सन्दर्भलाई प्रमुखताका साथ प्रस्तुत गरिएको पाइन्छ । उनका सामाजिक विषयक व्यङ्ग्य गरिएका लघुकथामा **वास्तविक रूप, सहर, चक्र, ढुक्क र दिक्क, परम्परा, आफ्नै कुरा, मिचाइ, प्रवृत्ति, मागपत्रको माया** पर्दछन् । उनका लघुकथामा पुरुषवादी मानसिकताप्रति व्यङ्ग्य गरिएको छ । गौतमका लघुकथामा समाजमा गरिब एवम् अपाङ्गप्रति अपहेलना गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा गाउँले मानिसलाई हेप्ने सहरिया मानिसको कार्यप्रति समेत छेड हानिएको छ ।

उनको **सहर** लघुकथामा गाउँको मानिसलाई गाउँबाटै गएका सहरियाहरूले गर्ने अपहेलनाप्रति यसरी व्यङ्ग्य गरिएको छ, "उसले सहर पढ्यो, सहर बुझ्यो अनि सहर अनुभूत गऱ्यो । गाउँबाट उप्किएर आएकाहरूले बनेको सहरलाई उसले ग्रामीण प्राण भर्ने कोसिस गऱ्यो । अफसोस उसलाई पाखेको विभूषण दिए-आफ्नै गाउँबाट सहरिया भएकाहरूले" (गौतम, २०६८ : २१) ।

पूर्णप्रसाद ब्राह्मणका लघुकथामा मानिसका अहङ्कारमुखी प्रवृत्तिका साथै हिंसाजन्य क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । मानिसको अनन्त चाहनाका उत्पन्न उसले दुःख पाएको देखाउनुका साथै त्यस्ता कार्यप्रति समेत व्यङ्ग्य गरिएको छ । उनको **मसँग पो सोध्यौ** लघुकथामा मानिसको हिंसामुखी क्रियाकलापप्रति यसरी व्यङ्ग्य गरिएको छ, "उग्र मासावसागन्धमय वातावरण फैलाउँदै, चट् चट् आवाज गरेर चित्ता जलिरहेको छ । देशकालमा, चिरसेवावूती वटवृक्षले त्यस विरक्त आगन्तुकलाई हाँस्दै जवाफ दिए-"देखिहाल्यौ नि, यज्ञीय परम्परा कहाँ टुटेको छ र ! बरू युगसँग सोध्नुपर्ने कुरा तिमीले मसँग पो सोध्यौ" (ब्राह्मण, २०४१ : २) ।

पुष्करराज भट्टका लघुकथामा सामाजिक विषयवस्तु प्रमुखताका साथ प्रस्तुत गरिएको पाइन्छ । उनका समाजिक विकृति, विसङ्गतिप्रति व्यङ्ग्य गरिएका लघुकथामा **नारी समानता, ममताको मूल्य, प्रयोग, अहङ्कार, धरातल, नातावाद, यथार्थ, अन्धविश्वास, आफ्नो/बिरानो, सत्कार, भिन्नता संवेदनाको, भकुण्डो, छुवाछूत, भ्रष्ट संवेदना, आफ्नै आफ्नै मान्छेहरू, वर्ग चरित्र, उत्तराधिकारी** पर्दछन् । उनका लघुकथामा समाजमा रहेको नातावाद, कृपावाद, भाइभतिजावादप्रति तीव्र व्यङ्ग्य गरिएको पाइन्छ । समाजसेवाका नाममा गरिब, असहाय, बालश्रमिकलाई ठग्ने कार्यप्रति व्यङ्ग्य गरिएको छ । समाजमा रहेको अत्यधिक धनमोह, जातीय भेदभाव, परपीडक प्रवृत्ति लगायतका विभिन्न समाजिक विकृतिप्रति प्रहार गरिएको छ । उनको **उत्तराधिकारी** लघुकथामा एकजना बूढा मानिसका आफन्त वर्गमा रहेको सम्पति मोहप्रति यसरी व्यङ्ग्य गरिएको छ :

> बूढाले आफ्नो मृत्युपूर्व बनाएको इच्छापत्र पढेर सुनाइयो । आफ्नो सम्पति जति राज्यलाई दिनु र अनाथ बूढापाकाको हितमा लगाउनु पर्ने कुरा त्यसमा उल्लेख थियो ।

> इच्छापत्र सुनिसकेपछि मानिसहरूको वेदना एकाएक हरायो । उनीहरू मध्येको एकले भन्यो, "कस्तो पापी बूढो रहेछ । हामी यतिका नातेदार छँदाछँदै सम्पति राज्यलाई पो दिएछ । (भट्ट, २०६४ : ५०) ।

यमनदेव उत्प्रेरकका लघुकथामा आर्थिक लाभका लागि मानिसको किनबेच गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा अवैध सम्बन्धका कारण युवायुवतीले दुःख पाएको घटना पनि आएको छ । उत्प्रेरकका लघुकथामा घरपरिवारमा छोरी र बुहारीमा फरक फरक व्यवहार गर्ने प्रवृत्तिप्रति पनि व्यङ्ग्य गरिएको पाइन्छ । उनको **भेदभाव** लघुकथामा छोरी र बुहारीमा गरिने व्यवहारको भिन्नता प्रति यसरी व्यङ्ग्य गरिएको छ :

> जवाफमा आर्शीवाद दिँदै ....."चाँडै नै फर्कनु नि, बिनसित्ति धेरै दिन बसिरहने हैन ।" भन्दै छोरा-बुहारीलाई विदा गर्दछ ।
>
> भोलिपल्ट धनवीरे काका फोनमा कुरा गर्दै हुनुहुन्थ्यो, "होइन ज्वाइँ ! यसो ९/१० दिन बस्ने गरी समय मिलाएर आउनु पऱ्यो । अघिल्लो महिना आउनु हुँदा पनि २-३ दिन मात्रै बस्नु भयो, छोरी र नाति पनि भेट्ने इच्छा छ, यसपालि चाँहीं छोरी र नाति लिएर हुन्छ भने महिना दिनै बस्ने गरी आउनुहोला ।" (उत्प्रेरक, २०५९ : १९) ।

बुद्धिनाथ ज्ञवालीका लघुकथामा गरिबीका कारण उत्पन्न क्षुद्रतामुखी क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनका लघुकथामा बेइमानीबाट धन कमाउने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । ज्ञवालीका लघुकथामा मानिसको स्वार्थमुखी क्रियाकलापप्रति पनि छेड हानिएको छ । पुरुषवर्गले नारीमाथि उत्पीडन गर्ने र यौनिक हिंसा गर्ने गरेकोमा त्यस्ता कार्यप्रति समेत छेड हानिएको छ । उनको **आफ्नो भन्नु केही छैन** लघुकथामा गरिब कमैयामाथि जमिन्दार वर्गबाट हुने गरेको उत्पीडनप्रति यसरी व्यङ्ग्य गरिएको छ :

> बाँधुलाई यो थाहा छैन कि उसका बाजेले कति रूपैयाँ कर्जा लिएका थिए र उसले बाँधा बस्नु परेको हो । उसका बाबुले साठी वर्ष यिनैका घरमा काम गरी जीवन सक्यो र उसले पनि दश वर्षदेखि यिनैका घरमा काम गर्दै छन् । बिहानदेखि रातीसम्म भएभरका जहान परिवार लागेर काम गर्दा पनि एक मानो अनाज अथवा

एक रूपैयाँ बचत छैन । सँधै मालिकको घरबाट ऋण वा अनाज उधारो लिएर खानु पर्छ । आफ्नो भन्नु ऊसँग केही छैन (ज्ञवाली, २०६३ : ३१) ।

रामबहादुर बानियाँ क्षेत्रीका **दीपक, अनुभव, जन्म दिन, जिते, रक्सी, लोकाचार, कुरा, कुलत, सञ्चय, वातावरण** लगायतका लघुकथामा सामाजिक विषयक व्यङ्ग्य गरिएको पाइन्छ । उनका लघुकथामा सहरमा सुखसुविधामा भुल्ने र बाबुआमा भुल्ने छोरा पुस्ताको कार्यप्रति व्यङ्ग्य गरिएको छ । जागीर माग्दा अनुभवी चाहिने भनेर पन्छाउने तर आफ्ना आफन्त भर्ने कार्यप्रति व्यङ्ग्य गरिएको छ । वातावरण फोहर गर्ने वातावरणविदको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

रत्न कोजुका लघुकथामा गरिबीले उत्पन्न गरेको मानवीय स्वार्थी क्रियाकलाप, संवेदनहीन क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

वासु मार्मिकका लघुकथामा आफ्ना आमाबाबुप्रति अमानवीय व्यवहार गर्ने छोराप्रति व्यङ्ग्य गरिएको पाइन्छ । मानिसले मानिसमाथि विभेद गर्ने कार्यप्रति असन्तुष्टि एवम् व्यङ्ग्य गर्नुका साथै साथीभाइलाई ठग्ने मित्र क्रियाकलापप्रति समेत व्यङ्ग्य गरिएको पाइन्छ ।

विजय सागरका लघुकथामा गलत काम गर्नेलाई बचाउँदा पनि त्यसले दुःख दिने गरेकोमा उसको त्यस्ता गलत प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा समाजमा रहेको स्वार्थी प्रवृत्ति एवम् महिलाहरू माथि गरिने यौन उत्पीडनप्रति समेत छेड हानिएको छ ।

महेश प्रसाईका लघुकथामा आपसी स्वार्थका कारण मिल्न नसकेका साथीहरूप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा मानिसले जति पाए पनि उसलाई सन्तुष्टि नहुने भएकोले उनीहरूको त्यस्तो स्वार्थी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

पदमप्रसाद शर्माका लघुकथामा समाजमा रहेको सामन्ती शोषणमुखी क्रियाकलाप गर्ने मानिसमाथि व्यङ्ग्य गरिएको छ । समाजमा केही नगर्ने घरमा बसेर आफूलाई महान ठान्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । गाउँमा असल भएको मानिस शहर गएपछि स्वार्थी बन्दै गएकोमा त्यस्तो मानिसको कार्यप्रति व्यङ्ग्य गरिएको छ । समाजमा अरूलाई दुःख दिने र आफू साखुल्ले बन्ने प्रवृत्तिप्रति पनि व्यङ्ग्य गरिएको छ ।

लव गाउँलेका लघुकथामा नारी पुरुषका प्रेम सम्बन्धका साथै मानसिक उतारचढावलाई विषय बनाइएको छ । उनको **गाउँलेका मसिना कथाहरू** लघुकथा सङ्ग्रहमा रहेका **गोप्यता, समर्पण, धोका, आँखा, अनुभूति, नाठो, पर्खाइ** जस्ता लघुकथाहरू फ्रायडीय मनोविज्ञानमा आधारित छन् । उनका लघुकथामा बैंसमा होस पुऱ्याउँदा जीवनभर दुःख पाउनु परेको देखाइएको छ । गाउँलेका लघुकथामा अल्लारे नवयुवावर्गका मूर्खतापूर्ण क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

भुपेन्द्र सुवेदीका लघुकथामा मानिसमा रहेको स्वार्थी प्रवृत्ति, परिवारभित्र भेदभाव एवम् हेला गर्ने कार्यप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा जातीय भेदभाव, बहुविवाह जस्ता क्रियाकलापप्रति समेत व्यङ्ग्य गरिएको छ ।

शर्मिला दाहालका लघुकथामा कर्मचारीतन्त्र भित्रका विभेदका घटनाका साथै गैर सरकारी संस्थामा संलग्न व्यक्तिका धनलोलुप क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनका लघुकथामा वर्तमानमा नयाँ पुस्ताले आफ्ना आमाबाबुलाई बेवास्ता गर्ने गरेकोमा त्यस्ता कार्यप्रति व्यङ्ग्य गरिएको छ । अहिलेको समयमा मानिसहरूमा बेइमानी बढेकोमा तीव्र व्यङ्ग्य गरिएको छ ।

षडानन्द पौडेलका लघुकथामा समाजमा पुरूषहरूले बहुविवाह गर्ने र महिलाहरूलाई सताउने गरेकोमा त्यस्ता क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । आफ्नै आमाबाबुलाई नहेर्ने शिक्षित छोराको गलत क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

बी. थुलुङका लघुकथामा घरपरिवारमा हुने महिला उत्पीडनका क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनका लघुकथामा आफ्नो जातीय पहिचान भुल्नेहरूप्रति समेत व्यङ्ग्य गरिएको पाइन्छ ।

बालमुकुन्द खनालका लघुकथामा समाजमा रहेको पितृसत्तात्मक सोच एवम् क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनका लघुकथामा गरिब एवम् साधनहीन मानिसहरूलाई हेप्ने धनाढ्य मानिसहरूको क्रियाकलापप्रति समेत व्यङ्ग्य गरिएको पाइन्छ ।

भागीरथी श्रेष्ठका लघुकथामा मानवीय मूल्यमा आएको ह्रासोन्मुखता, विभाजनकारी मानसिकता एवम् संवेदनहीनताप्रति व्यङ्ग्य गरिएको छ ।

ध्रुव मधिकर्मीका लघुकथामा मानिसको अहङ्कारी प्रवृत्ति, द्वैध चरित्र एवम् शङ्कालु स्वभावप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

अच्युत घिमिरेका लघुकथामा जातीय एवम् वर्गीय भेदभावप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

सनत रेग्मीका लघुकथामा आफ्नो नजिकको मित्रले सफलता हासिल गर्दा दुःखी हुने मित्र प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा मानिसमा रहेका हिनताबोध गर्ने चिन्तनप्रति समेत व्यङ्ग्य गरिएको छ ।

नारायण तिवारीका लघुकथामा मानिसका धनलोभी स्वभावका साथै पुरुषवादी चिन्तनप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनका लघुकथामा वर्गीय विभेद गर्ने मानिस एवम् मानवीय गलत आचरणजन्य क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

लुमडी आचार्यका लघुकथामा युवती मोह भएका पुरुषका क्रियाकलापका साथै जातीय भेदभावका घटना प्रस्तुत गर्नुका साथै त्यस्ता कार्यहरू प्रति व्यङ्ग्य गरिएको छ ।

शिवहरि अधिकारीका लघुकथामा माइतीको सम्पति हडप्ने घरज्वाँइको धनलोलुप क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा आफ्ना आमाबाबुलाई बिर्सने छोराको क्रियाकलापका साथै डेरावाललाई दुःख दिने घरमालिकका क्रियाकलापप्रति समेत व्यङ्ग्य गरिएको छ ।

गोविन्द भट्टराईका लघुकथामा मानिसका स्वार्थी एवम् कृतघ्न कार्यप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा मानिसका अवसरवादी क्रियाकलाप प्रति असन्तुष्टिका साथै व्यङ्ग्य गरिएको पाइन्छ । मानिसको गुणलाईभन्दा रूपलाई प्राथमिकता दिने कार्यप्रति समेत व्यङ्ग्य गरिएको छ ।

इन्द्रकुमार विकल्पका लघुकथामा शक्तिपूजक समाजले गरिब एवम् विपन्न मानिसहरू प्रति गर्ने अमानवीय व्यवहारप्रति व्यङ्ग्य गरिएको छ । अत्यधिक नशामा डुब्ने मानिसका क्रियाकलापका कारण उसको परिवारले दुःख पाउनु परेकोमा त्यस्ता कार्य गर्ने मानिसप्रति व्यङ्ग्य गरिएको छ । समाजमा फैलिएको व्यभिचारजन्य घटनाका साथै मानिसको खर्चालुपनका कारण दुःख पाएको घटनाप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

प्रदीप प्रधानका लघुकथामा मानवीय मूल्यको ह्रासप्रति व्यङ्ग्य गरिएको छ । आमाबाबुलाई हेला गर्ने छोराको कार्यप्रति व्यङ्ग्य गरिएको छ । आमासँग पैसा मागेर नशा गर्ने छोराको कार्यप्रति छेड हानिएको छ । उनका लघुकथामा द्वन्द्वकालमा समाजमा बालक एवम् वृद्ध मानिसमा परेको मानसिक तनावका घटना पनि प्रस्तुत गरिएको पाइन्छ ।

हरिगोविन्द लुइँटेलका लघुकथामा समाजमा निम्न चेतनास्तर भएका लालबुझक्कडप्रति व्यङ्ग्य गरिएको पाइन्छ । भ्रष्ट मानिसले नैतिकताको कुरा गर्ने गरेकोमा उसको त्यस्तो गलत क्रियाकलापप्रति लघुकथामा व्यङ्ग्य गरिएको पाइन्छ ।

गोपाल ढकालका लघुकथामा समाजमा हुने गरेको हिंसाजन्य गतिविधि, अवैध यौनजन्य क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । मित्रताको नाममा ठग्ने प्रवृत्तिप्रति समेत छेड हानिएको छ । उनका लघुकथामा समाजमा रहेको स्वार्थजन्य क्रियाकलाप एवम् निमुखा जनतालाई शोषण गर्ने कार्यप्रति तीव्र व्यङ्ग्य गरिएको पाइन्छ ।

विश्वराज अधिकारीका लघुकथामा मानिसका स्वार्थी क्रियाकलापका साथै मूर्खतापूर्ण क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । बेइमान मानिसका कार्यप्रति व्यङ्ग्य गर्नुका साथै विद्वताका नाममा ठग्ने प्रवृत्तिप्रति समेत उनका लघुकथामा व्यङ्ग्य गरिएको पाइन्छ ।

बद्री पलिखेका लघुकथामा वर्गीय विभेदका घटनाका साथै जातीय भेदभावका घटनाप्रति व्यङ्ग्य गरिएको छ । पलिखेका लघुकथामा समाजका साथै कर्मचारीतन्त्र भित्र घटिरहने बेइमानीपूर्ण क्रियाकलापप्रति तीव्र आक्रोश एवम् व्यङ्ग्य गरिएको पाइन्छ ।

सुशीला देउजाका लघुकथामा समाजमा रहेको पुरुषवादी चिन्तन एवम् क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनका लघुकथामा व्यापारी वर्गको धनलोलुप प्रवृत्तिप्रति समेत व्यङ्ग्य गरिएको छ ।

इन्दिरा प्रसाईका लघुकथामा समाजमा रहेको आर्थिक एवम् जातीय भेदभावका घटनाप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा समाजमा युवाहरूले गर्ने अनैतिक क्रियाकलापका साथै आमाबाबुलाई दुःख दिने सन्तानका कार्यप्रति समेत तीव्र आक्रोश एवम् व्यङ्ग्य पाइन्छ ।

मित्र पाठक राजुका लघुकथामा मानिसभन्दा कुकुरलाई महत्व दिने सम्पन्न मानिसहरूको संवेदनहीन क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा सार्थक

श्रमबाट सम्पत्ति कमाउनेभन्दा गलत तरिकाले सम्पति कमाउने चरित्रहीन गतिविधिप्रति समेत व्यङ्ग्य गरिएको पाइन्छ ।

धनुषराज राईका लघुकथामा समाजमा रहेको जातीय भेदभाव, ठगीपूर्ण क्रियाकलाप एवम् धनलोलुप प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा समाजमा इज्जत जोगाउन भनेर बिहेमा ऋण खोजेर तडकभडक गर्ने कार्यप्रति व्यङ्ग्य गरिएको छ ।

भीम राना 'जिज्ञासु'का लघुकथामा मानिसहरूको नग्नतापूर्ण क्रियाकलाप, धनलोभी प्रवृत्तिका साथै व्यवहार बिनाको सिद्धान्त बोक्ने ढोँगी कार्यप्रति समेत व्यङ्ग्य गरिएको छ ।

राजुराम मुनङ्कर्मीका लघुकथामा समाजसेवाका नाममा ठगी गर्नेहरूप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा प्रतिष्ठित ठानिएको मानिस अनैतिक क्रियाकलाप गर्ने एवम् ठगी कार्य गर्ने गरिएकोमा उनीहरूको सो कार्यप्रति व्यङ्ग्य गरिएको छ ।

मुक्तिनाथ घिमिरेका लघुकथामा नवपुस्ताको भ्रष्ट एवम् अनैतिक क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा आफ्नो जिम्मेवारी पूरा नगर्ने र मोजमज्जामा डुब्नेहरूप्रति तीव्र व्यङ्ग्य प्रहार गरिएको छ ।

हरिहर पौडेलका लघुकथामा मानिसका दृष्टिकोणमा रहेको सङ्कीर्णताप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा शक्तिका सामु झुक्ने सामान्य जनताका क्रियाकलापका साथै जातीय भेदभाव गर्ने राजनीतिकर्मीप्रति समेत व्यङ्ग्य गरिएको  पाइन्छ ।

भरत भारद्वाजका लघुकथामा सामान्य मानिसलाई सताउने सामन्ती प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा अधिकारका नाममा जथाभावी गर्ने महिला क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । भारद्वाजका लघुकथामा अरूको विरोध मात्र गर्ने आफू भने बिग्रने मानिसहरूप्रति समेत व्यङ्ग्य गरिएको छ ।

पोष चापागाईका लघुकथामा आमाबाबुको सम्पति लिन खोज्ने तर आमाबाबुको वास्ता नगर्ने सन्तानप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा धनका लोभमा विदेश भासिने नवपुस्ताप्रति समेत व्यङ्ग्य गरिएको पाइन्छ ।

यस बाहेक नेपाली लघुकथामा सामाजिक विषयक व्यङ्ग्य गर्ने लघुकथाकारमा जगदीश नेपाली, कुसुम ज्ञवाली, रसुवाली कवि, अमित घिमिरे, सुमनराज ताम्राकार, टङ्कराम सुनुवार, दुलर्भलाल सिँह एवम् केशव प्रधान पर्दछन् ।

## ४.४ नेपाली लघुकथामा संस्कृति विषयक व्यङ्ग्य

संस्कृति मानव जीवनका विभिन्न गतिविधिसँग सरोकार राख्दछ । यसल मानिसको खानपिन, बसउठ, कला, संस्कृति एवम् जीवन मूल्यलाई प्रतिनिधित्व गर्दछ । नेपाली लघुकथामा संस्कृतिसँग सम्बन्धित विभिन्न विषयहरू उठाइएको पाइन्छ । नेपाली लघुकथामा भीम राना जिज्ञासु, मुक्तिनाथ घिमिरे, कृष्ण शाह यात्री, एल.वी. क्षेत्री, हरिगोविन्द लुइँटेल, डम्बर रसिक भारती, रत्न कोजु, सुमनराज ताम्राकार, दुर्लभलाल सिंह, पुष्करराज भट्ट, अगीब बनेपाली, श्रीओम श्रेष्ठ, रवीन्द्र समीर, रामचन्द्र नेपाल, आर.आर. चौलागाइ, सिन्धु गौतमका लघुकथामा संस्कृतिसँग सम्बन्धित विषय प्रमुखताका साथ प्रस्तुत गरिएको पाइन्छ ।

भीम राना 'जिज्ञासु'का लघुकथामा आर्थिक क्षेत्रमा व्याप्त विज्ञापनमुखी गतिविधिका साथै अरूका पैसा ठग्ने फिल्म निर्माताका गतिविधिप्रति व्यङ्ग्य गरिएको छ । उनको **संस्कार** लघुकथामा अरूका पैसा नदिएर ठग्न खोज्ने चलचित्र निर्माताको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । रानाको **मिथ्या** लघुकथामा फेरी लाउने नाममा जनता ठग्ने जोगीको कार्यको भण्डाफोर गर्नुका साथै उसको सो कार्यप्रति व्यङ्ग्य समेत गरिएको छ । उनकै **विज्ञापन** लघुकथामा सामानको गुणस्तरभन्दा विज्ञापनको भरमा व्यवसाय चलाउने जनता ठग्ने व्यापारिक गतिविधिप्रति यसरी व्यङ्ग्य गरिएको छ :

> त्यो विज्ञापनले उसको चाउचाउको बिक्री दुईचार दिनमै हवात्तै बढ्यो । यहाँसम्म कि छ महिनाभित्रमा देशकै नम्बर एक चाउचाउमा गणना हुन थाल्यो । चाउचाउ गुणस्तर नबनाउँदा पनि बिक्रीमा कमी नआउँदा उसले सोच्यो कि आजको जमानामा जति राम्रो विज्ञापन गर्न सक्यो, त्यो चिज त्यति नै मात्रामा बिक्री हुँदो रहेछ" ( जिज्ञासु, २०६६ : ४ ) ।

कृष्ण शाह यात्रीका लघुकथामा संगीत एवम् फिल्म क्षेत्रका गतिविधिप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनको **भऱ्याङ** शीर्षकको लघुकथामा संगीत क्षेत्रमा रहेको विकृतिप्रति व्यङ्ग्य गरिएको छ । यात्रीको **शैली** लघुकथामा कलाकारिता क्षेत्रको विकृतिप्रति व्यङ्ग्य गरिएको छ । यस लघुकथामा राम्रा र स्तरीय पेन्टिङ् बनाउँदा कुनै चर्चामा नआएको कलाकार अमूर्त र नबुझिने पेन्टिङ् बनाउँदा भने लोकप्रिय र बिकाउ बन्न पुगेकोले

समाजमा गुण भन्दा मानिसको नाम हेर्ने हुनेगरेकोमा त्यस्ता कार्यप्रति व्यङ्ग्य गरिएको छ। उनको **स्वाद** लघुकथामा चलचित्र क्षेत्रको विकृतिप्रति व्यङ्ग्य गरिएको छ। राम्रा स्तरीय फिल्म बनाउँदा असफल भएको चलचित्र निर्मातापछि अश्लील चलचित्र बनाएर चर्चित भएको घटनाप्रति यसरी व्यङ्ग्य गरिएको छ :

> उसलाई फेरी चलचित्र बनाउने भूत चढ्यो। उसले एउटा चलचित्र बनायो। यसपटक उसको चलचित्र खुबै चल्यो। उसको चलचित्रले हलमा सय दिन मनायो। चलचित्रको निकै चर्चा परिचर्चा भयो। उसले करौडौं रूपैयाँ कमायो। उसले यस पटक आफ्नो चलचित्रमा अङ्ग प्रदर्शन र अश्लीलता बुद्धि पुऱ्याएर राम्रो पुऱ्याएर पस्केको थियो (यात्री २०६९ : ६८)।

एल.वी. क्षेत्री आफ्ना लघुकथामा कलाकारको कला जीवन र वास्तविक जीवनका बिचका अनुभूतिलाई सूक्ष्म ढङ्गले केलाउनुका साथै वर्गीय खाडलका कारण गरिब कलाकारले जीवन गुमाउनु परेको घटनालाई सजीव ढङ्गले प्रस्तुत गरेका छन्। उनको **अभिनयको अन्त्य** लघुकथामा आआफनै कलाकारिताको चर्चा गर्ने कलाकार मण्डली प्रेम वियोगमा ज्यान दिएका कलाकारको बारेमा कुनै चर्चा नगरेको यथार्थप्रति यसरी व्यङ्ग्य गरिएको छ, "नाटक मण्डलीका सम्पूर्ण यात्रुहरू त्यस दिन प्रस्तुत नाटकको बारेमा केही न केही चर्चा परिचर्चा गरिरहेकै थिए। चर्चा थिएन भने मात्र त्यस कलाकारको जसले त्यस दिन उत्कृष्ट अभिनयको परिचय दिएको थियो। फूल सुँघेर भुँईमा लडेपछि ऊ साँच्चिकै उठेको थिएन" ( क्षेत्री, २०६४ : २४)।

क्षेत्रीका लघुकथामा मानिस नचिनेर व्यवहार गर्ने हाकिमले अन्त्यमा दुःख पाउनु परेको छ। उनका लघुकथामा मानिसको सांस्कृतिक चेतना स्तर नबुझेर आफूजस्तै व्यवहार गर्नाले पैसा समेत गुमाउनु परेको घटना प्रस्तुत गर्नुका साथै त्यस्तो कार्य गर्ने मानिसप्रति व्यङ्ग्य गरिएको छ। उनका लघुकथामा कृतघ्न मानिसको नाजायज गुनासो समेत सुन्नु परेको यथार्थ समेत प्रकट गरिएको छ। उनको **मेरो श्रीमानको बुद्धि पलाओस्** लघुकथामा अव्यवहारिक श्रीमानका कारण दम्पतिले दुःख पाएको घटना प्रस्तुत गरिएको छ। लघुकथामा श्रीमानको सो अव्यवहारिक क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ।

मुक्तिनाथ घिमिरेका लघुकथामा शैक्षिक क्षेत्रमा कार्यरत विद्वत् वर्गप्रति आधुनिक पुस्ताको अविश्वासको स्थितिलाई र उनीहरूको सांस्कृतिक स्तरलाई देखाइएको छ । उनीहरूको निम्न चेतनाप्रति **अलोकप्रिय** लघुकथामा यसरी व्यङ्ग्य गरिएको छ :

> गुह्य कुरा उहाँलाई असफल शिक्षकको कोटीमा राखिएको थियो र जमाना अनुसार चल्न असफल उहाँ लोकप्रिय हुन नसक्नुको चार खास कारणहरू थिए ।
>
> (क) पपगीत गाउन नजान्नु ।
>
> (ख) क्यारिकेचरमा चाख नहुनु ।
>
> (ग) आधुनिक नृत्य गर्न नआउनु ।
>
> (घ) पार्टीमा सरिक नबन्नु (घिमिरे, २०६६ : ६०) ।

यसरी नै घिमिरेको **बूढो माझी** लघुकथामा एकजना प्राध्यापक पुत्रीले प्राध्यापक वर्गलाई हेला गरेकोमा उसको निम्न सांस्कृतिक चेतनाप्रति व्यङ्ग्य गरिएको छ ।

डम्बर रसिक भारतीका लघुकथामा अश्लीलताप्रति उन्मुख पुरानो पुस्ताप्रति व्यङ्ग्य गर्नुका साथै विदेशी चलचित्रमा आवश्यकताभन्दा बढी मोह देखाउने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । उनको **धन्य हजुरबा** लघुकथामा अरूलाई मार्गनिर्देशन गर्नुपर्ने हजुरबा पुस्ताको मानिस आफै अश्लील तस्वीर हेरेर बस्ने गरेकोमा उनको सो पथभ्रष्ट क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । भारतीको **अन्तर्वार्ताकार** लघुकथामा हिन्दीमोह भएका मानिसप्रति यसरी व्यङ्ग्य गरिएको छ :

> नेपाली फिल्मले चाहीँ नेपालीत्व बचाउने काम के नै गरेको छ र ? संस्कृतिको नाममा उल्टै विकृति ल्याएको छ । नेपाली समाजलाई धमिल्याउने कुचेष्टा गरिरहेको छ । तपाइँ नै भन्नुस्, नेपाली कला संस्कृतिलाई संरक्षण गर्न के चाँही यस्तो काम नेपाली फिल्मले गरेको छ ? यिनको लवाइ बोलाइले नेपाली मौलिकता निक्कै बचाउला झै लाग्यो (भारती, २०६९ : ८४) ।

सुमनराज ताम्राकारका लघुकथामा वैयक्तिक जीवनलाई सार्वजनिक रूपमा चलचित्रका माध्यमबाट देखाउने तर त्यसलाई काल्पनिकताको जलप लगाउने चलचित्र बनाउने मानिसहरूको ढोँगी प्रवृत्तिप्रति यसरी व्यङ्ग्य गरिएको छ :

त्यसो त पटकथाकार र डाइरेक्टर दुवैले चलाकीपूर्ण तरिकाले दिनेशकै लव ट्रेजिडि (दुखान्त प्रेमकथा) मा फिल्म बनाएका थिए । नभन्दै फिल्म सुपरहिट पनि भयो । पानीमाथिको ओभानो भ्कै फिल्मको कास्टिङ्ग पूर्व देखाइयो-यस घटना पूर्णतया काल्पनिक हुन्, विषय प्रसङ्ग कसैसँग मेल खाएमा संयोग मात्र हुनेछ । यसबाट कसैलाई चोट पुग्न गएमा क्षमा प्रार्थी छौं (ताम्राकार, २०६५ : ४३) ।

सिन्धु गौतमका लघुकथामा विदेशबाट राम्रा कुरा सिक्नेभन्दा पनि नराम्रो संस्कृति अपनाउने आधुनिक महिलाको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनको **प्रभाव** लघुकथामा विदेशी संस्कृति अँगाल्ने महिलाप्रति यसरी व्यङ्ग्य गरिएको छ :

ऊ विदेशी रहनसहन, त्यहाँको खुलापन, त्यहाँको छाडा, विलासीपन यहाँ चाहन्छे । उसले यहाँको संस्कारलाई साङ्लोको संज्ञा दिन्छे । ऊ आधुनिकता चाहन्छे । म सँगै हुर्केकी ऊ र म बिचको पाँच वर्षको अन्तरदेशले हुर्काएको उसको आधुनिकता देखेर म वाक्क हुन्छु र सोच्छु । विकास र आधुनिकताका नाममा नेपालमा विकृति कति व्याप्त भइसकेछ, त्यस्तै विवेकशून्यहरूबाट (गौतम, २०६८ : २७ ) ।

अगीब बनेपालीको **रिहल्सल** लघुकथामा विरोधी दलले बन्दको आयोजना गरेका बेला बन्दका नाममा भएका तोडफोडका घटनालाई मात्र देखाउने सरकारी सञ्चार माध्यमको गतिविधिलाई यसरी व्यङ्ग्य गरिएको छ :

आँखा मिची हेरेँ, दृश्य उही । दिउँसो कुदाएका गाडीहरू विभिन्न कोणमा खिचेर देखाएको थियो । यसका छाँयाकार र निर्देशक त बेजोडकै हुनुपर्छ । तिनीहरूले यस्ता रिहल्सलहरू गरिसकेको हुनुपर्छ किनकि दृश्यमा गाडीहरू कुदिरहेका... सुरक्षाकर्मीहरू खटिरहेका...सीसाहरू फुटाएका मात्र देखिए । लगाम लगाएका बेहोश सरकारी घोडाहरू सडकमा मस्तीले खेलिरहेका क्रिकेट, फुटबलहरूको नामोनिशान नै देखिएन । आखिर टिभी अनि लगाम लगाएको घोडा नै हो । तिनीहरूको रिहल्सललाई मैले तारिफ नगरी बस्नै सकिनँ (बनेपाली, २०६० : ५१) ।

दुर्लभलाल सिंहको **ढोकापाले** लघुकथामा समाजमा आफ्नो-बिरानो भनेर भेदभाव गर्दा अराजकता सिर्जना भएर स्थिति नियन्त्रणमा लिन गाह्रो हुने कुरा सजीव ढङ्गले अभिव्यक्त गरिएको छ । सांस्कृतिक कार्यक्रममा आयोजकले आफ्ना मानिस भनेर हलभित्र घुसाउन खोज्दा सबै मानिस हलभित्र पस्छन् । स्थिति अनियन्त्रित भएर हुलदङ्गा समेत हुन

पुग्छ । जिम्मेवारी पाएका मानिसले मानिसहरूमा भेदभाव गर्दा र नीति नियम नमान्दा यस्तै अवस्था सिर्जना हुन्छ भनेर कार्यक्रम आयोजकको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

हरिगोविन्द लुइँटेलका लघुकथामा सामाजिक रूपमा गरिने वर्गीय भेदभावको साथै प्रगतिशीलताका नाममा गरिने सिद्धान्तविरोधी सांस्कृतिक गतिविधिप्रति व्यङ्ग्य गरिएको पाइन्छ । लुइँटेलको **धनेको प्रेम** लघुकथामा फिल्मी प्रभावमा परेर गरिब नोकरसँग प्रेम गर्न पुगेकी केटी घरपरिवारको दवाबमा प्रेमीसँग छुट्टिन पुग्छे । गरिब नोकरलाई घरबाट निकाल्ने काम गरिन्छ । यस लघुकथामा एकातिर फिल्मको जीवन र वास्तविक जीवनमा अन्तर हुने कुरा आएको छ भने अर्कोतिर समाजिक रूपमा मानिसहरूको गिर्दो सांस्कृतिक चेतनास्तरलाई समेत देखाइएको छ । यस्तो क्रियाकलापप्रति लघुकथामा व्यङ्ग्य गरिएको छ । उनको **प्रगतिशील पुरोहित सङ्गठन** आफूलाई द्वन्द्वात्मक भौतिकवादी ठान्ने नेताले धार्मिक कार्यमा भाग लिने कार्य गरेकोमा नेताका त्यस्ता गलत क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

रत्न कोजुका लघुकथामा कमजोर एवम् साधनहीन मानिसलाई अनेकौं शङ्का गर्ने र दोषी देख्ने समाजको चिन्तनप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनको **कारण/अकारण** लघुकथामा बेरोजगार मानिसलाई अकारण पुलिसले थुन्छ । समाजमा रहेका हरेक मानिस यथार्थ पत्ता लगाउनुको सट्टामा उसैलाई दोषी देखाउन खोज्छन् । सम्पति र सत्तामा रहेका मानिसको चाकरी गर्ने र साधनहीन, असहाय मानिसलाई अपराधी देख्ने समाजिक चेतनास्तरप्रति उनले तीव्र व्यङ्ग्य गरेका छन् ।

आर.आर. चौलागाईको **निहुरिएका टाउकाहरू** लघुकथामा नेपालमा भएको भारतीय संस्कृतिको प्रभावप्रति व्यङ्ग्य गरिएको छ ।

पुष्करराज भट्टको **बजारतन्त्र** लघुकथामा प्रारम्भमा जनपक्षीय गीतसङ्गीत सिर्जना गर्ने सङ्गीतकार बजारमा टिक्नका निमित्त मौलिक सिर्जना परित्याग गर्दछ । अन्धो अनुकरण र छाडा संस्कृति अँगाल्ने उसको क्रियाकलापप्रति लघुकथामा व्यङ्ग्य गरिएको छ ।

रवीन्द्र समीरको **संस्कृति संरक्षण** लघुकथामा नेपाली केटीले विदेशी पहिरन लगाएर क्याम्पसको वार्षिकोत्सवमा नेपाली संस्कृतिका बारेमा प्रवचन दिएको घटना प्रस्तुत गरिएको छ । यस लघुकथामा नेपाली संस्कृतिलाई जीवन संस्कृतिको नाममा अपनाउनुको साटो भाषण मात्र गर्ने प्रवृतिप्रति व्यङ्ग्य गरिएको छ ।

श्रीओम श्रेष्ठको **संस्कृति र संरक्षण** लघुकथामा आरक्षको सुरक्षा गर्नुको सट्टा घोरल मारेर संस्कृति जोगाउने अज्ञानी समाजको प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

यसरी नेपाली लघुकथाका कृतिहरूमा संस्कृतिलाई पनि विषय बनाइएको पाइन्छ । यी लघुकथाहरू संस्कृतिका नाममा देखिएका अनेकन विकृत पक्षलाई उदाङ्गो पार्ने काममा सक्षम रहेका छन् । नेपाली लघुकथाकारहरू आफ्ना लघुकथा रचनामा संस्कृतिका अनेकन विषाक्त पक्षप्रति व्यङ्ग्य गर्ने काममा लागि परेका छन् ।

## ४.५ नेपाली लघुकथामा धार्मिक विषयक व्यङ्ग्य

नेपाली लघुकथामा धर्म र धर्मसँग सम्बन्धित विषय प्रमुखताका साथ उठाइएको पाइन्छ । नेपाली लघुकथामा धर्मसँग सम्बन्धित विषय उठाउने प्रमुख लघुकथाकारहरू श्रीओम श्रेष्ठ रोदन, पुष्करराज भट्ट, रवीन्द्र समीर, अच्युत घिमिरे, लुमडी आचार्य, एलवी क्षेत्री, सिन्धु गौतम, विश्वराज अधिकारी, देवेन्द्र अर्याल, कुसुम ज्ञवाली, गोपाल ढकाल, डम्बर रसिक भारती, भूपेन्द्र सुवेदी, विनय कसजू, रामबहादुर बानियाँ क्षेत्री, ध्रुव मधिकर्मी हुन् ।

श्रीओम श्रेष्ठ 'रोदन' का लघुकथामा धार्मिक विषयलाई प्रमुखताका साथ उठाइएको पाइन्छ । उनका लघुकथामा धर्मका नाममा मानिसहरूले गर्ने अन्याय, अत्याचार, भेदभावलाई विषय बनाइएको पाइन्छ । उनी लघुकथाका माध्यमबाट धर्मको नाममा मानिसलाई ठग्नेहरूप्रति व्यङ्ग्य गर्दछन् । मानिसहरू धर्मका नाममा विभक्त भएर मानवता भुलेको प्रति चिन्ता व्यक्त गर्दछन् । कर्ममा भन्दा भाग्यमा विश्वास गर्नेहरू असफल भएकोमा कर्ममा लाग्ने सन्देश दिन्छन् । रोदनले आफ्ना लघुकथामा धर्मलाई रूढिका नाममा पाल्नेहरूले समाजमा विषाक्त संस्कृति फैलाएकोमा व्यङ्ग्य प्रकट गरेका छन् । उनको **उसको धर्म** लघुकथामा धर्मको कसम दिएर मानिसहरूलाई ठग्ने बगरेप्रति व्यङ्ग्य गरिएको छ । रोदनको **धर्मबल** लघुकथामा मानिसहरू धर्ममा विभक्त भएको र भुकम्पपीडितको सहायता गर्दा पनि धर्मको आधारमा भेदभाव गरेकोमा व्यङ्ग्य गरिएको छ । उनको **पुण्यकार्य** लघुकथामा पुण्यकार्य गर्नका लागि कुमार केटाहरूलाई भोज खुवाउने पण्डितले दुई जना केटाहरूलाई दलित भएको नाममा दुत्कारेर धपाउँछन् । यस लघुकथामा धर्मका नाममा हुने भेदभावप्रति व्यङ्ग्य गरिएको छ । उनकै **मनोविज्ञान** लघुकथामा

औषधिमा भन्दा धर्ममा बढी आस्था राख्ने पूजारीलाई औषधिले स्वस्थ बनाएको देखाइएको छ । यस लघुकथामा धार्मिक रूढिग्रस्त चिन्तनप्रति व्यङ्ग्य गरिएको छ ।

रोदनको **धर्म** लघुकथामा मानिसको अमानवीय एवम् प्रवृत्तिप्रति यसरी व्यङ्ग्य गरिएको छ :

> आज बूढाको अगाडि निकै पैसा ओइरिरहेका छन् । हिजोसम्म तर्केर हिँडनेहरू पनि पैसा फ्ँयाकिरहेका छन् । आज बूढो हात थापिरहेका छैनन् र पैसा दिनेहरूलाई आशीर्वाद पनि दिइरहेका छैनन् । बाँच्न चाहनेलाई बचाउनुभन्दा पनि मरेकालाई दान ? गर्ने हाम्रो धर्म र संस्कार  छ । उखान त्यसै बनेको हैन-मरेपछि औषधि ( रोदन, २०५८ : ४०) ।

अच्यूत घिमिरेका लघुकथामा मानिसहरूले धर्मको नाममा गर्ने आडम्बरी चरित्रलाई उठाएको पाइन्छ । धर्मको नाममा ठग्नेहरूप्रति व्यङग्य गरिएको छ । उनको **धर्म** लघुकथामा अस्तु सेलाउन विदेश जाने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । घिमिरेको **अर्ती उपदेश** लघुकथामा ठग महात्माको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनको **भोक** लघुकथामा अगाडि पछाडि धर्मका नाममा भेदभाव गर्ने पण्डित दलित युवतीकहाँ यौन सम्पर्क गर्न जान्छन् । उनको यौनलोलुप क्रियाकलापप्रति लघुकथामा यसरी व्यङ्ग्य गरिएको छ, "आतुर भएर पण्डितले भने-मनमाया । स्वास्नी मरेको ३-४ वर्ष भइसक्यो, मलाई भोक लाग्यो र.....। मनमायाले भनिन्-ठीकै छ तर एउटा शर्तमा । मैले छोएको खाना पनि खानुपर्छ, मञ्जुर छ बाजे ? पण्डितले मनमायाको कुरा सहजै स्विकारे र भने-मनमाया, यो कुरा बाहिर नभन्नु है"  (घिमिरे, २०६१ : ७८) ।

यस लघुकथामा पण्डित बाजे एकातिर गलत काम गर्न पनि तयार छन् भने अर्कोतिर आफूले गरेको गलत काम अरूले थाहा पाउलान् भनेर सन्त्रस्त छन् । उनलाई आफूले गरेको गलत काम अरूले थाहा पाए आफ्नो इज्जत जाने डर समेत छ । लघुकथामा बाजेको ढोँगी चरित्रप्रति व्यङ्ग्य गरिएको छ ।

पुष्करराज भट्टका लघुकथामा धर्मपालनको जिम्मा लिएका व्यक्तिहरूका ढोँगी चरित्रप्रति व्यङ्ग्य गरिएको छ । उनले मानिसको हिंसामुखी कार्यप्रति समेत व्यङ्ग्य गरेका छन् । उनको **मोक्ष प्राप्ति** लघुकथामा द्रव्यलोभी बाहुनबाजेको प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । भट्टको **वास्तविक रूप** लघुकथामा दिनभरि भिक्षा माग्ने जोगीहरू साँझ भट्टिमा भेटिएकोमा

उनीहरूको ढोँगी चरित्रप्रति व्यङ्ग्य गरिएको छ । उनको **अहिंसा परमो धर्मः** लघुकथामा बुद्ध जयन्तीमा सक्रियतापूर्वक लाग्ने मानिस आफै हिंसामुखी कार्यमा लागेकोमा उसको त्यस्तो कार्यप्रति यसरी व्यङ्ग्य गरिएको छ :

> केही समय पछिको कुरा हो । आफ्नो नियमित दिनचर्या जस्तै जुजुमान आफ्नो होटलको काममा लाग्यो । उसलाई कामदारहरूले काममा ढिलासुस्ती गरेजस्तो लाग्यो । त्यसपछि ऊभित्रको साहु जुर्मुरायो र अनि बेस्सरी करायो, “ए सन्ते, हैन, तैँले मासु काटिस कि काटिनस् ? ग्राहकले मागेको बेला दिन सकिएन भने के होला ? क्यासेटमा बुद्धको अहिंसासम्बन्धी भजन जोरजोरले घन्किरहेको थियो ( भट्ट, २०६४ : १२) ।

रवीन्द्र समीरका लघुकथामा धार्मिक विषयलाई प्राथमिकता दिइएको पाइन्छ । उनका लघुकथामा मन्दिरमा हुने ठेलमठेल, भाग्यवादप्रति व्यङ्ग्य, ईश्वरीय जीवनप्रति अनास्था जस्ता प्रवृत्तिहरू पाइन्छन् । उनको **ईश्वरका कथा** पौराणिक पात्रहरूलाई विषय बनाएर लेखिएको लघुकथा कृति हो । यस कृतिमा पौराणिक पात्रका माध्यमबाट मानवीय जीवनका दुर्गुण, विकृति, विसङ्गतिप्रति व्यङ्ग्य गरिएको छ । उनकै **ढुङ्गाको देवता** लघुकथामा मानिसले ईश्वरको पक्षमाभन्दा कर्मको पक्षमा लागेपछि सफलता पाएको देखाएको छ । समीरको **बयान** लघुकथामा आफूलाई बलात्कार गर्ने बाबालाई मार्ने महिलाको आत्मकथ्य छ । उक्त लघुकथामा धर्मको नाममा व्यभिचार गर्ने व्यक्तिहरूप्रति व्यङ्ग्य गरिएको छ । उनको **ईश्वरका कथाहरू** सङ्ग्रहभित्रको **उनन्चास** लघुकथामा मानिसहरू कुम्भकर्णभन्दा पनि अल्छी र सुताहा भएकोमा यसरी व्यङ्ग्य गरिएको छ, “हैन, यो पृथ्वीका मन्त्री र कर्मचारीहरू त मेरा पनि बाजे रहेछन् । वर्षैभरि सुत्ने, वर्षैभरि खाइरहने । कुम्भकर्ण निरूपाय भएर लङ्कातिर लागे” ( समीर, २०६५ : ८५)

लुमडी आचार्यका लघुकथामा धर्मका नाममा हुने हिंसाप्रति विरोधका साथै कट्टर ब्राह्मणका सिद्धान्त विरोधी कामकारवाहीप्रति व्यङ्ग्य गरिएको छ । उनको **हाडैहाड** लघुकथामा मांसाहारी पण्डितको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । आचार्यको **पूजा स्थगित** लघुकथामा पण्डितको नाफामुखी प्रवृत्तिप्रति यसरी व्यङ्ग्य गरिएको छ :

> आउँदो पूर्णिमाका दिन धुमधामसँग सत्यनारायणको पूजा लगाउने अठोट गरेछन् पल्लो गाउँका जजमान, गजराजले । यसको लागि आवश्यक सामग्रीबारे सल्लाह

गर्न र पुरेतजीलाई निम्तो दिन टायलघरे कहाँ पुगे धर्मानन्द । पूजा सकेर गीता पाठ गर्दै गएछन । हत्तपत्त बाहिर निस्केर पुरोहित्नी बज्यैले कानेखुशी गरिन-केहीबेर पर्खौं है काजी ! पूजा नसकी उहाँ कसैसँग बोल्नुहुन्न । यतिबेलै अपरिचित लाग्ने मानिस टुप्लिक्कियो । याँ ठारो, बुरो बाख्रो छैन ? उसले रूखो स्वरमा सोध्यो । आगन्तुकको बोली रोकिन नपाउँदै गीता पाठ स्थगित गर्दै चिच्याए धर्मानन्द -तुपुँचा कसाई हो ? पख्, पख्, सिंगौरी बाख्रो बैलियो, अब त्यसको काम छैन । मासु चैं थुप्रै छ यसको । मोल मिला र लैजा ( आचार्य, २०६८ : ५) ।

यस लघुकथामा पूजा नसक्दासम्म अरूसँग नबोल्ने पण्डित बगरे घरमा आउँदा भने ऊसँग बाख्रोको मोलतोल मिलाएको कुरा आएको छ । लघुकथामा धर्मको नाममा गरिने आडम्बरप्रति चोटिलो व्यङ्ग्य  प्रहार गरिएको छ ।

एलवी क्षेत्रीका लघुकथामा धर्मको नाममा हुने दङ्गाप्रति व्यङ्ग्य गर्नुका साथै ब्राह्मणको पतनोन्मुख चरित्रप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनको **धर्म अधर्म** लघुकथामा धर्मको नाममा हुने दङ्गाको साथै मानिसको जीवनप्रति गरिने खेलवाडप्रति व्यङ्ग्य गरिएको छ । त्यस्तै उनको  ब्राह्मण लघुकथामा वर्तमानमा बाहुन जातिका मानिसको संस्कारहीनको स्थितिलाई यसरी व्यङ्ग्य गरिएको छ :

अलिक अगाडि पुगेर पछि फर्केर हेरे-भारतीय मित्र कति टाढा पुगे होलान् भनेर । उनी पनि पछि फर्केर मतिर हेर्दै रहेछन् । म फेरि आफ्नो बाटो लागें । लगभग १० मिनट हिँडेपछि म एउटा गल्लीभित्रको सानो होटलमा पसें । कुनाको एउटा टेबलमा आफूलाई राख्न नपाउँदै एउटी ठिटी आइपुगी “के ल्याऊँ साब ?” “अँ, एउटा क्वाटर भोड्का र एक प्लेट ठूलो खसीको मःम को ल्याउन ।” (क्षेत्री, २०६४ : २९) ।

सिन्धु गौतमको **धर्म** लघुकथामा मन्दिरमा धेरै थोक चढाउनेहरूले गरिब मानिसलाई भने केही नदिने गरेकोमा व्यङ्ग्य गरिएको छ । गौतमको **न्याय** लघुकथामा भगवानको वर्षौंसम्म सेवा गर्ने पूजारीले केही नपाउने तर साहुमहाजन मोटाउने प्रवृत्तिप्रति यसरी व्यङ्ग्य गरिएको छ :

एकै छिन आएर मोटो रकम चढाउनेहरू राम्रोसँग मोटाएका छन तर म वर्षौंदेखि उनकै निःस्वार्थ सेवा गरिरहेछु नुवाइधुवाइ, सिँगारपटार, धुप र बत्तीले । जति गरे

> पनि मलाई यही पातलो धोती र गन्जीले कहिल्यै छोडेन । त्यही पनि उनै मोटाहरूले दिएका । मैले सोचेँ, पक्कै मैले घुस नदिएर भगवानले मलाई नहेरेका होलान् ( गौतम, २०६८ :४२) ।

देवेन्द्र अर्याल 'आँशु' का लघुकथामा धार्मिक क्षेत्र विकृतिको अखाडा बन्दै गएको र धार्मिक रूपमा बढदै गएको द्वन्द्व एवम् हिंसामुखी क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनको **द्वन्द्व** लघुकथामा धर्मको नाममा हुने गरेको विभाजनकारी क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । अर्यालको **मन्दिर** लघुकथामा धार्मिक क्षेत्र विकृतिको अखाडा बन्दै गएको र त्यहाँ धार्मिक कार्य गर्ने भन्दा पनि फटाहा केटाकेटी मात्र हुने गरेकोमा यसरी व्यङ्ग्य गरिएको छ :

> त्यहाँ मूर्ति पनि छैन । मन्दिरको झ्याल ढोका पनि छैन । कहिले भड्किला युवा युवतीका युगल जोडीको जमात मात्रै देखिन्छ । कहिले बोतलमा रक्सी पिउँदै गरेकाहरूको जमात देखिन्छ । कहिले लुकेर चुरोट देखि लागु औषधि लिनेहरूसम्मको भीड देखिन्छ । सर्वत्र त्यहाँको चर्चा चलेको छ । त्यहाँ अहिले हतियार लिएर अपराधिक व्यक्ति बाटो ढुक्ने गर्छन् । त्यसैले त्यहाँबाट दिउँसै पनि मानिसहरू हिँडन डराउँछन् । (आँशु, २०६६ : २५) ।

ध्रुव मधिकर्मीका लघुकथामा ईश्वरीय सत्ताप्रति अविश्वास गरिएको पाइन्छ । मानिसको हिंसामुखी क्रियाकलापप्रति विरोधका साथै त्यस्ता कार्यप्रति व्यङ्ग्य समेत गरिएको पाइन्छ । उनको **विश्वास/अविश्वास** लघुकथामा ईश्वरीय सत्ताप्रति अविश्वास प्रकट गरिएको छ । उनकै **बुद्ध कहीँ छैन** लघुकथामा हिंसाप्रति विरोधका साथै त्यस्ता क्रियाकलापप्रति व्यङ्ग्य समेत गरिएको छ । मधिकर्मीको **विस्फोट** लघुकथामा भोक र अभावले ग्रस्त मानिसका लागि केही गर्न नसक्ने भगवानप्रति व्यङ्ग्य गरिएको छ । भोक मेटाउन भगवानको मूर्ति समेत बेच्न बाध्य हुनपर्ने स्थिति सिर्जना भएको छ । मानवीय अस्तित्वको तुलनामा भगवानको मूर्ति केही नभएको विचार लघुकथामा यसरी प्रकट गरिएको छ, “उसले बेस्कन आँखा चिम्ल्यो र बरबरायो -घरमा ....। बालक रोइरहेको थियो -भोकले । सुकेको लाम्पटा छातीका झुलिरह्यो । “हे भगवान ! ” केही नपाएर उसले घुँडा टेक्यो । “एउटा बाँकी छ........भगवानको मूर्ति ।” पत्नीको स्वरमा एउटा विस्फोट भयो ! “के ?” उसलाई विश्वास भएन र ट्वाल्ल परेर हेर्न थाल्यो” (मधिकर्मी, २०५१ : ५) ।

कुसुम ज्ञवालीका लघुकथामा मानिसको भोट लिन मानिस हेरेर धार्मिक कार्य गर्ने नेताको स्वार्थी नेताको प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । त्यसरी नै सामान्य अवस्थामा भन्दा असमान्य अवस्थामा रहेका बेला मानिसमा समवेदना रहने भनेर मानिसको स्वार्थी एवम् अमानवीय क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनको **आस्था** लघुकथामा स्वार्थअनुसार काम गर्ने नेताको धार्मिक गतिविधिप्रति व्यङ्ग्य गरिएको छ । भगवान शीर्षकको लघुकथामा अगाडि कुनै सहयोग नगर्ने जमिन्दारले भट्टीमा रक्सी खान पैसा दिएको प्रति लघुकथामा यसरी व्यङ्ग्य गरिएको छ :

" तैँले बियर पनि खान पाइनस ? हिक्क ! हिक्क !!"

" एक गाँस पनि खान पाएन हजुर ।"

" ला खा । भोडका खा" उसले पचास रूपिँयाको नोट निकालेर दियो ।

सन्तेले निष्कर्ष निकाल्यो-मन्दिरमाभन्दा भगवान त बरू भट्टीमा पो हुँदा रहेछन् आजकल (ज्ञवाली, २०६० : १८) ।

भूपेन्द्र सुवेदीका लघुकथामा पण्डितको झुटो बोल्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । उनको **महात्माको करामत** लघुकथामा महात्माको वेशमा ठगी गर्ने डाँकाको क्रियाकलाप समेत देखाइएको छ । धर्मका नाममा चोर, डाँकालाई समेत आश्रय दिने र आफूलाई लुटदा पनि थाहा नपाउने असचेत गाउँले मानिसहरूको क्रियाकलापप्रति लघुकथामा यसरी व्यङ्ग्य गरिएको छ :

गाउँलेको सक्रियतामा तत्कालै पूरै गाउँ घेरियो । डाँडाहरू उम्कन नसकी सबै समातिए । समातिने मध्ये एकजना तिनै पूर्व परिचित महात्मा ब्रह्मचारी पो रहेछन् । उनलाई केरकार गर्दा आफ्नो समूहले गाउँका धनाढ्य मानिस पत्ता लगाएर समूहलाई जानकारी दिन पठाएकोले जासुसी गर्न आफू तीन दिन पहिले त्यस गाउँमा आएको साबिती बयान दिए । महात्मा त आफू ब्रह्मचारी ओडछन् घुस्सा कन्दमूल हग्छन मुसा पो रहेछन् (सुवेदी, २०६१ : १) ।

विनय कसजूको लघुकथामा स्वार्थका लागि मिल्ने फरक फरक प्रवृत्तिका पण्डितको क्रियाकलापलाई देखाइएको छ । उनले धर्मका नाममा हुने भेदभावलाई समेत पर्दाफास गरेका छन् । उनको **रामराज्यको काँटा** लघुकथामा धर्मका नाममा हुने भेदभावप्रति व्यङ्ग्य

गरिएको छ । कसजूको **अनर्थ** लघुकथामा अगाडि पछाडि कुकुर बिराला जस्तै लड्ने बाहुनहरू स्वार्थ मिलेपछि एक भएको देखाइएको छ । उनीहरूको स्वार्थी र लोभी प्रवृत्तिप्रति लघुकथामा तीव्र व्यङ्ग्य गरिएको छ ।

विश्वराज अधिकारीका लघुकथामा आफूलाई तटस्थ भन्ने महात्माको स्वार्थी क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा मानिसमा धर्मको नशा कसरी फैलिएको छ र त्यही नशा फैलाएर कसरी फटाहाहरूले आफ्नो स्वार्थ सिद्ध गरेका छन् भन्ने कुरा पाइन्छ । लघुकथामा मानिसहरूको धार्मिक अन्धताप्रति व्यङ्ग्य गरिएको छ । उनको **सूर्य** लघुकथामा धर्मको नशा कसरी फैलिएको छ र त्यसको नाममा फटाहाहरूले कसरी मानिसहरूलाई आफ्नो वशमा लिएर स्वार्थ सिद्ध गरेकोमा मानिसको धर्मका नाममा अन्धताप्रति व्यङ्ग्य गरिएको छ । अधिकारीको **स्वामीजी** लघुकथामा आफूलाई तटस्थ भन्ने मानिसको आत्मकेन्द्रित चिन्तन र आत्मसुरक्षा खोज्ने प्रवृत्तिप्रति व्यङग्य गरिएको छ ।

पूर्णप्रसाद ब्राह्मणका लघुकथामा धर्मका नाममा मानिसहरू विभाजित हुने गरेकोप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा देवताहरूमा रहेको आपसी लुछाचुँडी एवम् स्वार्थी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

गोपाल ढकालका लघुकथामा धर्मका नाममा बेइमान मानिसले फाइदा लिने कार्यप्रति व्यङ्ग्य गरिएको छ । उनले आफ्ना फाइदाका लागि धर्मको व्याख्या गर्ने प्रवृत्तिप्रति समेत व्यङ्ग्य प्रहार गरेका छन् । उनको **संरक्षण** लघुकथामा समाजमा अनैतिक क्रियाकलाप गर्ने मानिसलाई धेरै चन्दा दिएको आधारमा संरक्षण गर्ने र मान्यता दिने धार्मिक संस्थाको प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । ढकालको **पण्डित्याँई** लघुकथामा आफ्नो स्वार्थ अनुकूल धर्मको व्याख्या गर्ने पण्डित प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

डम्बर रसिक भारतीका लघुकथामा भाग्यवादप्रति विरोधका साथै पण्डित वर्गको लोभी स्वभावप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा भ्रष्ट व्यक्तिले धेरै चन्दा दिएकोमा त्यस्ता व्यक्तिलाई रथारोहन गर्ने क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनको **शुभदिन** लघुकथामा ज्योतिष वर्गको अनैतिक क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनकै **दानवीर** लघुकथामा भ्रष्टाचार गर्ने मानिस धेरै चन्दा दिएर धार्मिक संस्थामा सम्मानित हुन पुगेकोमा धार्मिक संस्थाको त्यस्तो क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

प्रयास सौरभ श्रेष्ठका लघुकथामा मानिसले धार्मिक दृष्टिले राम्रा नराम्रा जे जस्ता कार्य भए पनि देवताले त्यसप्रति कुनै प्रतिक्रिया नजनाउने गरेको घटना प्रस्तुत गरिएको छ । त्यसरी नै शहरबाट मूर्ति हराउँदा मूर्ति मात्र नभएर मूर्ति भएको सहर नै हराएको दृष्टिकोण प्रस्तुत गरिएको छ । उनको **अन्तर धर्म** लघुकथामा एक जना सेठले मन्दिरमा चढाएको पैसा एक जना गरिब बालकले लिएर त्यसबाट कापी कलम ल्याएर देवतालाई प्रणाम गरेको घटना प्रस्तुत गरिएको छ । लघुकथामा देवतालाई पैसा चढाउने सेठले गरिबप्रति ध्यान दिन नसकेकोमा उसको कृतिम धार्मिक आस्थाप्रति व्यङ्ग्य गरिएको । श्रेष्ठको **शहर** लघुकथामा सहरमा हुने गैरकानुनी कामप्रति व्यङ्ग्य गरिएको छ । सहरमा बढेको असुरक्षा र अपराधका कारण शहरको अस्तित्व नै लोप हुन लागेकोमा चिन्ता व्यक्त गरिएको छ । लघुकथामा त्यस्ता कार्यहरूप्रति चोटिलो प्रहार गरिएको छ ।

यसरी नै अमोद भट्टराई, शर्मिला खडका, षडानन्द पौडेल, टङ्कराम सुनुवार, रमेश भट्टराई, नारा जोशी, सुशीला देउजा, कल्याण पन्त, हरिहर पौडेल, माधव लामिछाने, भरत भारद्वाज, साधना प्रतीक्षा, अगीब बनेपाली, इन्द्रकुमार विकल्प, किशन थापा, रामविक्रम थापा, हरिप्रसाद भण्डारी, कृष्ण बजगाई, कपिल लामिछाने, यमनदेव उत्प्रेरक, पद्मप्रसाद शर्मा, बुद्धिनाथ ज्ञवाली, सरस्वती रिजाल, प्रदीप प्रधान, गोरखबहादुर सिंह, हरिगोविन्द लुइटेल, सुमन सौरभ, लुमडी आचार्य, शिवहरि अधिकारीका लघुकथामा समेत धार्मिक विषय उठाइएको पाइन्छ ।

## ४.६ नेपाली लघुकथामा आर्थिक विषयक व्यङ्ग्य

आर्थिक जगत विकासको मूल आधार हो । आर्थिक विकाससँग मुलुकको समग्र विकास पनि अगाडि बढेको हुन्छ । समाज एवम् राष्ट्रमा विभिन्न गतिविधि गर्नका लागि आर्थिक क्रियाकलापको महत्वपूर्ण भूमिका रहेको हुन्छ । नेपाली लघुकथामा आर्थिक जगत र सो क्षेत्रसँग सम्बन्धित सरकारी निकाय, गैर सरकारी निकाय, सङ्घसंस्था लगायतका नराम्रा गतिविधि एवम् विसङ्गत क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । आर्थिक क्षेत्रसँग सम्बन्धित विषय प्रमुखताका साथ प्रस्तुत गर्ने लघुकथाकारमा गोरखबहादुर सिंह, नवराज रिजाल, रवीन्द्र समीर, सुमनराज ताम्राकार, किशन थापा 'अधिर', कल्याण पन्त, रामबहादुर बानियाँ क्षेत्री, याकपिल लामिछाने, हरिगोविन्द लुइँटेल, आरआर चौलागाई, कृष्ण शाह यात्री, सरस्वती रिजाल, भीम राना जिज्ञासु, विनय कसजू, डम्बर रसिक भारती पर्दछन् ।

गोरखबहादुर सिंहका लघुकथामा आर्थिक क्रियाकलापलाई विषय बनाएर लेखिएको पाइन्छ । उनका लघुकथामा नेपालको कर्मचारीतन्त्रसँग सम्बन्धित आर्थिक गतिविधिले स्थान पाएको छ । उनका लघुकथामा कर्मचारीतन्त्रभित्र गरिने निर्माण कार्यका साथै कर्मचारीहरूको भ्रष्ट क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनको **कङ्गारूको शिकार** लघुकथामा निर्माण कार्यमा भ्रष्टाचार गर्ने इन्जिनियर आफ्नै कार्यालय आवासगृहमा भूँइचालोले मरेको पाइन्छ । सिंहको **रामझुपडीको रमाना** लघुकथामा आफू सरूवा भएपछि जिल्लाबाट विभिन्न सामान घर लगेर जाने भ्रष्ट हाकिमको चरित्रको पर्दाफास गर्नुका साथै उसको त्यो क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनको **कुइँकेल सरको सक्रियता** लघुकथामा प्रजिअ पुल भत्किन लाग्दा बनाउन कुनै चासो दिँदैन । पुल भत्किएपछि भने पुल बनाउनका लागि केन्द्रमा लेखी पठाउँछन् । लघुकथामा पुल निर्माण गर्दा हुने आम्दानीका लागि मरिहत्ते गर्ने प्रजिअको धनलोभी कार्यप्रति यसरी व्यङ्ग्य गरिएको छ :

> पुल भत्किनु पहिले र पछिका सबै निस्क्रिय/सक्रिय क्रियाकलाप नजिकैबाट नियालिरहेकी श्रीमतीले सोधिन्, "पुल नभत्कँदै मर्मतका लागि त्यति बिघ्न अनुरोध आउँदा हजुरले यादै गर्नुभएन तर भत्किएपछि यति धेरै सक्रियता किन हजुर ?" श्रीमती कुइँकेलको प्रश्न अनुत्तरित्त रह्यो । श्रीमान कुइँकेल पुल निर्माण गर्दा गरिने भण्डारणको लेखाजोखामा यति बिघ्न हराइसकेका थिए कि उनले आफ्नी श्रीमतीलाई सुनेकै थिएनन्  (सिँह, २०६५ : २२) ।

सिंहकै **कि चल्छ लोकसेवामा पनि ?** लघुकथामा आफूले नजानेपछि कर्मचारीलाई वातावरण सम्बन्धी कार्यपत्र बनाउनभन्दा उसले पनि बनाउन नजानेपछि लोकसेवामा पनि घुस ख्वाएर आएको हो की ? भन्ने आशंकाका साथ झपार्ने हाकिमको कार्यप्रति व्यङ्ग्य गरिएको छ । आफूले नजानेकोमा कुनै ग्लानी नहुने हाकिम अरूले नजानेकोमा हप्काउन पुग्छ । उनको **साथीको खोजमा** लघुकथामा पदमा रहेका बेला आफनो काम लिएर मात्र आउने तर अगाडि पछाडि वास्ता नगर्ने साथीहरूको प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

नवराज रिजालका लघुकथामा आर्थिक विषयलाई प्रमुख स्थान दिइएको पाइन्छ । उनका लघुकथामा राजनीति, परिवार, कर्मचारीतन्त्र एवम् गैरसरकारी संस्थामा हुने गरेका गलत आर्थिक क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । नवराज रिजालको **मिलनबिन्दु** लघुकथामा अगाडि पछाडि कुनै हालतमा नमिल्ने नेताहरू रक्सी भट्टीमा लेनदेन र खानपिन मिलेपछि एक भएको कार्यप्रति व्यङ्ग्य गरिएको छ । उनको **मूल्याङ्कन** लघुकथामा दाइजो

कम लिने ज्वाँइलाई ससुरालीमा सासु ससुराले हेला गरेको र दाइजो बढि लिने ज्वाँइलाई धेरै मान्यता दिने कार्यप्रति व्यङ्ग्य गरिएको छ । उनकै **विखण्डन** लघुकथामा एनजीओले गाउँमा गरेका आर्थिक गतिविधिका कारण गाउँले जनता अल्छी बनेको घटना प्रस्तुत गरिएको छ । एनजीओको गतिविधिप्रति लघुकथामा तीव्र व्यङ्ग्य गरिएको छ । नवराज रिजालको **तारतम्य** लघुकथामा घुसविरोधी आन्दोलनको नेता स्वयंले घुस मागेको घटनाप्रति यसरी व्यङ्ग्य गरिएको छ :

> आफूभन्दा पछाडि उभिने एक अधवैंसे व्यक्तिको सुझाउबमोजिम तीन रूपैयाँ दस्तुरमा दस रूपैयाँको अर्को नोट थपेर झ्यालबाट हात छिराई । भित्रको व्यक्तिले नजर पढ्दै तीन रूपैयाँको रसिद काट्यो । विस्मित नेत्रले पैसा र उक्त व्यक्तिलाई मङ्गलीले पुनः हेरी । रसिद काटने हिजोको घुसविरोधी ऱ्यालीमा सबैभन्दा मीठो कुरा गर्ने कमिज सुरूवाल लगाएको मोटे थियो (रिजाल, २०६७ : २५) ।

रवीन्द्र समीरका लघुकथामा नेपालको आर्थिक क्षेत्रसँग सम्बन्धित विसङ्गत उपभोक्तामुखी क्रियाकलापप्रति पनि व्यङ्ग्य गरिएको पाइन्छ । उनको **उपहार कार्यक्रम** लघुकथामा साबुन बिकाउन उपहार कार्यक्रम सञ्चालन गर्ने व्यापारीको गलत क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । समीरको **ईश्वरका कथाहरू** लघुकथा सङ्ग्रहको **एक** लघुकथामा मानिसको बजारमुखी एवम् पैसा लाई नै धेरै महत्व दिने प्रवृत्तिप्रति व्यङ्ग्य छ । उनको **प्राविधिक तालिम** लघुकथामा बेरोजगार युवाहरू लाई ठग्ने तालिम सञ्चालकहरूको क्रियाकलापप्रति यसरी व्यङ्ग्य गरिएको छ :

> रोजगारको ग्यारेण्टी भन्ने गुलियो नाराका साथ बजारभरि विभिन्न रोजगारमूलक तालिमहरू सञ्चालन हुन थाले । शिक्षित/अशिक्षित दुवै किसिमका बेरोजगार तथा आफ्नै पेट पाल्न नसक्ने रोजगार गरी दुवै खालका मान्छेहरू घरखेत बेचेर भए पनि रोजगारमूलक तालिम केन्द्रहरूमा भर्ना भए । तालिम लिने इच्छुकहरूको चाप अत्यन्तै बढी भएकोले दाल चामल बेच्ने बुद्धि भएका व्यापारीहरू समेत प्राविधिक तालिम केन्द्र खोल्ने प्रतिस्पर्धामा सामेल भए । छोटै समयमा ती संस्थाहरूबाट आवश्यकताभन्दा सयौं गुणा बढी प्रविधिविहिन प्राविधिक जनशक्ति उत्पादन भए । उत्पादित जनशक्ति मध्ये सोर्सफोर्स भएका र घुस दिन सक्ने बाहेक अन्य सबै फेरि बेरोजगार भए । आजभोलि नयाँ शैली र नयाँ कवचमा आकर्षक विज्ञापनहरू देखिन थालेका छन्-रोजगारीको ग्यारेन्टी सहित रोजगारमूलक तालिम लिएका

बेरोजगारहरूको लागि विशेष छुटमा प्राविधिक तालिम सञ्चालन भइरहेको छ ( समीर, २०६३ : ५२) ।

किशन थापा अधिरका लघुकथामा उद्योग व्यापार क्षेत्रका गलत कार्यका साथै समाजमा सम्पतिको धाक लगाउने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनको **नीति** लघुकथामा भ्याटको नाममा जनता ठग्ने सरकार एवम् व्यापारीको नीतिप्रति व्यङ्ग्य गरिएको छ । अधिरको **जागरण** लघुकथामा नारी जागरण सम्बन्धित सभामा महिलाहरू श्रीमानले विदेशबाट ल्याएको गहनालाई प्रदर्शन गर्न र त्यसैको नाममा झगडा गर्ने गरेको कार्यप्रति व्यङ्ग्य गरिएको छ । उनको **अन्तर्वार्ता** शीर्षकको लघुकथामा भारतीय व्यापारीले भारतमा भन्दा नेपालमा जनतालाई ठग्न सजिलो भएको विचार राखेको देखाइएको छ । लघुकथामा उसको नेपाली जनता ठग्ने कार्यप्रति यसरी व्यङ्ग्य गरिएको छ, “कहाँ हजुर ! अपना वहाँ त के व्यापार गरिलिन्छ । कभी हप्ता उठाइलिन आउँछ गुन्डे लोगसे पुलिस लोग तक...फिर कभी एकाध टयाक्ससिस्टम...उससे बडी बात त वहाँके लोगलाई यहाँ जस्तो अपनी माल उपरी दाममे भिडाना आसान छैन” (अधिर, २०६० : ४६) ।

कल्याण पन्तका लघुकथामा समाजमा हुने गरेका आर्थिक ठगीलाई मुख्य विषय बनाएको पाइन्छ । उनको **व्यापार** लघुकथामा जग्गा दलाली गर्ने मानिसले आफ्नै आफन्तलाई ठगेर पैसा कमाएको देखाइएको छ । **बेवारिसे** लघुकथामा मेनपावरका नाममा जनताको पैसा लुटने काम हुने गरेको र सो कार्यमा माथिदेखि तलसम्मका मानिसहरू संलग्न भएको देखाइएको छ । सो कार्यप्रति लघुकथामा व्यङ्ग्य गरिएको छ । पन्तको **भनसुन** लघुकथामा कमजोर विद्यार्थीले घुस खुवाएर डाक्टरीमा नाम निकालेको घटनाप्रति यसरी व्यङ्ग्य गरिएको छ :

> आषाढ मासा दुवैले चिकित्साशास्त्र विषयका लागि दरखास्त हाले । परीक्षा दिए । सात दिनपछि नतिजा सार्वजनिक भयो । गोपालको नाम निस्क्यो । ऊ सात दिनपछि भर्ना भयो । लगनशील विकल रनभुल्लमा पऱ्यो । शिक्षक लगायत साथीहरू चकित भए ।
>
> बेलुकी हर्षमानले सुब्बालाई गुनासो पोखे । सुब्बाले भने, “दाजु ! विकलका लागि म प्रयास गरिदिउँला तर मौकामा हीरा फोर्न पनि तयार हुनुपर्दछ (पन्त, २०६९ : ३९) ।

हरिगोविन्द लुइँटेलका लघुकथामा साहुमहाजनका क्रियाकलापका साथै गैरसरकारी संस्थाका क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनको **बन्द आँखा** लघुकथामा सामान्य मानिसलाई एक आपसमा भिडाएर आफू आर्थिक लाभ लिने साहुको गलत कार्यप्रति व्यङ्ग्य गरिएको छ । लुइँटेलको **वनमारा झार** लघुकथामा सामान्य मानिसले दाउराका लागि ल्याएको काठ आफू कब्जामा लिने र सो मानिसबाट समेत पैसा असुल्ने कार्यप्रति व्यङ्ग्य गरिएको छ । उनको **यसपालि भैरव निदायो** लघुकथामा आफ्नो काममा ठग्ने र गलत रिपोर्ट बनाएर पैसा पचाउने एनजीओको कर्मचारी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

कपिल लामिछानेको **उहिले बाजेका पालामा** लघुकथामा फाइनान्स कम्पनीका नाममा कम्पनी मालिक मोटाउने  र जनता दुब्लाउने कार्यप्रति व्यङ्ग्य गरिएको छ । **सर्पका खुट्टा** लघुकथामा प्रहरीले समात्न नसकेको तस्करलाई कुनै राजनीतिक सङ्गठन सम्बद्ध सङ्गठनले पक्रन्छन् । सर्पको खुट्टा सर्पले मात्र देख्छ भनेझैं हिजो त्यस्तै क्रियाकलापमा संलग्न हुनेहरू नै आज तस्कर समात्ने काममा लागेको भनेर व्यङ्ग्य गरिएको छ ।

सुमनराज ताम्राकारका लघुकथामा निर्माण व्यवसायीका आर्थिक भ्रष्टाचार र सामान्य मानिसको पैसा मोहलाई लिएर व्यङ्ग्य गरिएको छ । उनको **उत्कृष्ट ठेकेदार** लघुकथामा मन्त्रीलाई घुस ख्वाएर आफ्नो प्रशंसा गर्न लाउने ठेकदारले बनाएको सडक मन्त्री त्यहाँबाट उद्घाटन गरेर गएको लगत्तै बिग्रेको घटनाप्रति व्यङ्ग्य गरिएको छ । ताम्राकारको **विमान दुर्घटना** लघुकथामा विमान दुर्घटना भएपछि नक्कली अभिभावक बनेर पैसा लिन खोज्ने मानिसहरूको प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

आर. आर. चौलागाईका लघुकथामा मानिसका आर्थिक आकांक्षाले उत्पन्न लोभलालच भुल्ने प्रवृत्तिका साथै सबै कुरालाई पैसामा तौल्ने उपभोक्तावादी संस्कृतिप्रति व्यङ्ग्य गरिएको पाइन्छ । चौलागाईको **अतृप्त चाहना** लघुकथामा मानिसका अनन्त आर्थिक महत्वाकांक्षाप्रति व्यङ्ग्य गरिएको छ । त्यस्तै उनको **निर्धक्क** लघुकथामा सबै कुरालाई पैसामा मात्र तौल्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

कृष्ण शाह यात्रीका लघुकथामा अवैध धन कमाउने क्रियाकलापका साथै निजी क्षेत्रका नाममा हुने गरेको ठगीलाई विषय बनाइएको पाइन्छ । उनको **कन्जुस्याँइ** लघुकथामा अवैध रूपमा धन कमाउने कन्जुस मानिसले पछि चुनावमा उठ्दा ठूलो धनराशी खर्च गरेको

घटनाप्रति व्यङ्ग्य गरिएको छ । यात्रीको **सफलता** लघुकथामा अहिले निजी विद्यालय र अस्पतालमा हुने गरेको अकुत कमाइ र जनता ठग्ने क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

भीम राना 'जिज्ञासु' मेनपावरका गतिविधिका साथै जग्गा कारोबारका विषयलाई लघुकथामा प्रस्तुत गर्दछन् । उनको **दुःखको पहाड** लघुकथामा सामान्य मानिसलाई मेनपावरले ठगेकोमा त्यस्ता कम्पनीको ठगी कार्यप्रति व्यङ्ग्य गरिएको छ । जिज्ञासुको **भूमाफिया** लघुकथामा सरकारले जमिन अधिकरण गर्ने हल्ला फिँजाएर भूमाफियाले जनताको जमिन सस्तोमा किनेर त्यसमा व्यापारिक प्रयोजनका भवन बनाएको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

विनय कसजूका लघुकथामा व्यापारिक ठगीका साथै गैरसरकारी संस्थाका आर्थिक क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । कसजूको **बिजोरा जुत्ता** लघुकथामा नेता र कर्मचारीलाई घुस ख्वाएर भन्सार छलेर नाफा कमाउने व्यापारीको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनको **स्याललाई स्लिपिङ ब्याग** लघुकथामा एनजीओका नाममा हुने गरेको आर्थिक भ्रष्टाचारप्रति व्यङ्ग्य गरिएको छ ।

डम्बर रसिक भारतीका लघुकथामा कर्मचारीतन्त्रभित्रका भ्रष्ट क्रियाकलापको भण्डाफोर गरिएको पाइन्छ । उनको **शालिनकुमारको शालीनता** लघुकथामा खानपिनमा सबै थोक नखाने इन्जिनियर घुस खाने गरेको प्रति व्यङ्ग्य गरिएको छ भने **नियमितता/अनियमितता** लघुकथामा लामो समयदेखि भ्रष्टाचारमा लिप्त कर्मचारीले आफ्नो सफाइ दिएको घटनाका साथै नराम्रो क्रियाकलापप्रति समेत व्यङ्ग्य गरिएको छ ।

यस बाहेक आर्थिक विषयक व्यङ्ग्य प्रस्तुत गर्ने लघुकथाकारमा विश्वराज अधिकारी, टङ्कराम सुनुवार, गोपाल ढकाल, अच्युत घिमिरे, साधना प्रतीक्षा, मुक्तिनाथ घिमिरे, देवेन्द्र अर्याल, विजय सागर, दिलीप शाह, हरिप्रसाद भण्डारी, सरस्वती रिजाल, किशोर पहाडी, सुमन सौरभ, नारायण तिवारी रहेका छन् ।

नेपाली लघुकथाका कृतिहरूमा नेपालको आर्थिक क्षेत्रसँग सम्बन्धित विभिन्न विषयहरू प्रस्तुत गरिएको पाइन्छ । नेपाली लघुकथाकारहरूले आफ्नो लेखनको विषय मानिसहरूका आर्थिक क्रियाकलापका साथै विभिन्न सरकारी एवम् गैरसरकारी संस्थाहरूका क्रियाकलापलाई समेत बनाएका छन् ।

## ४.७ नेपाली लघुकथामा भाषा तथा साहित्य विषयक व्यङ्ग्य

नेपाली लघुकथामा भाषा तथा साहित्य विषयलाई प्रमुखताका साथ उठाइएको पाइन्छ । नेपाली लघुकथाकारहरूले साहित्यकार, समालोचक अनि साहित्यिक सङ्घसंस्थाका विसङ्गत पक्षप्रति व्यङ्ग्य गर्ने काम गरेको पाइन्छ । नेपाली लघुकथामा भाषा तथा साहित्य विषयक व्यङ्ग्य गर्ने लघुकथाकारमा आर.आर. चौलागाई, हरिप्रसाद भण्डारी, विनय कसजू, हरिगोविन्द लुइँटेल, कृष्ण शाह यात्री, कपिल लामिछाने, श्रीओम श्रेष्ठ रोदन, रवीन्द्र समीर, रामविक्रम थापा, किशन थापा अधिर, पुष्करराज भट्ट, सिन्धु गौतम, रामचन्द्र नेपाल, अगीब बनेपाली, कृष्ण बजगाई, डम्बर रसिक भारती, अच्यूत घिमिरे, धनुषराज राई, गोपाल ढकाल, जगदीश नेपाली रहेका छन् ।

आर.आर. चौलागाई साहित्यिक क्षेत्रसँग सम्बन्धित लघुकथा प्रस्तुत गर्ने प्रमुख लघुकथाकार मध्ये एक हुन् । उनका लघुकथामा साहित्यकारको ठग प्रवृत्तिका साथै समालोचकको धनलोलुप क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । साहित्यिक संस्थाका नाममा साहित्यकारलाई ठग्ने, छल्ने र ढाँटने काममा हुने गरेकोमा त्यसप्रति उनले व्यङ्ग्य गरेका छन् । साहित्यिक पत्रिकाका सम्पादकको स्वार्थी एवम् बेइमान चरित्र उदाङ्गो पार्नुका साथै त्यसप्रति तीव्र व्यङ्ग्य गरेका छन् । उनको **भूमिका** लघुकथामा पुस्तकको भूमिका लेखेबापत पैसा लिने समालोचकको प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । चौलागाईको **कवि गोष्ठी** लघुकथामा साहित्यिक कार्यक्रममा गम्भीर र सार्थक रचनाभन्दा पनि झाराटारा कविता सुनाउने कवि प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । उनको **पूर्वाग्रह** लघुकथामा रचना मन परे पनि मान्छे मन नपरेकोले रचना नछाप्ने साहित्यिक पत्रिका सम्पादकको कार्यप्रति व्यङ्ग्य गरिएको छ । उनकै **प्रगतिशीलता** लघुकथामा कार्यक्रममा पानी पनि नखुवाउने साहित्यिक संस्थाका मानिसले साँझ आफूहरू रमझम गरेकोमा उनीहरूको क्रियाकलापप्रति यसरी व्यङ्ग्य गरिएको छ, "तालीको गडगडाहट । सहभागीहरूको सुकेको ओठ र मुख । मलिनो अनुहार । भोक र तिर्खाले  लखतरान । बेलुखीपख । एयरकन्डिसनवाला सानदार होटल । आयोजक र अतिथिमध्ये कोही सोमरस घुट्क्याउँदै, कोही खसीको फिला लुछ्दै, कोही कुखुरा दार्दै, कोही के गर्दै...... कोही के गर्दै......" (चौलागाई, २०६५ : ८६)

हरिप्रसाद भण्डारीका लघुकथामा साहित्य क्षेत्रसँग सम्बन्धित विषय सन्दर्भ प्रमुखताका साथ उठाइएको पाइन्छ । उनका लघुकथामा एकाध साहित्यकारमा रहेको शक्तिपूजक प्रवृत्तिका साथै पत्रकारको साहित्यकार हेप्ने कार्यप्रति समेत व्यङ्ग्य गरिएको छ । भूमिका लेखाउने रहरमा रचना नै न्यून राखेर पुस्तक छाप्ने क्रियाकलापका साथै अति प्रचारमुखी प्रवृत्तिप्रति समेत उनले व्यङ्ग्य गरेका छन् । उनको **व्यथित कविता** लघुकथामा पत्रिकामा अरू सामग्री नपाएर खाली ठाउँमा कविता छाप्ने सम्पादक र पत्रिकामा छापिने भनेपछि झटपट गरेर रचना दिने कवि दुवै प्रति व्यङ्ग्य गरिएको छ । भण्डारीको **नाम कमाउने रहर** लघुकथामा धेरै पैसा खर्च गरेर पुस्तक छपाएर विमोचनमा धेरै खर्च गर्ने व्यापारी रातारात चर्चित साहित्यकारका रूपमा दरिएकोमा त्यस गलत कार्यप्रति व्यङ्ग्य गरिएको छ । उनको **कविता सङ्ग्रह** लघुकथामा बढी भूमिका लेखाउने नाममा कविता सङ्ग्रहमा कविता न्यून भएकोमा यसरी व्यङ्ग्य गरिएको छ, "पुस्तक प्रकाशित गर्ने क्रममा विशिष्ट महानुभावहरूका पुस्तकप्रतिका धारणाहरू प्रकाशित गर्दै जाँदा पुस्तकको आकार ठूलो हुने भयो । त्यसैले यस सङ्ग्रहमा खासै कविताहरू प्रकाशित गर्न सकेनौं । अर्को खण्डमा अवश्य प्रकाशित गर्नेछौं, प्रतीक्षा गर्नुहोला (भण्डारी, २०६३ : ३३) ।

विनय कसजूका लघुकथामा साहित्य एवम् कला क्षेत्रसँग सम्बन्धित विषय सन्दर्भ प्रमुखताका साथ उठाइएको छ । उनका लघुकथामा साहित्यका नाममा फैलिएको नातावाद कृपावादप्रति व्यङ्ग्यका साथै श्रम शोषण गर्ने प्रवृतिप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनको **घरायसी साहित्य** लघुकथामा साहित्यका नाममा हुने गरेको परिवारवादप्रति व्यङ्ग्य गरिएको छ । कसजूको **बक्सिस** लघुकथामा कलाकारले बनाएको पानस मन परेर जरसाबले दिएको पुरस्कार जरसाबका कर्मचारीले खाएको र जम्मा १० रुपैया मात्र कलाकारलाई दिएकोमा अरूको श्रम शोषण गर्ने प्रवृत्ति भएका कर्मचारी वर्गको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनको **कविता मीठो की डिनर ?** लघुकथामा डिनर खुवाउने भनेर भीड जम्मा गर्ने तर भोकै घर पठाउने साहित्यिक कार्यक्रम आयोजकको चालाप्रति यसरी व्यङ्ग्य गरिएको छ, "निम्तो कार्डमा किन डिनर लेखेको ?" धेरै श्रोताहरू एकै स्वरमा चिच्याए । आयोजकले विनम्र हुँदै भने, "माफ गर्नुहोला, आज अप्रेल महिनाको पहिलो तारिख हो भन्ने कुरा यहाँहरूलाई थाहा होला । असुविधाका लागि हामी अत्यन्त दुःखी एवम् क्षमाप्रार्थी छौं । श्रोताहरू आयोजक प्रति क्रुद्ध भए " (कसजू, २०५७ : २६) ।

हरिगोविन्द लुइँटेलका लघुकथामा आफ्नो वैचारिक निष्ठाबाट विचलित हुने लेखकहरूप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनका लघुकथामा नयाँ लेखकलाई हेप्ने कार्य गर्ने साहित्यिक पत्रिका सम्पादक प्रवृत्तिप्रति समेत व्यङ्ग्य गरेका छन् । लुइँटेलको **कथाका पात्रहरू** लघुकथामा आफ्नो वैचारिक निष्ठाबाट पलायन हुने र स्वार्थका लागि नाजायज कार्य गर्ने लेखकप्रति व्यङ्ग्य गरिएको छ । उनकै **हा ! हा ! हा** ! लघुकथामा नयाँ साहित्यकारलाई हेप्ने र उनीहरूलाई हेप्ने कार्यप्रति व्यङ्ग्य गरिएको छ । हरिगोविन्दको **पुरस्कार** लघुकथामा पुरस्कार पाउन आफ्नै इतिहास मेटन पनि तत्पर हुने साहित्यकार प्रवृतिप्रति यसरी व्यङ्ग्य गरिएको छ, "वास्तवमा उसलाई त्यो पुरस्कार 'इतिहास निर्माणको लागि त्याग तपस्या' को कारण 'समाज'ले दिएको पुरस्कार नभईकन, यो त 'बनाएको इतिहासलाई भष्म पारेको' कारण 'सत्ता' ले खुशी भएर दिएको पुरस्कार थियो । यो कुरा उसलाई कसले सम्झाई देला ?" (लुइँटेल, २०५६ : १७) ।

कृष्ण शाह यात्रीका लघुकथामा साहित्य एवम् कलाकरिता क्षेत्रसँग सम्बन्धित विषय प्रमुखताका साथ उठाइएको पाइन्छ । उनका लघुकथामा साहित्य क्षेत्रमा मौलाएको विकृतिका साथै कलाकारहरूको अनावश्यक प्रतिस्पर्धाप्रति समेत व्यङ्ग्य गरिएको छ । उनले पुरस्कारका नाममा मौलाएको विकृतिप्रति समेत व्यङ्ग्य गरेका छन् । उनको **कला र जीवन** लघुकथामा कलाकारहरू बिचको अनावश्यक प्रतिस्पर्धाप्रति व्यङ्ग्य गरिएको छ । उनकै **योग्यता** लघुकथामा आफ्नै सालीलाई साहित्यिक पुरस्कार दिने पुरस्कार सञ्चालकको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । यात्रीको **विधा विमर्श** लघुकथामा साहित्यिक विधामा को ठूलो भन्ने प्रतिस्पर्धा चले पनि अन्त्यमा साहित्यिक लेखन भन्दा अखबारी लेखन नै बढी बिक्री हुने गरेको देखाइएको छ । साहित्यकारहरूका बिचमा आफूले कलम चलाउने विधा ठूलो भन्ने अहङ्कारप्रति यस लघुकथामा व्यङ्ग्य गरिएको छ । **अकविता** लघुकथामा साहित्यमा चल्ने आर्थिक चलखेल र पुरस्कारको नाममा हुने गरेको विकृतिप्रति यसरी व्यङ्ग्य गरिएको छ :

> भनेजति खर्च गर्न सक्ने हैसियत भएकोले उसले आफ्ना कविता एकजना राम्रा कविलाई पुर्नलेखन गर्न दियो । उसले कविताका असी प्रतिशत हरफ परिवर्तन भए । त्यसपछि उसले कहलिएको समालोचकलाई मोटो रकम दिएर भूमिका लेख्न लगायो । समालोचकले उसको पुस्तकमा प्रशंसाका शब्दहरूको वर्षा गरिदिए । उसले

चिल्लो र महँगो कागज राखेर आकर्षक छपाइमा पुस्तक निकाल्यो । केही महिनापछि उसको कविता सङ्ग्रहले अन्तर्राष्ट्रिय स्तरको पुरस्कार पायो (यात्री, २०६९ : १०२) ।

कपिल लामिछानेका लघुकथामा साहित्यमा चलेको आर्थिक क्रियाकलापका साथै साहित्यकारको सम्मान नहुने समाजिक परिपाटीप्रति व्यङ्ग्य गरिएको छ । उनल अरूलाई दुःख दिने साहित्यकार प्रति समेत व्यङ्ग्य प्रहार गरेका छन् । उनको **गाँठी कुरो** लघुकथामा पैसा लिएर भूमिका लेख्ने क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । लामिछानेको **साधक** लघुकथामा जिउँदा छँदा सम्मान नगर्नेले मरेपछि सम्मान गर्ने कार्यप्रति छेड हानिएको छ । उनको **कविजी** लघुकथामा अरूलाई दुःख दिने साहित्यकारप्रति यसरी व्यङ्ग्य गरिएको छ :

> अनि उनी पुनः पूर्ववतः कविता भट्याउँदै गए । माथि घरका सदस्यहरूले उसलाई व्यथाले अत्यधिक चापेर रातभर बड्बडाएको  भन्ठाने । उनीहरूले बिहान उज्यालो नहुँदै डाक्टर बोलाए । उनीहरू डाक्टर सहित कविको कोठामा छिरे । कवि त दुरूस्तै कविता भट्याउँदै थिए तर कविताप्रेमी त्यही भूँइमा लम्पसार पल्टेका थिए ( लामिछाने, २०६८ : ६१) ।

श्रीओम श्रेष्ठ 'रोदन'का लघुकथामा जनतामा साहित्यभन्दा विद्युतीय सञ्चार माध्यमप्रतिको मोहप्रति व्यङ्ग्य गरिएको छ । साहित्यको समर्थनका नाममा नेताले साहित्यकै अपमान गर्ने क्रियाकलापका साथै लेखक /कलाकारलाई भोट पाउनका लागि प्रयोग गर्ने राजनीति दलको क्रियाकलापप्रति समेत व्यङ्ग्य गरिएको छ । उनको **दृश्य** लघुकथामा कलाकारलाई चुनावका बेला भोट पाउने हतियार मात्र बनाएकोमा सो कार्य गर्ने राजनैतिक सङ्गठनको कार्यप्रति व्यङ्ग्य गरिएको छ । रोदनको **समर्थन** लघुकथामा नेताले साहित्यको समर्थन गरेको भनेर ताली बजाउने साहित्यकार वर्ग साहित्यलाई अनुत्पादक क्षेत्र भन्दा समेत ताली बजाउँछन् । यस लघुकथामा एकहोरो समर्थन गर्ने साहित्यकारको प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ भने अर्कोतिर साहित्यलाई हेला गर्ने नेताको कार्यप्रति समेत व्यङ्ग्य गरिएको छ । उनको **राष्ट्रिय कवि गोष्ठी** लघुकथामा कविता सुन्नमा भन्दा मानिसहरू टेलिफिल्मको सुटिङ हेर्न गएको देखाइएको छ । यस लघुकथामा मानिसहरूको न्यून चेतनाप्रति व्यङ्ग्य गर्नुका साथै मानिसलाई प्रभावित गर्न सक्ने सिर्जना तयार गर्न नसक्ने साहित्यकर्मी माथि यसरी व्यङ्ग्य गरिएको छ :-

एउटा मिनीबस नजिकैको डाँडामा आएर रोकियो । हुलमा केही व्यक्ति सलबलाए । एकआपसमा खासखुस गर्न थाले र अलि अलि गर्दै श्रोताहरू स्थानान्तरण हुँदै गए । बृहत राष्ट्रिय कवि गोष्ठीको स्वरूप क्रमशः सङ्कुचन हुँदै जान थालेको देखेर आयोजक र मञ्चका कविजीहरू अँध्यारा बन्दै गए । उद्घोषक हड्बडाउँदै पुनर्स्थिति कायम गर्नका लागि समाजलाई दिशाको बोध गर्न साहित्य र साहित्यकारहरूको मर्यादाका लागि अनुरोध गर्दै थिए । श्रोताहरू उद्घोषण सुन्दै हाँस्दै गोष्ठी परिसरबाट बाहिरिँदै थिए । नजिकैको डाँडामा भइरहेको टेलिफिल्मको सुटिङ्ग हेर्न कलाकारहरू हेर्न, कलाकारहरूको गतिविधि हेर्न (रोदन, २०५८ : ७६) ।

रामविक्रम थापा आफ्ना लघुकथा रचनामा साहित्यसँग सम्बन्धित विषय प्रमुखताका साथ प्रस्तुत गर्दछन् । उनको **कविताको मृत्यु** लघुकथामा समाजिक एवम् पारिवारिक समस्याका कारण एउटा कविले आफ्नो लेखन छोडेर कृषि कार्यमा लाग्नु परेको घटना प्रस्तुत गरिएको  छ । लघुकथामा साहित्यकारलाई हेर्ने सामाजिक दृष्टि सङ्कुचित रहेको र पारिवारिक सहयोग पनि नपाइने स्थितिप्रति व्यङ्ग्य गरिएको छ । थापाको **चमत्कारिक कवि** लघुकथामा साहित्यिक कृति प्रकाशित भएकै भरमा र पुरस्कार राखेकै कारण अस्तरीय साहित्यकार पनि चर्चित अनि उल्लेख्य कविमा दरिएको देखाइएको छ । यस लघुकथामा नेपालको साहित्यिक क्षेत्रमा मौलाएको विकृतिप्रति तीव्र व्यङ्ग्य गरिएको छ । उनको **पुरस्कृत कविता** लघुकथामा आफ्ना छोराछोरीलाई साहित्यिक क्षेत्रमा अगाडि बढाउन मानिसहरूले गर्ने गलत क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । आफैले लेखेको कवितालाई छोरीका नाममा प्रतियोगितामा भाग लिन लगाउने समालोचकको प्रवृत्तिप्रति लघुकथामा यसरी व्यङ्ग्य गरिएको छ :

निर्णायक मण्डलको एक सदस्यको नाताले आफ्नी छोरीको कविता प्रथम बनाउन उसले निकै जोड गऱ्यो । त्यस्तो प्रभावशाली कवि र समीक्षकको अगाडि अरूको केही चलेन । भोलिपल्ट उसको छोरीले त्यो भव्य मञ्चमा गएर कविता वाचन गरी । कविताले प्रथम पुरस्कार जितेर छोरीले पुरस्कार ग्रहण गर्दा बाबुचाहिँ मञ्चमा बसेर हाँस्दै थपडी बजाइरहेको थियो ( थापा, २०५५ : ३९) ।

किशन थापा 'अधीर' का लघुकथामा साहित्यमा मौलाएको बेइमानीका साथै राजनैतिक नेताको साहित्य क्षेत्रप्रतिको उपेक्षाप्रति व्यङ्ग्य गरिएको छ । उनको **दायित्व** लघुकथामा साहित्यिक पुस्तक विमोचन कार्यक्रममा ठूलठूला भाषण गर्ने नेता गाडीमा

चढेपछि आफूले विमोचन गरेको पुस्तकको पाना च्यातेर सिँगान पुछ्ने कार्य गर्दछन् । लघुकथामा नेताको उक्त गलत कार्यप्रति व्यङ्ग्य गरिएको छ । अधिरको **कला : प्रोत्साहन** लघुकथामा साहित्यकारको रचनामा समेत कर लगाउने नेताप्रति व्यङ्ग्य गरिएको छ । उनको **जय अवसरवाद** लघुकथामा जनताको पक्षमा लेख्ने साहित्यकारले दुःख पाएको र अवसरवादीले सम्मान पाउने गरेकोमा व्यङ्ग्य गरिएको छ । साथै आन्दोलनबाट भाग्न खोज्ने लेखकको प्रवृत्तिप्रति समेत यसरी व्यङ्ग्य गरिएको छ :

> तपाईलाई नलेख्नोस् भनेर कसले भनेको छ र ? तर आफूलाई बचाएर लेख्नुपर्छ क्या । आफ्नो आयु कसै गरे पनि घटाउनु हुन्न...अहिले त तपाईले अग्रज लेखकहरूले लेखेकै कुरालाई दायाँबायाँ लेखे भइहाल्यो नि । आफ्नो ज्यानको माया मारेर सङ्घर्षसङ्घर्ष गर्नतिर लाग्नु बुद्धिमानी नै हैन । नत्र हेर्नोस्, सङ्घर्ष गर्ने बेला देवकोटा र रिमालले देशका लागि आफ्नै जीवनै खर्चिए...मोज गर्ने बेलाचाहिँ त्यति बेला लुकेर बस्ने भातेहरू अहिले के के कवि बन्दै/भनिदै राष्ट्रिय सम्मान घिचिरहेछन् ....(अधिर, २०६० : ८८) ।

कृष्ण बजगाईका लघुकथामा साहित्यमा चलेको पैसामुखी क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनले अवसरवादीलाई पुरस्कार दिने चलन र लेख लेख्दा समर्थ प्रतिभाको अपमान गर्ने प्रवृतिप्रति व्यङ्ग्य गरेका छन् । उनको **विमोचन** लघुकथामा पैसा खर्च गर्न नसक्दा कुनै पनि समालोचक, विद्वान्ले नपत्याएको र पत्रपत्रिकामा नाम समेत नछापिएकोमा एक जना लेखकले आत्महत्या गरेको घटना आएको छ । यसै लघुकथामा साहित्यका नाममा पैसा खर्च गर्न सक्नेको गुणगान गर्ने र स्रष्टाको कदर नगर्ने साहित्यिक परिवेशप्रति तीव्र व्यङ्ग्य गरिएको छ । बजगाईको **परम्परा** लघुकथामा आफूलाई मन नपर्ने लेखकको नाम उल्लेख नगरेर लेख छपाउने समालोचक प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । उनको **पुरस्कार** लघुकथामा सत्ताको निकट रहने भाट लेखकलाई पुरस्कार बाँड्ने प्रवृत्तिप्रति यसरी व्यङ्ग्य गरिएको छ :

> कुनै न कुनै पुरस्कार पाउन लामो समयदेखि लागिरहेका एक लालची लेखकले त्यो पुरस्कार हत्याएरै छाड्ने अठोट लिएका रहेछन् । जुन जुन पार्टीको सरकार बन्छ, त्यही पार्टीको खाँटी कार्यकर्ता बनेर हिँड्न सक्ने उनको विशेष खुबी रहेछ । आफूभन्दा पनि खुबीवान् स्रष्टा भेट्टाएकोमा हत्त न पत्त उसैलाई पुरस्कार दिन

> घोषणा गर्‍यो । उसको घोषणा सुनेर कोही पनि आश्चर्यचकित भएनन् । कारण ऊ पुरस्कारको व्यवसाय गर्दथ्यो (बजगाई, २०६६ : ११६-११७) ।

डम्बर रसिक भारतीका लघुकथामा साहित्यिक पुरस्कारका नाममा हुने गरेको विकृतिप्रति व्यङ्ग्य गरिएको छ । स्रष्टा मरेपछि सम्मान गर्ने प्रवृत्तिप्रति आक्रोश पोखिएको छ । अर्काको रचना चोरेर आफूलाई सफल ठान्ने साहित्य क्षेत्रका विकृतिप्रति व्यङ्ग्य गरिएको छ र झटारो हानिएको छ । उनको **समवेदना** लघुकथामा जिउँदो छँदा हेला गर्ने मानिसहरू मरेपछि भने मिलनसार भनेर प्रशंसा गर्ने गरेकोमा सो क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । भारतीको **कवि गोष्ठी** लघुकथामा निरस कविता कार्यक्रम र सही गलतको छनौट नहुने गरेकोमा त्यस्ता कार्यप्रति व्यङ्ग्य गरिएको छ । उनको **छनौट** लघुकथामा साहित्यिक पुरस्कारमा हुने गरेको बेइमानी र स्वार्थी क्रियाकलापलाई यसरी व्यङ्ग्य गरिएको छ :

> बैठकको अध्यक्षता गरिरहेका छनौट समितिका संयोजक-सबै साथीहरूको कुरा सुनिसकेपछि मलाई के लाग्यो भने हामीले हतारमा यसको निर्णय गर्नु राम्रो हुन्न । बरू सबै सदस्यले कसलाई सम्मान गर्दा के कति फाइदा हुन्छ, त्यसको विस्तृत लेखाजोखा गरी प्रत्येक सदस्यले छुट्टाछुट्टै प्रतिवेदन सहित आजको पन्ध्र दिनपछि पुनः बैठक बसी निर्णय गर्ने गरी आजको बैठक यही टुङ्ग्याउँछु (भारती, २०६९ : ३०) ।

अच्युत घिमिरेका लघुकथामा पुरस्कारका नाममा मौलाएको विकृतिप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनका लघुकथामा परिवार र समाजबाट उचित वातावरण नपाउँदा प्रतिभा पलायन भएर जीवन नै समाप्त हुने स्थितिसम्म पुग्ने यथार्थ अवस्थाप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनले आफ्नो फाइदा हेर्ने स्वार्थी प्रवृत्तिप्रति समेत व्यङ्ग्य प्रहार गरेका छन् । उनको **दृष्टिकोण** लघुकथामा साहित्यिक पुरस्कारका नाममा हुने गरेको विकृतिप्रति व्यङ्ग्य गरिएको छ । घिमिरेको **प्रतिभाको मृत्यु** लघुकथामा परिवार र समाजबाट अपहेलना भएपछि राम्रै प्रतिभा पनि जँड्याहा भएर बर्बाद भएको देखाइएको छ । कुनै पनि मानिसलाई हेर्ने दृष्टि सकारात्मक हुन नसकेकोमा लघुकथामा सिङ्गो समाजप्रति नै व्यङ्ग्य गरिएको छ । उनको **स्वार्थ** शीर्षकको लघुकथामा आफ्नो फाइदा खोज्ने साहित्यकारको मौकावादी स्वार्थी कार्यप्रति यसरी व्यङ्ग्य गरिएको छ :

अब पत्रिकाको लागि रचना सङ्कलन भए, आर्थिक श्रोत जुटाइयो र अन्त्यमा सम्पादक छनौटका कुरा चले । यो अप्ठ्यारो अवस्थामा सबै मौन भए तर जीतप्रसादले मौकाको फाइदा उठाउँदै भने-गीतप्रसाद र हितप्रसादको अध्यक्ष र सचिवको रूपमा नाम छ । यस बुढेसकालमा केही न केही नाम त होस् । मलाई सम्पादकको रूपमा परिचय हुने मौका दिनुहोस (घिमिरे, २०६१ : ४५) ।

धनुषराज राई 'राशी'को **पुरस्कार** लघुकथामा पुरस्कार पाउन गरिने गलत क्रियाकलापप्रति यसरी व्यङ्ग्य गरिएको छ, "त्यसपछि उनीहरूले एक-एक वटा समूह बनाए । आ-आफ्ना बुबा-आमा र श्रीमतीको नाममा पुरस्कारको स्थापना गरे र अचेल, उनीहरू पालै-पालो एक-अर्कालाई पुरस्कृत गरिरहेछन्" (राशी, २०६२ : ११) ।

गोपाल ढकालको **उद्घोष** लघुकथामा साहित्यिक कार्यक्रममा खाजा खान मात्र जाने व्यक्तिको क्रियाकलापप्रति यसरी व्यङ्ग्य गरिएको छ, "कार्यक्रमको रूपरेखा अनुरूप अन्त्यमा सभापतिले सभा विसर्जन गर्छन् । कार्यक्रम सकिन्छ । सबै जन्याकजुरूक उठन थाल्छन् । तर उसको ध्यान भने उद्घोषकको उद्घोष सुन्न आतुर देखिन्छ । जलपान...." ( ढकाल, २०६२ : ५४) ।

जगदीश नेपालीका लघुकथामा साहित्यिक संस्थाका पदाधिकारीको अवसरवादी क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । लेखकलाई मरेपछि मात्र सम्झने प्रवृत्तिप्रति समेत व्यङ्ग्य प्रहार गरेका छन् । उनको **गोष्ठी** लघुकथामा गोष्ठीमा मीठो भाषण गर्ने साहित्यिक संस्था प्रमुख साहित्यकारले सहयोग माग्दा जाँदा बेवास्ता गर्ने गर्दछ । यस लघुकथामा साहित्यका नाममा आफ्नो नाम चम्काउने तर साहित्यकारलाई हेला गर्ने उसको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । नेपालीको **श्रद्धाञ्जली** लघुकथामा जिउँदा छँदा नहेर्ने मरेपछि सालिक बनाउने कार्यप्रति व्यङ्ग्य गरिएको छ ।

रवीन्द्र समीरका लघुकथामा प्रशंसा मात्र खोज्ने लेखकको प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । साहित्यिक क्षेत्रका चल्ने गरेको आक्षेप लगाउने कार्यप्रति समेत व्यङ्ग्य गरिएको छ । उनको **प्रवृत्ति** लघुकथामा आफ्नो प्रशंसा खोज्ने र विरोध हुँदा तिल्मिलाउने साहित्यकार प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । समीरको **विषवमन** लघुकथामा साहित्यिक क्षेत्रमा मौलाएको अरूको नचाहिँदो विरोध गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । उनको **पुरस्कार** लघुकथामा साहित्यकार बूढो भएपछि मात्र सम्मान गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । समीरको

**मौलिक लेखन** लघुकथामा अरूको चोरचार गरेर आफ्नो मौलिक लेखन भन्ने लेखकको आडम्बरी क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

पुष्करराज भट्टका लघुकथामा साहित्य क्षेत्रभन्दा बाहिरका मानिसलाई मञ्चमा आसन दिने र त्यस्ता व्यक्तिबाट आफ्नो प्रशंसा खोज्ने साहित्यिक संस्था सञ्चालकहरूको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा प्रतिभावान लेखकलाई हेला गर्ने र गुटबन्दी गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको पाइन्छ । भट्टको **आधुनिक साहित्यिक कार्यक्रम** लघुकथामा स्रष्टालाई हलभित्र छिर्न नदिने र चाटुकारहरूबाट आफ्नो प्रशंसा गराउने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । **नजिकको तीर्थ** लघुकथामा देशकै चर्चित साहित्यकारलाई राष्ट्रिय स्तरको पुरस्कार पाएपछि मात्र चिन्ने स्थानीय सञ्चार माध्यम एवम् संघसंस्थाको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

सिन्धु गौतमका लघुकथामा साहित्यमा मौलाएको पैसामुखी क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनको **फरक** लघुकथामा सम्पन्न साहित्यकारले पुरस्कार सम्मान पाउने गरेको र प्रतिभावान गरिब साहित्यकारको कुनै वास्ता नहुने गरेकोमा त्यस्तो परिपाटीप्रति व्यङ्ग्य गरिएको छ । सिन्धुको **रहस्य** लघुकथामा अरूबाट साहित्य लेखाएर आफ्नो नाममा छपाउने लेखिकाले विमोचन कार्यक्रमको निमन्त्रणा पत्र बाँड्दा आफ्नो विमोचन हुने कृतिको विधा नै भन्न सक्दिन् । उसले आफूले लेखेको भए निश्चय नै उसलाई आफ्नो पुस्तकको बारेमा थाहा हुन्थ्यो । अरूबाट लेखाएको कारण उसलाई आफ्नो विमोचन हुने पुस्तकको विधा समेत याद भएन । यस लघुकथामा साहित्यमा मौलाएको गलत प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

अगीब बनेपालीका लघुकथामा साहित्यमा मौलाएको पैसामुखी चरित्रप्रति एवम् साहित्यिक पुरस्कारका नाममा हुने गरेको विकृतिजन्य क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनको **पुरस्कार** लघुकथामा सम्पन्न र पाँचतारे होटलमा डिनर दिनसक्ने लेखकलाई पुरस्कार पाएकोमा यसरी पुरस्कार दिने साहित्यिक संस्थाको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । बनेपालीको **सवा सेर** लघुकथामा साहित्यिक प्रतियोगिताका निर्णायकले आफ्नो आफन्त महिलालाई पुरस्कार दिएकोमा सो कार्यप्रति व्यङ्ग्य गरिएको छ । उनको **को ठूलो ?** लघुकथामा साहित्यमा कुन विधा ठूलो भन्ने बहस गर्नेहरूप्रति व्यङ्ग्य गरिएको छ । **बाँकी विमोचन ?** लघुकथामा आफ्नै नोकरलाई उत्पीडनमा पारेर नोकरको कथा लेखेर चर्चित हुन खोज्ने साहित्यकारको कार्यप्रति व्यङ्ग्य गरिएको छ ।

सनत रेग्मीको **विमोचन** लघुकथामा पुस्तक विमोचनमा गरिने अत्यधिक खर्चप्रति व्यङ्ग्य गरिएको छ । उनको **ख्याति** लघुकथामा देश, विदेशले चिनेको चर्चित प्रतिभालाई आफ्नै गृहजिल्लामा कसैले चिन्दैनन् । उनको मलामीमा समेत मानिस नपाउने स्थिति उत्पन्न हुन्छ । लघुकथामा स्थानीय समाजमा रहेका मानिसहरूको अज्ञानता एवम् अनभिज्ञताप्रति व्यङ्ग्य गरिएको छ । रेग्मीको **नालायक** लघुकथामा साहित्यमा लाग्ने आफ्नो छोरालाई नालायक ठान्ने बाबुको चिन्तन प्रस्तुत गरिएको छ । लघुकथामा आर्थिक लाभ नहुने विषयलाई लायक नठान्ने समाजिक चिन्तनप्रति तीव्र छेड हानिएको छ ।

सरस्वती रिजालको **कवितागोष्ठी** लघुकथामा कविता सुन्नभन्दा मानिसहरूको भीड दोहोरी कार्यक्रम हेर्नमा लाग्ने गरेको कटु यथार्थ प्रस्तुत गरिएको छ । लघुकथामा साहित्यभन्दा दोहोरी कार्यक्रमलाई महत्व दिने मानिसहरूको कार्यप्रति व्यङ्ग्य गरिएको छ ।

गोरखबहादुर सिंहका लघुकथामा साहित्यलाई हेर्ने सामाजिक दृष्टिकोणका साथै साहित्यमा मौलाएको चाकरी प्रथाप्रति व्यङ्ग्य गरिएको पाइन्छन् । उनको **बिर्खे बिग्रन्छ क्यारे** लघुकथामा पैसा कमाउने काममा नलागेर कविता लेख्ने काममा लाग्ने छोरा बिग्रन्छ भन्ने मानिसको सोचाइ आएको छ । लघुकथामा पैसा कमाउने मानिस मात्र सप्रने र ज्ञान एवम् बुद्धि बढ्ने काममा लाग्ने मानिस बिग्रने भन्ने सोचप्रति व्यङ्ग्य गरिएको छ । सिंहको **मधुवार्ता** लघुकथामा आफ्नो काम निकाल्न हाकिमको चाकरी गर्ने साहित्यिक पत्रिकाको सम्पादकको कार्यप्रति व्यङ्ग्य गरिएको छ ।

यस बाहेक नेपाली लघुकथामा साहित्य/ कलासँग सम्बन्धित लघुकथा प्रस्तुत गर्ने अन्य लघुकथाकारमा सुमन सौरभ, किशोर पहाडी, लुमडी आचार्य, शिवहरि अधिकारी, सुमनराज ताम्राकार, बद्री पलिखे, भरत भारद्वाज, प्रदीप प्रधान, कुसुम ज्ञवाली रहेका छन् ।

### ४.८ नेपाली लघुकथामा शिक्षा विषयक व्यङ्ग्य

शिक्षाले मानवीय चेतनाको विस्तारमा ठूलो भूमिका खेल्दछ । मानव जीवनलाई सभ्य, सुसंस्कृत बनाउनमा शिक्षा क्षेत्रको प्रमुख भूमिका रहँदै आएको छ । नेपाली लघुकथामा शिक्षा क्षेत्र र सो क्षेत्रसँग सम्बन्धित सरकारी निकाय, गैर सरकारी निकाय, शिक्षक, अभिभावक, विद्यार्थी लगायतको गतिविधि एवम् क्रियाकलापप्रति व्यङ्ग्य गरिएको

पाइन्छ । नेपाली लघुकथामा कपिल लामिछाने, सिन्धु गौतम, आरआर चौलागाई, नारायण तिवारी, हरिप्रसाद भण्डारी, पुष्करराज भट्ट, मुक्तिनाथ घिमिरे, रामविक्रम थापा, रामचन्द्र नेपाल, कृष्ण शाह 'यात्री', दिलीप शाह, लुमडी आचार्य, अच्युत घिमिरे, रामबहादुर बानियाँ क्षेत्री, डम्बर रसिक भारतीका लघुकथामा शिक्षासम्बन्धी विषय प्रमुखताका साथ प्रस्तुत गरिएको पाइन्छ ।

कपिल लामिछानेका लघुकथामा नेपालको शैक्षिक क्षेत्रमा विद्यमान विकृति, विसङ्गति एवम् गलत क्रियाकलापप्रति व्यङ्ग्य प्रहार गरिएको पाइन्छ । उनका लघुकथामा शैक्षिक सङ्स्था, शिक्षक, विद्यार्थी, अभिभावक एवम् विद्यार्थी सङ्गठनका गलत क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनको **स्कुल** लघुकथामा विद्यार्थी बढाए मात्र शिक्षकको तलब बढाउने बोर्डिङ् स्कुलको प्रिन्सिपलको कार्यप्रति व्यङ्ग्य गरिएको छ । स्कुलमा बच्चा भर्ना गर्नका लागि बच्चा नभेटेपछि भर्खर जन्मेका बच्चाको हिसाब समेत शिक्षकले राखेको देखाएर बोर्डिङ्गसँग सम्बन्धित व्यक्तिहरूको चालामालाप्रति व्यङ्ग्य गरिएको छ । **छुट्टी** लघुकथामा विभिन्न बहानामा दिइने विदाप्रति व्यङ्ग्य गरिएको छ । कुकुरले छाउरा पाउँदा समेत विदा दिने भनेर विदा दिने कार्यप्रति कठोर व्यङ्ग्य प्रहार गरिएको छ । त्यस्तै **ट्युसन फिस** लघुकथामा कक्षामा पढाउन अल्छी गर्ने तर ट्युसनको नाममा पैसा असुल्ने शिक्षकका गतिविधिप्रति व्यङ्ग्य गरिएको छ । **अभिभावक १,२,३** अभिभावक वर्गको क्रियाकलापसँग सम्बन्धित लघुकथा हुन् । नेपालमा शैक्षिक क्षेत्र अगाडि बढ्नुमा अन्य पक्षलाई दोष दिए पनि अभिभावकतर्फ पनि आँखा पुगेको पाइँदैन । लघुकथाकार कपिल लामिछानेले आफ्नो लघुकथा लेखनको विषयका रूपमा अभिभावक वर्गका क्रियाकलापलाई पनि बनाएका छन् । यी लघुकथाहरूमा प्रिन्सिपलले विद्यार्थी बिग्रेको गुनासो अभिभावकसँग पुऱ्याउन जाँदा अभिभावक झन् पथभ्रष्ट भएको देखेर बाटोबाट फर्कनु परेको घटना प्रस्तुत गरिएको छ । विद्यार्थी राम्रो बाटोमा लाग्नका लागि उसको घरपरिवारको वातावरण राम्रो हुनुपर्दछ । अभिभावक सभ्य एवम् अनुशासित हुनुपर्दछ । असभ्य एवम् पथभ्रष्ट बाबुआमाका छोराछोरी लाई शिक्षकले जति गरे पनि सुधार्न सक्दैन भन्ने सन्देश दिइएको छ । लघुकथामा अभिभावक वर्गका नराम्रा क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

नेपालको शैक्षिक क्षेत्रको दुरावस्थालाई **कुम्भकर्णको अभिनय** लघुकथामा यसरी देखाइएको छ :

> विनिले निन्याएर हेरे । त्यो मान्छे त शिक्षकै थियो । ओइन, मुख्य शिक्षक (हेड मास्टर) नै थियो । उनले ठम्याए । सर, एइ ! उनी चर्को गरी कराए । मान्छे उठेर टुक्रुक्क बस्यो र आँखा मिच्न थाल्यो । के हो यो तरिका ? आज किन छुट्टी ? विद्यार्थी खोइ ? अरू शिक्षक खोइ ? विनिका प्रश्नका झटारा बर्से । मान्छे डरायो, अत्तालियो र अन्त्यमा संयमित हुँदै स्पष्ट पार्न थाल्यो -त्यो के छ नि सर, रामायणको पाठ पढाएको सर ...। मान्छे बोल्दै थियो । अनि के त ? विनि झोक्किए । मान्छे बोल्दै गयो- त्यो छ नि सर, रामायणको एक पात्र कुम्भकर्ण । कुम्भकर्णका बारेमा पढाएको विद्यार्थीले बुझ्दै बुझेनन् । त्यही अभिनय गरेर देखाउँदै थिएँ । ए केटा हो, कता मऱ्यौ ? ल आओ (लामिछाने, २०६१ : ३५) ।

यस **कुम्भकर्णको अभिनय** लघुकथामा नेपालको सरकारी विद्यालयको दुरावस्थालाई देखाइएको छ । विद्यालयमा विद्यार्थी, शिक्षक नभेटिनु र प्रधान अध्यापक सुतेर बस्नुले विद्यालयको लथालिङ्ग अवस्था देखिन्छ । **कुम्भकर्णको अभिनय** लघुकथामा नेपालको ग्रामीण क्षेत्रमा रहेका विद्यालयको दुरावस्थाप्रति तीव्र व्यङ्ग्य गरिएको छ ।

यसरी नै लामिछानेको **कलेज र माग** लघुकथामा नेपालको शिक्षा क्षेत्र अति राजनीतिकरणका कारण बदनाम भएको यथार्थलाई देखाइएको छ । लघुकथामा अति राजनीतिकरणका कारण क्याम्पस नै बन्द हुन पुगेको स्थितिलाई यसरी देखाइएको छ :

> र, अन्तमा विद्यार्थीले एक अर्को आन्दोलन छेडे । अकस्मात अफिसमा तालाबन्दी भयो । कक्षाहरू स्थगित भए । विद्यार्थीहरूले प्रिन्सिपललाई थुर्दै भने-“एउटा योग्य शिक्षक राख्न नसक्ने र राखेकालाई रोक्न नसक्ने प्रिन्सिपल पनि के प्रिन्सिपल ? अयोग्य प्रिन्सिपल राजीनामा दे । ....” उनी राजीनामा दिन बाध्य भए । कलेज बन्द भयो । अहिले त्यस कलेजको नामोनिसाना छैन । कतै छ त्यो कलेज ? ( लामिछाने, २०६८ : ५५) ।

यस लघुकथामा विद्यार्थी वर्गको जायज नाजायज मागहरू मान्दै जाँदा प्रिन्सिपल स्वयम्ले पद छोडनु परेको र कलेजको अस्तित्व नै मेटिन पुगेको छ । **कलेज र माग** लघुकथामा विद्यार्थी सङ्गठनको नाममा हुने गरेको अति राजनीतिकरण र त्यसले निम्त्याएको कुप्रभावप्रति व्यङ्ग्य प्रहार गरिएको छ ।

यसरी कपिल लामिछानेका लघुकथामा शिक्षक, विद्यार्थीका गतिविधिदेखि लिएर शैक्षिक संस्था एवम् विद्यार्थी सङ्गठनका नाममा हुने गरेका नराम्रा क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

रामविक्रम थापाका लघुकथामा नेपालको शैक्षिक क्षेत्रका विभिन्न घटना परिघटनालाई लेखनको विषय बनाइएको पाइन्छ । उनको **मानमर्दन** लघुकथामा पढेलेखेर सरकारी जागिर पाएको गाविस सचिवले पढ्न नसकेर गाविस अध्यक्ष भएको र सँगै पढ्दाको साथीको चाकरी गर्नुपर्ने बाध्यतालाई देखाएका छन् । यस लघुकथामा मानिसको योग्यताभन्दा पदलाई महत्व दिने समाजिक परिपाटीप्रति तीव्र व्यङ्ग्य गरिएको छ । थापाकै **कडी** शीर्षकको लघुकथा शैक्षिक क्षेत्रको विकृतिलाई उजागर गर्ने सशक्त लघुकथा हो । विदेशबाट नक्कली सर्टिफिकेट ल्याउने मानिस घुस ख्वाएर आफ्नो जागिर समेत स्थायी गराउन सफल हुन्छ । जग्गा बेचेर घुस दिएको ऊ आफू अगाडी बढन जे पनि गर्न तयार हुन्छ । लघुकथामा योग्यताको कदर नहुने र भ्रष्ट प्रवृत्ति मौलाएको वर्तमानप्रति यसरी व्यङ्ग्य गरिएको छ, "शिक्षा आयोग खुल्यो । रगतका नसा सुकाएर बि.एस्सी/बि. एड गरेको गरिब-पुत्र सेते शिक्षा आयोगमा फेल भयो । किनेर प्रमाणपत्र ल्याउने काले भने पास गरेर स्थायी शिक्षक भयो । पछि मंसिरमा बाली उठाउने बेलामा मात्र थाहा भयो । कालेका बाबु तल्लाघरेले एउटा ठूलै कित्ता खेत बेचिसकेको रहेछ" (थापा, २०५५ : ४०) ।

डम्बर रसिक भारतीका लघुकथामा शिक्षा क्षेत्रसँग सम्बन्धित विषयलाई सशक्त किसिमले प्रस्तुत गरिएको पाइन्छ । उनको **अभिनयहरू** लघुकथामा बसमा यात्रा गर्ने बेला आफ्नो गुरु आउँदा कृत्रिम रूपमा श्रद्धा व्यक्त गर्ने विद्यार्थी प्रवृत्तिलाई देखाइएको छ । भारतीको **शिक्षा संवाद** लघुकथामा विद्यार्थीको भविष्य बनाउने जिम्मा लिएका शिक्षक वर्ग विद्यालयको वार्षिक परीक्षा निकाल्ने समयमा आफ्ना कमजोर छोराछोरीलाई कसरी पास गराउने भन्ने चिन्ताले ग्रस्त हुन्छन् । लघुकथामा उनीहरूको त्यस्तो गलत कार्यप्रति व्यङ्ग्य गरिएको छ ।

अच्युत घिमिरेका लघुकथामा शिक्षकवर्गका गलत क्रियाकलापलाई लिएर व्यङ्ग्य गरिएको छ । उनको **शिक्षक** लघुकथामा विद्यार्थीप्रति अनावश्यक क्रूरता देखाउने शिक्षकप्रति व्यङ्ग्य गरिएको छ भने **पीडा** लघुकथामा एउटा गरिब मानिसलाई कम पैसा दिएर काममा राख्ने बोर्डिङ स्कुलको प्रिन्सिपलको गरिब पालेलाई शोषण गर्ने कार्यप्रति यसरी व्यङ्ग्य गरिएको छ :

> अचेल मगने बोर्डिङको अँध्यारो कोठामा बस्छ । पाँच सयको खोले उमालेर खान्छ । चौध रूपैयाँको मट्टीतेल बाल्न सक्दैन, ऊ दाउरा बाल्छ । दाउराको आगोले प्रत्येक दिन आफूलाई डढाइरहेको छ । बिचरो मगने । बोर्डिङ् बढाछ्र्, घण्टी बजाउँछ, सरहरूलाई मीठो चिया खुवाउँछ र फुर्सद भएको बेला हजार-बाह्र सय विद्यार्थीको अनुहार नियाल्छ (घिमिरे, २०६१ : ८३) ।

हरिप्रसाद भण्डारीको **गाइड मास्टर** लघुकथामा आफूले लेखेको गाइडबाट परीक्षामा नलेखेकोमा विद्यार्थीलाई फेल गराउने शिक्षकको कर्तुत उजागर गरिएको छ । लघुकथामा विद्यार्थीको भविष्यमाथि खेलवाड गर्ने शिक्षकको गलत प्रवृतिप्रति यसरी व्यङ्ग्य गरिएको छ :

> प्यारी छोरीको कुरा सुनेर शर्माजी मुसुक्क हाँसे र काम गर्दै बिस्तारै बोले-“त्यसो होइन नानु, सबै कमजोर त कहाँ छन र, लेख्न त ठीकठीकै लेखेका छन् । तर मेरो गाइड पढेर होइन, अरूकै गाइड पढेर । मैले अहिले यिनीहरूलाई भकाभक पास गराउन लागेँ भने मेरो गाइड किन्ने र मसँग ट्युसन पढनेवाला कोही हुनेछैनन् । अनि मैले यो घरखर्च र अनि तिम्रो बोर्डिङको खर्च कसरी चलाउने भन त ?” ( भण्डारी, २०६५ :५) ।

आर.आर. चौलागाईको **शिष्टाचार** लघुकथामा आफूले प्रगति गरेपछि आफूलाई पढाउने गुरुलाई अपमान गर्ने पूर्व विद्यार्थीको क्रियाकलापप्रति यसरी व्यङ्ग्य गरिएको छ :

> धेरै वर्षपछि उसको भेट रामनाथ गुरुसँग भयो । उसको उन्नति देखेर गुरु खुशी देखिन्थे । तर उसले गुरुलाई चिनेर पनि चिनेन । रामनाथ गुरुसँग बोल्दा उसको इज्जत जाने कुरा उसले सोच्यो । कुनै वास्ता गरेन । मुन्टो बटारेर हिँड्यो । बेलुकी श्रीमतीसँग भन्दै थियो ऊ-“म यति ठूलो मान्छेलाई भेट्दा पनि नमस्ते नगर्ने ? साला रामनाथे ।” (चौलागाई, २०६५ : १०९) ।

मुक्तिनाथ घिमिरेका लघुकथामा नेपालमा शिक्षा क्षेत्रमा मौलाएको आर्थिक भ्रष्टता एवम् शोषणलाई उठाइएको पाइन्छ । उनका लघुकथामा त्यस्ता गलत कार्यप्रति तीव्र व्यङ्ग्य गरिएको पाइन्छ । घिमिरेको **तपाईं** शीर्षकको लघुकथामा एउटा निम्न रकममा काम गर्ने बोर्डि शिक्षकका विवशतालाई उजागर गरिएको पाइन्छ । लघुकथामा बोर्डिङ मालिकले शिक्षकको आर्थिक शोषण गरेर आफू भने मोटाएको घटनाप्रति यसरी व्यङ्ग्य गरिएको छ,

“तपाइँ नरिसाउनुहोला तपाईंले प्रधान अध्यापकको रोहबरमा गर्नु भएको हस्ताक्षरमाथि लेखिएको विवरण थियो ‘कम्पनीमा दर्ता भई सञ्चालन भइरहेको यस बोर्डिङ स्कुलको म एक श्रमिक हुँ।’” (घिमिरे, २०६६ : ६)।

विजय सागरको **यथार्थ** लघुकथामा शिक्षा क्षेत्रमा हुने गरेको लुछाचुँडीजन्य क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ। त्यसरी नै शिक्षकले विद्यार्थीलाई गलत कार्य गरेकोमा हप्काउने गरेकोमा पछि शिक्षक आफै गलत कार्य गरेको भेटिएकोमा उसको गलत कार्यप्रति यसरी व्यङ्ग्य गरिएको छ, “केही दिन पछि त्यहाँ जुवाले हल्ला खल्ला मच्चायो, अनि एक रात मैले कसैले चालै नपाउने गरी जुवाको अखाडामा घेरा हालेँ र दुवै हातमा रिवाल्वर लिएर जब म जुवाको कोठामा पुगेँ, दृश्य अनौठो देखेँ- मेरा पूज्य गुरुज्यू कौडा भएको हात हल्लाउँदै भन्दै हुनुहुन्थ्यो-भारे भुरे   वाद !”  (सागर, २०६० : १)।

नारायण तिवारीको **जसको हात जुँगा मुसार्नमा उद्यत थियो** लघुकथामा आफ्नो बोर्डिङ स्कुलमा बच्चा पढाउन विभिन्न क्रियाकलाप गर्ने बोर्डिङको प्रवृतिप्रति व्यङ्ग्य गरिएको छ।

पद्मप्रसाद शर्माको **प्रधानअध्यापक** लघुकथामा आफ्नो काममा लापरवाही गर्ने शिक्षकप्रति व्यङ्ग्य गरिएको छ। उनको **कार्यभार** लघुकथामा शिक्षक वर्गमा रहेको स्वेच्छाचारी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ। आफ्नो जिम्माको काम नगर्ने अल्छी शिक्षकलाई गाली गर्दा आफ्नो जागिर गुम्ने त्रासले ग्रस्त प्रधानअध्यापकको मनस्थितिप्रति व्यङ्ग्य गरिएको छ।

दिलीप शाहको **संस्कार** लघुकथामा आफ्नो शिक्षक मित्रले भेट भएपछि काम गराउनका लागि घुसको पेशकश गरेको प्रसङ्गलाई अघि सारिएको छ। देशमा मौलाएको घुस्याहा प्रथाको प्रभाव शिक्षण जस्तो गरिमामय पेशामा रहेका मानिसहरूले समेत पछ्याएकोमा त्यस्तो प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ।

कृष्ण शाह यात्रीको **योगदान** लघुकथामा वर्षौंसम्म अरूलाई खेताला शिक्षक राखेर आफू नेतागिरी गर्ने मानिस पेन्सन पाउनुका साथै सम्मानित समेत भएको घटना प्रस्तुत गरिएको छ। वर्षौंसम्म  खेताला शिक्षक भएर काम गर्ने मानिस भने रित्तो हात घर फर्कन्छ। यस लघुकथामा शिक्षा क्षेत्रमा मौलाएको विकृति एवम् शोषणलाई व्यङ्ग्य गरिएको छ।

पुष्करराज भट्टको **कोचिङ शुल्क** लघुकथामा आफूले कोर्स समयमा पूरा गर्न नसक्ने बोर्डिङ्ले अभिभावकबाट कोचिङ्का नाममा पैसा असुल्ने गरेको विकृत क्रियाकलापप्रति झटारो हानिएको छ ।

विजय सागरको **गधाकाजीको गुरुकूल आश्रम** लघुकथामा शैक्षिक पदाधिकारी नियुक्तिमा हुने गरेको लुछाचुँडीप्रति व्यङ्ग्य गरिएको छ ।

यमनदेव उत्प्रेरकको **अर्ति** लघुकथामा विद्यार्थीलाई अर्ति दिने गुरुआमा आफू भने त्यसको उल्टो काम गर्ने गरेकोमा उनको सो कार्यप्रति व्यङ्ग्य गरिएको छ ।

यस लघुकथामा बोर्डिङमा काम गर्ने एक शिक्षकको अवस्थालाई लेखकले कुशलता साथ देखाउनुका साथै बोर्डिङ मालिकहरूले शिक्षक कर्मचारीप्रति गर्ने शोषण कार्यप्रति समेत व्यङ्ग्य गरिएको छ ।

यसरी नेपाली लघुकथाका कृतिहरूमा नेपालको शैक्षिक क्षेत्रसँग सम्बन्धित विभिन्न विषयहरू समेटिएको पाइन्छ । नेपाली लघुकथाका कृतिहरूमा शिक्षक-विद्यार्थीका क्रियाकलाप, शैक्षिक संस्थाका कामकारवाही, शैक्षिक क्षेत्रका अगुवाहरूको छाडापन, अभिभावकको व्यवहार, अति राजनीतिकरणका कारण उत्पन्न समस्याहरू जस्ता विभिन्न विषयप्रति तीव्र घोचपेचका साथै व्यङ्ग्य प्रहार समेत गरिएको पाइन्छ ।

## ४.९ नेपाली लघुकथामा स्वास्थ्य विषयक व्यङ्ग्य

नेपाली लघुकथामा स्वास्थ्य क्षेत्रसँग सम्बन्धित विषय प्रस्तुत गरिएको पाइन्छ । स्वास्थ्य क्षेत्र, स्वास्थ्यकर्मी, स्वास्थ्य संस्था एवम् सरकारी निकायसँग सम्बन्धित क्रियाकलापलाई प्रमुख विषय बनाएर लेखिएका लघुकथा स्वास्थ्य विषयक लघुकथा हुन् । नेपाली लघुकथामा रवीन्द्र समीर, सिन्धु गौतम, भीम राना जिज्ञासु, पुष्करराज भट्ट, किशोर पहाडी, लुमडी आचार्य, सुमनराज ताम्राकार, धनुषराज राई, दुर्लभलाल सिंह, राजुराम मुनङ्कर्मी, माधव लामिछाने, मुक्तिनाथ घिमिरे, प्रदीप प्रधानका लघुकथामा स्वास्थ्य विषयलाई प्रमुखताका साथ प्रस्तुत गरिएको पाइन्छ ।

स्वास्थ्य क्षेत्रसँग सम्बन्धित लघुकथा रचना गर्ने प्रमुख लघुकथाकारमा रवीन्द्र समीर पर्दछन् । उनका लघुकथामा स्वास्थ्य क्षेत्रका विभिन्न विसङ्गतिप्रति व्यङ्ग्य गरिएको

पाइन्छ । उनको **अहिले कहाँ हुनुहुन्छ ?** लघुकथामा आफू नर्सिङ होमबाट क्लिनिक जान लागेका डाक्टरले आफू जुम्ला अस्पतालमा भएको भनेर घटना आएको छ । लघुकथामा यसरी सुविधाजनक ठाउँमा बसेर पनि झुटो बोलेर दुर्गममा भएको भन्ने प्रवृत्ति प्रति यसरी व्यङ्ग्य गरिएको छ, "घर फर्किंदा रत्नपार्कमा एक जना परिचित डाक्टरसँग भेट भयो । "अहिले कहाँ हुनुहुन्छ डाक्टर साब ?" नर्सिङ होमबाट क्लिनिक जान हतारिएका चिकित्सकको जवाफ थियो-"जुम्ला अस्पतालमा" (समीर, २०६७ : ५२) ।

स्वास्थ्य क्षेत्रमा दुर्गम क्षेत्रमा बसेर काम गर्दा सेवासुविधा बढि पाइने भएकोले मानिसहरू दुर्गममा जाने गर्दछन् । सरकारले दुर्गममा खटाए पनि त्यहाँ नगएर राजधानीमै क्लिनिक र नर्सिङ होम चाहर्ने डाक्टरको पनि कमी छैन । यस लघुकथामार्फत स्वास्थ्य क्षेत्रमा देखिएको गलत क्रियाकलापप्रति व्यङ्ग्य गर्ने काम गरिएको छ । समीरको **झाँक्रीसाइँला** लघुकथामा अरूलाई डाक्टरकहाँ जानुहुँदैन भनेर पैसा, बोका, कुखुरा एवम् रक्सी रित्याउने झाँक्री आफै डाक्टरकहाँ जँचाउन गएको घटनाप्रति व्यङ्ग्य गरिएको छ । लघुकथामा मानिसहरू असचेत भएर अन्धविश्वासमा जक्रिएको र त्यसको फाइदा लोभीपापी मानिसले उठाएर आफ्नो व्यवसाय चलाएको प्रति व्यङ्ग्य गरिएको छ । **एड्स** लघुकथामा एड्स उन्मूलन संस्थाको हाकिमलाई नै एड्स लागेको घटना आएको छ । **रिपोर्ट बम** लघुकथामा घर खर्च चलाउन अनैतिक क्रियाकलाप गर्ने केटीलाई पछि एड्स लागेको छ । **यथार्थता** लघुकथामा कार्यक्रमा क्लिनिकको विरोध गर्ने डाक्टर कार्यक्रम सकिएपछि क्लिनिक जान हतारिएको देखाइएको छ । **पोशाक** लघुकथामा काठमाडौं उपत्यकाको फोहरमैलाका कारण मास्क लगाउने पर्ने बाध्यतालाई रोचक ढङ्गले प्रस्तुत गरिएको छ । काठमाडौं उपत्यकाको फोहरमैला प्रति लघुकथामा व्यङ्ग्य गरिएको छ ।

यसरी रवीन्द्र समीरका लघुकथामा एकातिर स्वास्थ्य क्षेत्रसँग सम्बन्धित व्यक्तिहरूका गलत क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ भने अर्कोतिर आफ्नो स्वास्थ्यप्रति सचेत नहुने र अनैतिक क्रियाकलापमा संलग्न हुने नागरिकले अन्त्यमा नराम्रो रोग लागेर बिमार हुनुपरेको छ । रवीन्द्र समीर आफू पनि स्वास्थ्य क्षेत्रमा संलग्न भएकोले उनले त्यस क्षेत्रका विकृति, विसङ्गति एवम् नराम्रा क्रियाकलापलाई देख्न एवम् बुझ्न् पाएका हुन् । उनका लघुकथामा स्वास्थ्य क्षेत्रले प्रमुख स्थान पाउनुमा उनको जीवन भोगाइले काम गरेको छ । त्यसरी नै उनका **फलफूल, फरक, पछुतो, स्वार्थ सेवा, अन्तिम धोको, जाल, विदेशी प्रिस्क्रिप्सन, साइनबोर्ड, प्रलय** लघुकथामा पनि स्वास्थ्य विषयक व्यङ्ग्य गरिएको पाइन्छ ।

सिन्धु गौतम स्वास्थ्यसम्बन्धी विषय प्रमुखका साथ उठाउने प्रमुख लघुकथाकार हुन् । उनी आफू स्वयम् पनि स्वास्थ्य क्षेत्रमा संलग्न छिन् । गौतमको **सुकुम्बासी** लघुकथामा विभिन्न सरसामान थुपार्ने, उपभोक्तावादी संस्कृति अपनाएर आफूलाई सभ्य देखाउन खोज्ने सुकुम्बासी बस्तीका मानिसहरू सरसफाइमा ध्यान दिन नसकेका कारण बिमार भएकामा उनीहरूको सो लापरवाहीपूर्ण कार्य प्रति व्यङ्ग्य गरिएको छ । उनको **व्यापार** लघुकथामा आफ्नो आर्थिक लाभका लागि अर्को ठाउँमा बिमारी पठाउने डाक्टर प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । आफ्नो स्वार्थका लागि जनताको जीवनप्रति खेलवाड गर्ने क्रियाकलापप्रति लघुकथामा छेड हानिएको  छ । **सेवा** लघुकथामा राजधानीमा रहेर पनि जुम्लामा रहेको भनेर हाकिमलाई फोन गर्ने स्वास्थयकर्मीको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । **सेतो कोट** लघुकथामा आफूले सहयोग माग्दा पनि कुनै वास्ता नगर्ने परिचित स्वास्थ्यकर्मीको प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । **सेतो कोट** लघुकथामा संवेदनहीन स्वास्थयकर्मीप्रति यसरी व्यङ्ग्य गरिएको  छ, “उही वातावरण, उही चिच्याहट मात्र ठाउँ थियो फरक । के ठाउँले गर्दा मान्छेको सिद्धान्त अनि व्यवहार नै फरक हुन्छ त ? आफैले आफैलाई प्रश्न गरेँ । उही सेतो कोट एउटा निजी अस्पतालमा एक रूपमा र सरकारी अस्पतालमा अर्कै रूपमा थियो” ( गौतम, २०६७ : ५१) ।

यसरी सिन्धु गौतमका लघुकथामा स्वास्थ्यप्रति असचेत जनताका क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । जनताको जीवनप्रति खेलवाड गर्ने स्वास्थ्य क्षेत्रसँग सम्बन्धित व्यक्तिहरूका गतिविधिप्रति उनले जोरदार व्यङ्ग्य गरेकी छन् ।

भीम राना ‘जिज्ञासु’ का लघुकथामा स्वास्थ्य क्षेत्रलाई प्रमुख विषय बनाइएको पाइन्छ । उनका **वर्ड फ्लू, एड्स रोकथाम, उपचार** लघुकथामा स्वास्थ्य क्षेत्रसँग सम्बन्धित व्यङ्ग्य गरिएको पाइन्छ । **वर्ड फ्लू** लघुकथामा वर्ड फ्लूको हल्ला चलेपछि स्यालले समेत घाँस खान थालेको प्रसङ्ग अघि सारिएको छ । यस लघुकथामा मानिसको मांसाहारी भोजन गर्ने क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनकै **एड्स रोकथाम** लघुकथामा यौन क्रियाकलापमा संलग्न पुरुषलाई महिलाहरू मिलेर मूर्ख बनाएको घटना प्रसङ्ग आएको छ । रानाको **उपचार** लघुकथामा एउटा हात भाँचिएकोमा अर्को हातमा प्लाष्टर गर्ने डाक्टरको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । **उपचार** लघुकथामा संवेदनहीन डाक्टर प्रति यसरी व्यङ्ग्य गरिएको छ :

फर्कने क्रममा जब ऊ प्लेनको टिकट काटेर छोरालाई फुल्याउने एउटा बिस्कुट किनेर दियो, त्यसबेला उसको छोराले अर्को सद्दे हातले बिस्कुट समात्न सकेन । यो देखेर उसले छोरालाई बिस्कुट खान कर गऱ्यो तर छोराले रूँदै भन्यो-"बाबा ! भाँचिएको हात त यो पो हो ।" त्यसपछि डाक्टरको उपचारलाई धिक्कार्दै रूँदै ऊ घर फर्कियो र अन्तै उपचार गर्न जाने निधो गऱ्यो (जिज्ञासु, २०६६ : ४८) ।

यसरी भीम राना 'जिज्ञासु' का लघुकथामा स्वास्थ्यप्रति असचेत जनताका मुर्खतापुर्ण क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनका लघुकथामा आफ्नो जिम्मेवारी सही किसिमले निर्वाह गर्न नसक्ने डाक्टरलाई समेत व्यङ्ग्य गरिएको पाइन्छ ।

यसरी नै सुमनराज ताम्राकार, पुष्करराज भट्ट, किशोर पहाडी, लुमडी आचार्य, धनुषराज राई, राजुराम मुनङ्कर्मी, माधव लामिछाने, मुक्तिनाथ घिमिरे, प्रदीप प्रधान, दुर्लभलाल सिंहका लघुकथामा पनि स्वास्थ्य क्षेत्र र यससँग सम्बन्धित विषयलाई उठाइएको पाइन्छ ।

सुमनराज ताम्राकारको **ओ निगेटिभ** लघुकथामा धेरै रक्तदान गर्ने मानिस दुर्घटनामा परेर आफै रगत नपाएर मर्नु परेको यथार्थ आएको छ । लघुकथामा जनताको जीवनप्रति उदासीन रहने स्वास्थ्य संस्थाको संवेदनहीन क्रियाकलापलाई यसरी व्यङ्ग्य गरिएको छ :

उसले तीन महिना अगाडि मात्र हो, समाज कल्याणबाट सर्वाधिक रक्तदान गर्ने रक्तदाताको रूपमा सम्मान पाएको । विधिको खेल उही व्यक्ति हिजो नराम्रो दुर्घटनामा परेछ । रक्तश्राव पनि निकै भएछ । पत्रपत्रिका, रेडियो, एफ एमबाट उसको मिल्दो रगत समूहको व्यापक खोजी गरियो तर कतैबाट पनि इन्तजाम भएन र उसको अकालमा मृत्यु भयो । त्यसै त हाल मागभन्दा पनि निकै कम मात्र रगत सङ्कलन भइरहेको समाचार प्रकाशनमा आइरहेको बेलामा उसको रगत समूह त अझ दुर्लभ ओ निगेटिभ पो रहेछ (ताम्राकार, २०६५ :४) ।

पुष्करराज भट्टको **इन्सफ्लाइटिसको प्रभाव** लघुकथामा तराईका जिल्लामा इन्सफ्लाइटिसको रोग फैलिएपछि मन्त्री अस्पताल निरीक्षणमा आउने खबर आएपछि जिल्लाभरि सरसफाइ अभियान सुरु हुने र अस्पतालमा पनि सरसफाइ कार्य प्रारम्भ हुन्छ । यस लघुकथामा ठूलाबडाका सामुन्ने काम गरे पनि अरू बेला जिम्माको काम नगर्ने एवम्

मानिस मरे पनि कुनै वास्ता नगर्ने स्वास्थ्य क्षेत्रका कर्मचारीको गलत प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

मुक्तिनाथ घिमिरेको **अन्तिम अस्त्र** लघुकथामा भाटे कारवाही गर्ने हल्ला चलेपछि मात्र अस्पताल सफा भएको घटना प्रसङ्ग उल्लेख गरिएको छ । सरसफाइमा उचित ध्यान नदिने अस्पतालका कर्मचारीको व्यवहारप्रति यस लघुकथामा व्यङ्ग्य गरिएको छ ।

धनुषराज राई 'राशी'को **आस्था** नामक लघुकथामा डाक्टरका बुवा बिमार भएपछि डाक्टरले उपचार गर्न नसकेपछि गाउँमा धामीलाई देखाउन लगेको घटना आएको छ । यस लघुकथामा मानिस मृत्युको भय भएपछि जे गर्न पनि पछि पर्दैन र उसले आफ्नो आस्था विपरीत काम गर्न पनि पछि पर्दैन भन्ने कुरालाई देखाइएको छ । मानिसको भयग्रस्त मानसिकताप्रति लघुकथामा यसरी व्यङ्ग्य गरिएको छ, "डाक बहादुर । डाक्टर सा'बका बाबु । बिरामी हुनुभयो । सहरका नामूद डाक्टरले समेत नसक्ने भएपछि विदेशतिर पनि लगियो । रोग उन्नाइस भएन । आज भरिया लगाई डोकोमा बोकेर कूलदेवता पूजा गर्न गाउँतिर लाग्दैछन्" (राशी, २०६२ : १३) ।

किशोर पहाडीको **काठमाडौं र प्लेग** लघुकथामा विदेशमा प्लेगबाट बच्न काठमाडौं आएका मानिस काठमाडौंमा समेत मानिसले नाक मुख छोपेर हिँडेकोमा आश्चर्यचकित हुन्छन् । लघुकथामा काठमाडौंको धुँवा धुलो र प्रदूषणप्रति यसरी व्यङ्ग्य गरिएको छ, "आफ्नो ड्याडीतिर हेरी र भनी, " ड्याडी ! ड्याडी ! प्लेग तो यहाँ भी है । हम कहाँ भागकर आए है ?" बाबु चाहिँले बुझ्न नसकी झ्याल वरिपरि हेर्दा थाहा पायो, यहाँका मानिसहरू पनि आफ्ना नाक, मुख कपडाले ढाकेर दगुरिरहेका छन्" ( पहाडी, २०५३ : १४) ।

प्रदीप प्रधानको **स्वास्थ्य शिविर** लघुकथामा भोकको उपचार गर्न गएकी महिला पात्रलाई डाक्टरले भोकको उपचार आफूसँग नभएको बताएर फर्काइदिन्छ । लघुकथामा नेपालीहरूको मुख्य रोग भनेको भोक रहेको र सो रोगको उपचारमा खासै ध्यान नदिने सरकारी निकायहरू प्रति यसरी व्यङ्ग्य गरिएको छ :

> "...भोक ज्यादै लागिरहन्छ, तर अन्नको गेडो छैन । डाक्टर साहेब सपना नदेख्ने र भोकै नलाग्ने औषधि दिनु होला, मेरो दश औंलाको बिन्ती छ । डटपेन ओठमा चेपेर डाक्टर ट्वाल्ल घोरिरहन्छन् । चमेली परियारले मागेको औषधि दिन सक्दैनन् ।

डाक्टर भन्छन् -तिम्रो औषधि मसँग छैन । तिम्रो औषधि बनेको छैन । यस रोगबाट डाक्टर किताब पढ्नै बाँकी छ" (प्रधान, २०६४ : २) ।

माधव लामिछानेको **उपचार** लघुकथामा नर्सिङ् होमले जनताको पैसा लुटने र सताउने क्रियाकलाप गर्ने गरेकोमा त्यस्ता कार्यप्रति यसरी व्यङ्ग्य गरिएको छ :

बिरामीका आफन्तले सोधे, "किन पुरानो नर्सिङ्ग होमले दिएको रिपोर्टले हुँदैन र ?" प्रश्न सोध्न नपाउँदै जवाफ आयो- "हामी अर्काले गरेको काममा विश्वास गर्दैनौं । आफै सबैथोक परीक्षण गर्छौं ।" अन्त्यमा दोहरो परीक्षणको पनि रिपोर्ट पनि एउटै । औषधि एक झोला । सम्झेर नसकिने पनि केके हो केके ? बिचरा बुढा पन्ध्र दिन बसे त्यहाँ, रोग ज्यूँका त्यूँ । आखिरमा उनलाई औषधि खान नछुटाउने भनी डिस्चार्ज गरियो पन्ध्र दिनपछि ( लामिछाने, २०६१ : ३०) ।

दुर्लभलाल सिंहको **छर्रा** लघुकथामा डाक्टरले बिरामीलाई औषधिको प्रयोगशाला बनाइरहने प्रवृत्तिप्रति यसरी व्यङ्ग्य गरिएको छ, "बाटोमा साथीले सोध्छ-किन औषधि फेरि फेरि दिइरहेको ? थुप्रै औषधी दिइसक्यो तैपनि निको भएन भनेर बिरामी कुरूवाहरू गुनासो गर्दैनन् । डाक्टर भन्छ-डाक्टर देउता होइन । उसले चरो रूपी रोगलाई छर्राले हान्छ । एउटा न एउटा गोली त कसरी त्यसमाथि नपर्ला ?" (सिंह, २०३७ : १२) ।

लुमुडी आचार्यको **शर्माजीको बठ्याँइ** लघुकथामा अरूलाई रक्सी, चुरोट नखान सल्लाह दिने डाक्टर आफै रक्सी, चुरोट खाने र कुतर्कको सहारा लिएर आफ्नो सफाइ दिने कार्य गर्दछ् । लघुकथामा उसको सो क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

राजुराम मुनङ्कर्मीको **झगडाको बीउ** लघुकथामा स्थायी बन्ध्याकरण असफल भएर बच्चा जन्मेपछि पति पत्नी छुट्टिएको घटना प्रस्तुत गरिएको छ । यस लघुकथामा स्वास्थ्य संस्थाको कमजोरी र लापरवाहीलाई व्यङ्ग्य गर्ने काम गरिएको छ ।

यसरी नेपाली लघुकथामा स्वास्थ्य संस्था, स्वास्थ्य संस्थामा कार्यरत जनशक्ति, स्वास्थ्य प्रति असचेत जनताका क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । स्वास्थ्य क्षेत्र जनताको पहुँचमा हुनुपर्ने र जनताको जीवन स्वस्थ्य हुनुपर्ने विचार यी लघुकथामार्फत नेपाली लघुकथाकारले व्यक्त गरेका छन् ।

## ४.१० नेपाली लघुकथामा प्रशासन क्षेत्रसँग सम्बन्धित व्यङ्ग्य

नेपाली लघुकथामा प्रशासन क्षेत्रसँग सम्बन्धित विषयवस्तु प्रमुखताका साथ उठाइएको पाइन्छ । नेपाली लघुकथामा उच्चपदस्थ कर्मचारीको भेदभावपूर्ण व्यवहार, भ्रष्ट एवम् अनैतिक क्रियाकलापका साथै तल्ला तहका कर्मचारीको घुस खाने प्रवृतिका साथै जनतालाई दुःख दिने क्रियाकलापको भण्डाफोर गर्नुका साथै त्यस्ता गलत क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली लघुकथामा प्रशासनिक क्षेत्रसँग सम्बन्धित विषय सन्दर्भ प्रमुखताका साथ उठाउने प्रमुख लघुकथाकारमा विनयकुमार कसजू, सुमन सौरभ, बद्री पलिखे, पुष्करराज भट्ट, हरिप्रसाद भण्डारी, कृष्ण बजगाई, दिलीप शाह, श्रीओम श्रेष्ठ, कपिल लामिछाने, रवीन्द्र समीर, गोरखबहादुर सिह, कल्याण पन्त, दुलर्भलाल सिंह, माधव लामिछाने, रामचन्द्र नेपाल, प्रदीप प्रधान, हरिगोविन्द लुइँटेल, एलवी क्षेत्री पर्दछन् ।

विनयकुमार कसजूका लघुकथामा राजनीति र कर्मचारीतन्त्रको मिलोमतोमा हुने भ्रष्टाचारप्रति व्यङ्ग्य गरिएको पाइन्छ । जनतालाई दुःख दिने क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । माथिल्ला तहका कर्मचारी भोजभतेरमा मस्त हुने र तल्ला तहका कर्मचारीलाई मारमा पार्ने क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा भ्रष्टाचारको विरोध गर्नेहरूले गणेशलाई लड्डु चढाएको रोचक प्रसङ्ग पनि प्रस्तुत गरिएको पाइन्छ । उनका **नेमप्लेट, मोल र मरमत, नर्क-स्वर्ग-नर्क, भकुण्डो, प्रारम्भ, कसको विकास, गणेशलाई लड्डु** लगायतका लघुकथामा प्रशासनिक क्षेत्रका विसङ्गतिप्रति व्यङ्ग्य गरिएको छ । **कसको विकास** लघुकथामा माथिल्ला हाकिम वर्गलाई भोज खुवाएर प्रमोसन हुने हाकिमको चालामालाप्रति व्यङ्ग्य गरिएको छ । **प्रारम्भ** लघुकथामा तलब पाएको दिन भोज खाने ठूला कर्मचारीको आदेशका कारण तल्ला तहका कर्मचारी आर्थिक मारमा परेको यथार्थ प्रस्तुत गरिएको छ । लघुकथामा ठूला कर्मचारीको यस्तो अव्यवहारिक कार्यका कारण तल्ला तहका कर्मचारी मारमा पर्दछन् । कर्मचारीको गलत क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । **श्री भ्रष्टाचारायः नमः** लघुकथामा भ्रष्टाचारको विरोध गर्ने कर्मचारीहरूले गणेशलाई लड्डु चढाउने कार्य गरिएको छ । उनीहरूको उक्त गलत कार्यप्रति यसरी व्यङ्ग्य गरिएको छ :

> देशमा घुसखोरी, कमिसनतन्त्र, भ्रष्टाचार बढेकोमा चिन्तित हुँदै बुद्धिजीवीहरूले भ्रष्टाचारको विरोधमा आन्दोलन चलाउने निधो गरे । भ्रष्टाचार विरूद्धको आन्दोलन शुभारम्भको शुभ अवसरमा आन्दोलनको सफलताको कामना गर्दै बुद्धिजीवीहरूले

सिद्धिदाता गणेशजीलाई एक सय आठ लड्डु चढाए । यसरी उनीहरूले कोसेली चढाएर भ्रष्टाचार विरोधी आन्दोलनको शुभारम्भ गरे ( कसजू, २०६६ : १६) ।

सुमन सौरभका लघुकथामा जनतालाई दुःख दिने कर्मचारीहरूको प्रवृत्तिका साथै घुस माग्ने हाकिमको क्रियाकलापप्रति समेत व्यङ्ग्य गरिएको पाइन्छ । उनका **उजुरी, कर्तव्य, हाकिम, कफर्यू, छनौट** लघुकथामा प्रशासनिक क्षेत्रका गलत क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । **उजुरी** लघुकथामा चोरीको साइकल पक्रिएपछि सम्बन्धित व्यक्तिलाई बुझाउनुको साटो आफै प्रयोग गर्ने प्रहरी हाकिमको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । **हाकिम** लघुकथामा तल्ला तहका कर्मचारीले घुस मागेको गुनासो गर्न जाँदा हाकिमले अझ बढी घुस मागेकोमा घुस्याहा हाकिमको यस्तो गलत क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनको कर्तव्य लघुकथामा चोर पक्रनु पर्ने पुलिसले चोरको साटो सामान्य मानिसलाई पक्रेर दुःख दिएकोमा उनीहरूको यस्तो गलत कार्यप्रति यसरी व्यङ्ग्य गरिएको पाइन्छ, “त्यो त हो साब, तैपनि....हामीले पक्रेका मान्छेहरू साँच्चै नै चोर होलान र ?” दोस्रो प्रश्न पुरा हुन नपाउँदै हवल्दार चर्कियो-“उफ, तँलाई त्यो सँग के को सरोकार ? हामी त खुशी हुनुपर्छ कि हामीले आफ्नो कर्तव्य पूरा गर्‍यौं” ( सौरभ, २०६८ : ३५) ।

बद्री पलिखेका लघुकथामा अनैतिक क्रियाकलापमा संलग्न हुने हाकिमको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा कर्मचारीवर्गको छेपारे प्रवृत्ति उदाङ्गो पारिएको छ । जनतालाई दुःख दिने एवम् एक अर्कामा शङ्का एवम् अविश्वास गर्ने कार्यप्रति व्यङ्ग्य गरिएको छ । पलिखेकै **उन्नतिको रहस्य, घुस, मोफसल, उग्रवादी, कबुल, कथा र हाकिम साब** लघुकथामा प्रशासनिक क्षेत्रका गलत क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । **उन्नतिको रहस्य** लघुकथामा आफ्नै कर्मचारीकी पत्नीसँग रासलीला मच्चाउने हाकिमको अनैतिक क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । **उग्रवादी** लघुकथामा सोझासाझा जनतालाई उग्रवादीको बिल्ला भिराएर मार्न लगाउने सिडिओको गलत कार्यको भण्डाफोर गर्नुका साथै सो कार्यप्रति व्यङ्ग्य समेत गरिएको छ । **कथा र हाकिम साब** लघुकथामा एक जना कर्मचारीले लेखेको कथा आफैमाथि व्यङ्ग्य गरिएको हो भन्ने शङ्काका आधारमा कर्मचारीलाई दुःख दिने हाकिमले अन्त्यमा झुक्नुपरेको छ । लघुकथामा शङ्काकै भरमा कर्मचारीलाई दुःख दिने हाकिमको क्रियाकलापप्रति यसरी व्यङ्ग्य गरिएको छ, “हाकिमसा’ब नीलो कालो भई शिर निहुर्‍याएर अदालतबाट बाहिरियो । त्यहाँ उपस्थित मान्छेहरूले हाकिमलाई हेर्दै एउटा कथाको निहुँमा मुद्दा लडने यो बेवकुफ हो । बिचरा,

उसको कर्मचारी रमेशले त्यसै दुःख पायो भनी आपसमा कानखुशी गरेको सुनियो" (पलिखे, २०६० : ७४) ।

पुष्करराज भट्टका लघुकथामा कर्मचारीतन्त्रभित्रको घुसखोरी, ढिलासुस्ती, भ्रष्टाचार, प्रशंसा र निन्दा गर्ने प्रवृत्तिका साथै ठूला कर्मचारीको भ्रष्ट एवम् गलत मूल्याङ्कन गर्ने क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनको **प्रक्रिया, वास्तविकता, मूल्याङ्कन, मितव्ययिता, ओरालो, मानसिकता, हाकिम** लघुकथामा प्रशासनिक क्षेत्रका गलत क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । **प्रक्रिया** लघुकथामा घुस खानका निमित्त मानिसहरूको काम अल्झाउने कर्मचारी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । **मूल्याङ्कन** लघुकथामा मानिसको मूल्याङ्कन चाकरीका आधारमा गर्ने हाकिमी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । **हाकिम** लघुकथामा अरूलाई आदेश दिने तर आफूले कुनै काम नगर्ने हाकिमको क्रियाकलापप्रति यसरी व्यङ्ग्य गरिएको छ, "उसले आफ्नो पुरानो बानी फेरि देखायो । सबलाई एकसाथ झपार्न थाल्यो । अति भएपछि एकजनाले भनिहाल्यो । "मुखले आदेश दिनु र काम गर्नुमा धेरै फरक हुन्छ, हजुर । हामीले गर्ने काम गर्न सक्नुहुन्छ । हिम्मत छ ।" यसो भन्दा उसले कुनै शब्द मुखबाट निकाल्न सकेन । उसले आफ्नो स्थिति बोध गरिहाल्यो" ( भट्ट, २०६४ : २६) ।

हरिप्रसाद भण्डारीका लघुकथामा कर्मचारीतन्त्रमा भएको भ्रष्टाचारी प्रवृत्तिका साथै चाकरी चाप्लुसी, अल्छीपनाका साथै कामचोर क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनका **चक्रवात, तटस्थ प्रशासन, चाकरी कला, शुक्रवार, समस्या** लघुकथामा प्रशासनिक क्षेत्रका विषयवस्तु उठाइएको पाइन्छ । **चाकरी कला** लघुकथामा कर्मचारी वर्गको चाकरी गर्ने क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । **शुक्रवार** लघुकथामा कार्यालयमा सुत्ने हाकिमप्रति व्यङ्ग्य गरिएको छ । **समस्या** लघुकथामा सेवाग्राहीको काम गर्न नसक्ने हाकिम आफूले काम पन्छाएको मानिस निरीक्षण टोलीको नेता भएको थाहा पाएपछि छाँगाबाट खसे जस्तै हुन्छ । लघुकथामा हाकिमको कामचोर र जनतालाई हप्काउने, दुःख दिने कार्यप्रति यसरी व्यङ्ग्य गरिएको छ, "यो काम मेरो हैन, कि हाकिमलाई भन्नुस् कि खर्दारलाई ।" उनी झर्किए । "हस् ।" त्यसपछि ऊ पल्लो कोठातिर लाग्यो । "हाकिमसाब ! अघि सेवाग्राही भएर आउने व्यक्ति त निरीक्षण टोलीको नेता पो रहेछन् । हजुरको प्रमोसनका लागि चालचलन बुझ्न आएका रे !" एकजना कर्मचारीले हाकिमका अगाडि उभिएर भन्यो ( भण्डारी, २०६७ : ५२) ।

दिलीप शाहका लघुकथामा कर्मचारीतन्त्र भित्रका घुस्याहा प्रवृत्ति, आर्थिक चलखेल, अवसरवाद जस्ता कार्यप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनका **स्वामीभक्ति, प्रयोग, नामर्द, दस्तुर, प्रमोसन, वेश्या हाँसो, औचित्य** लगायतका लघुकथामा प्रशासनिक क्षेत्रका क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । **स्वामीभक्ति** लघुकथामा भ्रष्टाचारको आरोपमा साना कर्मचारी कारवाहीमा परे पनि ठूलो कर्मचारी बचेकोमा व्यङ्ग्य गरिएको छ । **प्रयोग** लघुकथामा भ्रष्टाचारी कर्मचारीले अरू कर्मचारीलाई हप्काउने कार्य गर्ने गरेकोमा उसको उक्त क्रियाकलापमाथि व्यङ्ग्य गरिएको छ । **औचित्य** लघुकथामा आपसी लेनदेन मिलेपछि भ्रष्टाचार लुकाउने राजनैतिक नेता प्रवृत्तिप्रति यसरी व्यङ्ग्य गरिएको छ :

> लामो मौनतापछि 'इधरउधर' को गफ हुन्छ । भत्ता, भत्तापछि गह्रौं नास्ता पचाउनलाई माइन्युट गर्ने परम्परा निभाइन्छ । निर्णय भने सातौं आश्चर्यको हुन्छ - 'देशमा भ्रष्टाचार नामको जन्तु लोप भइसकेकोले भ्रष्टाचार छानबिनको औचित्य नभएकोले सर्वसहमति भएको कुरा सार्वजनिक गर्ने ।' भोलिपल्ट बिहान उनीहरू बसेको कुर्चीबाट कुहिएको मासुमा कीरा परेको जस्तो नाकै फुटाउने दुर्गन्ध आइरहेकोले नाकमुख छोपेर पियनले कोठा बढारिरहेको दृश्य फोटो खिच्न लगाएको हुन्छ (शाह, २०६६ : ४४) ।

कपिल लामिछानेका लघुकथामा कर्मचारीतन्त्रभित्रका ढिलासुस्ती, भ्रष्टाचार, अनैतिक क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनका **हाकिम साबको...., समस्या, हेडेक, कर्मचारी, असल मान्छे, छवि, भ्रष्टाचार निवारण दिवस, सुशासन** लगायतका लघुकथामा प्रशासनिक क्षेत्रमा हुने गरेका विभिन्न गलत क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । **समस्या** लघुकथामा चाकरीबाज कर्मचारीको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । **असल मान्छे** लघुकथामा हाकिमसँग डराएको कर्मचारी (स्टोर किपर) हाकिम आफूभन्दा पनि भ्रष्ट भएकोमा हाकिमलाई असल मान्छे ठान्न पुग्छ । लघुकथामा कर्मचारी वर्गको आपसी मिलेमतोमा हुने आर्थिक भ्रष्ट क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । **भ्रष्टाचार (निवारण) दिवस** लघुकथामा राजनैतिक उच्च तहबाट नै कसरी आर्थिक अपचलन हुन्छ भन्ने कुराप्रति यसरी व्यङ्ग्य गरिएको छ :

> अध्यक्षता गरिरहेका प्रधानमन्त्रीले गम्भीर भएर भने-"ल, यो प्रस्ताव सर्वसम्मतिले पास भयो । भ्रष्टाचार -निवारणमा हाम्रो ध्यान जानैपर्छ । अर्को एजेन्डा के छ ...? मुलुक भर दिवस मनाउँदा करौडौं खर्च भयो । भ्रष्टाचारका विरूद्ध भाषण गर्दा गला

अवरूद्ध भए पनि भ्रष्टाचार (निवारण) दिवसका दिनमा सबै मन्त्री र तिनका खल्तीहरू प्रफुल्ल देखिन्थे ( लामिछाने, २०६८ : १७) ।

रवीन्द्र समीरका लघुकथामा कर्मचारीतन्त्र भित्रको घुसखोरी, पदको भागबण्डा, चुक्ली चाप्लुसी गर्ने कार्यका साथै ढिलासुस्ती प्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनका **परिकार, उजुरी, ओ.के., विज्ञापन, हलो ! हलो !, फलाम-सलाम, आनन्द** लघुकथामा प्रशासनिक क्षेत्रसँग सम्बन्धित गलत क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । **उजुरी** लघुकथामा माथिल्लो पदका निमित्त आवेदन दिँदा धेरै साथी हुने मानिसको बढी उजुरी परेको देखाइएको छ । लघुकथामा धेरै साथी हुने मानिसको गोपनीयता नरहने र साथीहरूले गोपनीयता भंग गरेर निर्णायक अवस्थामा उजुरी गरेको घटना आएको छ । कर्मचारीतन्त्रमा रहेको चुक्ली चाप्लुसी गर्ने प्रवृत्तिप्रति समेत व्यङ्ग्य गरिएको छ । **विज्ञापन** लघुकथामा राजनीतिकर्मी र हाकिमहरूको भागबण्डा मिलेपछि कर्मचारी भर्नाको विज्ञापन खोल्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । **ओ. के.** ? लघुकथामा घुस खान नपाउँदा जनताको काम नगर्ने कर्मचारी वर्गको क्रियाकलापप्रति यसरी व्यङ्ग्य गरिएको छ, “दस्तखत मिलेन ।..... हाकिम साबको मुड अफ भएको छ । ...उहाँ बिदामा हुनुहुन्छ ।... उहाँ खाजा खान गएको तीन घण्टा भयो ।..चिया चमेनालाई यसो...। यस्तो पनि हुँदैन, उसो पनि हुँदैन भने तपाँईको काम पनि हुँदैन, ओ.के.?” (समीर, २०६७ : ९५) ।

कल्याण पन्तका लघुकथामा कर्मचारीतन्त्रभित्रका भ्रष्ट आचरण एवम् क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । **निरीह कर्मचारी** लघुकथामा कर्मचारी भर्ना गर्न माथिल्लो तहका हाकिमहरूले दवाब दिने कार्यप्रति व्यङ्ग्य गरिएको छ । **कारिन्दा** लघुकथामा घुस खानलाई सेवाग्राहीलाई दुःख दिने तल्ला तहका कर्मचारीहरूको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । **नतिजा** लघुकथामा कर्मचारी भर्नाका नाममा हुने भाइभतिजावादका साथै हानथाप र लुछाचुँडीप्रति यसरी व्यङ्ग्य गरिएको छ :

> अन्तर्वार्ता सफल भयो । कोही मन्त्री क्वार्टरमा धर्ना कसे । नतिजा प्रकाशन भयो । मन्त्रीका एकजना परे र नेताका एक जना पनि परेनन् । फेरि पनि धाँधलीको आवाज उठ्यो । तलदेखि माथिसम्म छानबिन भयो । तीन महिनापछि परीक्षा आयोग समितिका पदाधिकारी हिसासतमा परे । त्यहाँ मामा, ससुरा र हजुरबालाई भेट्न नव नियुक्त सुब्बाहरू भेटन गएको देखियो (पन्त, २०६९ : ३१) ।

दुलर्भलाल सिंहका लघुकथामा कर्मचारीतन्त्रभित्रको चाकरी प्रथा, ढिलासुस्तीको साथै माथिल्ला तहका कर्मचारीले तल्ला तहका कर्मचारीलाई हप्काउने कार्य गरेकोमा त्यस्ता कार्यप्रति व्यङ्ग्य गरिएको पाइन्छ । **हाकिम साब** लघुकथामा कर्मचारी तन्त्रभित्रको चाकरी प्रथाप्रति व्यङ्ग्य गरिएको छ । **हाकिम** लघुकथामा आफूभन्दा तल्ला तहका कर्मचारीलाई हप्काउने हाकिम आफूभन्दा माथिल्ला तहका हाकिम आउँदा भने भिजेको बिरालो हुनुपरेको छ । लघुकथामा हाकिमको शक्तिपूजक प्रवृत्तिप्रति यसरी व्यङ्ग्य गरिएको छ, "त्यो कुरा सुनेर अफिसको हाकिमको सातो पुत्लो उड्यो । उनी लगलग कामेर केही नबोली दुई हात जोडेर बसिरहे । उनको अवस्था हेरेर कर्मचारीले आफ्नो हाँसो रोक्न सकेन । ऊ कोठा थर्किने गरी हाँस्यो" ( सिँह, २०३७ : २६) ।

कृष्ण बजगाईका लघुकथामा कर्मचारीतन्त्र भित्रका चाकरी, चाप्लुसीका साथै भ्रष्टाचारजन्य क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनका **त्रास, पीडा, मितव्ययिता, प्रतिबिम्ब, लिफ्ट** लगायतका लघुकथामा प्रशासनिक क्षेत्रका विभिन्न विसङ्गत पक्षप्रति व्यङ्ग्य गरिएको छ । उनको **पीडा** लघुकथामा यौनजन्य गतिविधिमा संलग्न हुने हाकिमको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । **त्रास** लघुकथामा कर्मचारीवर्गको चाकडी र चाप्लुसी गर्ने कार्यप्रति व्यङ्ग्य गरिएको छ । **लिफ्ट** लघुकथामा कर्मचारीतन्त्रभित्रको चाकरी चाप्लुसीजन्य गतिविधिप्रति यसरी व्यङ्ग्य गरिएको छ :

> त्यसपछि अधिकांश कर्मचारीहरू लिफ्ट प्रयोग गर्नमा होडबाजी गर्न थाले । अधिकांश समय उनीहरू माथिल्लो तलामा रहेको हाकिमकै कोठा र ढोका वरपर बारम्बार देखिन्थे । केही समयपछि लिफ्ट प्रयोग गर्न सिपालु कर्मचारीहरूमा झन ठूल्ठूला परिवर्तन देखिन थाल्यो । उनीहरूको पद, पैसा र पहुँच एकाएक बढन थाल्यो । तर लिफ्ट चढन डराउने तथा परम्परागत भऱ्याङ प्रयोग गर्ने कर्मचारीहरू चाहिँ उही पद र अवस्थामा थिए । आफ्नो यो अवस्था देखेर उनीहरू निराश भए । त्यसपछि उनीहरू हाकिमका सामु गएर लिफ्टको विरोध गरे ( बजगाई, २०६४ : ७२-७३) ।

श्रीओम श्रेष्ठ 'रोदन' का लघुकथामा कर्मचारीतन्त्रभित्र ठूला कर्मचारीले साना कर्मचारीलाई सताउने कार्यप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा जनताको शान्ति सुरक्षाको जिम्मा लिएको पुलिस आफै नै चोरी कार्यमा संलग्न भएकोमा व्यङ्ग्य गरिएको छ । उनका **जिम्मेवारी, आदेश, वर्तमान** लघुकथामा प्रशासनिक क्षेत्रका विकृत गतिविधिप्रति

व्यङ्ग्य गरिएको छ । **आदेश** लघुकथामा राम्रो काम गर्ने सिपाहीलाई पुरस्कृत गर्नुको साटो आफूलाई सोधेर कार्य नगरेको भनेर दण्डित गर्ने सेनाका हाकिमको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । **वर्तमान** लघुकथामा चोरी गर्ने कार्यमा संलग्न प्रहरीको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

गोरखबहादुर सिंहका लघुकथामा कर्मचारीतन्त्रभित्रका भ्रष्टाचारजन्य गतिविधिका साथै कर्मचारी वर्गमा रहेको चाकरी चाप्लुसी गर्ने कार्यप्रति व्यङ्ग्य गरिएको छ । उनको **कङ्गारूको शिकार, कि चल्छ लोकसेवामा पनि ?, समाधान, रामझुपडीको रवाना, साथीको खोजीमा, शङ्का निवारण, सर्वसम्मत सरूवा, रमाना, कुँइकेल सरको सक्रियता** लगायतका लघुकथामा प्रशासनिक क्षेत्रका विभिन्न विकृतिजन्य क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनको **कङ्गारूको शिकार** लघुकथामा भ्रष्ट इन्जिनियर आफैले बनाएको भवनमा दबेर मरेको छ । लघुकथामा भ्रष्टाचारजन्य क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । **समाधान** लघुकथामा उच्च पदस्थ कर्मचारीको भ्रष्टाचारजन्य क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । **कुइँकेल सरको सक्रियता** लघुकथामा प्रमुख जिल्ला अधिकारीको भ्रष्ट क्रियाकलापप्रति लघुकथामा व्यङ्ग्य गरिएको छ । **सर्वसम्मत सरूवा** लघुकथामा साँचो नभएको उजुरी पेटिकालाई कार्यालयको बाहिर बरण्डामा सबैले देख्ने गरी राख्न लगाउने कर्मचारी क्रियाकलापप्रति लघुकथामा यसरी व्यङ्ग्य गरिएको छ, "उजुरीपेटीको ताल्चाको साँचो हराएको दुई वर्षभन्दा बढी भयो ।" नन्दरामको जवाफ थियो । तत्कालै सर्वसम्मतिबाट उजुरी पेटिकाको कार्यालयभित्रको साँघुरो र अँध्यारो कुनाबाट बाहिरको खुला बरण्डामा सरूवा भयो" (सिंह, २०६५ : ८६) ।

प्रदीप प्रधानका लघुकथामा सशस्त्र द्वन्द्वकालमा घटेका प्रशासनिक क्षेत्रका घटना प्रस्तुत गरिएका छन् । उनका विभेद, दुर्व्यसन, शान्ति लघुकथामा प्रशासनिक क्षेत्रका घटनाप्रति व्यङ्ग्य गरिएको छ । **शान्ति** लघुकथामा द्वन्द्वकालमा जनतालाई दुःख दिने सुरक्षाकर्मीको कार्यप्रति व्यङ्ग्य गरिएको छ । **दुर्व्यसन** लघुकथामा लागु औषध व्यापारीबाट कमिसन खाने प्रहरी हाकिमको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

हरिगोविन्द लुइँटेलका लघुकथामा कर्मचारीतन्त्रभित्रको भ्रष्ट क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा राज्यको सम्पति मागेर खाने क्रियाकलापप्रति समेत व्यङ्ग्य गरिएको छ । उनको **वनमारा झार** लघुकथामा वनविनाश गर्ने वनको हाकिमको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । **नियमानुसार** लघुकथामा हिसाब मिलाएर भ्रष्टाचार

गर्ने कर्मचारी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । **माछा र जाल** लघुकथामा राज्यको सम्पतिमा मोज गर्न खोज्ने जनताको प्रवृत्तिप्रति यसरी व्यङ्ग्य गरिएको छ :

> एक छाक 'माछा' माग्न आएका कान्छादाइलाई मैले 'माछा मार्ने जाल' नै दिएर त पठाएँ । तर उनले त त्यो जाल स्वयम्लाई लगेर बजारमा बेचेछन् र दुई छाक पुग्ने माछा किनेर घर लगेछन्, साँझ खाए, बिहान खाए । सकियो । उनको हालत जस्ताको तस्तै रह्यो । त्यसैले पक्का छ-उनी फेरि छिट्टै मकहाँ आउनेछन् र कपाल कन्याउँदै भन्नेछन्-"सभापतिज्यू, मद्दत पाउँ ।" (लुइँटेल, २०५६ : ४) ।

एलवी क्षेत्रीका लघुकथामा जागिरमा अगाडि बढ्न अनैतिक कार्य गर्ने कर्मचारी वर्गका गलत क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा बेइमान हाकिमले कर्मचारी लाई आदर्शको पाठ पढाउने कार्य गरेकोमा हाकिमको उक्त गलत कार्यप्रति व्यङ्ग्य गरिएको छ । क्षेत्रीका लघुकथामा जुनसुकै व्यवस्था आए पनि जनताको जीवनको अवस्था यथावत रहेकोमा सत्ता र स्रोत हातमा भएका ठूलाबडा मानिसहरूप्रति सशक्त व्यङ्ग्य गरिएको छ । **उड्किलो अर्थात नेमप्लेट** लघुकथामा जागिरमा पदोन्नति पाउन हाकिमकहाँ श्रीमतीलाई पठाउने कर्मचारीको गलत क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । **आदर्श** लघुकथामा कर्मचारीवर्गलाई अनेकन उपदेश दिने हाकिम आफै कार्यालय समयमा कार्यालय नबस्ने गरेकोमा उनको सो खराब कार्यप्रति व्यङ्ग्य गरिएको छ ।

महेश प्रसाईका लघुकथामा कर्मचारी वर्गमा रहेको भ्रष्ट प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । उनको **भूकम्प** कथामा भूकम्प आएपछि त्यसको नाममा आएको रकममा भ्रष्टाचार गर्ने कार्यप्रति व्यङ्ग्य गरिएको छ ।

माधव लामिछानेका लघुकथामा कर्मचारीतन्त्रभित्र जाली सर्टिफिकेट चल्ने गरेकोमा त्यस्ता क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनका लघुकथामा कार्यालयमा भ्रष्टाचार मौलाएको र सही काम गर्ने सरकारी कर्मचारीलाई आफ्नै हाकिमहरूले दुःख दिएको जस्ता घटना आएका छन् । छानबिन लघुकथामा नक्कली सर्टिफिकेटको जाँच गर्ने हाकिमको नै नक्कली सर्टिफिकेट मिल्छ । लघुकथामा कर्मचारीतन्त्रभित्र जाली सर्टिफिकेट चल्ने गरेकोमा त्यस्ता कार्यप्रति व्यङ्ग्य गरिएको छ । **उही दृश्य** लघुकथामा राजश्वको हाकिमको भ्रष्टाचारी कार्यको भण्डाफोर गर्नुका साथै उक्त कार्यप्रति व्यङ्ग्य गरिएको छ ।

यसरी नै जगदीश नेपाली, बालमुकुन्द खनाल, किशोर पहाडी, षडानन्द पौडेल, भुपेन्द्र सुवेदी, लुमडी आचार्य, शिवहरि अधिकारी, पूर्णप्रसाद ब्राह्मण, बुद्धिनाथ ज्ञवाली, रसुवाली कवि, सुमनराज ताम्राकार, रमेश भट्टराई 'पूजारी', मित्र पाठक राजु, भीम राना जिज्ञासु, केशव प्रधान, भरत भारद्वाज, मुक्तिनाथ घिमिरे, साधना प्रतीक्षा, हिरण्य भोजपुरे, अगीब बनेपाली, किशन थापा अधिर, श्रीबाबु कार्की उदास, देवेन्द्र अर्याल, कुसुम ज्ञवाली, अच्युत घिमिरे, सिन्धु गौतम, डम्बर रसिक भारतीका लघुकथामा पनि प्राशसनिक व्यङ्ग्य गरिएको पाइन्छ ।

### ४.११ नेपाली लघुकथामा विज्ञान विषयक व्यङ्ग्य

नेपाली लघुकथामा विज्ञानसँग सम्बन्धित विषयवस्तु आएको पाइन्छ । नेपाली लघुकथाकारहरूले विज्ञानका नाममा हुने गरेका मानवविरोधी क्रियाकलाप एवम् विसङ्गत पक्षप्रति व्यङ्ग्य गर्ने काम गरेको पाइन्छ । नेपाली लघुकथामा विज्ञान विषयक व्यङ्ग्य गर्ने प्रमुख लघुकथाकारहरूमा सुमन सौरभ, रमेश भट्टराई 'पूजारी', गोरखबहादुर सिंह, सुमनराज ताम्राकार, टङ्कराम सुनुवार, पुष्करराज भट्ट, रामविक्रम थापा, देवेन्द्र अर्याल 'आँशु', कृष्ण बजगाई, रवीन्द्र समीर, आर.आर. चौलागाई, गोपाल ढकाल एवम् डम्बर रसिक भारती रहेका छन् ।

सुमन सौरभका लघुकथामा विज्ञानसँग सम्बन्धित व्यङ्ग्य सघन रूपमा आएको पाइन्छ । उनको **रोबोट** लघुकथामा रोबोटले मान्छे बन्न चाहे पनि मानवीय विसङ्गति प्रति दिक्क भएर फेरि रोबोट नै बनेको प्रसङ्ग आएको छ । सौरभको यस लघुकथामा रोबोटका माध्यमबाट मानवीय विसङ्गतिलाई उठाउने र व्यङ्ग्य गर्ने काम गरिएको छ । सौरभको **अमानव** लघुकथामा मानिसले जतिसुकै दुर्गुण पखाल्न खोजे पनि मानिसमा दुर्गुण बाँकी रहने र दुर्गुण नभएको मानिस हुनै नसक्ने विचार प्रस्तुत गरेर मानवीय दुर्गुणप्रति व्यङ्ग्य गरिएको छ । **अमानव** लघुकथामा मानवीय विसङ्गत पक्षप्रति यसरी व्यङ्ग्य गरिएको छ :-

> "डाक्टरसाब, चिन्नुभएन ? म हिजो तपाँईकै उपचार गरेर गएको, रातभरि नानाथरी सोचले सुत्नै सकिँन, केही गडबड भयो जस्तो लाग्दै छ मलाई !" "गर्नु गडबड गर्नुभयो तपाईले, भएभरको दुर्गुण एकै साँझमा पखाल्नुभयो र मान्छेभन्दा बिल्कुल फरक हुनुभयो !" उसले ठ्याम्मै केही बुझेन । डाक्टरले थप प्रष्ट पार्‍यो -

"दुर्गुणबिनाको मानव मानव नै होइन । क्षमा, अब मेरो केही सीप लाग्दैन । साइनबोर्ड हेर्नुस् न, यहाँ मानवको उपचार गरिन्छ, गैह्रमानवको होइन ।" (सौरभ, २०६५ : ५६) ।

रमेश भट्टराई 'पूजारी' विज्ञानसँग सम्बन्धित व्यङ्ग्य गर्ने प्रमुख लघुकथाकारमध्ये एक हुन् । उनका लघुकथामा विज्ञानको सदुपयोग गर्न नसक्दा मानिसले दुःख पाएका घटनाहरू प्रस्तुत गरिएको छ । उनको **सदुपयोग** लघुकथामा बच्चाले कम्प्युटरको सही उपयोग गर्न छोडेर गेम खेल्न र गीत सुन्नमा उपयोग गरेकोप्रति चिन्ता व्यक्त गरिएको छ । कुनै पनि सामानको सही उपयोग हुन नसक्दा त्यसको सदुपयोग नभएर दुरूपयोग हुन्छ भनेर खेलाँची गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य प्रहार गरिएको छ । पूजारीको **रोबोट इन्जिनियर** लघुकथामा धेरै खर्च गरेर पढाइ गरे पनि काम पाउन नसकेको अवस्थाप्रति व्यङ्ग्य गरिएको छ । देशमा प्राविधिक जनशक्ति समेत बेरोजगार बन्दै गइरहेकोमा चिन्ता व्यक्त गरिएको छ । यस लघुकथामा देशका लागि के कस्तो जनशक्ति काम लाग्छ र ती जनशक्तिको उपयोग के कसरी गर्न सकिन्छ भन्ने वास्ता नभएका जिम्मेवार निकायको गैरजिम्मेवारीपूर्ण क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । देशमा भएका मानव जनशक्तिको उपयोग गर्नुभन्दा रोबोटको आवश्यकता पर्नुले ती निकायमा रहने मानिसहरूमा रहेको संवेदनहीन मानसिकतालाई प्रतिविम्बित गर्दछ । यस लघुकथाको उद्देश्य जिम्मेवार ठाउँमा रहेका मानिसहरूको गैरजिम्मेवारीपूर्ण क्रियाकलापप्रति व्यङ्ग्य गर्नु हो ।

गोरखबहादुर सिंहका लघुकथामा विज्ञानसँग सम्बन्धित विषयका माध्यमबाट मानवीय दुर्गुणप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनको **इज्जतयन्त्र** लघुकथा कर्मचारीतन्त्रभित्र मौलाएको भ्रष्ट प्रवृत्तिप्रतिको तीव्र व्यङ्ग्य हो । भ्रष्टाचार जाँच्न अनौठो यन्त्र बनाएर प्रत्येक घरमा राख्न खोज्दा त्यसलाई ठाउँ नदिने मानिसहरू पछि स्वागत गर्छन् । जाँचकीले रहस्य बुझ्न खोज्दा प्रत्येक घरमा अनौठो यन्त्रको प्रभावलाई नष्ट गर्ने इज्जतयन्त्र रहेको थाहा पाउँछ र आफै पनि त्यस्तो यन्त्र खोज्न बजारतिर लाग्दछ । यसरी **इज्जतयन्त्र** लघुकथामा कर्मचारीतन्त्र भ्रष्ट भएको र जाँच गर्ने मानिस पनि भ्रष्ट भएकोमा उनीहरूप्रति व्यङ्ग्य गरिएको छ ।

सिंहको **समाधान** लघुकथामा भ्रष्टाचार पत्ता लगाउन पठाएको यन्त्रमानवले भ्रष्टाचार पत्ता लगाउन नसकेपछि उसलाई मन्त्रालयमा फिर्ता पठाएको घटना आएको छ । उसको परीक्षण सुकुम्बासी बस्तीमा गरेको कुरा कथामा आएको छ । लघुकथामा आफू

अनुकुल निर्णय गर्ने र प्रतिकूल निर्णय भएमा विभिन्न उपाय लगाएर बच्ने भ्रष्ट कर्मचारी प्रवृत्तिप्रति यसरी व्यङ्ग्य गरिएको छ :

> यन्त्रमानवले पनि भ्रष्ट धनको सङ्केत दिन सक्छ ? मन्त्रीपरिषदमा ठूलो शङ्का र त्रास उब्जियो र निर्णय भयो-'यन्त्रमानवको कार्यक्षमताको परीक्षण गर्ने ।' उक्त निर्णयको एक हप्तापछि एउटा पत्रसाथ यन्त्रमानव प्रविधि विकास विभागमै फिर्ता पठाइयो । यन्त्रमानवसँग संलग्न पत्रमा उल्लेख गरिएको थियो-"१५० वटा घरमा परीक्षण गर्दा पनि यन्त्रमानवले भ्रष्ट धनको कुनै सङ्केत दिन नसकेकोले यसैसाथ फिर्ता पठाइएको छ ।" उक्त यन्त्र परीक्षणका लागि उपलब्ध एक मात्र टोल थियो-सुकुम्बासी टोल ।                (सिँह, २०६५ : ८२) ।

यसरी नै सुमनराज ताम्राकार, टङ्कराम सुनुवार, पुष्करराज भट्ट, रामविक्रम थापा, देवेन्द्र अर्याल 'आँशु', कृष्ण बजगाई, रवीन्द्र समीर, आरआर चौलागाई, गोपाल ढकाल एवम् डम्बर रसिक भारतीका लघुकथामा पनि विज्ञान विषयक व्यङ्ग्य गरिएको पाइन्छ ।

सुमनराज ताम्राकारको **साइरन** लघुकथामा यन्त्रको सहयोगले मन्दिरका मूर्तिहरू चोरी गर्ने र गाउँलेहरू लाई मूर्ख बनाउने कार्यमा सफल एक बेइमान मानिसको गलत क्रियाकलाप प्रस्तुत गरिएको छ । आफ्नो श्रममा विश्वास नगर्ने र अरूको नचाहिँदो भरोसा गर्नाले मानिसले दु:ख पाउँछ भन्ने सन्देश यस लघुकथाले दिएको छ । यस लघुकथामा नयाँ मानिस र यन्त्रप्रति अति विश्वास गर्ने मानवीय प्रवृत्तिप्रति तीव्र व्यङ्ग्य प्रहार गरिएको छ ।

टङ्कराम सुनुवारको **रोबोट** लघुकथामा विदेशबाट विभिन्न सामग्री झिकाएर नेपालमा रोबोट बनाउँदा त्यस रोबोटले मानवको हत्या गर्ने गरेको प्रसङ्ग आएको छ । यस लघुकथामा विदेशको आडमा आउने सहायता, सहयोगले नेपालमा शान्तिभन्दा अशान्ति मच्चाउने कार्य गरेको भन्दै नेपालीहरूको परनिर्भरताप्रति व्यङ्ग्य गरिएको छ ।

पुष्करराज भट्टको **रोबोट मान्छेहरू** लघुकथामा वैज्ञानिकले रोबोटजस्तै मानिसको दिमागमा रहेको विवेकलाई नष्ट गरेर आफूअनुकूल मानिसको दिमाग बनाएको प्रसङ्ग आएको छ । आजको विज्ञान प्रविधिको विकाससँगै मानिसले आफ्नो स्वतन्त्र चिन्तनभन्दा पनि सूचना प्रविधिका विभिन्न सामग्रीबाट प्रभावित भएर आफ्नो चिन्तन बनाउँदै गएको छ । आफ्नो विवेक प्रयोग गर्न नसकेर मान्छे प्रविधिको दास बन्न पुगेको छ । यस लघुकथामा प्रविधिको आडमा संसारभरिका मानिसको विवेक नष्ट गर्ने शक्तिसम्पन्न राष्ट्र,

तिनका नेता र प्रविधिको दास बन्न पुगेका संसारभरिका मानिसहरूप्रति व्यङ्ग्य प्रहार गरिएको छ ।

रामविक्रम थापाको **सङ्कटग्रस्त नजीर** लघुकथामा आफूअनुकूल व्याख्या गर्ने वैज्ञानिकको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । समयअनुसार निर्णय बदल्ने वैज्ञानिकको चाला अनौठो छ । यस लघुकथामा सत्ताका लागि बोली फेर्ने राजनीतिकर्मी र उनीहरूको व्यवहारलाई वैज्ञानिक पात्रका क्रियाकलापलाई व्यङ्ग्य गर्ने काम गरिएको छ ।

देवेन्द्र अर्याल 'आँशु' को **दृष्टिकोण** लघुकथामा एउटा वैज्ञानिकले आफैले बनाएकी रोबोट सुन्दरीसँग प्रेम गर्न खोज्दा रोबोट सुन्दरीले उसलाई दुत्कारेको प्रसङ्ग आएको छ । आफूले सोचेको कुरा नपाएपछि वैज्ञानिकमा प्रतिशोधको भावना आएको कुरा लघुकथामा प्रस्तुत गरिएको छ । मानिसले आफूलाई जतिसुकै बाठो ठाने पनि उसैले निर्माण गरेको प्रविधिले उसलाई नै हेला गरेको छ भनेर मानिसको विज्ञानप्रतिको अत्यधिक मोहप्रति व्यङ्ग्य गरिएको छ ।

कृष्ण बजगाईका लघुकथा रचनामा विज्ञान विषयक व्यङ्ग्य सशक्त ढङ्गले प्रस्तुत गरिएको पाइन्छ । उनको **यन्त्रवत्** लघुकथामा यन्त्रलाई नै के के न हो भनेर अनौठो व्यवहार गर्ने मानवीय प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । यन्त्रमानवलाई ढोग्ने, हात मिलाउने मानिसहरू यन्त्रमानवले भिख मागेपछि छक्क पर्दछन् । यस लघुकथामा यन्त्रका माध्यमबाट मानवीय कमजोरी र स्वार्थी एवम् परनिर्भर मानवीय प्रवृत्तिप्रति व्यङ्ग्य गर्ने काम गरिएको छ ।

रवीन्द्र समीरको **चिन्ता** नामक लघुकथामा कार्यालयमा नयाँ कम्प्युटर आउँदा आफ्नो भएको जागिर पनि खोसिने पो हो कि भनेर चिन्ता गर्ने कर्मचारीको पीडा लाई देखाइएको छ । यस लघुकथामा प्रविधिले काममा सजिलो भए पनि मानिसको रोजीरोटी खोसेकोमा व्यङ्ग्य गरिएको छ ।

आर.आर.चौलागाईको **आविष्कार** लघुकथामा कर्मचारीको कार्यक्षमता जाँच गर्न वैज्ञानिक यन्त्रलाई जिम्मा दिइएकोमा कुनै काम नगर्ने कर्मचारीको कुनै पनि गल्ती नदेखिएकोमा सब कर्मचारी यन्त्रसँग रिसाएको घटना आएको छ । लघुकथामा जतिसुकै मूल्याङ्कनको काम गरे पनि कर्तव्यपालनालाई प्रमुख विषय बनाउने काम नगरेमा त्यसले सही परिणाम आउँदैन भन्ने कुरा आएको छ । यस लघुकथामा अगाडि पछाडि कर्तव्य

पालना गरेको नगरेको कुनै वास्ता नगर्ने तर एकपल्ट छड्के वा त्यस्तै खाले जाँच गर्ने कर्मचारीतन्त्रभित्रको गलत प्रवृत्तिप्रति व्यङ्ग्य गर्ने काम गरिएको छ ।

सरस्वती रिजालको **महत्वाकाङ्क्षाको अन्त्य** लघुकथामा एक जना वैज्ञानिकको महत्वाकाङ्क्षाको अन्त्यको घटना प्रस्तुत गरिएको छ । आफ्नो आविष्कारलाई सबथोक ठान्ने र त्यसको सदुपयोग गर्न नसकेका कारण उसको अन्त्य हुन्छ । यस लघुकथामा मानिसहरूको अत्यधिक प्रविधि मोहप्रति व्यङ्ग्य गरिएको छ ।

गोपाल ढकालको **आविष्कार** लघुकथामा हिंसा बढाउने हातहतियार उत्पादन गर्नमा होडबाजी गर्ने वैज्ञानिकहरूको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । संसारमा शान्ति स्थापना गर्ने कार्यभन्दा पनि आफ्नो अहमका लागि अरू वैज्ञानिकभन्दा पनि घातक हतियार निर्माण गरेर संसारमा अशान्ति मच्चाउने कार्य बढाउने वैज्ञानिकहरूका क्रियाकलापलाई प्रहार गरेका छन् ।

डम्बर रसिक भारतीको **बुद्धिमापन यन्त्र**मा जतिसुकै अध्ययन गरे पनि बुद्धि बढाउन नसकिने कुरा आएको छ । लघुकथामा बढी अध्ययन गर्दैमा बुद्धि पनि बढी हुन्छ भन्ने कुराप्रति  व्यङ्ग्य गरिएको छ । यस लघुकथामा मानिसले जतिसुकै घमण्ड गरे पनि उसको योग्यता ऊ आफैले थाहा पाउन सक्दैन भन्ने कुरा आएको छ । लघुकथामा बुद्धिमापक यन्त्रले आफ्नो कम बुद्धि भएको बताएपछि यन्त्रप्रति अविश्वास गर्ने मानवीय प्रवृतिप्रति व्यङ्ग्य गरिएको छ ।

नेपाली लघुकथामा विज्ञानको सही उपयोग हुन नसकेका कारण उत्पन्न भएका समस्याहरू प्रस्तुत गरिएका छन् । नेपाली लघुकथाकारहरूले विज्ञानसँग सम्बन्धित घटनाहरूका माध्यमबाट गलत मानवीय प्रवृत्तिप्रति व्यङ्ग्य गरेका छन् । नेपाली लघुकथामा विज्ञान र वैज्ञानिक क्रियाकलापका कारण मानवीय अस्तित्वमा आइपरेको सङ्कटलाई पनि लेखनीको प्रमुख विषय बनाएको पाइन्छ । नेपाली लघुकथामा मानवीय श्रमभन्दा मसिनप्रति अत्यधिक विश्वासका कारण मानिस दिनदिनै परजीवी बन्दै गएको यथार्थलाई प्रमुख रूपमा उठाइएको पाइन्छ । विज्ञान विषयक लघुकथामा मानिसका बदलिइरहने चाहना र ती चाहनाले उत्पन्न गरेका समस्या आएको छ । समग्रमा भन्नुपर्दा नेपाली लघुकथाहरूमा प्रविधिको सही उपयोग नभएको र आफ्नो क्षमता एवम् योग्यताप्रति मानिसमा विश्वास नभएकोमा व्यङ्ग्य गरिएको  छ ।

## ४.१२ नेपाली लघुकथामा आधुनिक सभ्यता एवम् जीवनशैलीसँग सम्बन्धित व्यङ्ग्य

नेपाली लघुकथामा आधुनिक सभ्यता र सो सभ्यताले नेपाली समाजमा पारेको प्रभावसँग सम्बन्धित विषय आएको पाइन्छ । नेपाली लघुकथाकारहरूले विदेशी संस्कार एवम् संस्कृतिलाई अँगाल्ने र आफूलाई आधुनिक, सभ्य देखाउन चाहने नवपुस्ताका विसङ्गत क्रियाकलापप्रति व्यङ्ग्य गरेको छन् । नेपाली लघुकथामा आधुनिक सभ्यतासँग सम्बन्धित विषय प्रस्तुत गर्ने लघुकथाकारमा श्रीओम श्रेष्ठ रोदन, रवीन्द्र समीर, सुमन सौरभ, कृष्ण शाह यात्री, कृष्ण बजगाई, सिन्धु गौतम, भीम राना जिज्ञासु, गोरखबहादुर सिंह, रामचन्द्र नेपाल, हरिप्रसाद भण्डारी, श्रीबाबु कार्की, डम्बर रसिक भारती, अच्युत घिमिरे, नारा जोशी, टङ्कराम सुनुवार, देवेन्द्र अर्याल, कुसुम ज्ञवाली रहेका छन् ।

श्रीओम श्रेष्ठ 'रोदन' का लघुकथामा नारी पुरुष सम्बन्धमा आधारित नयाँ मूल्य एवम् चिन्तनहरू प्रस्तुत गरिएको छ । उनका **माया, परम्परा, क्रमशः, स्वार्थ स्वाद, भ्रममार्ग, डिभीप्रेम, दिग्भ्रम, सन्तान वरदान, सौहार्दता, आत्मसुख** लघुकथामा आधुनिक सभ्यता र सो सभ्यताले निम्त्याएको कुप्रभावप्रति व्यङ्ग्य गरिएको छ । **माया** लघुकथामा एउटा जँड्याहा मानिसलाई उसकी श्रीमतीबाट अलग गरेर आफूसँग दोस्रो विवाह गर्न लगाएकी महिला पछि त्यही जँडयाहाको जाँड खाने बानी छुटाउन लागिपर्छे । उसको त्यस किसिमको क्रियाकलापप्रति लघुकथामा व्यङ्ग्य गरिएको छ । **क्रमशः** लघुकथामा श्रीमान्लाई छाडेर श्रीमान्को साथीसँग विवाह गर्ने चरित्रहीन महिलाको कार्यप्रति व्यङ्ग्य गरिएको छ । **आत्मसुख** लघुकथामा एउटी बूढीकन्याले बच्चा लिएर रोडमा हिँडेकी महिला देखेर विवाह गर्ने रहर गरेकी छ । त्यो रहर पूरा नहुने देखेपछि उसले आफ्नो स्थिति नै राम्रो रहेको निष्कर्ष निकालेकी छ । लघुकथामा उसको ईर्ष्यालु चिन्तनप्रति व्यङ्ग्य गरिएको छ । **डिभीप्रेम** लघुकथामा तरूनी युवतीहरू विदेशमा जाने मानिस भएपछि ऊसँग नजिक हुने र विवाह गर्न कसरी लालायित हुन्छन् भन्ने कुरा आएको छ । लघुकथामा अगाडि हेला गर्ने केटीले पछि आफै आएर विवाह प्रस्ताव राखेको घटनाप्रति यसरी व्यङ्ग्य गरिएको छ :

> रामअवतारलाई सपनाजस्तो लाग्यो । ऊ धेरैबेरसम्म अलमलियो र हतारिँदै कोठामा गयो । चिठी खोल्यो । चिठीमा सशिताले विगतका लागि क्षमा माग्दै विवाह गर्ने शर्त राखेकी थिइन् । अकस्मात सशितामा आएको परिवर्तनले ऊ तीनछक पर्‍यो । ऊ

> खुशी भन्दा बढी आश्चर्यमा परेको थियो । त्यहीबेला उसले सम्झ्यो, केही दिन पहिले क्याम्पसमा एकजना साथीले केटीहरू लाई सुनाउने गरी उसलाई अमेरिकाको डिभी परेको भन्दै बधाई दिएको थियो (रोदन, २०६७ : ६७) ।

कृष्ण शाह यात्रीका लघुकथामा नयाँ पुस्ताका युवा युवतीले आफ्नो इच्छाले विवाह गर्ने कार्य आएको छ । विदेशमा भोगविलासमा डुब्ने युवा क्रियाकलाप, आफ्नै गुरु एवम् बाबुआमाप्रति हेला गर्ने नयाँ पुस्ता, मेनपावरका नाममा  गरिने ठगीकार्य आदिलाई विषय बनाइएको पाइन्छ । उनका **अन्त्यहीन प्रेमपथ, भोकअस्त्र, आमा, सन्तान, वास्तविकता, उत्तरआधुनिक, आधुनिक एकलव्य, नयाँ साथी, सीतामाया** लघुकथामा आधुनिक सभ्यता र सो सभ्यताले पारेको प्रभावप्रति व्यङ्ग्य गरिएको पाइन्छ । **अन्त्यहीन प्रेमपथ** लघुकथामा आफ्ना बाबुआमाको इच्छा विपरीत विवाह गर्ने युवा युवतीका सन्तानले पनि पछि आफ्नै बाबुआमाको पथलाई अगाडि बढाएका छन् । उनीहरूले छोरा छोरीलाई त्यसो नगर्न भने पनि पहिले आफ्ना दिन भुलेकोमा उनीहरूको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । **सीतामाया** मेनपावरको ठगीमा परेर विदेशमा पुगेर वेश्यावृत्ति गर्न बाध्य महिला नियति देखाइएको छ । लघुकथामा मेनपावरको ठगी कार्यप्रति व्यङ्ग्य गरिएको छ । **नयाँ साथी** लघुकथामा फेसबुकमा मित्रतामा गाँसिएर पछि भेट गर्न पुगेका युवा युवती भेट हुँदा आफ्नै श्रीमान् श्रीमती भएपछि उनीहरू बिचमा मनमुटाव हुन्छ । उनीहरूको छोडपत्र हुने स्थिति समेत बन्न पुग्दछ । नवीन सञ्चार माध्यमको सही उपयोग गर्न नसक्दा त्यसले मानिसको जीवनमा तनाव र कटुता ल्याउँछ । यस लघुकथामा प्रविधिको गलत प्रयोग गर्ने मानिसहरूको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । **आधुनिक एकलव्य** लघुकथामा आफ्नै गुरुलाई दुःख दिने चेलाको गतिविधिप्रति यसरी व्यङ्ग्य गरिएको छ :

> एकलव्य मुस्कुराए । उनीहरू छुट्टिए । केही दिनपछि सञ्चार माध्यममा एउटा समाचारले विशेष स्थान पाएको थियो जसमा विद्यार्थीसँग मनोमानी शुल्क उठाइरहेको र राज्यलाई कर छलेको अभियोगमा द्रोणाचार्यले सञ्चालन गरिरहेको कलेजको कलेज सञ्चालनको अनुमति एकलव्यले खारेज गरी उदाहरणीय कार्य गरेको समाचार छापिएको थियो (यात्री, २०६९ : १०) ।

कृष्ण बजगाईका लघुकथामा आधुनिकताका नाममा अनैतिकता अँगाल्ने कार्यप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा गैरसरकारी संस्थाका गरीब विरोधी क्रियाकलापप्रति प्रहार गरिएको छ । बजगाईका लघुकथामा जाति, क्षेत्रका नाम बेचेर समानको विज्ञापन

गरेर  सामान बिकाउने प्रवृत्तिप्रति समेत व्यङ्ग्य गरिएको छ । उनका **विज्ञापन, प्रशंसा, तेस्रो लिङ्गी, आदेश, उन्मूलन** लघुकथामा आधुनिक सभ्यताले सिर्जना गरेका प्रभावप्रति व्यङ्ग्य गरिएको छ । **विज्ञापन** लघुकथामा आफ्नो सामान बेचाउन व्यापारी संस्थाले जाति, क्षेत्र, वर्णको नाम बेचेर नाफा कमाएको देखाइएको छ । लघुकथामा एकातिर मानिसको भावना माथि खेलवाड गर्ने व्यापारिक प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ भने अर्कोतिर जाति, क्षेत्र र वर्णका नाममा जे गर्न पनि तयार हुने मानिसको अन्धआस्थाप्रति समेत व्यङ्ग्य गरिएको छ । **प्रशंसा** लघुकथामा श्रीमान्ले पुल्पुल्याएकी श्रीमती उसलाई धोका दिएर अन्य पुरुषहरूसँग संगत गर्ने गरेकोमा उसको सो कार्यप्रति व्यङ्ग्य गरिएको छ । **उन्मूलन** लघुकथामा गरीबका नाममा काम गर्ने एनजीओले गरीब बस्ती नै स्वाहा पारेका छन् । उनीहरूको उक्त गलत कार्यप्रति यसरी व्यङ्ग्य गरिएको छ, “पहिलेको त्यो गरीब बस्ती अब भव्य रिसोर्टमा परिणत भइसकेको थियो । पहिलो पटक बिजुलीबत्तीको उज्यालोमा ठूला ठूला घरमा सुकिला मान्छे बसेको गाउँलेहरूले देखे । गरिबी उन्मुलनको नाममा ल्याएको पैसाले गरिबी हैन, गरिबको उन्मूलन गरेको कुरा छिमेकी गाउँकाले बल्ल थाहा पाए । त्यसपछि त्यो छिमेकी गाउँ पूरै आतङ्कित भयो” (बजगाई, २०६४ : ३६) ।

हरिप्रसाद भण्डारीका लघुकथामा मानिसको यौन आशक्तिप्रति व्यङ्ग्य गर्नुका साथै फेसनमुखी क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा एनजीओका गलत क्रियाकलापप्रति तीव्र प्रहार गरिएको पाइन्छ । उनको **रात्रीभोज** लघुकथामा वेश्यागमन गर्ने पुरुषको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । भण्डारीको **विज्ञापित मान्छे**मा एनजीओकर्मीले एडस नियन्त्रणका टिसर्ट बाँडेर प्रचार गर्ने अनि त्यही प्रसारका क्रममा आएको पैसाले सहरमा घर बनाउने योजना बनाएको देखाइएको छ । लघुकथामा एनजीओका नाममा पैसामुखी गलत क्रियाकलाप हुने गरेकोमा त्यस्ता कार्यप्रति व्यङ्ग्य गरिएको छ । भण्डारीको **राम्री हुने रहर** लघुकथामा फेसनमुखी महिलाको क्रियाकलापप्रति यसरी व्यङ्ग्य गरिएको छ, “तरकारी किन्ने विचारले बजारमा पुगिन् । पैसा हेरिन र सस्तो तरकारी छानिन् । घर पुग्दा उनीसँग सुन्दर अनुहार र हातमा फर्सीको एउटा सानो टुक्रा थियो” ( भण्डारी, २०६३ : ९६) ।

गोरखबहादुर सिंहका लघुकथामा आमाबाबुलाई हेला गर्ने, दुःख दिने छोराछोरी प्रवृत्तिका साथै स्वार्थी युवा प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । **आधुनिक विचार** लघुकथामा बाबुलाई वृद्धाश्रम जान बाध्य पार्ने आधुनिक छोरा बुहारीको कार्यप्रति यसरी व्यङ्ग्य गरिएको

छ, "मीठाराम वृद्धाश्रममा प्रवेश गरेको अर्को दिन उसको डाक्टर छोराले छिमेकीसँग सगर्व फूर्ति छाँट्यो, "हाम्रो बुवा त साह्रै आधुनिक मान्छे, छोराबुहारीलाई किन झन्झट दिनु भनेर उहाँ हिजै रामानन्द वृद्धाश्रममा जानुभयो ।" मीठारामको आधुनिक विचार टोल छिमेक छिचोल्दै रफ्तारमा विस्तारित हुँदै गयो" ( सिंह, २०६५ : ९) ।

सिन्धु गौतमका लघुकथामा यौन सन्तुष्टि पाउन अनैतिक क्रियाकलाप गर्ने आधुनिक महिला पुरुषका क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा बाबुआमालाई बूढेसकालमा वृद्धाश्रम पठाउने आधुनिक सन्तानको प्रवृत्तिप्रति समेत व्यङ्ग्य गरिएको छ । उनको **विडम्बना, नियति, पृथकता, पेशा, योग्यताको ?, जिन्दगी र जिन्दगीहरू** आधुनिक सभ्यतासँग सम्बन्धित लघुकथा हुन् । उनको **विडम्बना** लघुकथामा वृद्धाश्रममा रहेकी आमालाई खाना पुऱ्याउन जाने छोराले आमा अर्को दिन भोकै रहने कुरा भुलेको घटना प्रस्तुत गरिएको  छ । आमालाई वृद्धाश्रम पठाएर आफू श्रीमतीसँग बसेर मोज गर्ने छोराको क्रियाकलापप्रति लघुकथामा व्यङ्ग्य गरिएको छ । गौतमको **पथभ्रष्ट** लघुकथामा शहरमा गएर चरित्रहीन बन्न पुगेकी केटीको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनको **योग्यताको** ? लघुकथामा सहर गएर यौन पेशामा लागेर पैसा कमाउने केटीको क्रियाकलापप्रति यसरी व्यङ्ग्य गरिएको छ, "जागिरका लागि सँधै दौडधुप गर्दागर्दा उसलाई अझै अभाव थपियो । आर्थिक सङ्कट झन बढ्यो । केही समयपछि ..कालीले धाउनु परेन । कतै जागिरका लागि, पैसाका लागि ....पैसा उसैलाई पछ्याउँदै....उसको यौवनको योग्यतालाई पन्छाउँदै आयो" (गौतम, २०६८ : ६०) ।

डम्बर रसिक भारतीका लघुकथामा पतिलाई धोका दिएर पोइल जाने महिलाको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । **अधिकारकी अभियन्ता** लघुकथामा महिलाले विवाहित पुरुषसँग विवाह गरेको घटनाप्रति यसरी व्यङ्ग्य गरिएको छ, "कालान्तरमा सञ्जुको बिहेको कुरो आयो । आफ्ना पक्षमा आवाज उठाउने अभियन्ता टाढिन लाग्दा गाउँका दिदीबहिनीलाई ननिको लाग्यो । अझ ननिको त उनीहरूलाई उनको वास्तविकता खुलेपछि लाग्यो । उनी त पूर्वविवाहित पुरुषसँग पो हिँडिछन् । कुनै महिलामाथि सौता बनेर" (भारती, २०६९ : ८०) ।

कुसुम ज्ञवालीका लघुकथामा आधुनिक युवा युवतीका व्यभिचारी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । **ठूलो मान्छेको रोग** लघुकथामा यौन पेसा अपनाएर सम्पन्न बनेकी महिलालाई ठूलै रोग (एड्स) रोग लागेको देखाइएको छ । उक्त महिलाको व्यभिचारी क्रियाकलापप्रति

लघुकथामा व्यङ्ग्य गरिएको छ । **नाता** लघुकथामा सडकमा भेटघाट भएर यौन सम्पर्क गर्न कोठामा ल्याइएकी केटी उज्यालोमा हेर्दा आफैले कुनै समय तिहारमा टिका लगाएर बहिनी बनएकी भएको घटना प्रस्तुत गरिएको छ । यसरी यस लघुकथामा आधुनिक युवा युवतीको अनैतिक यौन क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

अच्युत घिमिरेका लघुकथामा विदेश गएपछि स्वदेश बिर्सने क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा शैक्षिक प्रमाणपत्र साइबर क्याफेमा बन्ने गरेकोमा यस्तो शैक्षिक किनबेच कार्यप्रति व्यङ्ग्य गरिएको छ । **पराई मान्छे** लघुकथामा विदेश गएपछि स्वदेशलाई राम्रो नमान्ने युवा युवतीका क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । **प्रमाणपत्रको बिक्री** लघुककथामा खुलेआम साइबर क्याफेमा नक्कली शैक्षिक प्रमाणपत्र बन्ने गरेकोमा त्यस्ता कार्य रोक्न नससक्ने सरकारी निकायप्रति व्यङ्ग्य गरिएको छ ।

गोपाल ढकालका लघुकथामा बाबुआमालाई दुःख दिने, वृद्धाश्रममा पुऱ्याउने आधुनिक छोराछोरीको त्यस्तो गलत कार्यप्रति व्यङ्ग्य गरिएको छ । **कर्तव्य** लघुकथामा आमाबाबुलाई दुःख दिने छोराप्रति व्यङ्ग्य गरिएको छ भने **साहसिक कदम** लघुकथामा आफूले अनैतिक तरिकाले सन्तान जन्माए पनि टेष्टटयुब प्रविधिबाट जन्माएको भन्दै हिँडने महिलाको कार्यप्रति व्यङ्ग्य गरिएको छ ।

नारा जोशीका लघुकथामा महिलाका अर्धनग्न क्रियाकलापप्रति व्यङ्ग्य गर्नुका साथै आफ्नै बाबुलाई हेला गर्ने छोराको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । **पोशाक** लघुकथामा महिलाको अर्धनग्न क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । **भाग्यमानी कपास** लघुकथामा गाउँबाट आएको बुवालाई हेला गर्ने छोरा बुवाले चिटिक्क परेर आउँदा भने ढोग दिन्छ । यस्तो अवस्थामा बुवाले छोराप्रति व्यङ्ग्य गर्दै भाग्यमानी कपास भन्दा छोरा हेरेको हेर्‍यै हुन्छ । यस लघुकथामा मानिस भन्दा उसको पोशाक र ढाँचालाई महत्व दिने आधुनिक युवाहरूको सोचप्रति व्यङ्ग्य गरिएको छ ।

मित्र पाठक 'राजु' का लघुकथामा युवतीको फेसनमोह प्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा युवतीलाई चिट चोर्न दिने परीक्षाको गार्डको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । **मेरो टाइटल नेम** लघुकथामा अति फेसन गर्ने महिलाप्रति व्यङ्ग्य गरिएको छ । **मूल्यवान मुस्कान** लघुकथामा युवती देखेर मख्ख पर्ने परीक्षाको गार्डको स्त्रीलोलुप

स्वभावप्रति व्यङ्ग्य गरिएको छ । लघुकथामा मुस्कान दिएकै भरमा चिट चोर्न दिने उसको कार्यप्रति  व्यङ्ग्य गरिएको छ ।

श्रीबाबु कार्की 'उदास' का लघुकथामा भ्रष्टाचार गरेको रकमले तडकभडक गर्ने महिलाप्रति व्यङ्ग्य गरिएको छ । त्यसरी नै आमाको श्राद्ध गर्नुभन्दा आफ्नो जन्मदिन मनाउने छोराको क्रियाकलापप्रति  व्यङ्ग्य गरिएको छ । **तडकभडक** लघुकथामा भ्रष्टाचार गरेर तडकभडकपूर्ण जीवन बिताउने महिलाको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ भने ज्युँदो श्राद्ध लघुकथामा **ज्यूँदो श्राद्ध** नगर्ने तर आफ्नो जन्मदिन मनाउने छोराको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

देवेन्द्र अर्याल 'आँशु' का लघुकथामा आधुनिकताका नाममा यौन क्रियाकलापप्रति अग्रसर युवा युवतीका क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । **सीता** लघुकथामा लोग्ने विदेश गएपछि उसैको पैसामा मोजमस्ती गर्ने र पछि पोइल जाने महिलाको गलत कार्यप्रति व्यङ्ग्य गरिएको छ । **प्रेमानन्द** लघुकथामा अवैध यौन क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । **सपनाको राजकुमार** लघुकथामा आफ्नै घरको नोकरसँग यौन क्रियाकलापमा संलग्न हुने महिलाप्रति व्यङ्ग्य गरिएको छ । **चुनौती** लघुकथामा अति कामुक महिलाको क्रियाकलापप्रति यसरी व्यङ्ग्य गरिएको छ, "मृर्त्यमण्डलको युवाको स्थिति बुझ्न गएका भगवानलाई झण्डै 'चोक्टा खान गएकी बूढी झोलमा डुबेर मरी' भनेझैं भएको थियो । यता त्यस युवतीको अनुहारमा यौवनको ज्वाला अझै निभेको थिएन । जसलाई कम गर्न ऊ पेगका पेग बियरको चुस्की लगाउँदै फतफताइरहेकी थिई, 'यस्ता पनि लोग्नेमान्छे, हुतिहारा, नामर्द ।'" (आँशु, २०६६ : ७१) ।

आर.आर. चौलागाईका लघुकथामा विदेश गएपछि स्वदेश नफर्कने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा पत्रिकाका सम्पादकले  विज्ञापन दिनेको मात्र अर्न्तवार्ता छाप्ने  गरेकोमा त्यस्तो कार्यप्रति व्यङ्ग्य गरिएको पाइन्छ । चौलागाईका लघुकथामा मित्रताका नाममा स्वार्थी क्रियाकलाप गर्ने साथी प्रवृत्तिप्रति समेत व्यङ्ग्य गरिएको पाइन्छ । उनको **ऊ अझै फर्कदैन** लघुकथामा विदेश गएपछि नफर्कने र श्रीमतीलाई धोका दिएर विदेश जाने महिला प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । चौलागाईको **अन्तर्वार्ता मोह**मा आफूलाई विज्ञापन दिने मानिसको मात्र अन्तर्वार्ता छाप्ने पत्रिकाको सम्पादकको कार्यप्रति व्यङ्ग्य गरिएको छ । **आग्रहको मूल्य** लघुकथामा खाजा खान भनेर होटलमा लग्ने तर पछि पैसा दामासाहीले तिरौं भन्ने साथीको कार्यप्रति यसरी व्यङ्ग्य

गरिएको छ, "मित्रहरूले विभिन्न प्रकारका खानेकुराहरू मगाउनु भयो । पेट टन्न भरियो । अन्तिममा बिल आइपुग्यो । बिलमा रू. पन्ध्र सय लेखिएको रहेछ । मलाई अघि कर गर्ने मित्रले हाँसीहाँसी मुख फोर्नु'भो, "सबैले दामासाहीले बेहोरौँ न हुन्न ?" (चौलागाई, २०६५ : ४१) ।

टङ्कराम सुनुवारका लघुकथामा महिला नेतृको दोहोरो चरित्रप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा आधुनिक युवा युवतीको छाडा प्रेमप्रति व्यङ्ग्य गरिएको छ । उनले पैसाको लोभमा विदेश जाने प्रवृत्तिप्रति समेत व्यङ्ग्य गरेका छन् । उनको **तारबिनाको प्रेम** लघुकथामा प्रेममा धोका दिने युवाको चर्तिकला देखाइएको छ । सामान्य चिनजानमै प्रेम गर्ने युवतीले दुःख पाएको देखाएर सस्तो प्रेमप्रति व्यङ्ग्य गरिएको छ । सुनुवारको **द्वैधचरित्र** लघुकथामा महिला नेताले घर बाहिर महिला अधिकारको भाषण गर्ने घरभित्र छोरीलाई हेप्ने र सताउने काम गरेर दोहरो चरित्र देखाएकोमा उनको सो कार्यप्रति व्यङ्ग्य गरिएको छ । उनको **बाकसभित्रको जिनिस** लघुकथामा पैसाको लोभले लोग्नेलाई विदेश पठाउने महिलाले पछि विदेशबाट लोग्नेको लाश आएकोमा पछुताएको देखाइएको छ ।

भीम राना 'जिज्ञासु' का लघुकथामा विदेश गएर यौनाचारमा लाग्ने महिला क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । पहिरनलाई महत्व दिने र महिलालाई पटाउन फेसन गर्ने क्रियाकलापप्रति समेत व्यङ्ग्य गरिएको छ । **परिवर्तन** लघुकथामा विदेशमा काम गर्न भनेर आएकी महिला फर्कँदा आफूसँग कुइरे पोइ पनि साथमा ल्याउँछे । लघुकथामा एउटा श्रीमान छँदाछँदै नयाँ श्रीमान पनि विदेशबाट लिएर आउने उसको व्यभिचारी क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनको **पहिरनको जादु** लघुकथामा धनी युवती पटाउन फेसन गर्ने युवाको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । रानाको **पहिरनको भाउ** लघुकथामा मानिसको योग्यतालाई भन्दा उसको पहिरनलाई महत्व दिने सामाजिक चिन्तनप्रति व्यङ्ग्य गरिएको छ ।

रवीन्द्र समीरका लघुकथामा आधुनिकता नाममा परपुरूषसँग यौनाचार गर्ने महिलाका क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । पैसा कमाउन वेश्यावृत्ति अँगाल्ने महिलालाई एडस लागेको देखाइएको छ । उसको यौन क्रियाकलापप्रति लघुकथामा व्यङ्ग्य गरिएको छ । योग्यताले नसकेपछि कुनै न कुनै दोष देखाएर आफू माथि हुन खोज्ने मानिसहरूको प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । उनका लघुकथामा आमाबाबुभन्दा श्रीमतीलाई बढी ख्यालखबर गर्ने नवपुस्ताको कार्यप्रति व्यङ्ग्य गरिएको पाइन्छ । समीरको

**कथनी र करनी** लघुकथामा बाबुआमालाई हेप्ने र श्रीमतीप्रति आवश्यकता भन्दा बढी आशक्त हुने महिला प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । उनको **ईर्ष्याको खेती** लघुकथामा अर्न्तजातीय विवाह गर्ने डाक्टरप्रति गाउँलेहरूको तल्लो दर्जाको आरोप लगाउने क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । समीरको **के छ पारू ?** लघुकथामा यौन क्रियाकलापमा लाग्ने युवती क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनको **बुबा र बुबाहरू** लघुकथामा लोग्ने विदेश गएपछि यौनाचारमा लाग्ने महिलाको कार्यप्रति यसरी व्यङ्ग्य गरिएको छ :

> एक साँझ बुबा र आमाका बिचमा सुतेर तोतेबोलीमा कुरा गरिरहेको बेला छोराले आफ्नो आमासँग सोध्यो- 'मम्मी ? हाम्रो लाहुरेबुबा सँधै यहाँ किन बसेको ?' उसको आमाले उत्तर दिइन्-बाबु यो उहाँकै घर हो, उहाँ तिम्रो बुबा....।' अनि हाम्रो बुबा नभएको बेलामा हामीसँग सुत्न आउने बा, पिता, बाबा ड्याडीहरू.....आजभोलि किन नआएको ?' (समीर, २०६२ : ३२) ।

सुमन सौरभका लघुकथामा बाबुको सम्पतिमा छोराले दावा गर्छ । पछिल्ला दिनमा त्यही छोराको छोराले उसको सम्पत्तिमा पनि दावा गर्छ । यसरी बाबुले सिकाएको बाटोमा छोरा पनि हिँड्छ । उनका लघुकथामा मानिसहरूको धनलोलुप प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । आमाबाबुलाई बुढेसकालमा नहेर्ने छोराछोरीका क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । पुरुषको गलत कार्यका कारण महिलाले दुःख पाएकोमा त्यस्ता दुःख दिने पुरुषप्रति व्यङ्ग्य गरिएको छ । उनको **परिभाषा** लघुकथामा प्रहरीले महिलाले वेश्यावृति गर्छन् भन्ने सोच राखेकोमा समलिङ्गी वेश्या भएको थाहा पाउँदैन । यस लघुकथामा पुलिसको सानो सोचाइका साथै वेश्यावृत्ति गर्ने पात्रहरूप्रति समेत व्यङ्ग्य गरिएको छ । सौरभको **पदचिन्ह** लघुकथामा पूर्खाको सम्पतिमा दावा गर्ने छोरा नाति पुस्ताप्रति व्यङ्ग्य गरिएको छ । **घरेलु हिंसा** लघुकथामा घरपरिवारमा महिलाबाट पीडित पुरुषको व्यथा देखाइएको छ । महिलाको श्रीमान हेप्ने र सताउने कार्यप्रति व्यङ्ग्य गरिएको छ । उनको **अप्रासङ्गिक** लघुकथामा आफ्नै बाबुलाई हेला गर्ने छोरीप्रति यसरी व्यङ्ग्य गरिएको छ :

> "छोरी आमासँग कुन्नि के कुरामा झगडा गर्दै थिई र उसकै बारेमा नानाथरी फकाल्दै थिई । ऊ डायरी लुकाएको लुकायै फर्कियो । छोरी कराएको सुनिँदै थियो - "भो, भो आमा, हाम्रा बाउ अब अप्रासङगिक भइसकेका छन्, उनको कुराको पछि

लागेर के  काम । उनको असफलताको मात्र कुरा गर्ने हो भने आधा दर्जन कारण म अहिल्यै सुनाइदिन्छु ।”  (सौरभ, २०६८ : २६) ।

यस बाहेक  लघुकथाकार किशोर पहाडी, विश्वराज अधिकारी, महेश प्रसाई, पद्मप्रसाद शर्मा, रमेश भट्टराई, माधव लामिछाने, किशन थापा अधिर, रामबहादुर बानियाँ क्षेत्री र प्रदीप प्रधानका लघुकथामा पनि आधुनिक सभ्यतासँग सम्बन्धित विषय प्रस्तुत गरिएको पाइन्छ ।

## ४.१३ नेपाली लघुकथामा न्याय कानुन विषयक व्यङ्ग्य

नेपाली लघुकथामा न्याय एवम् कानुन क्षेत्रसँग सम्बन्धित विषयवस्तुप्रति व्यङ्ग्य गरिएको पाइन्छ । लघुकथामा रचनामा कानुन पालनाका क्रममा प्रशासन, प्रहरी एवम् न्यायालयका साथै सो क्षेत्रसँग सम्बन्धित व्यक्तिहरूबाट भए गरेका गलत कामकारवाही प्रति व्यङ्ग्य गरिएको छ । आफ्ना लघुकथामा न्याय कानुन विषयमा व्यङ्ग्य प्रस्तुत गर्ने प्रमुख लघुकथाकारहरूमा भीम राना जिज्ञासु, राजुराम मुनङ्कर्मी, इन्दिरा प्रसाई, किशन थापा अधिर, कृष्ण बजगाई, गोरखबहादुर सिँह, विनय कसजू, बद्री पलिखे, साधना प्रतीक्षा पर्दछन् ।

भीम राना ‘जिज्ञासु’ न्याय कानुन क्षेत्रका विसङ्गतिप्रति व्यङ्ग्य गर्ने प्रमुख लघुकथाकारमध्ये एक हुन् । उनको **ट्राफिक नियम** लघुकथामा अरूको गल्तीले दुर्घटना भए पनि ठूलो गाडीको ड्राइभरलाई दण्डित गर्ने प्रहरी क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ  । उनकै **कर्फ्यू लागेको दिन** लघुकथामा एकजना प्रहरीले आफ्नो व्यक्तिगत बदला लिन कर्फ्यू लागेको दिनमा आफ्नी भागेकी श्रीमती र जारलाई मारेको छ । प्रहरीले सरकारी कारवाहीमा आतङ्ककारी मरेको भनेर संचारमाध्यममा खबर आउँछ । यसरी कानुन पालना गर्नेहरूले व्यक्तिगत बदला लिनका लागि कफ्युको दुरूपयोग गर्ने र जनतामा गलत खबर सम्प्रेषण गर्ने कार्य गरेकोमा व्यङ्ग्य गरिएको छ । रानाको **महङ्गीको पराकाष्टा** लघुकथामा आर्थिक अभाव भएको भनेर चोरी कार्यमा सङ्लग्न हुने प्रहरी जवानको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । कानुन पालनाको जिम्मा पाएका प्रहरी आफ्नो जिम्माको कार्य गर्न छोडेर आफै चोरी गर्दछन् । महङ्गीले गर्दा बाँच्न गाह्रो भएको भनेर गलत काम गर्ने उनीहरूको गलत क्रियाकलापप्रति लघुकथामा यसरी व्यङ्ग्य गरिएको छ :

पुलिस अधिकृत आफै छक्क पऱ्यो । किनकी चोरलाई समात्ने वा जनताको जीउधनको सुरक्षा गर्नेहरू आफै चोर भएपछि पुलिस अधिकृत जनताको सामु लज्जित भयो । आफै बदनाम भएको उसले महसुस गऱ्यो । त्यसपछि उसले कड्केर सोध्यो-"भन्, तिमीहरूले कुकृत्य किन गरेको ?" ती चोर सिपाहीहरूले एकै स्वरमा भने-"साविक तलबले महँगीको सामना गर्नै सकिएन साब ! जहान-बच्चा पाल्न पनि धौ-धौ पऱ्यो, त्यसैले फुर्सदमा ओबर टाइम गरेको !" यो भनाइले पुलिस अधिकृतले त्यसपछि अन्य प्रश्नहरू सोध्ने आँट गरेन (जिज्ञासु, २०६६ : ३६) ।

इन्दिरा प्रसाईको **सत्य असत्य** लघुकथामा वर्तमान समयमा असत्यको बोलवाला रहेको र सत्यले लुक्नु परेको यथार्थ अवस्थाप्रति व्यङ्ग्य गरिएको छ । उनको **मात** शीर्षकको लघुकथामा शान्ति सुरक्षाको जिम्मा लिएको प्रहरी अधिकृत आफैले एकजना बौलाहा महिलालाई बलात्कार गरेर मारेको र बिहान शान्ति सुरक्षा कायम गर्ने भनेर घटना स्थलमा पुगेको घटनाप्रति व्यङ्ग्य गरिएको छ ।

किशन थापा 'अधिर' का लघुकथामा कानुन पालना गर्ने जिम्मा लिएको प्रहरी प्रशासनका मानिस आफैले घुस खाने र चोरले चोरेको सामान कब्जा गरेर राख्ने काम गरेको घटनाप्रति तीव्र व्यङ्ग्य गरिएको पाइन्छ । उनको **न्यायको पेट** लघुकथामा प्रहरीहरूको घुस खाने कार्यप्रति व्यङ्ग्य गरिएको छ । यसरी नै **भरोसा** नामक लघुकथामा चोरले चोरेको सामान प्रहरीले जर्बजस्ती आफूसँग राख्ने गरेकोमा थापाले व्यङ्ग्य गरेका छन् । थापाको **भरोसा** लघुकथामा प्रहरीहरूको गलत कार्यप्रति यसरी व्यङ्ग्य गरिएको छ , "त्यसो भए त्यही चोरसँगै गएर किन चोर्न हिँडनुहुन्न ?" "हामीलाई त्यससँगै हिँड्नु पर्दैन । यो टिभी मेरो भागमा परिहाल्यो ..."(अधिर, २०६० : ९०) ।

साधना प्रतीक्षाको **मदिरा निषेध** लघुकथामा सवारी चालकहरूले मादक पदार्थ सेवन गरेको चेकजाँच गर्ने प्रहरीले मादक पदार्थ सेवन गरेर सवारी साधन चलाउने आफ्नै प्रहरी अधिकृतलाई केही गर्न सक्दैन । लघुकथामा अरूका लागि कानुन भए पनि त्यो मानिसका लागि कानुन नलागेको प्रति व्यङ्ग्य गरिएको छ । **मदिरा निषेध** लघुकथामा प्रहरी अधिकृतको गलत क्रियाकलापप्रति यसरी व्यङ्ग्य गरिएको छ,"अँ, ड्युटी राम्रै भा छ हैन ?" उसको काँधमा हात राखेर अल्लि लरबराउँदै मोटर साइकल चालक अघि बढ्छ । उसको मुखबाट आएको मदिराको गन्धलाई कुनै यन्त्रले नाप्न सक्दैन किनकि, ऊ त कतै सर्च गरेर

आएको प्रहरी अधिकृत हो जसका आँखामा कुनै डान्सबारको ताजा स्वाद अझै बाँकी छ ( प्रतीक्षा, २०६८ : ३०) ।

कानुन पालना गराउने जिम्मा पाएको मानिस आफै गल्ती गर्ने, उल्टो तल्लो तहको प्रहरी कर्मचारीको कामको चेकजाँच गर्ने गरेको छ । यसरी यस लघुकथामा एकातिर तल्ला तहका प्रहरीहरूको निरीहपनप्रति व्यङ्ग्य छ भने अर्कोतिर ठूला प्रहरी अधिकृतले ठाडठाडै कानुनको उलङ्घन गर्ने गरेकोमा नेपालको न्याय कानुन पालनाको अवस्थाप्रति समेत व्यङ्ग्य प्रहार गरिएको छ ।

राजुराम मुनङ्कर्मी, कृष्ण बजगाई, गोरखबहादुर सिंह, विनय कसजू, बद्री पलिखे, साधना प्रतीक्षाका लघुकथामा पनि न्याय कानुन विषयक व्यङ्ग्य गरिएको पाइन्छ । राजुराम मुनङ्कर्मीको **कर्फ्यू लागेको दिन** लघुकथामा कर्फ्यू लागेको दिनमा चोरीका घटना घटेकोमा शान्ति सुरक्षा गर्ने मानिसहरूप्रति व्यङ्ग्य गरिएको छ । कृष्ण बजगाईको **पेन्डिङ् फाइल** लघुकथामा मानिसले खान नपाएर मन्दिरको पैसा चोर्दा उसका विरुद्ध सिँगो समाज उत्रिएको छ । उसले किन त्यस्तो काम गऱ्यो होला भन्ने विषयमा कसैले सोच्न चाहँदैन । उसलाई जीवन बाँच्नका लागि सही उपाय कसरी दिने र उसलाई सुमार्गमा लगाउने भन्ने कसैलाई चिन्ता नै हुँदैन । लघुकथामा समाजमा रहेका मानिसहरूको सम्वेदनहीन चिन्तनप्रति र उनीहरूको गलत न्यायप्रति व्यङ्ग्य गर्ने काम गरिएको छ ।

गोरखबहादुर सिंहको **अजम्मरी गाई** लघुकथामा न्याय सम्पादनको जिम्मा पाएका न्यायाधीशहरूले जनताबाट घुस लिने गरेकोमा सो कार्यप्रति व्यङ्ग्य प्रहार गरिएको छ । लघुकथामा विगत देखि नै यस्तो कार्य चलिरहेको र वर्तमानमा पनि यस्ता गतिविधिले प्रश्रय पाइरहेको कुरा आएको छ । विनय कसजूको **कानुनको मर्म** लघुकथामा पशुपक्षी पात्रका माध्यमबाट समाजमा कानुनी न्याय नभएको अवस्थाप्रति व्यङ्ग्य गरिएको छ । प्रजातन्त्रका नाममा मानिसले जतिसुकै बोल्ने छुट पाए पनि देश र जनता लुट्ने, नराम्रा काम गर्ने नेताहरूले सजाय पाउन नसकेकोमा तीव्र छेड हान्नुका साथै व्यङ्ग्य समेत गरिएको छ । बद्री पलिखेको **न्याय निसाफ** लघुकथामा वादी र प्रतिवादी दुवै पक्षबाट घुस लिने र जसले बढी घुस दियो, उसैलाई जिताउने काम गर्ने न्यायाधीशको बेइमान प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

यसरी नेपाली लघुकथाका कृतिहरूमा न्याय कानुन क्षेत्रलाई पनि विषय बनाएको पाइन्छ । यी लघुकथाहरूमा कानुन पालना गर्ने जिम्मा पाएका व्यक्ति, संस्थाहरूबाट हुने गरेका विसङ्गत क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली लघुकथाहरूले देशमा न्याय कानुन पालनाको स्थिति कमजोर रहेको र नागरिकले सही न्याय पाउन नसकेकोमा आफ्ना रचना मार्फत चिन्ता व्यक्त गरेको पाइन्छ ।

नेपाली लघुकथामा न्याय कानुन विषयलाई लिएर लघुकथा लेख्ने अन्य लेखकहरूमा किशोर पहाडी, रवीन्द्र समीर, केशव प्रधान, बुद्धिनाथ ज्ञवाली, महेश प्रसाई, श्रीबाबु कार्की, देवेन्द्र अर्याल रहेका छन् । यी लघुकथाकारहरूले आफ्ना लघुकथा रचनामा न्याय कानुन क्षेत्रका विसङ्गति, विकृतिलाई उजागर गर्ने र ती विसङ्गतिप्रति व्यङ्ग्य गर्ने काम गरेको पाइन्छ ।

## ४.१४ नेपाली लघुकथामा पत्रकारिता विषयक व्यङ्ग्य

नेपाली लघुकथामा पत्रकारिता क्षेत्र र सो क्षेत्रसँग सम्बन्धित व्यक्ति एवम् विषयप्रति व्यङ्ग्य गरिएको पाइन्छ । पत्रकारितासम्बन्धी व्यङ्ग्य गर्ने प्रमुख लघुकथाकारमा सुमन सौरभ, कृष्ण बजगाई, अच्युत घिमिरे, हरिप्रसाद भण्डारी, विनय कसजू, गोविन्द भट्टराई, राजुराम मुनङ्कर्मी, आर आर चौलागाई, सिन्धु गौतम र रसुवाली कवि रहेका छन् ।

सुमन सौरभका लघुकथामा पत्रकारिता क्षेत्रका विकृति विसङ्गतिप्रति सशक्त रूपमा व्यङ्ग्य गरिएको पाइन्छ । उनको **समयान्तर** लघुकथामा मानिस जिउँदो छँदा नहेर्ने तर मृत्यु भएपछि पर्चालाई पनि रचना भनेर छाप्ने साहित्यिक पत्रकारप्रति व्यङ्ग्य गरिएको छ । **समाचार** शीर्षकको लघुकथामा संसारभरिका विभिन्न विषयवस्तुमा कलम चलाउने श्रमजीवी पत्रकार आफू भने आर्थिक रूपमा शोषित भएर बाँच्नुपरेको अवस्थालाई देखाइएको छ । यस लघुकथामा ठूला संचारगृहले श्रमजीवी पत्रकारको आर्थिक शोषण गरिएको प्रति व्यङ्ग्य गरिएको छ । त्यसरी नै अगाडि पछाडि ठूला कुरा गरे पनि पत्रकार सञ्चालकबाट आफूमाथि गरिएको शोषण विरुद्ध बोल्न नसक्ने श्रमजीवी पत्रकारको निरीहताप्रति लघुकथामा व्यङ्ग्य गरिएको छ । सौरभको **समाचार** लघुकथामा व्यङ्ग्य यसरी प्रस्तुत गरिएको छ :

छिमेकीले अपत्यारिलो नजरले उसलाई हेऱ्यो । छिमेकीको तीखो हेराइले उसलाई छाती भित्रसम्म पोल्यो । "अरूका बारेमा त्यत्रो लेख्नुहुन्छ, आफ्नो बारेमा पनि लेख्नुस् न । महिना मर्नेबित्तिकै पैसा पाइन्छ कि" छिमेकीले जानेबुझेसम्मको गतिलो सल्लाह दियो । उसलाई ढिलो भैसकेको थियो । बाटोमा उभिएर दुःख-सुखको कुरा गर्ने फुर्सद थिएन । ऊ फटाफट हिँड्यो र जाँदाजाँदै कसैले नसुन्ने गरी बड्बडायो-"लेख्न त लेखौँला तर छाप्ने कसले नि ?" (सौरभ, २०६५ : ४८) ।

यस लघुकथामा पत्रकार आफ्नो पीडा पोख्न असमर्थ छ । एकातिर ऊ सारा समाजका विकृत पक्षका बारेमा कलम चलाउँछ भने अर्कोतिर ऊ आफ्नै जीवनका समस्या प्रस्तुत गर्न डराउँछ । लघुकथामा उसको भयग्रस्त मानसिकता एवम् दब्बु प्रवृतिप्रत्ति व्यङ्ग्य गरिएको छ ।

सौरभको **सन्त्रास** लघुकथामा खुँखार अपराधी भागे पनि नडराउने जेलर पत्रकार जेलबाट भागेपछि भयग्रस्त अवस्थालाई देखाइएको छ । पत्रकारले खबर चाँडै जनतासमक्ष पुऱ्याउन सक्छ । लघुकथामा पत्रकार भागेकोमा जेलका कर्मचारीमा फैलिएको सन्त्रासलाई देखाइएको छ । लघुकथामा जेलमा भएको अव्यवस्था र अराजकताप्रति व्यङ्ग्य आएको छ ।

कृष्ण बजगाईका लघुकथामा पत्रकारिता क्षेत्रसँग सम्बन्धित व्यङ्ग्य गरिएको पाइन्छ । बजगाईको **रिपोर्टर** लघुकथामा बाहिर जनतासामु विरोधी जस्तो देखिए पनि भित्र-भित्र मिलेका स्वार्थी पत्रकार प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । **समाचार** लघुकथामा रेडियोमा वाचन गरिने समाचारमा राजनीतिक नेताका अनावश्यक भाषणलाई प्राथमिकता दिने र जनताको जीउधनको क्षतिलाई कम महत्व दिने गरेकोप्रति व्यङ्ग्य गर्ने काम गरिएको छ ।

हरिप्रसाद भण्डारीका लघुकथामा नेपालको पत्रकारिता क्षेत्रसँग सम्बन्धित विषय प्रमुखताका साथ प्रस्तुत गरिएको पाइन्छ । भण्डारीको **पत्रकारको धर्म** लघुकथामा सरकारी कार्यालयबाट विज्ञापन नपाउँदा हाकिम भष्ट्र भएको भनेर झुठो समाचार छाप्ने पत्रकारको कार्यप्रति व्यङ्ग्य गरिएको छ । यस लघुकथामा पत्रिकाका लागि विज्ञापन दिने हाकिम राम्रो र पत्रिकाका लागि विज्ञापन नदिने हाकिम भ्रष्ट देख्ने पत्रकारको गलत चिन्तनप्रति व्यङ्ग्य गरिएको पाइन्छ । लघुकथामा हाकिमको मूल्याङ्कन उसले गरेको कार्यका आधारमा नभएर उसले दिने विज्ञापनका आधारमा गर्ने पत्रकार प्रवृत्तिप्रति छेड हानिएको छ । भण्डारीको **समवेदना** शीर्षकको लघुकथामा साहित्यकारहरूले जिउँदो छँदा साथीको कुनै वास्ता नगर्ने

तर मानिस मरेपछि रूने, कराउने र नक्कली संवेदना देखाउने कार्य गर्ने गरेकोमा त्यस्तो कार्यप्रति व्यङ्ग्य गरिएको छ ।

अच्युत घिमिरेका लघुकथामा पत्रकारिता क्षेत्रमा मौलाएको भ्रष्ट प्रवृत्ति र आर्थिक दुराचारलाई कथ्य विषय बनाएको पाइन्छ । उनको **व्यापार** लघुकथामा पैसाको लेनदेनबाट पत्रिकामा फोटो र लेख छापिएको विषयप्रति व्यङ्ग्य गरिएको पाइन्छ । घिमिरेको **व्यापार** शीर्षकको लघुकथामा यसरी व्यङ्ग्य गरिएको छ, "खप्रसाद कप्रसादलाई राम्ररी नै चिन्दथ्यो । उनी खासै प्रतिभाशाली साहित्यकार थिएनन् । लेख्ने रहर गर्ने सामान्य लेखक मात्र थिए । यस्तै कुरा खेलाउँदै खप्रसाद पत्रिका पसलमा आँखा लगाइरहेको थियो र झट्ट देख्यो- शनिवारीय अङ्कमा अघिल्लो हप्ता सम्पादकलाई फोन गर्ने कप्रसादको आवरण फोटो थियो" (घिमिरे, २०६१ : २६) ।

त्यसरी नै घिमिरेको **नयाँ अवतार** लघुकथामा समाजमा अश्लिल सामग्री प्रकाशन गर्ने मानिस छिटै धनी बनेकोप्रति समेत व्यङ्ग्य गरिएको छ ।

यसरी नै नेपाली लघुकथामा पत्रकारितासम्बन्धी व्यङ्ग्य प्रस्तुत गर्ने अन्य लेखकहरूमा विनय कसजू, गोविन्द भट्टराई, राजुराम मुनङ्कर्मी, आर.आर. चौलागाई, सिन्धु गौतम पर्दछन् ।

विनय कसजूको **अखबार बेच्ने केटो** लघुकथामा अरूका जीवनका संवेदनशील घटनालाई पनि सामान्य रूपले भन्दै पत्रिका बेच्ने केटो आफ्नो बाबुको अपहरणपछि हत्या भएको समाचार सुनेर रोएको घटनालाई मार्मिक रूपले प्रस्तुत गरिएको छ । यस लघुकथामा मानिसले आफूलाई जतिसुकै कठोर रूपमा बाँच्न खोजे पनि एकदिन उसले पनि कठोर यथार्थको सामना गर्नुपर्छ भन्ने विचार प्रस्तुत गरिएको छ । यस लघुकथामा मानिसको संवेदनहीन कार्यप्रति व्यङ्ग्य गर्ने काम गरिएको छ ।

आर.आर. चौलागाईको **विशिष्ट व्यक्तिहरू** लघुकथामा विशिष्ट व्यक्तिका लेख भएको पत्रिका प्रकाशित हुने भनेर हल्लीखल्ली गर्ने पत्रकारले पछि आफ्नै आफन्तको लेखरचना छाप्ने कार्य गरेकोमा सो कार्यप्रति यसरी व्यङ्ग्य गरिएको छ, "सहरका मानिसहरू पत्रिकाको व्यग्र प्रतीक्षा गर्न थाले । हल्लाअनुसार पत्रिका निस्कियो पनि । पत्रिकामा विशिष्ट व्यक्तिको अर्न्तवार्ता, लेख, कविता र कथा सबै थिए तर ती विशिष्ट

व्यक्तिहरू खबरप्रसादका आफ्नै बुबा, आमा, श्रीमती र छोरा थिए" (चौलागाई, २०६५ : १०८) ।

गोविन्द भट्टराईको **विवेक र व्यापार** लघुकथामा असल भावना भएका मानिसलाई हाम्रो समाजमा अपहेलना गर्ने गलत प्रवृत्ति प्रति तीव्र असन्तोषका साथै सो कार्यप्रति व्यङ्ग्य समेत गरिएको छ ।

राजुराम मुनङ्कर्मीको **संङ्कटकाल** लघुकथामा नेपाली समाजको एक असहज कालखण्डलाई सम्झाएको छ । विगत संकटकालमा सामान्य मानिस मर्दा पनि आतङ्कारी मारिएको भनेर खबर छाप्ने पत्रिकाको गलत कार्यप्रति व्यङ्ग्य गरिएको छ ।

सिन्धु गौतमको **नियत** लघुकथामा नकारात्मक विषय, प्रसङ्ग एवम् विचार मात्रै प्रस्तुत गर्ने पत्रकारको गलत क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

यसरी नेपाली लघुकथामा पत्रकारिता क्षेत्रलाई पनि अध्ययनको प्रमुख विषय बनाइएको पाइन्छ । यी लघुकथाहरूमा पत्रकारहरूले भोग्नुपरेका पीडा एवम् अभावलाई देखाउने कार्य गरिएको छ । आफ्नो पीडा भुलेर पनि निरन्तर खटिरहने पत्रकारको दब्बु प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । नेपाली लघुकथाकारहरूले पत्रकारिताका नाममा हुने आर्थिक क्रियाकलाप, पैसाको लेनदेन, गलत समाचार प्रस्तुत गर्ने प्रवृत्ति र जनतालाई कम महत्व दिने गरेको यथार्थलाई लेखनीको विषय बनाएका छन् । उनीहरूले आफ्ना लघुकथामा नेपाली पत्रकारिता क्षेत्रका विसङ्गत र विकृतिजन्य क्रियाकलापप्रति सशक्त रूपमा व्यङ्ग्य गरेका छन् ।

## ४.१५ नेपाली लघुकथामा वैयक्तिक व्यङ्ग्य

नेपाली लघुकथामा व्यक्ति जीवनका विभिन्न विसङ्गत पक्षप्रति व्यङ्ग्य प्रहार गरिएको पाइन्छ । नेपाली लघुकथामा मानव जीवनका दुर्बलता, कमजोरी, असमाजिक क्रियाकलाप र घृणित व्यवहारप्रति व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली लघुकथामा वैयक्तिक विषयमा व्यङ्ग्य प्रहार गर्ने प्रमुख लघुकथाहकारहरु सुमन सौरभ, विश्वराज अधिकारी, पुष्करराज भट्ट, प्रदीप प्रधान, वासु मार्मिक, भूपेन्द्र सुवेदी, शिवहरि सुवेदी, बद्री पलिखे, रमेश

भट्टराई, सुशीला देउजा, भीम राना जिज्ञासु, कल्याण पन्त, दुलर्भलाल सिंह, रामविक्रम थापा, डम्बर रसिक भारती पर्दछन् ।

विश्वराज अधिकारीका लघुकथामा वैयक्तिक विषयक व्यङ्ग्य सघन रूपमा आएको पाइन्छ । उनको **अभिनय** शीर्षकको लघुकथामा आफू सहरमा बसेर सुखसुविधामा रमाउने छोरासँग आमाले सँगै बस्न खोज्दा आमाको महत्व घट्ने र आमाको माया पनि घट्ने भनेर आमालाई गाउँमै बस्न बाध्य बनाउँछ । वर्तमान युगमा आफू सुखसुविधा खोज्न सहरमा बस्ने र आमाबाबुलाई एक्लै गाउँमा छोड्ने छोरा पुस्ताको स्वार्थी एवम् आत्मकेन्द्रित प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । **इमान्दार सज्जन** लघुकथामा बसमा यात्राका क्रममा सँगै बस्ने यात्रीले कुरामा आफ्नो राम्रो प्रभाव छोड्न सफल हुन्छ । पछि सुतेका बेला त्यही यात्रीले सुटकेस लगेर गएपछि त्यो मानिसप्रतिको पूर्वधारणा परिवर्तन गर्न बाध्य हुनपर्ने अवस्था सिर्जना हुन्छ । यस लघुकथामा यसरी एकैछिनको भेटमा कुनै पनि मानिसलाई विश्वास गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ भने अर्कोतिर जतिसुकै आदर्शका कुरा गरे पनि व्यवहारमा खोक्रोपना भएका वर्तमानको युवा पुस्ताप्रति समेत व्यङ्ग्य गरिएको छ ।

सुमनराज ताम्राकारको **पृथक रेकर्ड** लघुकथामा एस. एल. सी. मा धेरै वर्ष फेल भएको मानिस पछि पास हुने स्थिति भए पनि धेरै वर्ष फेल भएको भन्ने रेकर्ड बनाउन परीक्षामा नलेखेर फेल भएको देखाइएको छ । यसरी आफ्नो योग्यता बढाएर अगाडि बढनुभन्दा पनि प्रचारप्रसारमा अगाडि आउन खोज्ने मानवीय प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । भूपेन्द्र सुवेदीको **शोकसभा** लघुकथामा मानिसले सामुन्नेमा केही नबोले पनि मनमा भने कसैले दुःख दिएको कुरा सम्झेकै हुन्छ भन्ने वास्तविकता उदाङ्गो पारिएको छ । मानिसको भित्री मन र बाहिर व्यवहार एउटै हुँदैन भनेर मानवीय द्वैध चरित्रप्रति व्यङ्ग्य गरिएको छ ।

शिवहरि अधिकारीको **समाजसेवी** लघुकथामा बसमा यात्रा गर्दा वृद्ध, अशक्त महिलालाई बस्न ठाउँ नदिने मानिसले जवान एवम् सुन्दर युवतीलाई बस्नका लागि ठाउँ दिन्छ । यस लघुकथामा मानिसको संवेदनाहीन क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

रमेश भट्टराई 'पूजारी' को **सम्बन्ध** लघुकथामा आफ्नो लोग्ने मरेकोमा दुःखी हुनुको सट्टा लोग्ने मरेर आफूले सम्पति पाउने भएकोमा खुशी हुने महिलाको प्रवृत्ति देखाइएको छ । यस लघुकथामा मानिसको जीवन भन्दा पनि सम्पतिलाई प्राथमिकता दिने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

सुशीला देउजाको **आफ्नै मान्छे** लघुकथामा घरपरिवारको उत्तदायित्व वहन गर्नुपर्ने मानिस आफै जुवातास खेलेर सम्पति सब स्वाहा पार्ने गरेकोमा त्यस्ता व्यक्तिहरूप्रति तीक्ष्ण व्यङ्ग्य गरिएको छ ।

दुर्लभलाल सिंहका लघुकथामा वैयक्तिक जीवनका सन्दर्भलाई प्रमुखतका साथ उठाइएको पाइन्छ । उनको **जीवन** लघुकथामा लक्ष्यविहीन मानिसको जीवनप्रति व्यङ्ग्य गरिएको छ । **झुलभित्रको मान्छे** लघुकथामा लामखुट्टेले टोकेपछि झुल ल्याएको मानिसले झुल सोचेजस्तो नभएपछि त्यो झुल नै च्यात्दछ । यस लघुकथामा आफ्नो जीवनलाई व्यवस्थित गर्न नसक्ने मानिसले आखिरमा दुःख पाउँछ भन्ने विचार प्रस्तुत गरिएको छ । त्यो मानिस होशियार भएको भए पहिले आवश्यकता अनुसारको झुल ल्याउँथ्यो । झुल ल्याइसकेपछि पनि त्यसको कसरी उपयोग गर्ने भन्ने विचार गरेर त्यसलाई काममा ल्याउँथ्यो । यस लघुकथामा विचार पुऱ्याएर काम गर्न नसक्ने र क्षणिक आवेग देखाउने मानिसको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

रामविक्रम थापाको **देवीको भाकल** लघुकथामा आफूलाई आपत पर्दा देवीदेवता गुहार्ने अरू बेला आफैले सब थोक गरेको हुँ भनेर घमण्ड गर्ने मानिसको प्रवृत्तिलाई देखाइएको छ । लघुकथामा उसको भाकल गर्दा जहिले पनि कालो पाठो चढाउँछु भन्ने तर कहिले पनि नचढाउने छलपूर्ण कार्यप्रति व्यङ्ग्य गरिएको छ । लघुकथामा मानिसले मौका पाए मानिस मात्र हैन, देवतालाई पनि ठग्न खोज्छ भनेर मानिसको स्वार्थी क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । थापाकै **वैवाहिक स्थिति** लघुकथामा आफ्नो नचाहिँदो शर्तका कारण विवाह नभएर त्यसै बस्नु परेका युवायुवतीको वार्तालाप आएको छ । लघुकथामा अतिमहत्वाकाङ्क्षी युवायुवतीको  जीवनप्रति यसरी व्यङ्ग्य गरिएको छ :

> अनिताको मुर्झाइलो अनुहार देखेर मन्द मुस्कानसाथ कमलले सोध्यो-'अनिता ! किन यो उमेरसम्म तिम्रो गाला पोतेविहिन ?' के गर्ने कमल ! आफूले सोच्याजस्तो नहुँदो रहेछ ।
>
> अनि तिमी पनि त अझै कुमार नै छौ जस्तो छ । तिम्रो कारणचाँहि के नि कमलजी ?
>
> कमलले कपाल कन्याउँदै प्रत्युत्तरमा बोल्यो -'त्यस्तै उस्तैलाई म पत्याउँदिन र भनेजस्ताले मलाई गन्दैगन्दैनन्' (थापा, २०५५ : १९) ।

यस वार्तालापमा रहेका अनिता र कमलको साझा पीडा देखिन्छ । उनीहरू आफ्नै कारणले अविवाहित रहनु परेको देखिन्छ । समाजमा घमण्ड गर्ने र अरूलाई वास्ता नगर्ने, आफ्नो मात्र गुण देख्ने तर अरूको अवगुण देख्ने प्रवृत्तिले मानिसहरूको स्वयं आफ्नो जीवनले सही निकास पाउन सक्दैन । यस लघुकथामा त्यस्तै जीवन कथा बोकेका पात्रहरूको स्थितिप्रति व्यङ्ग्य गरिएको छ ।

भीम राना 'जिज्ञासु' का लघुकथामा वैयक्तिक जीवनका विविध सन्दर्भलाई प्रमुखताका साथ प्रस्तुत गरिएको पाइन्छ । उनका लघुकथामा मानिसका स्वार्थी एवम् धोकापूर्ण व्यवहारका साथै अनैतिक क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । रानाको **अन्तर्घात** लघुकथामा भाडामा बस्नेले पछि धोकापूर्ण कार्य गरेर घर नै हडपेको छ । कहिल्यै पनि आफ्नो घरमा नजाने मानिस अन्ततः आफ्नो घर गुमाउन बाध्य हुन्छ । यसरी यस लघुकथामा अर्काको सम्पति हडप्नेप्रति व्यङ्ग्य छ भने अर्कातिर आफ्नै सम्पतिको रक्षा गर्न नसक्ने र वास्ता पनि नगर्ने मानिसप्रति व्यङ्ग्य गरिएको छ । **वास्तविकता** लघुकथामा भूकम्प आउँदा घरका सबै मानिसहरू सबै आफ्नो ज्यान जोगाउन लागिपरेको प्रसङ्ग आएको छ । लघुकथामा एकअर्काप्रति माया रहेको भन्ने कुरा सब झुटो रहेको  र आपत पर्ने बित्तिकै सबै आफूलाई बचाउन मात्र लाग्ने गरेको यथार्थप्रति व्यङ्ग्य गरिएको छ । **मृत्युवरण** लघुकथामा एड्स लागेकी युवतीलाई बलात्कार गर्ने युवकहरूले आफै आत्महत्या गर्नु परेको घटना वर्णन गरिएको छ । लघुकथामा यौनपिपासुहरूको अनैतिक क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

प्रदीप प्रधानका लघुकथामा मानिसको वैयक्तिक जीवनका घटनाहरूलाई सशक्तताका साथ प्रस्तुत गरिएको पाइन्छ । उनका लघुकथामा मानिसको धनलोलुप प्रवृत्तिका साथै सशस्त्र द्वन्द्वका बेला आफ्नो जिम्मेवारी पूरा गर्नुभन्दा पनि व्यक्तिगत सुरक्षाका लागि अस्पतालमा लुक्ने सुरक्षाकर्मीको व्यवहारप्रति व्यङ्ग्य गरिएको छ । प्रधानको **पेट दुख्यो रे ?** लघुकथामा आफ्नो जिम्मेवारीभन्दा पनि व्यक्तिगत सुरक्षालाई महत्व दिने सुरक्षाकर्मीको व्यवहारप्रति व्यङ्ग्य गरिएको छ । लघुकथामा माओवादीले आक्रमण गर्ने खबर थाहा पाएपछि पेट दुखेको बहाना गरी रातभर अस्पतालमा लुकेर बस्ने हवल्दारको व्यवहारलाई प्रस्तुत गरिएको छ । नेपालको सुरक्षायन्त्रभित्र माओवादीको कतिको त्रास रहेछ र उनीहरूको जिम्मेवारी पालनको स्थिति कस्तो रहेछ भन्ने कुरा देखाइएको छ । यस लघुकथामा त्यस बेलाको नेपालको शान्ति सुरक्षाको अवस्थालाई लिएर व्यङ्ग्य गरिएको छ ।

**गहना** शीर्षकको लघुकथामा लोग्नेले धनलोलुप श्रीमतीको भौतिक आवश्यकता पूरा गर्न आफ्नो आर्थिक स्थितिले नसकेपछि किड्नी बेच्न बाध्य हुनुपरेको यथार्थ प्रस्तुत गरिएको छ । श्रीमती श्रीमान्ले किड्नी बेचेपछि चेत्छे तर गुम्नुपर्ने चिज गुमिसकेको हुन्छ । उसले लोग्नेको जीवनभन्दा सम्पति ठूलो होइन भन्ने कुरो धेरै पछि मात्र थाहा पाउँछे । यस लघुकथामा मानिसको धनलोलुप चिन्तनप्रति व्यङ्ग्य गरिएको छ । त्यस्तै **बन्द बाकस** लघुकथामा मानिसले धनलोलुप क्रियाकलापका कारण दुःख पाउनुपरेको घटना आएको छ । पैसा धेरै आउने लोभमा श्रीमान्लाई विदेशमा काम गर्न पठाउने महिला पछि बन्द बाकसमा पैसा नभएर लोग्नेको लाश देखेपछि मुर्छा पर्छिन् । लघुकथामा मानिसले धनको लोभमा आफ्नो प्रियजन गुमाउनुपर्ने अवस्था आउँछ भन्ने कुरा प्रस्तुत गरिएको छ । यस लघुकथामा अत्यधिक धनलोभी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

सुमन सौरभका लघुकथामा वैयक्तिक जीवनका ससाना घटनालाई गम्भीर किसिमले प्रस्तुत गरिएको पाइन्छ । उनका लघुकथामा मानवीय जीवनका संवेदनशील पक्षलाई सुक्ष्मताका साथ उजागर गरिएको पाइन्छ । उनका लघुकथामा मानव जीवनमा साना मसिना कुराले कसरी प्रभावित गर्छ भन्ने कुरा वर्णन गरिएको पाइन्छ । उनी आफ्ना लघुकथामा मानिसका मनभित्र लुकेको क्षुद्रता र त्यसको प्रभावलाई सशक्त ढङ्गले प्रस्तुत गर्दछन् । सुमन सौरभका लघुकथामा मानवीय छुद्र प्रवृत्तिको उत्खननका साथै ती प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनको **सजाय** लघुकथामा विद्यालयको मासिक फिस तिर्न नसक्ने बालकलाई  शिक्षकले कक्षाबाट निकाल्न खोज्दा बालकले यसमा आफ्नो कुनै गल्ती नभएको कुरा बताउँछ । आफ्नो गरिब बुवाले धेरै सन्तान पाएर तिनको आवश्यकता पूरा गर्न नसकेको गल्तीको सजाय आफूलाई नदिनका लागि सो बालकले शिक्षकलाई आग्रह गर्दछ । यसरी यस लघुकथामा एकातिर आफ्नो स्थिति नबुझेर धेरै सन्तान जन्माउने अनि तिनको जीवनको वास्ता नगर्ने बाबुप्रति व्यङ्ग्य गरिएको छ भने अर्कोतिर वास्तविकता नबुझेर बालकप्रति कठोरताका साथ प्रस्तुत हुने शिक्षकप्रति समेत व्यङ्ग्य गरिएको छ । सौरभकै **आदर्श** लघुकथामा श्रीमान्को मृत्युपछि श्रीमती एक्ली हुन्छिन् । मसानघाटमा आकस्मिक रूपमा प्रकट भएका पतिले आफूसँगै आउन भन्दा श्रीमतीले श्रीमानलाई यही संसारमा नै बोलाउँछिन् । लघुकथामा श्रीमान जतिसुकै प्रिय भए पनि त्यो भन्दा पनि उनलाई आफ्नो जीवन प्रिय रहेको कुरा आएको छ । यस लघुकथामा मानिसको प्रवृत्ति प्रति यसरी व्यङ्ग्य गरिएको छ :

"नरोउ प्रिय !" ऊ पतिको स्वर सुन्दै थिई-तिमीले धेरै बिलौना गरिसक्यौ कि मैले ईश्वरको दरबारमा तिमीलाई लगिँन, एक्लै गएँ । आऊ प्रिय, तिम्रो अभावमा म पनि विचलित छु । आऊ, अब सँगै जाऔँ ।" उसको पति दर्पपूर्ण अनुहारले उसलाई अङ्कमाल गर्न दुवै हात फिँजाइरहेको थियो । उसले झर्केर पतिलाई प्रणाम गरी, दुई कदम पछाडी हटी र बोली-"कहाँ तिमीसँग जानु, घर लथालिङ्ग छ, बरू हिँड तिमी मसँग, घर जाऔँ" (सौरभ, २०६८ : ६८) ।

यस लघुकथामा श्रीमती पात्रले आफू जतिसुकै श्रीमान्लाई माया गर्ने बताए पनि जब आफ्नो जीवनको प्रश्न आउँछ, उसले आफ्नो जीवनलाई नै बढी प्राथमिकता दिन्छे । लघुकथामा मानिसले जतिसुकै ठूला कुरा गरे पनि ऊ सबैभन्दा बढी आफैलाई माया गर्दछ भन्ने कुरा आएको छ । यस लघुकथामा मानिसको स्वार्थी मायाप्रति व्यङ्ग्य गरिएको छ । सुमन सौरभको **अङ्कहरूको हत्या** लघुकथामा मानिसको समयप्रति वास्ता नगर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । लघुकथामा अङ्कसँग जतिसुकै डराए पनि, पन्छाउन खोजे पनि आखिर अङ्क महत्वपूर्ण रहेछ भन्ने चिन्तन आएको छ । लघुकथामा मानिसले जीवनमा समयको वास्ता गरेन भने उसले स्वयम् दुःख पाउँछ भन्ने विचार आएको छ । यस लघुकथामा मानिसको लापरवाह एवम् बेवास्तापूर्ण जीवनप्रति व्यङ्ग्य गरिएको छ ।

पुष्करराज भट्टका लघुकथामा वैयक्तिक जीवनसँग सम्बन्धित अनेक दृश्य परिदृश्यलाई सफलतापूर्वक प्रस्तुत गरिएको पाइन्छ । उनको **जीवनसाथी** लघुकथामा योग्य युवकहरूलाई छोडेर पैसा भएको युवकसँग विवाह गर्ने महिला पछि आफ्नो पति रक्याहा र दुश्चरित्रको भएकोमा दिक्क हुन्छे । यसरी यस लघुकथामा मानिसको योग्यताभन्दा चमकदमक र पैसालाई महत्व दिने महिला प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । त्यसरी नै **साथी** लघुकथामा पहिलेको अभिन्न साथी लाई पछि आफूले आर्थिक एवम् सामाजिक प्रगति गरेपछि चिन्न अस्वीकार गर्ने स्वार्थी एवम् आत्मकेन्द्रित साथीप्रति व्यङ्ग्य गरिएको छ । लघुकथामा मानिसको मित्रताभन्दा उसको सामाजिक हैसियतलाई महत्व दिने अवसरवादी साथीको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । भट्टको **असल/खराब** लघुकथामा आफ्नो स्वार्थको आधारमा मानिसलाई असल एवम् खराब देख्ने अवसरवादी मानिसको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उनको **पीडा /खुशी** लघुकथामा सडकमा मोटर साइकल दुर्घटना हुँदा सामान्य चोट लागेको मानिसले चोट धेरै देखाएर पैसा लिन खोजेको घटना आएको छ । लघुकथामा मानवीय लोभी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । यसरी नै

**खाल्डो** लघुकथामा खाल्डो खन्ने मानिसले आफैले खनेको खाल्डोमा आफै परेकोमा रोइकराइ गरेको घटना प्रस्तुत गरिएको छ । यस लघुकथामा अरूलाई दुःख दिने मानिस आफै दुःख पाएको घटनालाई यसरी देखाइएको छ, "समयसँगै यथार्थ प्रकट हुनु नै थियो र भयो पनि । आजभोलि अरूका निमित्त खनेको खाल्डोमा ऊ स्वयम् परेको छ । कसैले सोध्दा उसको चलनचल्तीको उत्तर हुन्छ, "हजुर म माथि त षडयन्त्र भयो ।" अनि त्यसपछि ऊ नथाकुन्जेल गाली गरिरहन्छ आफू बाहेक अरू सबैलाई" (भट्ट, २०६४ : ४०) ।

यस लघुकथामा अरूलाई दुःख दिने मानिसको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

यसरी नै गोविन्द भट्टराई, अमित घिमिरे, इन्दिरा प्रसाई, रवीन्द्र समीर, प्रयास सौरभ श्रेष्ठ, धनुषराज राई, राजुराम मुनङ्कर्मी, भरत भारद्वाज, यमनदेव उत्प्रेरक, पद्मप्रसाद शर्मा, एलबी क्षेत्रीका लघुकथामा वैयक्तिक सन्दर्भहरू प्रस्तुत गरिएको पाइन्छ ।

नेपाली लघुकथामा व्यक्ति जीवनका अनेकन अप्रासङ्गिक, अमिल्दा, अनौठा क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । मानिसले समाजिक जीवनमा अपाच्य हुने क्रियाकलापका कारण आफ्नो भूमिका दुर्बल बनाएको हुन्छ । नेपाली लघुकथाकारहरूले मानिसका असमाजिक चरित्र एवम् व्यवहारका विभिन्न पक्षहरू प्रति व्यङ्ग्य गरेको पाइन्छ ।

## ४.१६ निष्कर्ष

नेपाली लघुकथामा विभिन्न विषयवस्तुमा व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली लघुकथाकारहरूले व्यक्ति जीवनदेखि समाज हुँदै राष्ट्रिय अन्तर्राष्ट्रिय जगत्का विभिन्न घटना एवम् विषय सन्दर्भलाई आफ्नो लेखनीको विषय बनाएको पाइन्छ । यस परिच्छेदमा नेपाली लघुकथामा पाइने व्यङ्ग्यलाई राजनीतिक, समाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक, भाषा तथा साहित्य, शिक्षा, स्वास्थ्य, प्रशासन, विज्ञान, आधुनिक सभ्यता/जीवनशैली, न्याय/कानुन, पत्रकारिता एवम् वैयक्तिक विषयवस्तुका आधारमा विश्लेषण गरिएको छ ।

यस अध्ययनमा नेपाली लघुकथामा व्यङ्ग्यले लक्षित गरेका क्षेत्रहरूको विश्लेषण गरिएको छ । नेपाली लघुकथामा पश्चिमी साहित्य सिद्धान्तका आधारमा व्यङ्ग्यका विभिन्न रूपहरू प्रयोग भएको पाइन्छ । नेपाली लघुकथामा बाक-बैद्ग्ध, अतिरञ्जना, हास्य, वक्रोक्ति एवम् व्यङ्ग्यस्तुति जस्ता रूपको प्रयोग गरिएको पाइन्छ । नेपाली लघुकथामा वाक्

वैदग्धको प्रयोग पाइन्छ । नेपाली लघुकथाकारले भाषा र शैलीलाई सहजतासँग खेलाउन सक्ने भाषिक सामर्थ्य पाइन्छ । यस्तो भाषिक प्रयोगगत विशिष्टताका कारण लेखनमा अभिव्यक्तिगत चमत्कार पाइन्छ । नेपाली लघुकथामा अतिरञ्जना (क्यारिकेचर) को प्रयोग पाइन्छ । यसमा व्यक्तिका गलत वा विसङ्गत सोचाइ र क्रियाकलापप्रति व्यङ्ग्य गर्ने क्रममा व्यक्तिका आनीबानी र क्रियाकलापको बढाइचढाइ प्रस्तुत गरिएको पाइन्छ । कतिपय रचनामा अतिशयोक्तिपूर्ण तरिकाबाट तथ्यलाई बढाएर प्रस्तुत गरी प्रशंसालाई घृणाका तहमा विकसित गरिन्छ ।

नेपाली लघुकथामा हास्य रूपको प्रयोग गरिएको पाइन्छ । विभिन्न किसिमका असङ्गत पक्षलाई विषयवस्तु बनाएर तिनको उजागर गर्दै हास्य रूपको प्रयोग गरिएको पाइन्छ । नेपाली लघुकथामा व्यङ्ग्यस्तुतिको प्रयोग पाइन्छ । यसमा लक्षित व्यक्तिका गलत प्रवृत्तिप्रति व्यङ्ग्य गर्ने क्रममा प्रशंसा गरे पनि प्रशंसाको सन्देश तिरस्कारका रूपमा रहने गर्छ । नेपाली लघुकथामा वक्रोक्तिको पनि प्रयोग गरिएको पाइन्छ । यसमा कुनै पनि कुरालाई सिधै नभनेर वक्र रूपमा भन्ने काम गरिन्छ । यसरी नेपाली लघुकथामा व्यङ्ग्यका विभिन्न रूपका माध्यमबाट व्यङ्ग्य सिर्जना गरिएको पाइन्छ ।

नेपाली लघुकथाका कृतिमा जनताको अधिकार हरण गर्ने  एवम् निरङ्कुशतन्त्र कायम गर्ने राजनैतिक शक्तिहरूको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । नेतृत्व वर्गमा रहेको भ्रष्ट एवम् अनैतिक आचरण एवम् क्रियाकलापप्रति प्रहार गरिएको पाइन्छ । जनतालाई अनावश्यक आश्वासन बाँड्ने र हिंसाजन्य गतिविधि देखाउने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको  पाइन्छ । नेपाली लघुकथाकारहरूले नेताहरूमा रहेको सिद्धान्त र व्यवहारबिचको बेमेलका साथै सत्ताका लागि अनैतिक गठबन्धन गर्ने कार्यप्रति प्रहार गरिएको छ । उच्च राजनैतिक नेतृत्वबाट राष्ट्रहित विपरीत काम गर्ने र मुलुकको प्रतिष्ठामा आँच आउने क्रियाकलाप हुने गरेकोमा त्यस्ता कार्यप्रति व्यङ्ग्य गरिएको छ । कार्यकर्ता वर्गमा रहेको नेताको मुख ताक्ने एवम् चाकडी गर्ने कार्यप्रति समेत व्यङ्ग्य गरिएको छ । जनतामा रहेको असचेतताका कारण उत्पन्न हुने मूर्खतापूर्ण क्रियाकलाप एवम् स्वार्थ लिन चाकरी गर्ने कार्यप्रति व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली लघुकथामा राजनैतिक विषय प्रमुखताका साथ उठाइएको पाइन्छ । राजनैतिक सन्दर्भलाई प्रस्तुत गर्ने प्रमुख लघुकथाकारमा विनय कसजू, गोरखबहादुर सिंह, आर.आर.चौलागाई, रवीन्द्र समीर, कपिल लामिछाने, कृष्ण शाह यात्री, कृष्ण बजगाई, हरिप्रसाद भण्डारी, रामविक्रम थापा, पुष्करराज भट्ट, ध्रुव मधिकर्मी, नारायण

तिवारी, भागीरथी श्रेष्ठ, सुमन सौरभ, वासु मार्मिक, किशोर पहाडी, भूपेन्द्र सुवेदी, टङ्कराम सुनुवार, सुशीला देउजा, हरिहर पौडेल, भरत भारद्वाज, साधना प्रतीक्षा, किशन थापा अधिर, देवेन्द्र अर्याल, दिलीप शाह, वी. थुलुङ, रसुवाली कवि, गोविन्द भट्टराई, सुमनराज ताम्राकार, विश्वराज अधिकारी, पोष चापागाई, बद्री पलिखे, रमेश भट्टराई, राजुराम मुनङ्कर्मी, माधव लामिछाने, मुक्तिनाथ घिमिरे, अगीब बनेपाली, श्रीबाबु कार्की उदास, श्रीओम श्रेष्ठ, नवराज रिजाल, सरस्वती रिजाल, एलवी क्षेत्री, कुसुम ज्ञवाली, अच्युत घिमिरे, प्रदीप प्रधान, हरिगोविन्द लुइँटेल, सिन्धु गौतम, डम्बर रसिक भारती, इन्द्रकुमार विकल्प रहेका छन् ।

नेपाली लघुकथामा समाजमा रहेको वर्गीय विभेद गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको पाइन्छ । चाकरी एवम् स्वार्थजन्य गतिविधिप्रति प्रहार गरिएको पाइन्छ । जनतामा रहेको जातीय, क्षेत्रीय सङ्कीर्णताप्रति व्यङ्ग्य गरिएको छ । उपभोक्तामुखी क्रियाकलाप एवम् यौनजन्य अनैतिक क्रियाकलापप्रति झटारो हानिएको पाइन्छ । परिवारभित्र नै विभेद गर्ने, पैसामुखी चरित्र देखाउने मानिसहरूको कार्यप्रति समेत व्यङ्ग्य गरिएको छ । नेपाली लघुकथामा मानवीय मूल्यको ह्रास, संवेदनहीन क्रियाकलाप एवम् अन्धविश्वासजन्य क्रियाकलापलाई लिएर व्यङ्ग्य गरिएको पाइन्छ । लघुकथाकारहरूले गैरसरकारी संस्थाका क्रियाकलाप र तिनको समाजमा परेको नराम्रो क्रियाकलापप्रति व्यङ्ग्य गरेका छन् । नेपाली लघुकथामा सामाजिक विषय सन्दर्भले पनि प्रमुख स्थान पाएको छ । विनय कसजू, सुमन सौरभ, किशोर पहाडी, भूपेन्द्र सुवेदी, हरिप्रसाद भण्डारी, कृष्ण बजगाई, श्रीओम श्रेष्ठ 'रोदन', दिलीप शाह, कपिल लामिछाने, नवराज रिजाल, सरस्वती रिजाल, रवीन्द्र समीर, अच्युत घिमिरे, आर.आर. चौलागाई, प्रदीप प्रधान, गोपाल ढकाल, हरिगोविन्द लुइँटेल, गोरखबहादुर सिंह, डम्बर रसिक भारती, रमेश भट्टराई, नारा जोशी, कल्याण पन्त, देवेन्द्र अर्याल, श्रीबाबु अर्याल, रामविक्रम थापा, किशन थापा अधिर, अगीब बनेपाली, पुष्करराज भट्ट का लघुकथामा सामाजिक व्यङ्ग्य सशक्तताका साथ प्रस्तुत गरिएको पाइन्छ ।

नेपाली लघुकथामा मानिसहरूको विज्ञापनमुखी क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । चलचित्र एवम् सङ्गीत क्षेत्रमा फैलिएको विकृत मानसिकता एवम् कार्यप्रति व्यङ्ग्य गरिएको छ । मानिसहरूको न्यून सांस्कृतिक चेतना एवम् कृतघ्न प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । नेपाली लघुकथामा आफ्नो मौलिक भाषा-संस्कृति भुलेर विदेशी संस्कृतिका नकारात्मक पक्षलाई ग्रहण गर्ने कार्यप्रति झटारो हानिएको छ । आफूले बोकेको भन्दा भिन्न सांस्कृतिक कार्य गर्ने विद्वानका कार्यप्रति छेड हानिएको छ । नेपाली लघुकथामा हाम्रो

सांस्कृतिक क्षेत्र र सो क्षेत्रसँग सम्बन्धित क्रियाकलापलाई पनि कथ्य सन्दर्भका रूपमा प्रस्तुत गरिएको पाइन्छ । संस्कृतिसँग सम्बन्धित व्यङ्ग्य गर्ने प्रमुख लघुकथाकारहरूमा भीम राना जिज्ञासु, मुक्तिनाथ घिमिरे, कृष्ण शाह यात्री, एल.वी. क्षेत्री, हरिगोविन्द लुइँटेल, डम्बर रसिक भारती, रत्न कोजु, सुमनराज ताम्राकार, दुर्लभलाल सिंह, पुष्करराज भट्ट, अगीब बनेपाली, श्रीओम श्रेष्ठ, रवीन्द्र समीर, आर.आर. चौलागाई, सिन्धु गौतम पर्दछन् ।

नेपाली लघुकथामा धर्मका नाममा जनता ठग्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली लघुकथाकारहरूले जनतामा रहेको भाग्यवादी सोच र मानिसलाई भेदभाव गर्ने कार्यप्रति समेत छेड हानेका छन् । नेपाली लघुकथामा धर्मका आडमा हुने हिंसाजन्य गतिविधि, व्यभिचारी कार्यप्रति समेत सशक्त व्यङ्ग्य गरिएको पाइन्छ । बेइमानलाई संरक्षण गर्ने र धर्मलाई आफ्नो स्वार्थ अनुकूल व्याख्या गर्ने प्रवृत्तिप्रति समेत व्यङ्ग्य गरिएको पाइन्छ । गरिब र असहायलाई नहेर्ने र जसले जे गर्दा पनि टुलुटुलु हेरिरहने ईश्वरका कार्यप्रति समेत व्यङ्ग्य गरिएको पाइन्छ । त्यस्तै कतिपय लघुकथाकारले ईश्वरको अस्तित्वप्रति पनि प्रश्न उठाउँदै व्यङ्ग्य गरेको पाइन्छ । धार्मिक विषयक व्यङ्ग्य गर्ने प्रमुख लघुकथाकार श्रीओम श्रेष्ठ 'रोदन', पुष्करराज भट्ट, रवीन्द्र समीर, अच्युत घिमिरे, लुमडी आचार्य, एलवी क्षेत्री, सिन्धु गौतम, विश्वराज अधिकारी, देवेन्द्र अर्याल, कुसुम ज्ञवाली, गोपाल ढकाल, डम्बर रसिक भारती, भूपेन्द्र सुवेदी, विनय कसजू, ध्रुव मधिकर्मी हुन् ।

नेपाली लघुकथामा कर्मचारीतन्त्रभित्रका आर्थिक भ्रष्टाचारजन्य क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । सिद्धान्तभन्दा आर्थिक लेनदेनमा बढी चासो राख्ने राजनैतिक नेतृत्व वर्गप्रति व्यङ्ग्य गरिएको छ । नेपाली लघुकथाकारले जनतालाई ठग्न व्यापारिक कम्पनीहरूले गर्ने गरेको उपहारमुखी कार्यप्रति व्यङ्ग्य प्रहार गरेका छन् । नेपाली लघुकथामा बेरोजगार ठग्न विभिन्न किसिमका तालिम आयोजना गर्ने बजारमुखी कार्यप्रति झटारो हानिएको छ । सरकारी कर छल्ने व्यापारी क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । गैरसरकारी संस्थाका गलत आर्थिक कार्यप्रति व्यङ्ग्य गरिएको पाइन्छ । महिलावर्गमा रहेको सम्पति एवम् गहनामोहप्रति छेड हानिएको छ । फाइनान्स कम्पनीका नाममा सञ्चालक मोटाउने र जनता ठगिने गरेकोमा त्यस्तो गलत कार्यप्रति व्यङ्ग्य गरिएको छ । नेपाली लघुकथामा विमान दुर्घटनामा मरेको मानिसको नक्कली अभिभावक बनेर पैसा लिन खोज्ने मानिसहरूको स्वार्थी एवम् पैसालोभी कार्यप्रति समेत व्यङ्ग्य गरिएको छ । नेपाली लघुकथामा आर्थिक क्षेत्र र सो क्षेत्रसँग सम्बन्धित विषयप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

आर्थिक विषयक व्यङ्ग्य गर्ने प्रमुख लघुकथाकारमा गोरखबहादुर सिँह, नवराज रिजाल, रवीन्द्र समीर, सुमनराज ताम्राकार, किशन थापा 'अधिर', कल्याण पन्त, कपिल लामिछाने, हरिगोविन्द लुइँटेल, आरआर चौलागाई, कृष्ण शाह यात्री, सरस्वती रिजाल, भीम राना जिज्ञासु, विनय कसजु, डम्बर रसिक भारती पर्दछन् ।

नेपाली लघुकथामा साहित्यिक सङ्घसंस्थामा रहेको परिवारवादप्रति व्यङ्ग्य गरिएको छ । पुरस्कारका नाममा हुने अनावश्यक चलखेलप्रति छेड हानिएको छ । सार्थक रचनाभन्दा पनि झाराटारा रचना सुनाएर कार्यक्रम औपचारिकतामा सीमित गर्ने प्रवृत्तिप्रति पनि व्यङ्ग्य गरिएको छ । पुस्तकको भूमिका लेखेबापत पैसा लिने समालोचकका क्रियाकलापप्रति व्यङ्ग्य गएिको छ । साहित्यकार, कलाकारमा रहेको अनावश्यक प्रतिस्पर्धा एवम् भेदभावजन्य कार्यप्रति समेत झटारो हानिएको छ । आत्मप्रशंसा चाहने एवम् पुरस्कारका लागि मरिहत्ते गर्ने साहित्यकारका कार्यप्रति समेत व्यङ्ग्य गरिएको छ । पुस्तकमा रचनाभन्दा भूमिका बढी राखेर छपाउने लेखकका कार्यप्रति समेत व्यङ्ग्य गरिएको छ । भाषा-साहित्य क्षेत्रका विसङगतिप्रति व्यङ्ग्य गर्ने प्रमुख लघुकथाकारमा आर.आर. चौलागाई, हरिप्रसाद भण्डारी, विनय कसजू, हरिगोविन्द लुइँटेल, कृष्ण शाह यात्री, कपिल लामिछाने, श्रीओम श्रेष्ठ रोदन, रवीन्द्र समीर, रामविक्रम थापा, किशन थापा अधिर, पुष्करराज भट्ट, सिन्धु गौतम, अगीब बनेपाली, कृष्ण बजगाई, डम्बर रसिक भारती, अच्यूत घिमिरे, धनुषराज राई, गोपाल ढकाल, जगदीश नेपाली रहेका छन् ।

नेपाली लघुकथामा बोर्डिङ् स्कुलका सञ्चालकले शिक्षक एवम अभिभावकको आर्थिक शोषण गर्ने गरेकोमा त्यस्तो प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । मूर्ख एवम् पथभ्रष्ट अभिभावकका क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । आफ्नो जिम्माको काम नगर्ने शिक्षकका कार्यप्रति छेड हानिएको छ । शैक्षिक संस्थामा हुने अनावश्यक राजनीतिकरण, भाँडभैलो, अनैतिक क्रियाकलापका साथै भ्रष्ट गनिविधिप्रति समेत व्यङ्ग्य गरिएको छ । विद्यार्थीप्रति अनावश्यक क्रुरता देखाउने र आफ्ना गाइड पढने विद्यार्थीलाई पास गर्ने शिक्षक गतिविधिप्रति व्यङ्ग्य गरिएको छ । आफू राजनीति गर्ने आफ्नो साटो खेताला शिक्षक राख्ने शिक्षकका नेताहरूका गतिविधिप्रति पनि तीव्र व्यङ्ग्य गरिएको छ । शिक्षा क्षेत्रसँग सम्बन्धित व्यङ्ग्य गर्ने प्रमुख लघुकथाकारमा कपिल लामिछाने, सिन्धु गौतम, आर.आर. चौलागाई, नारायण तिवारी, हरिप्रसाद भण्डारी, पुष्करराज भट्ट, मुक्तिनाथ घिमिरे,

रामविक्रम थापा, कृष्ण शाह 'यात्री', दिलीप शाह, लुमडी आचार्य, अच्युत घिमिरे, डम्बर रसिक भारती  पर्दछन् ।

नेपाली लघुकथामा जनताको स्वास्थ्यप्रति खेलवाड गर्ने र क्लिनिक धाउने डाक्टरको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । जनताको आर्थिक शोषण गर्ने नर्सिङ्ग होमका गलत कार्यप्रति झटारो हानिएको छ । आफ्नो स्वास्थ्यप्रति खेलवाड गर्ने  र सरसफाइमा ध्यान नदिने जनताको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । नेपाली लघुकथाकारले स्वास्थ्यकर्मीले जनताप्रति विभेदपूर्ण व्यवहारलाई गर्ने गरेकोमा त्यस्तो कार्यप्रति समेत व्यङ्ग्य गरेका छन् । धामी झाँक्रीको विश्वासमा परेर बिरामीको उपचार नगराउँदा ज्यान जोगाउनु परेकोमा त्यस्तो कार्य गर्ने मानिसहरू प्रति पनि व्यङ्ग्य गरिएको छ । नेपाली लघुकथामा स्वास्थ्य क्षेत्रसँग सम्बन्धित विकृति, विसङ्गतिप्रति व्यङ्ग्य गरिएको पाइन्छ । स्वास्थ्य क्षेत्रसँग सम्बन्धित व्यङ्ग्य गर्ने प्रमुख लघुकथाकारमा रवीन्द्र समीर, सिन्धु गौतम, भीम राना जिज्ञासु, पुष्करराज भट्ट, किशोर पहाडी, लुमडी आचार्य, सुमनराज ताम्राकार, धनुषराज राई, दुर्लभलाल सिँह, राजुराम मुनङ्कर्मी, माधव लामिछाने, मुक्तिनाथ घिमिरे, प्रदीप प्रधान पर्दछन् ।

नेपाली लघुकथामा विज्ञानको दुरूपयोगका कारण मानिसले दुःख पाउनु परेको घटना प्रस्तुत गरिएको छ । विज्ञानको दुरूपयोग गर्ने कार्यप्रति व्यङ्ग्य गरिएको छ । प्रविधिप्रतिको अत्यधिक निर्भरताका कारण मानिस अल्छी बनेको र उसको कार्यक्षमता घटेकोमा उसको सो कार्यप्रति व्यङ्ग्य गरिएको छ । मानिसले हातहतियारको उत्पादन आफ्नो सुरक्षाका लागि नभएर आफ्नै मृत्युका लागि गरेका छ । लघुकथाहरूमा मानिसको यस्तो गलत आविष्कार कार्यप्रति व्यङ्ग्य गरिएको छ । नेपाली लघुकथामा विज्ञान विषयक व्यङ्ग्य गर्ने प्रमुख लघुकथाकारहरूमा सुमन सौरभ, रमेश भट्टराई 'पुजारी', गोरखबहादुर सिंह, सुमनराज ताम्राकार, टङ्कराम सुनुवार, पुष्करराज भट्ट, रामविक्रम थापा, देवेन्द्र अर्याल 'आँशु', कृष्ण बजगाई, रवीन्द्र समीर, आर.आर. चौलागाई, गोपाल ढकाल एवम् डम्बर रसिक भारती रहेका छन् ।

नेपाली लघुकथामा उच्च प्रशासनिक नेतृत्वमा मौलाएको भ्रष्ट एवम् अनैतिक क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । ठूला कर्मचारीले साना कर्मचारीलाई दुःख दिने, शंका र अविश्वास सिर्जना गर्ने कार्यप्रति समेत छेड हानिएको पाइन्छ । जनतालाई दुःख दिने कर्मचारीवर्गको कार्यप्रति समेत झटारो हानिएको छ । कर्मचारीवर्गको अवसरवादी

चरित्र एवम् सामान्य जनताको आफ्नो काम गराउन कर्मचारीको चाकरी गर्ने, घुस दिने प्रवृत्तिप्रति पनि व्यङ्ग्य गरिएको छ । नेपाली लघुकथामा प्रशासन क्षेत्रसँग सम्बन्धित व्यङ्ग्य गरिएको पाइन्छ । विनयकुमार कसजू, सुमन सौरभ, बद्री पलिखे, पुष्करराज भट्ट, हरिप्रसाद भण्डारी, कृष्ण बजगाई, दिलीप शाह, श्रीओम श्रेष्ठ, कपिल लामिछाने, रवीन्द्र समीर, गोरखबहादुर सिंह, कल्याण पन्त, दुर्लभलाल सिंह, माधव लामिछाने, प्रदीप प्रधान, हरिगोविन्द लुइँटेल, एलवी क्षेत्रीका लघुकथामा प्रशासनिक क्षेत्रसँग सम्बन्धित विषय सन्दर्भ प्रमुखताका साथ उठाइएको पाइन्छ ।

नेपाली लघुकथामा आधुनिक सभ्यताको नाममा हुने गरेका फेसनमुखी एवम् अनैतिक क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उपभोक्तामुखी संस्कृतिका कारण मानिसलाई धनका आधारमा मूल्याङ्कन गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । नेपाली लघुकथामा आफ्नो आर्थिक स्तर वृद्धि हुने बित्तिकै आफ्ना अग्रजहरू एवम् गुरुहरू प्रति अपमान गर्ने नवपुस्ताका क्रियाकलापप्रति छेड हानिएको छ । बौद्धिक क्षेत्रमा पनि विज्ञापनमुखी चरित्रका कारण प्रतिभाभन्दा पैसावाललाई मान्यता दिने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । गैरसरकारी संस्थाले जनतालाई मूर्ख बनाएर संस्थाका मानिस मोटाउने गरेकोमा उनीहरूका त्यस्ता कार्यप्रति व्यङ्ग्य गरिएको छ । जनतामा रहेको विदेशीको ठाडो नक्कल गर्ने एवम् विद्युतीय सामग्रीको सही सदुपयोग नगर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । नेपाली लघुकथामा आधुनिक सभ्यता एवम् जीवनशैलीका कारण उत्पन्न विकृतिहरूप्रति व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली लघुकथामा आधुनिक सभ्यता एवम् जीवनशैलीसँग सम्बन्धित व्यङ्ग्य गर्ने प्रमुख लघुकथाकार श्रीओम श्रेष्ठ रोदन, रवीन्द्र समीर, सुमन सौरभ, कृष्ण शाह यात्री, कृष्ण बजगाई, सिन्धु गौतम, भीम राना जिज्ञासु, गोरखबहादुर सिंह, हरिप्रसाद भण्डारी, श्रीबाबु कार्की, डम्बर रसिक भारती, अच्युत घिमिरे, नारा जोशी, टङ्कराम सुनुवार, देवेन्द्र अर्याल, कुसुम ज्ञवाली हुन् ।

नेपाली लघुकथामा न्याय कानुन क्षेत्रका विकृति विसङ्गति प्रति पनि व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली लघुकथामा पदको दुरूपयोग गरेर जनतालाई दुःख दिने कार्यप्रति व्यङ्ग्य गरिएको छ । भ्रष्टाचार गरेर धन सङ्ग्रह गर्ने कार्यप्रति झटारो हानिएको छ । शान्ति सुरक्षाको बिग्रेका स्थिति र शान्ति सुरक्षा कायम गर्ने नसक्ने जिम्मेवार निकायको गतिविधिप्रति व्यङ्ग्य गरिएको छ । आफ्ना लघुकथामा न्याय कानुन विषयमा व्यङ्ग्य प्रस्तुत गर्ने प्रमुख लघुकथाकारहरूमा भीम राना जिज्ञासु, राजुराम मुनङ्कर्मी, इन्दिरा प्रसाई,

किशन थापा अधिर, कृष्ण बजगाई, गोरखबहादुर सिंह, विनय कसजू, बद्री पलिखे, साधना प्रतीक्षा पर्दछन् ।

निजी प्रकाशन गृहले श्रमजीवी पत्रकारको आर्थिक शोषण गर्ने कार्यप्रति व्यङ्ग्य गरिएको छ । आफ्नो पदको दुरूपयोग गर्ने पत्रकारको क्रियाकलापप्रति समेत व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली लघुकथामा जनताको भन्दा नेताको खबर दिने र विज्ञापन दिनेको चाकरी गर्ने प्रवृत्तिप्रति पनि व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली लघुकथाकारहरूले पत्रिकामा अश्लील सामग्री प्रकाशन गरेर धनी हुने पत्रकार गतिविधिप्रति व्यङ्ग्य गरिएको छ । नेपाली लघुकथामा आफ्ना आफन्तलाई बढावा दिने पत्रकार प्रवृत्तिप्रति समेत झटारो हानिएको पाइन्छ । नेपाली लघुकथामा पत्रकारिता क्षेत्रसँग सम्बन्धित व्यङ्ग्य गरिएको पाइन्छ । सुमन सौरभ, कृष्ण बजगाई, अच्युत घिमिरे, हरिप्रसाद भण्डारी, विनय कसजू, गोविन्द भट्टराई, राजुराम मुनङ्कर्मी, आर.आर. चौलागाई, सिन्धु गौतम र रसुवाली कविका लघुकथामा पत्रकारिता क्षेत्र सम्बन्धी व्यङ्ग्य पाइन्छ ।

नेपाली लघुकथामा मानिसहरूका वैयक्तिक क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली लघुकथामा वैयक्तिक विषयमा व्यङ्ग्य प्रहार गर्ने प्रमुख लघुकथाहरू सुमन सौरभ, विश्वराज अधिकारी, पुष्करराज भट्ट, प्रदीप प्रधान, वासु मार्मिक, भूपेन्द्र सुवेदी, शिवहरि सुवेदी, बद्री पालिखे, रमेश भट्टराई, सुशीला देउजा, भीम राना जिज्ञासु, कल्याण पन्त, दुलर्भलाल सिंह, रामविक्रम थापा, डम्बर रसिक भारती पर्दछन् ।

नेपाली लघुकथामा विश्वासको फाइदा लिन चाकरी गर्ने पछि वास्ता नगर्ने मित्र प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । मानिसको मनमा एउटा कुरा भए पनि व्यवहारमा खोट रहेकोमा त्यस्ता मानवीय चिन्तन एवम् क्रियाकलापप्रति पनि व्यङ्ग्य गरिएको छ । नेपाली लघुकथामा युवाहरूले युवती देख्दा मोहित भएर पछि लाग्ने गरेकोमा उनीहरूका त्यस्ता गलत कार्यप्रति व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली लघुकथाकारले समाजमा मानिसहरूले सम्पतिप्रति अनावश्यक आशक्ति राख्ने, जुवातास र नशामा डुब्ने लगायतका विकृत क्रियाकलाप गर्ने गरेकोमा त्यस्ता गलत कार्यप्रति सशक्त व्यङ्ग्य गरेका छन् ।

# परिच्छेद पाँच

## नेपाली लघुकथामा व्यङ्ग्यको अभिव्यक्ति कला

### ५.१ विषय परिचय

व्यङ्ग्यविधान लघुकथाको प्रमुख विशेषता हो । लघुकथा रचनामा व्यङ्ग्यको अभिव्यक्ति भाषा र शैलीका माध्यमबाट हुन्छ । नेपाली लघुकथामा ध्वनि, शब्द, पदावली, वाक्य तथा अन्य विशिष्ट खाले भाषिक एवम् शैलीगत प्रयोगका माध्यमबाट प्रभावकारी किसिमले व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली लघुकथामा व्यङ्ग्य सिर्जना गर्न भाषा र शैलीगत विशिष्टतामा विचलन, समानान्तरता, पर्याय कथन, विशेषणगुच्छको प्रयोग, अप्रचलित शब्दयुग्मको प्रयोग, दृष्टान्तीकरण, अलङ्कारको प्रयोग, उखान टुक्काको प्रयोग तथा नवनिर्मित क्रियाको प्रयोग गरिएको पाइन्छ । यस अध्यायमा नेपाली लघुकथामा पाइने व्यङ्ग्यको अभिव्यक्ति कलालाई प्रस्तुत गर्ने प्रमुख आधारका रूपमा विचलन, समाानान्तरता, पर्याय कथन, विशेषणगुच्छको प्रयोग, अप्रचलित शब्दयुग्मको प्रयोग, दृष्टान्तीकरण, अलङ्कारको प्रयोग, उखान टुक्काको प्रयोग तथा नवनिर्मित क्रियाको प्रयोगलाई मूल आधार मानिएको छ ।

### ५.२ नेपाली लघुकथामा भाषिक विचलनका माध्यमबाट व्यङ्ग्य

नेपाली लघुकथामा शब्दका तहदेखि वाक्यका तहसम्म विभिन्न व्याकरणिक विचलनको प्रयोग गरिएको पाइन्छ । नेपाली लघुकथामा पाइने भाषिक विचलनलाई यसरी देखाउन सकिन्छ ।

#### ५.२.१ कोशीय विचलन

कुनै पनि ठाउँमा प्रचलनमा नआएका नयाँ शब्दको प्रयोग गर्नु कोशीय विचलन हो । नेपाली लघुकथामा विभिन्न विषयवस्तुप्रति व्यङ्ग्यको अभिव्यक्ति कोशीय विचलनका माध्यमबाट गरिएको पाइन्छ ।

हरिप्रसाद भण्डारीको **लाइसेन** लघुकथामा कोशीय विचलनका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ :

> "होइन सार, गाडी चलाउन नाजान्दा पनि लाइसेन दिएन, राम्ररी चलाउन जान्दा पनि लाइसेन दिएन, अब के गर्यो भने पाउँछ सार ?"
>
> "तिम्रो साथी नोर्बुले जस्तै गर्नुपर्छ, एक घण्टामा पाउँछ ।" मुसुक्क हाँस्दै सरले भन्यो ।
>
> "नोर्बु ?"
>
> त्यसपछि ऊ नोर्बुको खोजिमा बाहिरतिर निस्कियो (भण्डारी, २०६३ : ८३) ।

यहाँ लाइसेन्स भन्नुपर्नेमा लाइसेन, सर भन्नुपर्ने ठाउँमा सार र नजान्दा भन्नुपर्ने ठाउँमा नाजान्दा भनिएको छ । सवारी लाइसेन्स लिँदा घुस ख्वाएर लाइसेन्स पाइने नत्र दुःख पाउने स्थितिप्रति व्यङ्ग्य गरिएको छ ।

साधना प्रतीक्षाको **डाक्टर** लघुकथामा कोशीय विचलनका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, :

> "म्याँउचीले यसरी थपी, "सहराँ डाउडर देखाउन जाँदा छोएसी दुई तीन सय लिन्चन् ! ओखतीको कुरै नअरम्....बाबुसित पनि अलिकति ओखती होला....अब हाम्रो जाँच अर्नपरो....."
>
> सबै कुरा सुनेर डा. कुन्दनलाई अचम्म लाग्यो । आफ्नो आँगनको भीडको अर्थ बल्ल बुझ्यो ।
>
> "तपाँईहरूले कुरा बुझ्नुभएनछ । म बिरामी जाँच्ने डाक्टर होइन । म त पी.एच.डी. डाक्टर....।" (प्रतीक्षा, २०६८ : ७७) ।

यहाँ पिएचडी डाक्टरलाई मेडिकल डाक्टर सम्झेर आफ्नो बिरामी जाँच गराउन गएका गाउँलेको कुरा प्रस्तुत गरिएको छ । यहाँ बुझाइको समस्याका कारण हास्य स्थितिको सिर्जना भएको छ । संवादमा सहराँ, डाउडर, छोएसी, नअरम्, अर्नपरो जस्तो कथ्य भाषाको प्रयोग गरिएको छ । यो संवादमा कोशीय विचलनका माध्यमबाट मेडिकल डाक्टरले बिमारी

छुनासाथ पैसा लिने कार्यप्रति व्यङ्ग्य गरिएको छ । लघुकथामा मानिसको आवश्यकता एकातिर र त्यसभन्दा फरक ढंगले जनशक्ति उत्पादन हुने स्थितिप्रति व्यङ्ग्य छ ।

### ५.२.२ सहप्रयोगात्मक विचलन

एक आपसमा फरक विशेषता भएका, नमिल्दा शब्दहरूको मेल गराएर गरिने विचलन सहप्रयोगात्मक विचलन हो । नेपाली लघुकथामा सहप्रयोगात्मक विचलनका माध्यमबाट विभिन्न विकृति एवम् विसङ्गतिप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

दिलीप शाहको **हैसियत** लघुकथामा सहप्रयोगात्मक विचलनका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "जुम्लैभरि सबले कुकुर पाल्छन्; तिनीहरूलाई हैसियत चाहिँदैन । मलाई मात्रै यो हैसियतको इन्जेक्सन किन हँ ?" मेरो मुख अमिलो हुन्छ (शाह, २०६६ : ३८) ।

सामान्यतया इन्जेक्सन बिमारीलाई दिइन्छ । यहाँ हैसियत शब्दसँग इन्जेक्सनलाई जोडेर सहप्रयोगात्मक विचलन ल्याइएको छ । लघुकथामा सहप्रयोगात्मक विचलनका माध्यमबाट कुकुर पालेर हैसियतवान् बन्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

ध्रुव मधिकर्मीको **कुनै पनि कारण** लघुकथामा सहप्रयोगात्मक विचलनका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "हैन, हजूर, मेरो घर त एक तल्लाको सानो सानो छ । हजूरको ठूलो घरले त झन् मेरो पो घाम छेकेर, हावा छेकेर खाई दिएको छ" (मधिकर्मी, २०५१ : ३०) ।

सामन्यता घरले हावा, घाम खाँदैन । यहाँ घरले हावा, घाम छेकेर खाएको भनेर सहप्रयोगात्मक विचलन ल्याइएको छ । लघुकथामा सम्पन्न धनीको मिचाहा प्रवृत्तिप्रति व्यङ्ग्य गर्न सहप्रयोगात्मक विचलन ल्याइएको छ ।

सुमन सौरभको **छनोट** लघुकथामा सहप्रयोगात्मक विचलनका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "कर्मचारीहरूलाई करेसाबारीको तरकारी झैं लाग्न थाल्यो हाकिम, अहिले एउटा स्वादको, भरे अर्को स्वादको, छानी-छानी" ( सौरभ, २०६८ : ४५) ।

यहाँ हाकिमलाई करेसाबारीको तरकारीका रूपमा चित्रण गरिएको छ । लघुकथामा सहप्रयोगात्मक विचलनका माध्यमबाट कर्मचारीहरू प्रति असामान्य व्यवहार गर्ने हाकिमको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

### ५.२.३ व्याकरणिक विचलन

नेपाली लघुकथामा कर्ता, कर्म र क्रियाको क्रम एवम् उद्देश्य एवम् विधेयको अनुक्रममा विचलनका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । त्यसरी नै शब्द, पदावली, उपवाक्य, वाक्यको विन्यासक्रममा विचलनका माध्यमबाट विभिन्न विकृति विसङ्गतिप्रति व्यङ्ग्य गरिएको छ ।

#### ५.२.३.१ कर्ता, कर्म र क्रियाको क्रममा विचलका माध्यमबाट व्यङ्ग्य

नेपाली लघुकथामा कर्ता, कर्म र क्रियाको क्रममा विचलनका माध्यमबाट विभिन्न विकृति-विसङ्गतिप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

हरिप्रसाद भण्डारीको **वार्ता** लघुकथामा कर्ता, कर्म र क्रियाको क्रममा यसरी विचलन ल्याइएको पाइन्छ :

> "किन र..... ? झन जीउधनको सुरक्षा, देशमा स्थायी शान्ति............।" मौनतालाई श्रीमतीले तोडिन् ।
>
> "के को शान्तिसुरक्षा ? हामीलाई के हुन्छ र सुरक्षा चाहियो ? मर्छन त तलका मर्छन्......। बरू वार्ता भयो भने आम्दानीका सबे स्रोतहरू सुक्छन् र विद्रोहीका नाममा विरोधीहरूलाई तह लाउन पाइँदैन .........।" उनले आजसम्म नभनेको गुह्य कुरा ओकले । (भण्डारी, २०६३ : ४७-४८) ।

यहाँ कर्ता, कर्म र क्रियाको क्रममा विचलनका माध्यमबाट द्वन्द्वकालमा जनताको जीउधनको सुरक्षाको जिम्मा लिएका सुरक्षा निकायका उच्च नेतृत्वका मानिसहरूले भ्रष्टाचार गर्ने र सामान्य मानिसहरूलाई दुःख दिने कार्यप्रति व्यङ्ग्य गरिएको छ ।

सुमन सौरभको **आशिष्** लघुकथामा कर्ता, कर्म र क्रियाको क्रममा यसरी विचलन ल्याइएको पाइन्छ

> ऊ ससुराबाट हटेर सासुमा निहुरिई । छोराले जस्तै कुम समातेर प्रेमले उठाउँदै सासु बोलिन् -"सौभाग्यवती भएस् ।"
>
> आच्या । यो के हो ? प्रणाम गर्छ छोरा आशिष् पाउँछ छोरो । प्रणाम गर्छे बुहारी, आशिष् पाउँछ उही छोरो । "सौभाग्यवती भएस् ।" अर्थात तेरो लोग्ने, जो मेरो छोरा हो, दीर्घायुको होस् । बुहारीका लागि त हात लाग्यो शून्य (सौरभ, २०६८ : १६) ।

यहाँ कर्ता, क्रम र क्रियाको विचलनको माध्यमबाट महिलालाई दोस्रो दर्जाको ठान्ने पुरूषवादी संस्कारप्रति व्यङ्ग्य गरिएको छ ।

### ५.२.३.२ उद्देश्य र विधेयको क्रममा विचलका माध्यमबाट व्यङ्ग्य

नेपाली लघुकथामा उद्देश्य र विधेयको क्रममा विचलनका माध्यमबाट विभिन्न विकृति-विसङ्गतिप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

नवराज रिजालको **अभियान** लघुकथामा उद्देश्य र विधेयको क्रममा यसरी विचलन ल्याइएको पाइन्छ :

> "खेलकुद, साहित्य, भाषा, संस्कृति र पिछडिएका जनजातिको विकासका निम्ति विशेष कार्यक्रम लागु गरिने छ ।" सरकारी टिभी च्यानलबाट प्रधानमन्त्रीको आवाज र आकृति एकैपल्ट निहाल्यो उसले ।
>
> अत्यन्तै खुशी भयो प्रणयन । कल्पनाको उडानमा कावा खायो । यतिविधि कुराहरू गर्न सरकार कसरी तयार भयो, अचम्म मान्यो भरदिन । खुशीले फुरूङ्ग बन्दै चियाखाजा पनि खुवायो । बेलुका मात्र थाहा पायो, आज त अप्रिल एक तारिख पो रहेछ त !" (रिजाल, २०६७ : १७) ।

यहाँ दोस्रा अनुच्छेदमा उद्देश्य र विधेयका क्रममा विचलन ल्याइएको छ । लघुकथामा जनतालाई राहत भन्दा आश्वासन मात्र दिने सरकारी रवैयाप्रति व्यङ्ग्य गरिएको छ ।

ध्रुव मधिकर्मीको **प्रतिकूल यथार्थ** लघुकथामा उद्देश्य र विधेयको क्रममा विचलनका माध्यमबाट व्यङ्ग्य गरिएको छ :

कुनै एक शहरबाट ओर्लिन्छ सानो परिवार-बाबु-आमा र सन्तान । हातमा थरिथरिका खेलौना र अन्य सामानहरू । आँखाहरू स्थिर छैनन् । मनहरू आल्हादित छन् । जसको प्रतिबिम्ब स्वरूप आँखामा स्वप्न र अनुहारमा उर्लिरहेछ-हर्ष ।

निथ्रुक्क नाङ्गा आकारहरू पल्टिरहेका छन् सडकमा । चिथ्रा र कङ्कालमा बाँडिएका मान्छेहरू चुपचाप थोत्रो जिन्दगीलाई स्विकार्दै अलापिरहेछन् । भोकले बेहाल स्वरहरू । जोसँग दिन लायक केही छैन, त्यसले फलोस-फूलोसको आशीष् दिन्छ !

यसप्रकारको अनमेल प्रसङ्ग त्यो बच्चाले केही बुझ्ेन । बालसुलभ ढङ्गबाट ऊ उत्सुक देखियो- खोइ त बा, कहाँ छ परीहरूको संसार यहाँ त छैन ? बाबु र आमा हिँड्दा हिँड्दै आश्चर्य चकित भएर टक्क अडिए बीच सडकमै (मधिकर्मी, २०५१ : ११) ।

यहाँ उद्देश्य र विधेयको क्रममा विचलन ल्याएर समाजको वर्गीय विषमताप्रति व्यङ्ग्य गरिएको छ ।

### ५.२.३.३ पद/पदावलीगत विन्यासमा विचलनका माध्यमबाट व्यङ्ग्य

नेपाली लघुकथामा पद/पदावलीगत विन्यासमा विचलका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ ।

कपिल लामिछानेको **इस्यु** लघुकथामा पद/पदावलीगत विन्यासको क्रममा विचलनका माध्यमबाट व्यङ्ग गरिएको छ :

नेता आगो भए । जुरूक्क उठे र चोर औँला ठड्याउँदै भने -तिमीहरू अझै कच्चा खेलाडी रहेछौ । इस्यु ? इस्यु त क्रिएट गर्नुपर्छ-यस्तो बेलामा । जाओ, अरू कुनै नपाए आफ्नै कुनै कार्यकर्तालाई मार र "हत्यारा सरकार कुर्सी छोड !......लाई सहिद घोषणा गर !! अमर सहिद जिन्दाबाद !!! भनि नारा लगाओ ; पत्रिकामा छपाओ ; गाउँगाउँमा हल्ला पिटाओ....।" कार्यकताहरू आपसमा मुखामुख गर्न थाले (लामिछाने, २०६४ : ४६) ।

यहाँ राजनीतिमा अगाडी आउन जे पनि गर्ने राजनैतिक नेताको गलत क्रियाकलापप्रति व्यङ्ग गरिएको छ ।

कृष्ण बजगाईको **परिवर्तन** लघुकथामा उद्देश्य र विधेयको क्रममा विचलनका माध्यमबाट व्यङ्ग गरिएको पाइन्छ :

> महँगो बारको एउटा टेबुलमा विदेशी रक्सीको पेग बढ्दै जाँदा प्रजातन्त्र र भ्रष्टाचारका बिच गरमागरम बहस सुरू भयो । "तिम्रो कारण मेरो बदनामी भयो । मप्रति जनताको आस्था घटन थाल्यो । सिङ्गै व्यवस्थाको मोडेल नै खराब हो भन्ने भान पर्न थाल्यो ।" प्रजातन्त्रले रिस पोख्यो । "अस्तित्ववान् बनाइराख्न आफूलाई समयानुकूल परिवर्तन गर्न सक्नुपर्दछ । त्यसैले म अहिले भ्रष्टाचारबाट कमिसन भएको छु" भ्रष्टाचारले भन्यो (बजगाई, २०६४ : ५९) ।

यहाँ आफूलाई अस्तित्ववान् बनाइराख्न समयानुकूल परिवर्तन गर्न सक्नुपर्दछ हुनुपर्नेमा कर्ता 'आफूलाई' कर्म 'अस्तित्ववान बनाइराख्न' भन्दा पछि राखेर पद/पदावलीगत विन्यासको क्रममा विचलन ल्याइएको छ । लघुकथामा सरकारी कार्यालयमा हुने गरेको भ्रष्टाचारजन्य क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

### ५.२.३.४ उपवाक्यगत विन्यासमा विचलनका माध्यमबाट व्यङ्ग्य

नेपाली लघुकथामा उपवाक्यको विन्यासमा विचलनका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ ।

सुमन सौरभको **वितृष्णा** लघुकथामा उपवाक्यको विन्यासमा विचलनका माध्यमबाट समाजिक विभेदप्रति यसरी व्यङ्ग्य गरिएको छ, "धन्य परमेश्वर, म गर्भवती भएँ ।" आमा फुरूङ्ग मनले ढोकामा 'दलितलाई प्रवेश निषेध' लेखिएको मन्दिरमा पुगिन् र ढोकैबाट भगवानलाई स-धन्यवाद प्रणाम गरिन् । "तर आमाको गर्भमा रहँदै सबै कुराको चासो लिइरहने म, भरोधर्म मलाई पटक्कै जन्मिने इच्छा थिएन" (सौरभ, २०६५ :५०) ।

रवीन्द्र समीरको **छेपारो** लघुकथामा उपवाक्यको विन्यासमा विचलनका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको छ :

काजीमानले आकाशतिर धुवाँ उडाउँदै भने-"तैँले कुरा बुझ्दिनस् । त्यही मुर्दावाद, जसले गर्दा दुईवटी छोरीको बिहेमा एक पैसा पनि दाइजो दिनुपरेन । अब जिन्दावादमा परिणत भएको छ, यसकारण कि अब तीन भाइ छोराको बिहे गर्नुछ ।" त्यसपछि बूढीले सुकेको हाँगामाथि बसेको छेपारोतिर हेरिन् (समीर, २०६९ : ५७) ।

यहाँ उपवाक्यगत विन्यासमा विचलनका माध्यमबाट स्वार्थी एवम् धनलोभी मानिसको क्रियाकलापप्रति व्यङ्ग गरिएको छ ।

### ५.२.३.५ वाक्यगत विन्यासमा विचलका माध्यमबाट व्यङ्ग्य

नेपाली लघुकथामा वाक्यको विन्यासमा विचलका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ ।

रवीन्द्र समीरको **उनन्तीस** कथामा वाक्यगत विन्यासमा विचलनका माध्यमबाट व्यङ्ग्य गरिएको छ । लघुकथामा एकातिर बाहुनहरूको आचरण बिग्रेकोमा उनीहरूको त्यस्तो क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ भने अर्कोतिर दिन, बार कुनै कुराको वास्ता नराखेर नाफाका लागि व्यापार गर्ने व्यापारी प्रवृत्तिप्रति समेत यसरी व्यङ्ग्य गरिएको छ :

> 'एकादशीमा मासु काट्दैनन्, त्यसैले होटेलहरू पनि पवित्र नै हुन्छन्' भन्ने ठानेर ईश्वर एउटा होटेल भित्र पसे । "भाइ ! यो फल पेटभरि खान पाउँ त !" केटाले एक प्लेट मम ल्याइदियो । ईश्वरलाई नौलो फलफूल साह्रै स्वादिलो लाग्यो र अर्को प्लेट पनि थपे । "होटेलवालाहरू आपसमा कानेखुशी गर्दै थिए, "आजकलका बाहुनहरू कति बिग्रिएका ! एकादशीमा पनि भैँसीको मम खाने ?" (समीर, २०६५ : ४७ ) ।

अगीब बनेपालीको **दौड प्रतियोगिता** कथामा वाक्यगत विन्यासमा विचलनका माध्यमबाट व्यङ्ग्य गरिएको छ । लघुकथामा नेपाली राजनीतिमा मौलाएको विदेशमुखी प्रवृत्तिप्रति यसरी व्यङ्ग्य गरिएको छ, "दौड प्रतियोगिता नेपालले आयोजना गरेको भए तापनि पुरस्कार दिल्ली सरकारले दिने प्रावधान थियो । पुरस्कार थियो-झन्डावाल कुर्ची" (बनेपाली, २०६० : ३१) ।

## ५.३ नेपाली लघुकथामा समानान्तरताका माध्यमबाट व्यङ्ग्य

कुनै पनि वर्ण, वाक्य, पद, पदावली, वाक्य तथा अर्थका तहमा हुने पुनरावृति समानान्तरता हो । समानान्तरताले अभिव्यक्तिमा काव्यात्मक ल्याउँछ । समानान्तरले भाषिक विशिष्टता निर्माण गर्दछ । नेपाली लघुकथामा प्रयोग भएका समानान्तरताले अभिव्यक्तिलाई विशिष्ट बनाउनुका साथै व्यङ्ग्यलाई समेत प्रभावकारी बनाएको छ । नेपाली

लघुकथामा वर्णदेखि वाक्यका तहसम्म पाइने समानान्तरता र त्यसले व्यङ्ग्य सिर्जना गर्नमा थपेको प्रभावकारितालाई यहाँ प्रस्तुत गरिएको छ ।

### ५.३.१ वर्णगत समानान्तरता

ध्वनि वा वर्णका तहमा हुने समानान्तरता वर्णगत समानान्तरता हो । नेपाली लघुकथामा यस्तो प्रकारको समानान्तरताको प्रयोग पाइन्छ ।

नवराज रिजालका लघुकथामा वर्णंगत समानान्तरताका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **वास्तविकता** लघुकथामा वर्णगत समानान्तरता आएको छ । लघुकथामा जनतालाई आश्वासन दिने तर काम कुनै पनि नगर्ने नेताको क्रियाकलापप्रति यसरी व्यङ्ग्य गरिएको छ :

> निर्वाचन अति नजिक थियो । नेताजी गाउँ भ्रमणमा निस्किए । ...निर्वाचन क्षेत्रको भ्रमण सक्दा मागको थुप्रो लाग्यो तर उनको मुखबाट हुँदैन र सक्दिन भन्ने एउटै शब्द निस्किएन । "निक्कै समयपछि गाउँबाट आएको समूहले चेतावनीसहित सम्झायो तब उनले नम्र स्वरमा भने त्यो त राजनीति हो । भनेको कुरा कहाँ पूरा गर्न सकिन्छ र ?" (रिजाल, २०५७ : ५६) ।

अगीब बनेपालीका लघुकथामा वर्णगत समानान्तरता पाइन्छ । उनको **बाँकी विमोचन** ? लघुकथामा आफ्नो रचनामा निम्नवर्गीय पात्रको पीडा लेख्ने तर आफै निम्वर्गीय जनताको शोषण गर्ने लेखकको प्रवृत्तिप्रति यसरी व्यङ्ग्य गरिएको छ :

> "भाइ, कुन शोषक रहेछ त्यो नामर्द, त्यसको नाम के हो ?" थाम्नै नसकी एक श्रोताले जुरूक्क उठेर भन्यो । "यो कुरा सुनेर उपन्यासको नायक झसङ्ग भयो । उसको अनुहार नीलोकालो भयो । उसले लेखकतर्फ हेर्‍यो, हेरि नै रह्यो । लेखकले ऊसँग आँखा जुझाउन सकेन । लेखकले आँखा यताउता डुलाउन थाल्यो किनकि उपन्यासको नायक उसकै नोकर थियो" ( बनेपाली, २०६२ : ८४) ।

### ५.३.२ शब्दगत समानान्तरता

शब्दका तहमा हुने समानान्तरता शब्दगत समानान्तरता हो । नेपाली लघुकथामा यस्तो प्रकारको समानान्तरताको प्रयोग गरिएको पाइन्छ ।

कृष्ण शाह यात्रीका लघुकथामा शब्दगत समानान्तरताका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **प्रश्नहरू** लघुकथामा शब्दगत समानान्तरताका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको छ, "अचेल ऊ पुरातत्व विभागको भण्डारकक्षमा आफ्ना भाँचिएका हात र फुटाइएका टाउको हेरेर सोचिरहेछ, "मानिसहरूको किन सालिक तोडफोड गर्छन् ? किन सालिकमाथि रिस पोख्छन् ? सालिक त कलाकारको सिर्जना पनि हैन र ?" ( यात्री, २०६९ : ८२) ।

यहाँ सालिक शब्दको तीन पटक आवृति भएको छ । लघुकथामा शब्दगत आवृतिको माध्यमबाट मानिसहरूको सालिक तोडफोड गर्ने कार्यप्रति व्यङ्ग्य गरिएको छ ।

आर. आर. चौलागाईका लघुकथामा शब्दगत समानान्तरताका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **बिग्रेको छोरो** लघुकथामा शब्दगत समानान्तरताका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको छ, "उनी हतप्रभ हुन्छन् र छोरालाई गाली गर्छन्- "छोरा ! तँ त मजस्तै नेता पो हुनुपर्ने ! कसरी कवि भइस् ? तँ बिग्रिस छोरा अब" (चौलागाई, २०६५ : ९१) ।

यहाँ छोरा शब्दको दुई पटक आवृति भएको छ । लघुकथामा साहित्यमा लाग्ने मानिसलाई बिग्रेको ठान्ने प्रवृतिप्रति शब्दगत आवृतिका माध्यमबाट व्यङ्ग्य गरिएको छ ।

### ५.३.३ पदावलीगत समानान्तरता

पदावलीका तहमा हुने समानान्तरता शब्दगत समानान्तरता हो । नेपाली लघुकथामा पदावलीगत समानान्तरताको प्रयोग गरेर विभिन्न विकृतिप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

प्रयास सौरभ श्रेष्ठका लघुकथामा पदावलीगत समानान्तरताका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **गन्ध** लघुकथामा पदावलीगत समानान्तरताका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको छ,

"बजारभरि गन्ध/शहरभरि गन्ध/देशभरि गन्ध

वचनमा गन्ध/सिर्जनामा गन्ध/भावनामा गन्ध

सिद्धान्तमा गन्ध/व्यवहारमा गन्ध

गन्ध भोक/ गन्ध रोग" (श्रेष्ठ, २०५८ :४९) ।

यहाँ गन्धलाई जनाउने क्रममा विभिन्न पदावलीको प्रयोग गरिएको छ । समाजमा विभिन्न क्षेत्रमा भएको मिलावट र दोहरो चरित्र देखा परेकोमा उक्त क्रियाकलापप्रति पदावलीका माध्यमबाट व्यङ्ग्य गरिएको छ ।

किशन थापा 'अधिर' का लघुकथामा पदावलीका तहमा समानान्तरताका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **बाहिरी ग्रहको मान्छे** लघुकथामा पदावलीगत समानान्तरताका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको छ, "उनीहरूको व्यवहार र कुरा सुनेपछि मैले भनेँ, "तपाईहरू त गजबको कुरा गर्नुहुन्छ बा..। पढेलेखेको भएपछि पनि बाहिर देशकै सेवा गर्न जाने, श्रम खर्च पनि अरू देशमै गर्न जाने...। यहीँ बस्नेलाई ससानो कामका लागि पनि घुसै खाने, हामी सबै मिलेर त आफ्नो देश बनाउनुपर्ने, हैन र ?" ( अधिर, २०६० : १८) ।

यहाँ सेवा गर्न जाने, श्रम खर्च गर्न जाने, घुसै खाने पदावलीगत समानान्तरताका माध्यमबाट देशमा देखा परेको विदेशमुखी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

### ५.३.४ उपवाक्यगत समानान्तरता

उपवाक्यका तहमा हुने समानान्तरता उपवाक्यगत समानान्तरता हो । नेपाली लघुकथामा उपवाक्यगत समानान्तरताको प्रयोग गरेर विभिन्न विकृतिप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

सुमन सौरभका लघुकथामा उपवाक्यगत समानान्तरताका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **छनोट** लघुकथामा उपवाक्यगत समानान्तरताका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको छ ।

> पछिल्लो पटक आएको हाकिम हाकिम नभएर जोकरजस्तो थियो । अनुहार होस् कि चालचलन, व्यवहार होस् कि बुद्धि, जे हेरे पनि शतप्रतिशत मूर्ख देखिन्थ्यो । आफ्नो काम त  बिगार्थ्यो-बिगार्थ्यो, अरूको सप्रिइसकेको काम पनि यसो होइन, त्यसो पो हो भनेर बिगारिदिन्थ्यो । कसैको कुरा सुन्दैनथ्यो र उसको एक निर्णयले बिग्रेको काम सपार्न कार्यालयभरिका सप्पै कर्मचारी लागिपरे पनि ठ्याक्कै सात दिन लाग्थ्यो (सौरभ, २०६८ : ४५) ।

यहाँ हाकिमलाई चिनाउने क्रममा देखिन्थ्यो-बिर्गाथ्यो उपवाक्यगत समानान्तरता आएको छ । त्यस्तै बिगारिदिन्थ्यो, सुन्दैनथ्यो, लाग्थ्योमा पनि समानान्तरता आएको छ । प्रमुख जिम्मा पाएको हाकिमको गलत क्रियाकलापप्रति लघुकथामा व्यङ्ग्य गरिएको पाइन्छ ।

कुसुम ज्ञवालीका लघुकथामा उपवाक्यगत समानान्तरताका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **बिना विभागीय** लघुकथामा उपवाक्यगत समानान्तरताका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको छ, “उहाँ प्रधानमन्त्री बन्नुहोला भन्ने उहाँ आफैलाई समेत आशा थिएन । किनभने उहाँले न त आन्दोलन हाँक्ने कष्ट गर्नुभयो, न त पार्टी विस्तारमा नेपालभ्रमण गर्नुभयो, न त प्रवास बस्नु भयो, न त भूमिगत हुनु भो । विधिको खेल उहाँ सिङ्गो प्रधानमन्त्री बन्नुभो” (ज्ञवाली, २०६० : ४५) ।

यहाँ न त, गर्नुभयो, हुनु भो, बन्नुभोमा उपवाक्यगत समानान्तरता आएको छ । लघुकथामा परिश्रमबिना पद प्राप्त गर्ने नेताप्रति व्यङ्ग्य गरिएको छ ।

सरस्वती रिजालका लघुकथामा उपवाक्यगत समानान्तरताका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **छेपारो** लघुकथामा उपवाक्यगत समानान्तरताका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको छ, “नभन्दै समितिको अध्यक्षको प्रियपात्र ऊ बन्दै गयो र आखिरमा हाकिम नै पो बन्न पुग्यो । कसैको चाकरी नगर्ने कर्तव्यनिष्ठ तथा स्पष्टवक्ता हाकिम भने हेरेको हेर्‍यै भए, अरूको आँखामा उनी पो दोषी ठहरिए” (रिजाल, २०६५ : १६) ।

यहाँ हेरेको हेर्‍यै भए, दोषी ठहरिएमा समानान्तरता पाइन्छ । त्यस्तै बन्दै गयो, बन्न पुग्योमा पनि समानान्तरता पाइन्छ । लघुकथामा उपवाक्यगत समानान्तरताका माध्यमबाट अवसरवादी मानिसको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

### ५.३.५ वाक्यगत समानान्तरता

नेपाली लघुकथामा एउटै भाव वा अर्थ प्रस्तुत गर्ने क्रममा एकभन्दा बढी वाक्यहरूको समानान्तर प्रयोग गरिएको पाइन्छ ।

दिलीप शाहका लघुकथामा वाक्यगत समानान्तरताका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **अन्तर्वार्ता** लघुकथामा वाक्यगत समानान्तरताका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको छ “रोबोटहरू पिलिकपिलिक बल्न थाल्छन्-तालुखुइलेको मुखबाट भन्सारको ऱ्याल

निस्कन्छ । जुँगेको अनुहारले आयल निगमको मिसावटयुक्त तेलको झल्को दिन्छ । मोटे सडक विभागको कुर्चीमा बसेको अनुभव गर्छ, भने चस्मे राजदूतावासको कुर्चीमा बसेको सपना देख्छ" (शाह, २०६६ : ३३) ।

यहाँ वाक्यगत समानान्तरताका माध्यमबाट कर्मचारीहरूमा रहेको दास मनोवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

कृष्ण बजगाईका लघुकथामा वाक्यगत समानान्तरताका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **नेताका कुरा** लघुकथामा वाक्यगत समानान्तरताका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको छ "मुखमा बेस्सरी चपाउँथे । बेला बेलामा चुइगमलाई जसरी नै तन्क्याएर मुख बाहिर ल्याउँथे । फेरि भित्रै खाँद्थे । भित्रभित्रै डल्लो, च्याप्टो, लाम्चो आकार बनाउँदै रहन्थे । भाला, तीर, खुँडा, खुर्पा, तोप, मिसाइलसम्मको आकार दिन्थे" (बजगाई, २०६६: ७२) ।

यहाँ वाक्यगत समानान्तरताका माध्यमबाट आश्वासन मात्र बाँडने नेताका क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

रामविक्रम थापाका लघुकथामा वाक्यगत समानान्तरताका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **बाघ आतङ्क** लघुकथामा वाक्यगत समानान्तरताका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको छ "बाजले चल्ला लाँदा पनि बाघकै नाम । स्यालले कुखुरा बोक्दा पनि बाघकै नाम । आखिर जो जसले जे गरे पनि मान्छेहरूको हिलो हाल्ने खाडल त्यही एउटा तथाकथित बाघ नै थियो" (थापा, २०५५ : २७) ।

यहाँ वाक्यगत समानान्तरका आधारमा ठूलाबडाको नाम देखाएर चोर फटाहाले लुटने कार्य गरेकोमा त्यस्तो कार्यप्रति व्यङ्ग्य गरिएको छ ।

### ५.४ नेपाली लघुकथामा पर्यायकथनका माध्यमबाट व्यङ्ग्य

कुनै निश्चित अर्थलाई बुझाउन त्यही अर्थलाई इङ्गित गर्ने अर्को शब्द र शब्दसमूहको प्रयोग गर्नु नै पर्यायकथन हो । चलनचल्तीको शब्दको सट्टा त्यसका विशेषता, लक्षण आदिको विवरण दिने अरू नै शब्द वा शब्दसमूहको समायोजन गर्ने कार्यलाई

पर्यायकथन भनिन्छ । पयार्यकथन नेपाली लघुकथामा पाइने व्यङ्ग्यको सशक्त अभिव्यक्ति कला हो ।

रमेश भट्टराई 'पूजारी' का लघुकथामा पर्याय कथनका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **ढाडस** लघुकथामा पर्यायकथनका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "नसे यो सबै कुरा सुनिरहेको थियो । सिकुटेसँग कानेखुसी गर्यो " यी सब अघाएका साँढेका फूर्ति हुन, बहालमा रहँदा पाकेको बाली खाएको सम्झना गर्दैछन्, साँढेले उसको बाली खाए पनि हुन्छ नि तर हामी सोझा जनता चैं दाम्लोको पशु हौं बुझिस् । हामी एक मुठी सुकेको घाँसमा काल पर्खिरहेका छौं" ( पूजारी, २०६८ : ३३) ।

यहाँ अघाएको साँढे भनेर सत्तासुख भोगिसकेको नेतालाई जनाइएको छ । पाकेको बाली खानु भनेर देशको सम्पति लुटनु भनिएको छ भने दाम्लोको पशु भनेर चेतना नभएका जनतालाई जनाइएको छ । लघुकथामा पर्यायकथनका माध्यमबाट व्यङ्ग्य गरिएको छ ।

दिलीप शाहका लघुकथामा पर्यायकथनका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **अनुभव** लघुकथामा पर्यायकथनका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "नेपाली दलाल कुइरेको मन पगाल्न नसकेकोमा चिन्तित र गम्भीर हुन्छ तर ऊ ठमेल र पशुपतिका माग्नेभन्दा रतिभर कम छैन, जुको लागेजस्तो जीउमा टाँसिरहने । कुइरेको मन पगाल्ने वस्तुको खोजमा ऊ घरको चारैतिर आँखा दौडाउँछ" (शाह, २०६९ : ४३) ।

यहाँ नेपाली दलाललाई ठमेल र पशुपतिका माग्ने, जीउमा टाँसिरहने जुकाका रूपमा चित्रित गरिएको छ । लघुकथामा पर्यायकथनका माध्यमबाट व्यङ्ग्य गरिएको छ ।

देवेन्द्र अर्याल 'आँशु' पर्यायकथनका माध्यमबाट व्यङ्ग्य गर्ने लघुकथाकार हुन् । उनको **अग्निपरीक्षा** लघुकथामा पर्यायकथनका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ :

"विदेशमा काम गर्न गएका एकहूल रामहरू स्वदेश फर्किए । उनीहरूले सीताको सतीत्वमाथि  शङ्का गरी अग्निपरीक्षा दिनुपर्ने प्रस्ताव राखे । जब यो कुरा, महिला समूहमा पुग्यो, तब जोडतोडका साथ उनीहरूले "अब सीताहरूको होइन, अग्निपरीक्षा दिने पालो रामहरूको हो" भन्ने निर्णय गरे" (आँशु, २०६५ : ५३) ।

यहाँ राम भनेर विदेशमा काम गर्न गएका महिलाहरूका श्रीमान्हरूलाई जनाएको छ भने सीताहरू भनेर श्रीमान् विदेश काम गर्न गएपछि घरमा रहेको उनीहरूका श्रीमतीलाई

बुझाएको छ । लघुकथामा एकअर्काको चरित्रप्रति शङ्का गर्ने श्रीमान्-श्रीमतीको चालाप्रति पर्यायकथनका माध्यमबाट व्यङ्ग्य गरिएको छ ।

रवीन्द्र समीरका लघुकथामा पर्यायकथनका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **घामछाँया** लघुकथामा पर्यायकथनका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, “हैन, मेरो घर भूतबङ्गला हो कि मसानघाट ? जहिले पनि सुनसान छ” (समीर, २०६७ : ७८) ।

यहाँ घरलाई भूतबङ्गला एवम् मसानघाट भनिएको छ । लघुकथामा पयार्य उक्तिका माध्यमबाट घरमा भएको एक्लोपना, सुनसानप्रति व्यङ्ग्य गरिएको छ ।

डम्बर रसिक भारतीका लघुकथामा पर्यायकथनका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **बुद्धिमापक यन्त्र** लघुकथामा पर्यायकथनका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, “एक वर्षको मेहनतपछि रश्मीले सम्झिन्, “अब कुनै हालतमा पनि श्वेताको बुद्धि मेरो भन्दा बढी हुन सक्दैन । कहाँकी झुर आईमाई, कहाँकी म, गाँठे, दाँज्न मिल्ने कुरा हो ?” (भारती, २०६९ : २४) ।

यहाँ रश्मी भन्ने पात्रले आफूलाई श्वेता भन्ने पात्रभन्दा बुद्धिमान् मानेकी छ । श्वेतालाई उसले झूर आइमाई भनेकी छ । यहाँ पर्यायउक्तिका माध्यमबाट व्यङ्ग्य गरिएको छ ।

सुमन सौरभका लघुकथामा पर्यायकथनका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **दृष्टिदोष** लघुकथामा पर्यायकथनका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, “तुरन्तै उसलाई मनोचिकित्सकको क्लिनिकमा लिएर गयो र आफ्नो पीडा सुनायो-“लौ न डाक्टर, मेरो श्रीमतीको उपचार गरिदिनु पर्यो । मेरो क्लीनिकभित्र छिर्ने सबै बिरामीलाई ऊ मान्छेको सट्टा रूपैयाँ मात्र देख्छे” (सौरभ, २०६५ : ४०) ।

यहाँ मानिसलाई पैसाका रूपमा मानिएको छ । डाक्टरपत्नीको धनलोभी प्रवृत्तिप्रति पर्याय कथनका माध्यमबाट व्यङ्ग्य गरिएको छ ।

कपिल लामिछानेका लघुकथामा पर्यायकथनका माध्यमबाट व्यङ्ग्यको प्रयोग गरिएको पाइन्छ । उनको **ढुङ्गो** लघुकथामा पर्यायकथनका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, “छोरीले भनी-“आमा, म भरखर निदाउन मात्र लागेकी थिएँ । हामीले

देउता भनी पूजिआएको ऊ त्यो कालो ढुङ्गो छ नि, त्यसले ठूलो राक्षसको रूप धारण गर्यो । आफ्ना वंशलाई छपाछप् काट्यो । तनतनी रगत पियो" (लामिछाने, २०६८ : १९)

यहाँ देउता भनी पूजिआएको कालो ढुङ्गो भनेर राजतन्त्रलाई जनाएको छ । विगतमा राजपरिवारको नरसंहार भएको घटनालाई पर्यायकथनका माध्यमबाट व्यङ्ग्य गरिएको छ ।

कृष्ण शाह यात्रीका लघुकथामा पर्यायकथनका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **परम्परा** लघुकथामा पर्यायकथनका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "उसका हजुरबा राणाशासनकालका बिर्तावाल जमिन्दार थिए । हजुरबाका नौवटी श्रीमती थिए । हजुरबाका सन्तानले डाँडापाखा ढाकेका थिए । हजुरबा रसिक थिए" (यात्री, २०६९ : ५७) ।

यहाँ हजुरबालाई बिर्तावाल जमिन्दार, रसिक र धेरै सन्तान भएका भनिएको छ । उनको जमिन्दारीपन एवम् बहुपत्नी वरण कार्यलाई पर्यायकथनका माध्यमबाट व्यङ्ग्य गरिएको छ ।

प्रयास सौरभ श्रेष्ठका लघुकथामा पर्यायकथनका माध्यमबाट सशक्त व्यङ्ग्य गरिएको पाइन्छ । उनको **आस्थाको हत्या** लघुकथामा पर्यायकथनका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "त्यसपश्चात उनीहरू ब्रिफकेसको नौलो आस्थासँग लैबरीलै गर्न थाले । यता आस्था भने झुत्रे झोलाको आँखी झ्यालबाट रूँदै चिच्याउँदै थिइन्...अलपत्र" (श्रेष्ठ, २०५८ : ५४) ।

यहाँ आस्था भनेर सिद्धान्तलाई र ब्रिफकेसको नौली आस्था भनेर धनसम्पतिलाई जनाएको छ । राजनीतिकर्मीको धनलोलुप प्रवृत्तिप्रति पर्याय कथनका माध्यमबाट व्यङ्ग्य गरिएको छ ।

अगीब बनेपालीका पर्यायकथनका माध्यमबाट व्यङ्ग्य गर्ने प्रमुख लघुकथाकार मध्ये एक हुन् । उनको **छोएको सत्य** लघुकथामा पर्यायकथनका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "मेरो सामुन्ने उभिएका कुर्चीपरस्त परजीवीहरू, आफूलाई भगवान ठान्ने असुरहरू, लुटेरा अनि लफङ्गाहरू नै ढुकुटीका पहरेदार बनिरहेको वर्तमान छ" (बनेपाली, २०६२ : ५२)

यहाँ राजनैतिक नेतालाई कुर्चीपरस्त परजीवीहरू, असुरहरू, लुटेरा, लफङ्गा भनिएको छ । राजनीतिकर्मीको त्रियाकलापप्रति पयार्यकथनप्रति व्यङ्ग्य गरिएको छ ।

गोरखबहादुर सिंह का लघुकथामा पर्यायकथनका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **मयुरपङ्खी कलम** लघुकथामा पर्यायकथनका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "भनिन्छ-खास गरी श्री ३ सँग जोडिने कलमको टुप्पाले ऐन-कानुन नचाउने यो प्रसङ्ग इतिहास भइसकेको छ; वर्तमानका लागि असान्दर्भिक । तर पुरानो धनुष्टङ्कारको उपचार पाउन नसकेको कारिन्दा अझै पनि टुलुटुलु हेरिरहेको छ-मयुरपङ्खी कलमले सजिएका कलमदानीले शोभायमान ठूलाबडा टेबुलहरू" (सिँह, २०६५ : ६९) ।

यहाँ श्री ३ सँग जोडिने कलमको टुप्पा भन्नाले राणाकालीन कर्मचारी नीतिलाई जनाउँछ भने पुरानो धनुष्टङ्कारको उपचार पाउन नसकेको कारिन्दा भन्नाले चाकडीबाज तल्लो तहका कर्मचारीलाई जनाएको छ । नेपालको कर्मचारीतन्त्र भित्रको नियमविपरित काम गर्ने प्रवृत्तिप्रति पर्यायकथनका माध्यमबाट व्यङ्ग गरिएको छ ।

श्रीओम श्रेष्ठ 'रोदन' का लघुकथामा पर्यायकथनका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **वर्तमान** लघुकथामा पर्यायकथनका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "प्रहरीले भक्तेलाई घरमा बन्दुक राखेको आरोपमा पक्रेर लग्यो । आफूसँग बन्दुक भएको प्रहरीले थाहा पाएकोमा आश्चर्य मान्यो र तुरन्तै हिजो राति घरबाट भगाएको चोरलाई सम्झ्यो र प्रहरीको अनुहारमा हेर्‍यो" (रोदन, २०६८ : ६८) ।

यहाँ प्रहरीलाई चोरका रूपमा उल्लेख गरिएको छ । जनताको सुरक्षाको जिम्मा लिएका प्रहरी आफै चोरी गर्ने काम गरेकोमा उसको सो कार्यप्रति पयार्यकथनका माध्यमबाट व्यङ्ग्य गरिएको छ ।

सरस्वती रिजालका लघुकथामा पर्यायकथनका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **सावधान** लघुकथामा पर्यायकथनका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "छिमेकीको हल्लाखल्लाले उसको ध्यान आकृष्ट गर्‍यो । 'कस्तो बिखालु साँप रहेछ, लुसुक्क पसेर नराम्रो सँग पो डस्यो । आफ्नो भनेर विश्वास गरियो, माया गरियो तर उसैले पो सर्वनाश गर्‍यो" (रिजाल, २०६५ : १२) ।

यहाँ बिखालु सर्प भनेर धोका दिने आफन्तलाई जनाइएको छ । लघुकथामा धोकेबाज व्यक्तिप्रति पर्यायकथनका माध्यमबाट व्यङ्ग्य गरिएको छ ।

सिन्धु गौतमका लघुकथामा पर्यायकथनका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **विभाग** लघुकथामा पर्यायकथनका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "उनीहरूको यो संवाद बुझ्न गाह्रो परेको थियो मलाई । सायद मैले उनीहरूको संवाद बुझिन होला, चिया ल्याउँदै गरेको पियनले मेरो कान नजिकै आएर भन्यो-विभाग भनेको वितरण र भागवण्डा क्या सर !" (गौतम, २०६८ : २५) ।

यहाँ विभागलाई वितरण र भागबन्डा गर्ने थलोका रूपमा बुझिएको छ । लघुकथामा कर्मचारीतन्त्र भित्रको भ्रष्ट क्रियाकलापप्रति पर्यायकथनका माध्यमबाट व्यङ्ग्य गरिएको छ ।

## ५.५ नेपाली लघुकथामा विशेषणगुच्छका माध्यमबाट व्यङ्ग्य

रवीन्द्र समीरका लघुकथामा विशेषणगुच्छका माध्यमबाट सशक्त व्यङ्ग्य गरिएको पाइन्छ । उनको **पूजा** लघुकथामा विशेषणगुच्छका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "आफूले आफूलाई भगवान विष्णुको अवतार ठान्ने अवतारी देवता देशभरका मन्दिरहरूमा पूजा गर्न गइरहन्थे" (समीर, २०६७ : १६) ।

यहाँ राजालाई जनाउने क्रममा आफूले आफूलाई भगवान विष्णुको अवतार ठान्ने अवतारी देवता भनिएको छ । यहाँ राजालाई विष्णुको अवतार विशेषण दिइएको छ । आफैले आफैलाई विष्णुको अवतार ठान्ने भनेर राजाको कार्यप्रति व्यङ्ग्य गरिएको छ ।

कुसुम ज्ञवालीका लघुकथामा विशेषणगुच्छका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **आस्था** लघुकथामा विशेषणगुच्छका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "धर्म भनेको शोषकवर्गले शोषण गर्ने पुरातन जाल हो । धर्मको पर्खाल भत्किसकेको छ । पूजा-पाठ, दान, पुण्य सबै स्वाङ हुन् । यी अन्धविश्वासबाट सम्पूर्ण देशका जनतालाई चेतनशील पार्नुपर्छ ।" यी उनका विचार हुन् । यिनै विचारले उनी ठूलै राजनैतिक विचारक भएका थिए । आफ्ना आमाबाबुका क्रिया नगर्ने वी.पी. पछिका उनै हुन् भनेर पनि भनिन्थ्यो (ज्ञवाली, २०६० : २५) ।

यहाँ धर्मलाई पुरातन जाल, स्वाङ भनिएको छ भने उनी पात्रलाई राजनैतिक विचारक, आमाबाबुको क्रिया नगर्ने भनेर विशेषण लगाइएको छ । यहाँ उनी पात्रको क्रियाकलापप्रति विशेषणका माध्यमबाट व्यङ्ग्य गरिएको छ ।

दिलीप शाहका लघुकथामा विशेषणगुच्छका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **वेश्या हाँसो** लघुकथामा विशेषणगुच्छका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "विद्यार्थीकालमा हामीले उसलाई खाँटी कमरेडको दर्जा दिएका थियौं । ऊ रातमा मार्क्स ओढ्थ्यो, लेलिन ओछयाउँथ्यो, बिहान फिसमिसेमै माओ कुल्ला गर्थ्यो र दिनमा एङ्गेल्स भिरेर म्यारुथुन दौडमा निस्कन्थ्यो" (शाह, २०६६ :४२) ।

यहाँ ऊ पात्रलाई मार्क्स ओढने, लेलिन ओछयाउने, माओ कुल्ला गर्ने र एङ्गेल्स भिरेर म्यारूथुन दौडमा निस्कने भनेर विशेषणका माध्यमबाट उसको अति आस्थाप्रति व्यङ्ग्य गरिएको छ ।

पुष्करराज भट्टका लघुकथामा विशेषणगुच्छका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **छद्मभेषी** लघुकथामा विशेषणगुच्छका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "शेरसिंह आफूलाई निकै चलाख सम्भन्थ्यो । आफ्नो चलाखीका बलले उसले धेरै मानिसलाई ठगिसकेको थियो" (भट्ट, २०५९ : ४८) ।

यहाँ शेरसिंह भन्ने पात्रलाई चलाख विशेषण दिइएको छ । लघुकथामा उसको मानिस ठग्ने चलाखीप्रति व्यङ्ग्य गरिएको छ ।

गोविन्द भट्टराईका लघुकथामा विशेषणगुच्छका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **विकास बजेट** लघुकथामा विशेषणगुच्छका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "राजाराम बाबु गाउँका हाकिम मानिन्छन् । हाकिम यस अर्थमा कि कुनै कार्यालयका कर्मचारीहरू हाकिमसँग थर्कमान भएझैं गाउँलेहरू पनि राजारामको सामुन्ने थरहरी हुन्छन्" (भट्टराई, २०५९ : १६) ।

यहाँ राजारामलाई बाबु, गाउँका हाकिम भनेर विशेषणको प्रयोग गरिएको छ । लघुकथामा उनको सामन्ती नीति एवम् क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

भीम राना 'जिज्ञासु'का लघुकथामा विशेषणगुच्छका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **तर्कको आशय** लघुकथामा विशेषणगुच्छका माध्यमबाट यसरी व्यङ्ग्य

गरिएको पाइन्छ, "ऊ कुनै कलेजको उपप्राध्यापकभन्दा पनि ट्युसन पढाउने शिक्षकका रूपमा चर्चित थियो" (जिज्ञासु, २०६१ : ५१) ।

यहाँ ऊ भन्ने पात्रलाई टयुसन पढाउने शिक्षक भनेर विशेषणका माध्यमबाट व्यङ्ग्य गरिएको छ । आफ्नो जिम्मेवारी पूरा गर्ने भन्दापनि ट्युसन पढाउने उसको कार्यप्रति व्यङ्ग्य गरिएको छ ।

बद्री पलिखेका लघुकथामा विशेषणगुच्छका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **मनमाया** लघुकथामा विशेषणगुच्छका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "जवानीको म्याद नाघिसकेर पनि आफूलाई षोडसी उर्वशी ठान्ने मनमाया अहिलेसम्म अविवाहितझैं छिन् । मनमायाको आँखामा देखिने मादकता र शारीरिक लचकपनको चुम्बकीय आकर्षणले वयोवृद्धहरूको पनि जवानी मौलाउँथ्यो । त्यसमा पनि उनको मोहपाशका अगाडि झन् जो कोही पनि सम्मोहित हुन्थे" (पलिखे, २०६० :१८) ।

यहाँ मनमाया भन्ने महिलालाई षोडसी कन्या, अविवाहित विशेषण दिइएको छ ।

कल्याण पन्तका लघुकथामा विशेषणगुच्छका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **संयोग** लघुकथामा विशेषणगुच्छका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "बिहे भएदेखि नै निर्मला र दिर्घराजको कुरो मिलेन । घरमा भित्रिएपछि सासूले निर्मलालाई चोथालेको संज्ञा दिईन् । निर्मलाले सासूलाई वाइफाले बूढी भन्न थालिन्" (पन्त, २०६९ : ५१) ।

यहाँ निर्मलालाई चोथाले र सासूलाई बाइफाले बूढीको विशेषण दिइएको छ ।

सुमन सौरभका लघुकथामा विशेषणगुच्छका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **नालायक** लघुकथामा विशेषणगुच्छका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "केही दिनपछि ऊ नालायक विद्यार्थीको दर्जामा परिसकेको थियो । कक्षाकोठामा नबसी गाउँ घुम्थ्यो र स्कुलको घण्टी लागेपछि लुकीलुकी घर पस्थ्यो" (सौरभ, २०६८ : १४) ।

यहाँ ऊ पात्रलाई नालायक विद्यार्थी, गाउँ घुम्ने, लुकीलुकी घर पस्ने भनेर विशेषण दिइएको छ ।

किशन थापा 'अधिर' का लघुकथामा विशेषणगुच्छका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **प्रजातन्त्रको अबका दिन** लघुकथामा विशेषणगुच्छका माध्यमबाट यसरी

व्यङ्ग्य गरिएको पाइन्छ, "देशविकासका लागि बनाइएको बजेट क्वाप्लाक्क निल्ने व्यक्तित्व पनि फेरि यसपल्ट उम्मेदवार बनेको रहेछ, उम्मेदवार बनेको रहेछ, स्वदेशको गोप्यताबारे विदेशीसँग सम्फौता गर्ने पनि, आफ्नो स्वार्थको लागि मान्छे मार्दै हिँडने पनि..यो पनि ...त्यो पनि हरू मुख आँ गरेर त्यसमा रङमडिइरहेका थिए" (अधिर, २०६० : ९४) ।

यहाँ राजनैतिक नेताहरूलाई देशको बजेट निल्ने, विदेशीसँग गलत सम्फौता गर्ने, मान्छे मार्ने लगायतका विशेषण दिइएको छ ।

रामविक्रम थापाका लघुकथामा विशेषणगुच्छका माध्यमबाट सशक्त व्यङ्ग्य गरिएको पाइन्छ । उनको **स्वार्थदास** लघुकथामा विशेषणगुच्छका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "त्यो लामो रातभर उसले कालै खायो, कालै हग्यो अनि कालै लायो । ऊ अर्थात स्वार्थदास काला देउताको कालमा एक अर्को 'मुसोलिनी' भयो" (थापा, २०५५ : ११) ।

यहाँ ऊ पात्रको क्रियाकलापलाई देखाउन मुसोलोनी विशेषण दिइएको छ । ऊ सबै कुरा कालो मात्र गर्छ । उसले मुसोलिनी हुने समय पनि काला देउताको काल भनिएको छ । व्यक्ति मात्र नभएर समयलाई पनि यहाँ चिनाइएको छ । कालो देउताको काल भनेर देशमा निरङ्कुशतन्त्र कायम भएको समय लाई यहाँ विशेषण दिइएको छ ।

हरिप्रसाद भण्डारीका लघुकथामा विशेषणगुच्छका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **स्वामीभक्त मुसाहरू** लघुकथामा विशेषणगुच्छका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "सिंहको मैमत्तता र उद्दण्डताले गर्दा सारा प्राणीहरू त्राहिमाम थिए । कतिबेला के शिकार हुने हो केही ठेगान थिएन । उसको बौलाहापन देखेर सबै आत्तिएका थिए र उसको आतङ्कबाट जोगिन हरसम्भव प्रयास पनि गरिरहेका थिए" (भण्डारी, २०६३ : ८७) ।

यहाँ सिंहलाई बौलाहा, उदण्ड एवम् मैमत्त विशेषण दिइएको छ ।

कपिल लामिछानेका लघुकथामा विशेषणगुच्छका माध्यमबाट सशक्त किसिमले व्यङ्ग्य गरिएको पाइन्छ । उनको **नेताको चुनाउ** लघुकथामा विशेषणगुच्छका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "गाउँमा मुखियाको जगजगी थियो । प्रजातन्त्र सहरबजारतिर आएको हुँदो हो । यहाँ राणाशासन जस्तै थियो । गाउँमा मात्र होइन,

जिल्लाभरि मुखियाको हुकुम चल्थ्यो, राँइदाइँ हुन्थ्यो- छाडा साँढेझै" (लामिछाने,२०६१ : ३२) ।

यहाँ गाउँमा मुखियाको जगजगी, प्रजातन्त्र नआएको भनिएको छ । त्यो समयलाई राणाशासन भनेर विशेषण दिइएको छ । मुखियालाई छाडा साँढे भनेर विशेषण दिइएको छ ।

## ५.६ नेपाली लघुकथामा दृष्टान्तीकरणका माध्यमबाट व्यङ्ग्य

विषय वा भावलाई प्रस्तुत गरेपछि त्यसलाई प्रष्ट पार्नका लागि उस्तै खालका सन्दर्भको उल्लेख गर्नु नै दृष्टान्तीकरण हो । यस्ता दृष्टान्तहरूले विचार वा विषय सन्दर्भलाई बोध गर्नमा सहजता प्रदान गर्नुका साथै व्यङ्ग्यको अभिव्यक्तिलाई विशिष्ट एवम् प्रभावकारी बनाउँछ । नेपाली लघुकथामा दृष्टान्तको प्रयोगले व्यङ्ग्यलाई सशक्त बनाएको छ ।

नेपाली लघुकथामा दृष्टान्तीकरणका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । विनय कसजूका लघुकथामा दृष्टान्तीकरणका माध्यमबाट सशक्त व्यङ्ग्य गरिएको पाइन्छ । उनको **कछुवाको संसार** लघुकथामा यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "कछुवा गुफामा बस्थ्यो । सबैका कुरा सुन्थ्यो । तर धेरै बोल्दैनथ्यो । ऊ तपस्वीले झै धेरै दिनसम्म केही नखाई बस्न सक्थ्यो । त्यसैले उसलाई अरू जनावरहरूले "दार्शनिक मामा" भन्थे" (कसजू, २०५७ : २५) ।

यहाँ कछुवाको क्रियाकलापलाई तपस्वीसँग तुलना गरिएको छ । धेरै दिनसम्म नखाई बस्ने, सबैको कुरा सुन्ने, धेरै नबोल्ने भएका कारण उसलाई अरू जनावरले दार्शनिकको उपमा दिएको पाइन्छ । लघुकथामा कुनै ज्ञान नभएका तर ढोँग प्रदर्शन गर्ने मानिसका क्रियाकलापप्रति दृष्टान्तका माध्यमबाट व्यङ्ग्य गरिएको छ ।

प्रयास सौरभ श्रेष्ठका लघुकथामा दृष्टान्तीकरणका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **राजनीति** लघुकथामा यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "सबैलाई आ-आफ्नै कर्ममा व्यस्त पारेपछि वर्षौंदेखि र्‍याल काढ्दै जिब्रो फड्कारिरहेका ब्वाँसोहरू राजनीतिमा सक्रिय भए" (श्रेष्ठ, २०५८ : १) ।

यहाँ जनतालाई ठग्ने र लुट्ने काम गर्ने मानिसहरूलाई ब्वाँसा भनिएको छ । लघुकथामा दृष्टान्तका माध्यमबाट जनता लुट्ने र राजनीतिलाई ठगी खाने भाँडो बनाउने व्यक्तिहरूप्रति व्यङ्ग्य गरिएको छ ।

कपिल लामिछानेका लघुकथामा दृष्टान्तीकरणका माध्यमबाट सशक्त व्यङ्ग्य गरिएको पाइन्छ । उनको **उज्यालाको खोजी** लघुकथामा दृष्टान्तीकरणका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ,

"उज्यालो थियो, तर सबैलाई थिएन ।

डकार थियो, तर सबैलाई थिएन ।

सबैमा आशा थियो, उपलब्धि थिएन" (लामिछाने, २०६८ : ४६) ।

यहाँ राजनैतिक स्वतन्त्रता नभएको, सीमित वर्गले मात्र सुखसुविधा पाइरहेको समयको राजनैतिक परिवेशलाई दृष्टान्तका माध्यमबाट व्यङ्ग्य गरिएको छ ।

नवराज रिजालका लघुकथामा दष्टान्तीकरणका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **विचरण** लघुकथामा दृष्टान्तीकरणका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "'नयाँ कर्मचारीसँग हाकिमको....।' कार्यालयमा गाइँगुइँ चल्यो । कुरो एक कान दुई कान हुँदै मैदानसम्म पुग्यो । केहीले जिब्रो काढे । केहीले हाकिमलाई धारेहात लगाए । अन्य कर्मचारीसँग आउनेको खासै उठबस थिएन । कसैले घमन्डीको विशेषण दिए, केहीले पाखे भने अनि कसैले सङ्कोची स्वभावको हुनुपर्छ भन्ने अनुमान गरे" (रिजाल, २०६७ : ३९) ।

यहाँ नयाँ कर्मचारीलाई घमन्डी, पाखे, सङ्कोची स्वभावको भनेर दृष्टान्त दिइएको छ । कर्मचारीतन्त्रभित्रको अर्काको बदख्वाइँ गर्ने प्रवृत्तिप्रति लघुकथामा दृष्टान्तीकरणका माध्यमबाट व्यङ्ग्य गरिएको छ ।

अगीब बनेपालीका लघुकथामा दृष्टान्तीकरणका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **विचरण** लघुकथामा दृष्टान्तीकरणका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "देशमा एउटा अनौठो रोग फैलियो-खुट्टा तान्ने । यो रोग कम्प्युटर भाइरसभैं बढदै गएर खुट्टा तान्नेमा मात्र सीमित नभई टुप्पी तान्ने, जनै तान्ने अनि लगौंटी खुस्काइदिने सम्म पुगेछ" (बनेपाली, २०६० : २) ।

यहाँ मानिसहरूको अरू मानिसलाई अगाडि बढ्न नदिने क्रियाकलापलाई खुट्टा तान्ने, टुप्पी तान्ने, जनै तान्ने अनि लगौँटी फुस्काइदिने भनेर दृष्टान्त दिएर व्यङ्ग्य गरिएको छ ।

कृष्ण शाह यात्री आफ्ना लघुकथामा दृष्टान्तीकरणका माध्यमबाट व्यङ्ग्य गर्ने प्रमुख लघुकथाकार मध्ये एक हुन् । उनको **रङ्ग र मान्छे** लघुकथामा दृष्टान्तीकरणका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, “ऊ आफ्नो रङ्ग परिवर्तन गर्नमा माहिर मानिन्थ्यो । रातको समयमा ऊ कालो वर्णमा देखापर्दथ्यो र कालो धन्दा गर्दथ्यो । कसैले पनि यसको वास्तविकता थाहा पाउँदैनथ्यो । दिनको समयमा ऊ सेतो रङ्गमा घुम्द्थ्यो, जसलाई देखेर सबै उसको महान् र स्वच्छ छविको भ्रममा रूमल्लिन्थे” (यात्री, २०६४ : २८) ।

यहाँ एक अवसरवादी र कालो धन्दा गर्ने मानिसलाई रङ्ग बदल्नमा माहिर, कालो धन्दा गर्ने र समाजमा प्रतिष्ठित भएर बाँचेको भनेर उसको दोहरो चरित्रको दृष्टान्त दिएर उसको गलत कार्यप्रति व्यङ्ग्य गरिएको छ ।

सुशीला देउजाका लघुकथामा दृष्टान्तीकरणका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **मासु भात** लघुकथामा दृष्टान्तीकरणका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, “‘आशारत्न’ धन पाएका, तर मन नभएका साह्रै कृपण घरमूली थिए । उनको बानी बेहोराले गर्दा होला-घर, आफन्त, छरछिमेक सबैले-उनलाई द्रव्यपिचास भनी नाम राखेका । पैसा खर्च गर्नुपर्ने भयो कि-उनको दाँतबाट पसिना आउँथ्यो” (देउजा, २०६६ : ५९) ।

यहाँ ‘आशारत्न’ नामक व्यक्तिलाई धन भएर पनि मन नभएको, द्रव्यपिचास भनिएको छ । उनको धनलोभी क्रियाकलापप्रति लघुकथामा दृष्टान्तका माध्यमबाट व्यङ्ग्य गरिएको छ ।

कृष्ण बजगाईका लघुकथामा दष्टान्तीकरणका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **मासु भात** लघुकथामा दृष्टान्तीकरणका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, “उनका विरोधीहरू भन्छन्, “उनी पहिले कुकुरजत्तिकै गाउँ डुल्दै हिँड्दथे ।” (बजगाई, २०६४ : ६९) ।

यहाँ गाउँ डुल्ने मानिसको क्रियाकलापलाई कुकुरसँग तुलना गरेर दृष्टान्त दिइएको छ । लघुकथामा उसको घुमन्ते स्वभावप्रति व्यङ्ग्य गरिएको छ ।

रामविक्रम थापाका लघुकथामा दष्टान्तीकरणका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **मौसमी रङ्ग** लघुकथामा दृष्टान्तीकरणका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "सानैमा पढेको कवि-शिरोमणि लेखनाथको 'सत्य-सन्देश' कविताबाट साह्रै प्रभावित भएर जीवनभर उसले त्यही अनुसरण गऱ्यो । जस्तो र जुनसुकै मौसमलाई पनि सहर्ष स्वीकार गर्दै ऊ सयमलाई निसङ्कोच मान्छ । त्यसैले होला-दुनियाँले उसलाई मौसममान् भन्छ" (थापा, २०५५ : १०) ।

यहाँ मानिसको अवसरवादी चरित्रलाई जनाउन लेखनाथको सत्य सन्देश कविताबाट प्रभावित भएको, मौसमअनुसार चल्न सक्ने भनिएको छ । लघुकथामा उसका गलत क्रियाकलापप्रति दृष्टान्तका माध्यमबाट व्यङ्ग्य गरिएको छ ।

### ५.७ नेपाली लघुकथामा अप्रचलित शब्द एवम् शब्दयुग्मको प्रयोगका माध्यमबाट व्यङ्ग्य

नेपाली लघुकथामा भावको अभिव्यक्तिका लागि अप्रचलित शब्दयुग्मको प्रयोग पाइन्छ । मौखिक एवम् व्याकरणिक रूपमा नचलेका शब्दयुग्यको प्रयोगले लघुकथा रचना विशिष्ट बनेको छ । यस्ता शब्दयुग्मको प्रयोगले विभिन्न विषयप्रति गरिने व्यङ्ग्यलाई सशक्त बनाएको छ । नेपाली लघुकथामा विभिन्न विकृति विसङ्गतिप्रति गरिने व्यङ्ग्यलाई प्रभावकारी बनाउन प्रयोग भएका शब्दयुग्म यहाँ प्रस्तुत गरिएको छ ।

कपिल लामिछानेका लघुकथामा अप्रचलित शब्दयुग्मका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **बाटो** लघुकथामा अप्रचलित शब्दयुग्मका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "त्यही मौका छोपेर बाटो बनाउने भन्दै एउटा बिगारसिंह बङ्ग-बङ्ग बाटो काट्दै थियो, बाटो मिच्दै थियो । बाटो बनाउँदै छु भन्दै बाटाउपर बलात्कार गर्दै थियो" (लामिछाने, २०६८ : २४-२५) ।

यहाँ बिगार्ने मानिसप्रति व्यङ्ग्य गर्न बिगारसिंह भनेर उसको नाम उल्लेख गरिएको छ । उसको बाटो बिगार्ने क्रियाकलापलाई बङ्ग-बङ्ग भनेर अप्रचलित शब्दयुग्मको प्रयोग गरेर व्यङ्ग्य गरिएको छ ।

रामविक्रम थापाका लघुकथामा अप्रचलित शब्दयुग्मका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **गरिबको सत्रु** लघुकथामा अप्रचलित शब्दयुग्मका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, “बलिया-बाङ्ग्रा बाघलाई, लुते-लाङ्ग्रे माघलाई” उखान भट्याउँदै भुन्टेकी आमा रित्तो गाग्री बोकेर पँधेरातिर लागी । भुरा-भुरीहरू आँगनमा दोहऱ्याई-तेहऱ्याई कस्सेर नारा लगाउँदै थिए-“पुस र माघ मूर्दावाद” (थापा, २०५५ : १७) ।

यहाँ लुतेलाम्रे मानिसलाई जनाउन लुते-लाङ्ग्रे भनिएको छ ।

सरस्वती रिजालका लघुकथामा अप्रचलित शब्दयुग्मका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **पागलबस्ती** लघुकथामा अप्रचलित शब्दका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, “एउटा जमात-हुनेखानेको । यो जमातसँग प्रशस्तै धनसम्पति छ । धनसम्पतिको अहमत्याँईले यो जमातले अरूलाई सताउन थालेको छ (रिजाल, २०६५ : ७७) ।

यहाँ हुनेखाने जमातको गलत क्रियाकलापप्रति व्यङ्ग्य गर्न अहमत्याँई शब्दको प्रयोग गरिएको छ । यो शब्द अहम् र अत्याँई दुई वटा शब्दको योग गरेर बनाइएको छ ।

सुमन सौरभका लघुकथामा अप्रचलित शब्दयुग्मका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **कुपात्र** लघुकथामा अप्रचलित शब्दयुग्मका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, “गैरसरकारी कफ्र्यू लाग्यो-“बन्द ।”” (सौरभ, २०६८ : ५८) ।

सरकारले शान्ति सुरक्षा कायम गर्न कफ्र्यू लगाउने गर्छ । यहाँ गैरसरकारी कफ्र्यू पदावलीका माध्यमबाट जर्बजस्ती बन्द गराउने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

हरिप्रसाद भण्डारीका लघुकथामा अप्रचलित शब्दयुग्मका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **ओखती** लघुकथामा अप्रचलित शब्दयुग्मका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, “भोक लाग्छा, खाना नापाएर पेट दुख्छा रा कमजोरी भएर उठना पनि साक्दैना” घरमुलीले बिस्तारै भने (भण्डारी, २०६३ : ७८) ।

यहाँ लाग्छ भन्नुपर्नेमा लाग्छा, नपाए भन्नुपर्नेमा नापाएर, दुख्छ भन्नुपर्नेमा दुख्छा, र भन्नुपर्नेमा रा, उठन भन्नुपर्नेमा उठना र सक्दैन भन्नुपर्नेमा साक्दैना भनिएको छ । विभिन्न शब्दहरूमा आ प्रत्यय लगाएर अप्रचलित शब्दहरू प्रयोग गरिएको छ । लघुकथामा भोक र गरिबीप्रति व्यङ्ग्य गरिएको छ ।

विनय कसजूका लघुकथामा अप्रचलित शब्दयुग्मका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **नामाकरण** लघुकथामा अप्रचलित शब्दका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "गाउँमा एक जनाले छोराको नाम राख्यो टङ्कप्रसाद । उसको नमिल्ने छिमेकीले आफ्नो छोराको नाम राख्यो आतङ्कप्रसाद । त्यसपछि अर्को घरको बाबुले आफ्नो छोरालाई जर्ज बुस भनेर बोलाउन थाल्यो । ऊसँग नमिल्ने छिमेकीले आफ्नो छोरालाई एम्बुस भनेर बोलाउन थाल्यो" (कसजू, २०६६ : ७९) ।

यहाँ अरूको देखासिकी गर्ने क्रममा आफ्नै छोराको नाम बिगार्ने व्यक्तिप्रति व्यङ्ग्य गरिएको छ । सामान्यतया मानिसको नाम आतङ्कप्रसाद, एम्बुस हुँदैन । लघुकथामा मानिसको अरूको रिस गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गर्न यस्ता अप्रलित नामको प्रयोग गरिएको छ ।

कृष्ण शाह यात्रीका लघुकथामा अप्रचलित शब्दका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **विधा विमर्श** लघुकथामा अप्रचलित शब्दयुग्मका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "....तपाईहरूको सबै विधा पुरानो भइसक्यो । बरू लेखनीमा एउटै मात्र विधा सबैभन्दा लोकप्रिय छ ।" "कुन विधा हो र त्यो ?" -सबैले एउटै स्वरमा भने । पाठकले भने "त्यो विधा हो असाहित्य अर्थात अखबारी लेखन" (यात्री, २०६९ : ६२) ।

यहाँ अखबारी लेखनलाई जनाउन असाहित्य शब्दको प्रयोग गरिएको छ । गैरसाहित्य प्रचलित शब्द हो तर असाहित्य प्रचलित शब्द होइन । यहाँ अप्रचलित शब्दका माध्यमबाट साहित्यमा मौलाएको अनावश्यक अहङ्कारजन्य क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

ध्रुव मधिकर्मीका लघुकथामा अप्रचलित शब्दका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **बुभुक्षा** लघुकथामा अप्रचलित शब्दयुग्मका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "तर सडकमा यो कसैलाई मतलबको कुरा थिएन । शहरमा त यस्ता झटिङ्गर फोकटेहरू दिनको कति आउँछन्, कति जान्छन् (मधिकर्मी, २०५१ : २४) ।

यहाँ एउटा गरिब निरीह मानिसप्रति कुनै संवेदना नराख्ने शहरका मानिसहरूको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । यहाँ झटिङ्गर फोकटे भनेर गरिब एवम् निरिह पात्रलाई जनाइएको छ । कसिङ्गरसरह जनाउन झटिङ्गर भनिएको छ भने काम नलाग्ने भनेर जनाउन फोकटे भनिएको छ । शहरमा कोही आएको, गएको केही मतलब हुँदैन ।

लघुकथामा मानिसको हाल जे जस्तो भए पनि कसैले वास्ता गर्दैन भनेर मानिसको संवेदनहीनताप्रति व्यङ्ग्य गरिएको छ ।

दिलीप शाहका लघुकथामा अप्रचलित शब्दका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **पत्रमपुष्पम्** लघुकथामा अप्रचलित शब्दका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ "ए त्यसो हो, त्यस्तो सामाजिक महत्वको मिटिङका लागि त जसरी भए पनि समय निकाल्नै पर्ला । फेरि कुइरेलाई नाखुस बनाउनु पनि त भएन" (शाह, २०६६ : ५९)

यहाँ दुःखी शब्दको प्रयोगको सट्टा नाखुस शब्दको प्रयोग गरिएको छ ।

आर.आर. चौलागाईका लघुकथामा अप्रचलित शब्दका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । उनको **कविगोष्ठी** लघुकथामा अप्रचलित शब्दका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "त्यसपछि अर्का कवि पट्यारकान्तको पालो आयो । उनले मञ्चमा आसिनदेखि भुइँमा बस्नेसम्म एकजना पनि बाँकी नराखी सबैलाई सम्बोधन गरे । साहित्यको बारेमा निकै बेरसम्म फलाको हाले" (चौलागाई, २०६५ : ५३) ।

मानिसको नाम पट्यारकान्त हुँदैन । यहाँ पट्यार लाग्दो भाषण गर्ने मानिसप्रति व्यङ्ग्य गर्न पट्यारकान्त नामको प्रयोग गरिएको छ ।

## ५.८ नेपाली लघुकथामा अलङ्कारका माध्यमबाट व्यङ्ग्य

नेपाली लघुकथामा अलङ्कारका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली लघुकथामा उपमा, विरोधाभास, समभाव अलङ्कारका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ ।

### ५.८. १ उपमा

नेपाली लघुकथामा उपमा अलङ्कारका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ ।

अगीब बनेपालीको **दाजु....मसँग कथा छैन** लघुकथामा उपमा अलङ्कारका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "एउटा नेताले समयअनुसार खोजीखोजी भाषण दिएझैं, यो युग छलकपट, विश्वासघात, अभाव, हत्या, बलात्कार र युद्धको समय हो" ( बनेपाली, २०६० : ३५) ।

यहाँ राजनैतिक नेताको मौसमी भाषणलाई युगमा मौलाएको छलकपट, विश्वासघात, अभाव, हत्या, बलात्कार र युद्धको उपमा दिइएको छ । वर्तमान समयमा असत्य पक्ष हावी भएकोले वर्तमानको त्रासदीपूर्ण वर्तमानप्रति व्यङ्ग्य गरिएको छ ।

गोरखबहादुर सिंहको **प्रजातन्त्र** लघुकथामा उपमा अलङ्कारका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "कस्तो पुङ न पुच्छरको चिया ? चियाको सट्टा कपभरि गाइजात्रा मिसाएजस्तो" (सिंह, २०६१ : १३१) ।

यहाँ चियालाई गाईजात्राको उपमा दिइएको छ । उपमाका माध्यमबाट राजनैतिक विसङ्गतिप्रति व्यङ्ग्य गरिएको छ ।

प्रयास सौरभ श्रेष्ठको **गोहीको आँसु** लघुकथामा उपमा अलङ्कारका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "उनको निधनमा शोक सभाहरू गरिए । राष्ट्रको आधा झण्डा पनि झुकाइयो । कतिले श्रद्धाका आँसु बगाए । कतिले उनको वीरगतिका गाथाहरू गाए । त्यसै शोक सभामा भक्तिप्रसादलाई "भेँडाको छाला ओढेका ब्वाँसाहरू" भन्ने गोहीहरू पनि हार्दिक श्रद्धाञ्जली दिँदै थिए" (श्रेष्ठ, २०५८ : ८) ।

यहाँ मानिसलाई गोहीको उपमा दिइएको छ । उपमाका माध्यमबाट नक्कली आँसु देखाउने मानिसहरू प्रति व्यङ्ग्य गरिएको छ ।

### ५.८.२ विरोधाभास

एक आपसमा विरोधी जस्तो आभास दिने एवम् कुनै कुनै जाति, क्रिया, गुण, द्रव्यका बीच विरोध गरेको आभास दिलाएमा विरोधाभास हुन्छ । नेपाली लघुकथामा विरोधको आभास दिने भाषिक रूपको प्रयोगका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ ।

ध्रुव मधिकर्मीको **वर्तमान** लघुकथामा विरोधाभासका माध्यमबाट युगीन विसङ्गतिप्रति यसरी व्यङ्ग्य गरिएको छ, "'तिमी साँच्चिकै अन्धा हो ?' उनले अन्धोको अनुहारमाथि दृष्टिपात गर्दै सोधे । यो सुनेर अन्धो एकचोटि मुसुक्क हाँस्यो । 'मान्छे नमरूञ्जेल कहिले पनि अन्धो हुँदैन ...आँखा भएर पनि नदेख्नु त्यो बेग्लै कुरा हो ।'" ( मधिकर्मी, २०५१ : ३६) ।

यहाँ एउटा अन्धा मानिसलाई अन्धा भएको सोध्दा उसले मानिस जीवनभर अन्धो हुँदैन भनेको छ । यहाँ विरोधाभासका माध्यमबाट मानिसको अरूप्रति नराम्रो धारणा राख्ने

प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । ऊ पात्रले अन्धोको आँखा नभएको कुरा गर्दा अन्धोले मानिसको ज्ञानको आँखा जीवनभर खुला रहने विचार प्रकट गरेको छ ।

सुमन सौरभको **बहादुर** लघुकथामा विरोधाभासका माध्यमबाट मानिसको अहङ्कारी प्रवृत्तिप्रति यसरी व्यङ्ग्य गरिएको छ, "ऊ अलमल्ल परेर दिमाग खियाउन थाल्यो-"सबभन्दा बहादुर त बाघ लाग्थ्यो, बाघ मरेपछि बाउ आफूलाई बहादुर भन्छन्, आमा त्यो कुरा मान्न पटक्कै तयार छैनन्, साँच्चिकै बहादुर चाहिँ को हो आखिर.....?" (सौरभ, २०६५ : ५४) ।

यहाँ ऊ पात्र सबभन्दा बहादुर कसलाई मान्ने भन्ने अलमलमा छ । उसमा बाघ, बाबु र आमा कसलाई बहादुर मान्ने भन्ने अन्यौल छाएको छ । लघुकथामा मानिसको अहङ्कारजन्य क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

रवीन्द्र समीरको **अटठ्इस** लघुकथामा विरोधाभासका माध्यमबाट मानिसको अहङ्कारी प्रवृत्तिप्रति यसरी व्यङ्ग्य गरिएको छ, "त्यसपछि गौतम बुद्ध बोधिवृक्षमुनि गएर तपस्या गर्न थाले । उनलाई ब्रह्मज्ञान प्राप्त भयो, अनि उठेर शरिरभरि हतियारको माला भिरेर हिंसा र अशान्तिको अन्त्यका लागि सशक्त आन्दोलन सुरू गरे" (समीर, २०६५ : ४५) ।

बुद्धले बोधिवृक्षमुनि गएर तपस्या गरेर संसारमा शान्तिको सन्देश फैलाए । यहाँ बुद्धलाई शान्ति प्राप्त गर्न हतियारको माला भिरेको देखाएर उनले सशक्त आन्दोलन गरेको देखाइएको  छ । यसरी विरोधाभासका माध्यमबाट संसारमा सबै कुराको उपचार हतियार नै हो भन्ने मान्यताप्रति व्यङ्ग्य गरिएको छ ।

### ५.८. ३ समभाव

समभावमा एउटै विषयसँग मिल्दा अन्य विषय वा भावका माध्यमबाट विभिन्न विसङ्गतिप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

सिन्धु गौतमको **सडकका कुरा** लघुकथामा समभावका माध्यमबाट भ्रष्टाचार गर्ने मानिसप्रति यसरी व्यङ्ग्य गरिएको छ, "म त तपाँईले भनेजस्तो आधा मोलमा त दिन सक्दिनँ मेडम । तपाँईको तरकारीको पैसा थोरै तिर्न खोजेजस्तै तपाँईका श्रीमानले पनि राष्ट्रको सम्पति अलि थोरै खाएको भए त अलि थोरै समय जेल बसे पुग्थ्यो नि, होइन त मेडम ?" (गौतम, २०६८ : ७७) ।

यहाँ तरकारी सस्तोमा दिन भन्ने भ्रष्टाचार गर्ने व्यक्तिकी श्रीमतीलाई तरकारी पसलेले उनले तरकारीको पैसा कम खोजेकोमा उनको श्रीमानले कम भ्रष्टाचार भएको भए भइहाल्थ्यो भनेर समभावका माध्यमबाट भ्रष्ट प्रवृत्तिप्रति व्यङ्ग्य गरेका छन् ।

हरिप्रसाद भण्डारीको **गाउँको खबर** लघुकथामा समभावका माध्यमबाट राजनैतिक निरङ्कुशतन्त्रप्रति यसरी व्यङ्ग्य गरिएको छ, "खत्तम छ महाराज । गाउँमा अनिकाल छ । गाउँलेहरू खान नपाएर भोकभोकै बस्न बाध्य छन् । भित्रभित्रै सरकारको आलोचना हुन थालेको छ । यस्तै हो भने विद्रोह हुन सक्छ सरकार" ( भण्डारी, २०६३ : ८२) ।

यहाँ लघुकथामा आफूलाई आपत आउँदा मात्र साँचो बोल्ने हजामको कार्य देखाइएको छ । उसले आफूले तलब नपाउँदा राजालाई यथार्थ स्थिति अवगत गराएको छ । लघुकथामा देशको बिग्रँदो स्थितिप्रति व्यङ्ग्य गरिएको छ ।

नवराज रिजालको **मानवअधिकार** लघुकथामा समभावका माध्यमबाट सामन्ती नेताको क्रियाकलापप्रति यसरी व्यङ्ग्य गरिएको छ, "देशबन्द कार्यक्रमले आफूलाई निकै अप्ठेरो परेको र समयमा उपस्थित हुन नसकेको सुनाउँदै बिजुलीप्रसाद पुनः तामदानमा बसे । टाउकोको टोपी फुकालेर डोलेहरूले पसिना पुछे र तामदान उठाए । मानवअधिकारको नारा घन्किइरहेको थियो र बिजुलीप्रसाद छाता ओढेर धेरै टाढा पुगिसक्दा समेत हात हल्लाइरहेका थिए" (रिजाल, २०६७ : ५९) ।

यहाँ मानवअधिकारको नारा लगाउने बिजुलीप्रसाद आफू डोलीमा चढेर मानव अधिकारको कार्यक्रममा गएको देखाइएको छ । लघुकथामा समभावका माध्यमबाट अरूलाई शोषण गर्ने सामन्ती नेताको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

## ५.९ नेपाली लघुकथामा उखानका माध्यमबाट व्यङ्ग्य

लोकजीवनमा परम्परादेखि चल्दै आएका उक्तिहरू नै उखान हुन् । उखान मानव जीवनका जिउँदा इतिहास हुन । उखान अर्थचमत्कारपूर्ण र अभिव्यञ्जनामूलक हुन्छ । उखानले समाजका विकृति, विसङ्गतिको भण्डाफोर गर्दै सुधारको सन्देश दिन्छन् । नेपाली लघुकथामा प्रयोग भएका उखानले भाषिक विशिष्टता एवम् अर्थगम्भीरता प्रदान गरेको

हुन्छ । नेपाली लघुकथामा प्रयोग भएका उखानले व्यङ्ग्यलाई तीक्ष्ण एवम् प्रभावकारी बनाएको छ ।

देवेन्द्र अर्याल 'आँशु' को लघुकथा कृति **घाइते ईश्वर**मा सबैभन्दा बढी २० उखानको प्रयोग गरिएको पाइन्छ । उनका **असली रूप, निरर्थक बहस, सार्थकता, साइत, सीता, गोष्ठी, काइदा, सपनाको राजकुमार, प्रेमानन्द, बोझ, त्याग, अर्थ, डर, राजमार्ग अवरूद्ध छैन, द्वन्द, दृष्टिकोण, भ्रम, चुनौती, घाइते ईश्वर** लघुकथामा उखानको प्रयोग पाइन्छ । लघुकथामा प्रयुक्त उखानले भाषिक विशिष्टता प्रदान गरेको छ । यसले अर्थचमत्कारको साथै व्यञ्जनामूला अर्थ पनि दिएको छ ।

अर्यालको **निरर्थक बहस** लघुकथामा महिला शोषणको बारेमा पाँचतारे होटलमा कार्यक्रम गर्ने तर महिलाप्रति भएको यौन शोषण नदेख्ने गोष्ठी आयोजकप्रति उखानका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको छ, "रात चिस्सिँदै थियो । जब ऊ होसमा आई, तब पनि तारे होटलमा बहस चलिरहेको थियो । जुन बहस ऊ जस्ता नारीलाई 'कानो गोरूलाई औँसी न पूर्णे' झै भएको थियो" (आँशु, २०६६ : ३५) ।

यस लघुकथामा यौन शोषणमा परेका महिलाका लागि आफ्नो हितमा बोल्न नसक्ने महिला शोषण सम्बन्धी बहस कार्यक्रम 'कानो गोरुलाई औँसी न पूर्णे' भएको भनेर व्यङ्ग्य गरिएको छ । यस लघुकथामा 'कानो गोरूलाई औँसी न पूर्णे' भनेर त्यस्ता कार्यक्रम प्रति पीडित महिलाको उदासीनता र त्यसप्रतिको व्यङ्ग्यलाई प्रस्तुत गरिएको छ ।

अर्यालकै **त्याग** लघुकथामा त्यागी नेताले इमान्दारिता हराएको परिवेशमा के कसरी दुःख पाउँछन् भन्ने विषय अघि सारिएको छ । मानिसहरूको शक्तिप्रतिको प्रेमलाई लघुकथामा यसरी व्यङ्ग्य गरिएको छ, "'दुनियाँले बलेको आगो ताप्छ, निभेको ताप्दैन' भन्ने यथार्थ उनले आफ्नै आँखाले देखे र भोगे पनि । उनका शरीरमा पार्टीका लागि घरबार त्याग गर्नु पर्दाका पुरस्कार स्वरूप यातनाका घाउ, चोटका थुप्रै घाउहरू छरपष्ट थिए" ( आँशु, २०६६ : ५६) ।

यस लघुकथामा मानिसहरूको सत्ता र शक्तिको पछि लाग्ने प्रवृत्तिलाई देखाउन 'दुनियाँले बलेको आगो ताप्छ, निभेको ताप्दैन' भन्ने उखानको प्रयोग गरिएको छ । लघुकथामा उखानका माध्यमबाट त्यस्तो कार्यप्रति व्यङ्ग्य गरिएको छ ।

उखानको प्रयोग गर्ने मुख्य लघुकथाकारमा कपिल लामिछाने पनि पर्दछन् । उनका **भोक, माग्ने, विकासको मुहान, सांसद मित्र, कहीँ नभएको जात्रा, थोत्रो ट्रक** लघुकथामा उखानका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ ।

लामिछानेको **विकासको मुहान** लघुकथामा राष्ट्रहित विपरीत कार्य गर्ने राजनेता र उनीहरूको गलत कार्यप्रति यसरी व्यङ्ग्य गरिएको छ, "कोशीदेखि महाकालीसम्मको बेचबिखनप्रति बरू त्यति चिन्ता छैन, दुःख छैन । बूढी मरी भनी होइन काल पल्क्यो भनेर पो चिन्ता छ" (लामिछाने, २०५४ : ३८) ।

यहाँ बूढी मरी भनी होइन काल पल्क्यो भनेर पो चिन्ता छ भन्ने उखानमार्फत राष्ट्रहित विपरित काम गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

उखानको प्रयोग गर्ने प्रमुख लघुकथाकारमध्य हरिप्रसाद भण्डारी पनि पर्दछन् । उनको **अविरल यात्रा** लघुकथा कृतिमा रहेका **सिङ्गल सिङ्गल, आफ्नै भविष्य कस्तो कस्तो, नमिठो प्रेम, अविरल यात्रा** लघुकथामा गरेर ५ वटा नेपाली उखानको प्रयोग गरिएको पाइन्छ । यी उखानहरूले भाषालाई मीठो बनाउनुको साथै विकृति विसङ्गति प्रति व्यङ्ग्य समेत गरेको पाइन्छ ।

भण्डारीको **अविरल यात्रा** लघुकथामा आफ्नो लक्ष्यलाई अधुरोमा छोडेर सुखसुविधाको पछि लाग्ने मानिसहरूको कार्यप्रति उखानका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको छ, "'चिसो भएर सुनिनुभन्दा आगो भएर बल्नु ठीक, बाँचेर सँधै मर्नुभन्दा एकैचोटी मर्नु ठीक ।' हामी मरे पनि अर्को पुस्ता जन्मन्छ र हामी हिँडेको बाटो पहिल्याएर अघि बढ्छ । बाटामा यस्तै कुरा हुन्थे" (भण्डारी, २०६३ : ११३) ।

यहाँ 'चिसो भएर सुनिनुभन्दा आगो भएर बल्नु ठीक, बाँचेर सँधै मर्नुभन्दा एकैचोटी मर्नु ठीक ।' भन्ने उखानका माध्यमबाट मानिसको पलायनमुखी, रोगी मानसिकताप्रति व्यङ्ग्य गरिएको छ ।

रवीन्द्र समीर उखानको प्रयोग गर्ने प्रमुख लघुकथाकार हुन् । उनका लघुकथामा सात उखानको प्रयोग गरिएको पाइन्छ । उनको **कर्मको फल, राजनीतिको क ख, पाँच, आठ, तेह्र, सोह्र, एकतिस** लघुकथामा उखानको प्रयोग गरिएको पाइन्छ ।

समीरको **तेह्र** लघुकथामा डाक्टरले बिरामी उपचार गर्न आफूले कुनै उपाय नदेखेपछि ईश्वर गुहार्नु परेको छ । अस्पतालमा रहेका ईश्वरले डाक्टरको अर्को बिरामीसँग गरेको कुरा सुनेपछि आफैं बिरामी भएर अस्पतालमा भएको स्थितिप्रति गरेको व्यङ्ग्य लघुकथामा यसरी व्यक्त भएको छ, "हेर्नुहोस्, हाम्रो केही पनि लाग्दैन, ईश्वरले जे चाहयो, त्यही हुन्छ ।" डाक्टर अर्को बिरामीलाई सान्त्वना दिँदै थिए । "आफू त महादेव उत्तानो पर, कसले देला वर ।" ईश्वर आफ्नो मान र हालत बिचको खाडल देखेर किङ्कर्तव्यविमुढ भए " (समीर, २०६५ : २१) ।

यहाँ "आफू त महादेव उत्तानो पर, कसले देला वर ।" उखान आफू अशक्त अवस्थामा रहेको र अरू कसैका लागि केही गर्न नसक्ने ईश्वरको अभिव्यक्तिलाई जोड दिन उल्लेख गरिएको छ । यहाँ ईश्वरको आफ्नै अशक्ततាप्रति व्यङ्ग्य गर्न यो उखान प्रयोग गरिएको छ ।

भूपेन्द्र सुवेदी आफ्ना लघुकथा रचनामा उखानको प्रयोग गर्ने प्रमुख लघुकथाकारमध्ये एक हुन् । उनका **महात्माको करामत, आफ्नो हाँडी, मपाईको परिणाम, नखुवाएर बचाउने अभ्यास, वाचा, प्रश्न** लघुकथामा उखानको प्रयोग पाइन्छ ।

सुवेदीको **मपाईको परिणाम** लघुकथामा राजनैतिक विभाजन एवम् व्यक्तिवादी चरित्रप्रति उखानमार्फत यसरी व्यङ्ग्य गरिएको छ, "चौधौं पटक आफ्नो पौरख प्रदर्शन गरी नयाँ पार्टी खोलेर अध्यक्ष बने । "आफ्नो हात जगन्नाथ" भएको हुँदा चुनावमा दुई क्षेत्रबाट उमेदवारी दिएर प्रचारको चाँजो मिलाए" ( सुवेदी, २०६१ : ३२) ।

यहाँ नेताको मनोमानी र एकाधिकार रहेको अवस्थालाई चित्रण गर्न "आफ्नो हात जगन्नाथ" उखानको प्रयोग गरिएको छ ।

यसरी नै रामविक्रम थापा, कृष्ण शाह यात्री, श्रीबाबु कार्की उदास, दिलीप शाह, सुशीला देउजा, शर्मिला खडका दहाल, विनय कसजू, अगीब बनेपाली, सरस्वती रिजाल, टङ्कराम सुनुवार, आर.आर. चौलागाई, अच्युत घिमिरे, साधना प्रतीक्षा, नारा जोशीका लघुकथामा पनि उखानका माध्यमबाट विभिन्न विकृति, विसङ्गतिप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

रामविक्रम थापाका **गरिबको शत्रू, चमत्कारिक कवि** लघुकथामा उखानका माध्यमबाट विकृतिप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

थापाको चमत्कारिक कवि लघुकथामा साहित्य क्षेत्रमा मौलाएको विकृतिप्रति यसरी व्यङ्ग्य गरिएको छ, "अन्ट न सन्टको ढङ्गले 'अर्थ न बर्थ गोविन्द गाई' का पाराले बग्रेल्ती कविता लेखेर स्तरीय पत्रिकामा छाप्न पठायो" (थापा, २०५५ : ३०) ।

यहाँ 'अर्थ न बर्थ गोविन्द गाई' उखान गुणस्तरहीन कवितालाई जनाउन र ती रचनाहरूप्रति व्यङ्ग्य गर्न प्रयोग गरिएको छ ।

कृष्ण शाह यात्रीका **शवयात्रा, कन्जुस्याई, परम्परा** लघुकथामा उखानका माध्यमबाट विकृतिप्रति व्यङ्ग्य गरिएको छ ।

यात्रीको **कन्जुस्याई** लघुकथामा महाकञ्जुस व्यक्तिको बेइमान चरित्रप्रति यसरी व्यङ्ग्य गरिएको छ, "महाकञ्जुस कुबेरले मौकामा हीरा फोर्नुपर्छ  भन्ने राम्ररी बुझेको थियो । उसले चुनाव जितेपछि दश वर्षभित्र नै चुनावमा खर्च भएको रकमको तीन गुणा आम्दानी गऱ्यो" ( यात्री, २०६९ : ४८) ।

श्रीबाबु कार्की "उदास" का **तडक-भडक, तुल** लघुकथामा उखानका माध्यमबाट विकृति विसङ्गतिप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

उदासको **तडक-भडक** लघुकथामा भ्रष्टाचारको पैसाबाट तडकभडक गर्ने कार्यप्रति यसरी व्यङ्ग्य गरिएको छ, "म उनलाई सम्झाउँछु, चुप लाग प्रणिता चुप लाग, उल्फाको धन फुफूको श्राद्ध हो त्यो, परिश्रमको फल मीठो हुन्छ, यही तलबले पनि चलेकै छ हाम्रो परिवार" (उदास, २०६१ : १९) ।

यहाँ उल्फाको धन फुफूको श्राद्ध भनेर भ्रष्टाचार गरेर धन कमाउने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

दिलीप शाहको **जालो, अपूताको धन प्यारो** लघुकथामा उखानका माध्यमबाट विसङ्गत क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

उनको अपुताको धन प्यारो लघुकथामा सन्तान नभएको मानिसको अनावश्यक सम्पत्तिमोहप्रति यसरी व्यङ्ग्य गरिएको छ :

"नोकरचाकर छन, समाजमा इज्जत-सम्मान तर शेषपछि खाने कोही छैन । पचास रूपैयाँ घटाएर मेरो केही थपिँदैन तर उसले पचास पाएमा थुप्रै हुन सक्छ । अपूताको धन प्यारो भनेको साँच्चिकै त होइन ?" ( शाह, २०६८ : ८०) ।

सुशीला देउजाको **न घरको न घाटको, अरूलाई खनेको खाडल** लघुकथामा उखानमार्फत मानवीय विकृतिप्रति व्यङ्ग्य गरिएको छ ।

सुशीला देउजाको **अरूलाई खनेको खाडल** लघुकथामा दुईजना साथीको सम्पतिमोहका कारण जीवन गुमाउनु परेको घटनालाई उखान मार्फत यसरी व्यङ्ग्य गरिएको छ, "दुवै मित्र एकै चोटी तल खसे । उग्र लालचको मूल्य दुवै मित्रले यसरी चुकाए । अरूलाई खनेको खाडलमा आफू पनि परिन्छ भन्ने कुराको चेतना भएन" ( देउजा, २०६६ : ८०) ।

शर्मिला खड्का (दाहाल) को **समयको माग, महत्वपूर्ण सम्पति** लघुकथामा उखानका माध्यमबाट मानवीय विकृतिजन्य क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

दाहालको **समयको माग** लघुकथामा सम्पति जम्मा गर्न जे गर्न पनि तयार हुने मानिसको क्रियाकलापप्रति उखानका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको छ, "ऊ सबैका अगाडि आस्तिक देखिन्थ्यो । तर भित्रभित्रै समाजलाई हानी हुने जुनसकै काम पनि गर्थ्यो । 'मुखमा रामराम बगलमा छुरा' हुने काम गर्थ्यो" ( दाहाल, २०६४ : ४३) ।

आर.आर. चौलागाई**को परीक्षा र प्रश्नहरू** लघुकथामा नेपाली राजनीतिमा मौलाएको विकृतिप्रति उखानका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको छ, "अहिले 'चोरलाई चौतारो र साधुलाई शूलीमा' चढाइएको छ" (चौलागाई, २०६५ : ८१) ।

सरस्वती रिजालको **अहमत्याई** लघुकथामा अहिलेको समयमा भाषाका नाममा चलेको विवादप्रति उखान मार्फत यसरी व्यङ्ग्य गरिएको छ, "आ-आफ्नै भाषामा कुरा राख्ने अहमले अचेत विवाद चर्किएको छ, समस्या थपिएको छ, तापनि उनीहरू 'मेरो गोरूको बाह्रै टक्का' लाई चरितार्थ गर्न उद्यत छन्" ( रिजाल, २०६५ : ७२) ।

साधना प्रतीक्षाको **हाफ क्या.बि**. लघुकथामा कार्यालयका काम नगरेर घुमफिरमा लागिरहने कर्मचारीको क्रियाकलापप्रति उखानमार्फत यसरी व्यङ्ग्य गरिएको छ, "यस्तै हो सर ! 'काग कराउँदै गर्छ, पिना सुक्दै गर्छ ।' आफू त लागियो क्यान्टिनतिर । तपाँई पनि

जाने होइन ? राममानको जवाफको प्रतिक्षा नगरिकन हर्कमान बाहिरिन्छ" (प्रतीक्षा, २०६८ : ९) ।

टङ्कराम सुनुवार 'सिर्सेली' को **बहीखाता** लघुकथामा धनलोभी बाहुनको दोधारे मानसिकताप्रति उखानका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "पण्डितजी असमन्जसमा परे । *नखाऊँ भने दिनभरिको शिकार, खाऊँ भने कान्छा बाऊको अनुहार* नै भयो उनलाई । निम्तो मान्न नजाऊँ भने आफ्नो परममित्रको विवाह । जाऊँ भने यो जमानाको इज्ज ढाक्नलाई महँगो दाइजोको पिरलो" ( सिर्सेली, २०६७ : २४) ।

अगीब बनेपालीको **कथा** लघुकथामा देश बरबाद हुँदा पनि आपसमा मिल्न नसक्ने र झगडा गरिरहने नेताहरूको क्रियाकलापप्रति उखानका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको पाइन्छ, "यता देश यतिसम्म रगताम्य भएर छियाछिया भइसक्दा पनि 'मेरो गोरुको बाह्रै टक्का' भन्दै आफ्नो डम्फू बजाउँदै गरेका नायकहरू देखेर मेरो नैतिकताले नैतिकताको व्याख्या गर्न अनुमति दिएन" ( बनेपाली, २०६२ : ३९) ।

यस्तै श्रीओम श्रेष्ठ रोदन, एलवी क्षेत्री, गोविन्द भट्टराई, लुमडी आचार्य, सुमनराज ताम्राकार, प्रयास सौरभ श्रेष्ठ, बद्री पलिखे, पुष्करराज भट्ट, विनय कसजू, अच्यूत घिमिरे, नारा जोशी लगायतका लघुकथामा उखानमार्फत व्यङ्ग्य गरिएको पाइन्छ ।

### ५.१० नेपाली लघुकथामा टुक्काका माध्यमबाट व्यङ्ग्य

टुक्का लोकसाहित्यको श्रव्य विधाअर्न्तगतको एक उपविधा हो । यो हाम्रो लोक समाजमा लोकोक्तिका रूपमा प्रचलित रहेको पाइन्छ । लोकजीवनमा परम्परादेखि चल्दै आएको टुक्काको प्रयोग वाक्यलाई अर्थपूर्ण बनाउन र विशिष्ट अर्थ दिनको लागि गरिन्छ । यो उखानभन्दा सानो रूपको हुन्छ । यो अर्थचमत्कारपूर्ण र अभिव्यञ्जनामूलक हुन्छ । नेपाली लघुकथामा प्रयोग भएका टुक्काले भाषिक विशिष्टता एवम् अर्थमा गम्भीरता प्रदान गरेको हुन्छ । नेपाली लघुकथामा प्रयोग भएका टुक्काले व्यङ्ग्यलाई तीक्ष्ण एवम् प्रभावकारी बनाएको पाइन्छ ।

टुक्काको प्रयोग गर्ने प्रमुख लघुकथाकारमा सुमन सौरभ पनि पर्दछन् । उनको **आशा** लघुकथामा गरिबीबाट उत्पन्न क्षुद्रताप्रति टुक्काका मार्फतबाट यसरी व्यङ्ग्य गरिएको

छ, "किन धन्दा मान्छस् ? उसले छोरालाई आश देखायो- एउटा जजमानको बाबु एक महिना देखि थला परेको छ, सायद यही महिनाभित्र मरि पनि हाल्नेछ । उसको काजक्रियामा तँलाई जुक्ता मिलाइदिउँला" (सौरभ, २०६८ : ४९) ।

यहाँ थला पर्नु टुक्काले मरणासन्न हुनु भन्ने अर्थ दिन्छ । लघुकथामा मानिस मर्न लागेकोमा चिन्ता व्यक्त गरिएको छैन बरू मानिस मरेपछि काजक्रिया गर्दा केही पाउन आशामा पूजारी पात्र कल्पिएको छ । उसको गरिबीका कारण त्यो अवस्था उत्पन्न भएको हो । लघुकथामा गरिबीबाट उत्पन्न क्षुद्रताप्रति व्यङ्ग्य गर्न टुक्काको प्रयोग गरिएको छ ।

कपिल लामिछानेका लघुकथामा सशक्त किसिमले टुक्काको प्रयोग गरिएको पाइन्छ । उनको **व्यवसाय-१** लघुकथामा संस्कृतका गुरुले आफ्ना छोराछोरी संस्कृत नपढाएर डाक्टर, इन्जिनियर बनाएका छन् । आफ्ना छोराछोरीलाई संस्कृत किन नपढाएको भन्दा उनले सक्छौ भने तिमी पनि डाक्टर बन भन्दा विद्यार्थीमा संस्कृत शिक्षाप्रति उदासीनता आउँछ । लघुकथामा संस्कृतका गुरुको क्रियाकलापप्रति टुक्काका मार्फतबाट यसरी व्यङ्ग्य गरिएको छ, "उनले भने-बटुक, त्यो मेरो व्यक्तिगत मामिला हो र यो प्रवचन गर्नु मेरो व्यवसाय हो । यी दुईका बीचमा कुनै सम्बन्ध छैन । सक्छौ भने तिमी पनि डाक्टर भएर अमेरिका जाऊ । मेरो आर्शीवाद छ, तिमीलाई । म खिस्रिक्क परेँ र संस्कृत शिक्षा आर्जन गर्न छाडेँ" ( लामिछाने, २०६१ : ८०) ।

यहाँ खिस्रिक्क पर्नु टुक्काले गल्ती महसुस गर्नु भन्ने अर्थ दिन्छ । यहाँ टुक्काका माध्यमबाट व्यङ्ग्य गरिएको छ ।

पोष चापागाईका लघुकथामा टुक्काको सशक्त प्रयोग पाइन्छ । उनको **मान्छे** लघुकथामा मानिसको स्वार्थी प्रवृत्तिप्रति टुक्काका मार्फतबाट यसरी व्यङ्ग्य गरिएको छ, "सज्जन भएर पनि बिरामीलाई किन बेवास्ता गरेका होलान् । सबैले बलेकै आगो त ताप्छन् नि ! खरानीको के वास्ता !" ( चापागाई, २०६१ : ८०) ।

यहाँ बलेको आगो ताप्नु टुक्काले शक्तिलाई मान्नु भन्ने अर्थ लाग्छ । लघुकथामा शक्ति र सामर्थ्य भएका बेला मात्र आमाबाबुलाई हेर्ने छोराबुहारी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

रामविक्रम थापाका लघुकथामा टुक्काको सशक्त प्रयोग पाइन्छ । उनको **स्वार्थदास** लघुकथामा मानिसको स्वार्थी प्रवृत्तिप्रति टुक्काका मार्फतबाट यसरी व्यङ्ग्य गरिएको छ, “सभाले गडगडाहट ताली पायो । ऊ अर्थात स्वार्थदास आफ्ना पूर्व कुकृत्य र भ्रष्टाचार पर्दाभित्रै पर्ने कुरामा विश्वस्त भएर ढुक्क भयो” ( थापा, २०५५ : ११) ।

यहाँ ढुक्क हुनु टुक्काले स्वार्थदास भन्ने पात्रको कुकृत्य पर्दाभित्र पर्ने विश्वास रहेको देखाएको छ । उसका गलत कृत्यप्रति टुक्का मार्फत व्यङ्ग्य गरिएको छ ।

हरिप्रसाद भण्डारीका लघुकथामा टुक्काको अत्यधिक प्रयोग गरिएको पाइन्छ । उनको **घाइते सर्प** लघुकथामा मानिसको स्वार्थी प्रवृत्तिप्रति टुक्काका मार्फतबाट यसरी व्यङ्ग्य गरिएको छ, “सर्प, सर्प नै हुन्छ भनेझैं, घाइते भनेर दयाभाव देखाए पनि बिस्तारै बिस्तारै उसले आफ्नो मौलिक रूप देखाउन सुरु गऱ्यो । दूध पिएर विष ओकल्न थाल्यो” ( भण्डारी, २०६३ : ११२) ।

यहाँ विष ओकल्नु टुक्काको प्रयोगबाट सर्पको विशेषता जनाइएको छ । लघुकथामा उसको धोकेबाज प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

कल्याण पन्तका लघुकथामा टुक्काको सशक्त प्रयोग पाइन्छ । उनको **संयोग** लघुकथामा टुक्काका मार्फतबाट यसरी व्यङ्ग्य गरिएको छ, “दुलहीलाई कोठाबाट ल्याइयो । उनले घुम्टो उघारेर हेरिन् र चर्को स्वरमा भनिन्, “दुई पटक यसरी बिहा हुनै सक्दैन ।” चिनेजानेकाहरूले क्वारक्वार्ती हेर्न थाले । नचिन्नेहरू मुखामुख गरे । पण्डित वाल्ल परे” ( पन्त, २०६९ : ५१) ।

यहाँ क्वारक्वार्ती हेर्नु, मुखामुख गर्नु र वाल्ल पर्नु गरेर तीनवटा टुक्काको प्रयोग गरिएको छ । लघुकथामा स्थितिमा आएको नयाँ मोडपछि सहभागीमा आएको प्रतिक्रियालाई देखाइएको छ । एउटै मानिसको एउटै मानिससँग दोस्रो पल्ट विवाह हुन लागेकामा त्यस्तो स्थिति एवम् कार्यप्रति व्यङ्ग्य गर्न टुक्काको प्रयोग गरिएको छ ।

इन्द्रकुमार विकल्पका लघुकथामा टुक्काको सशक्त प्रयोग गरिएको पाइन्छ । उनको **परिबन्दले दिएको सजाय** लघुकथामा मानिसहरूको केही थाहा नपाएर प्रतिक्रिया जनाउने प्रवृत्तिप्रति टुक्काका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको छ, “उसका कुरा सुनिसकेपछि बल्ल

सबैजनाले आफ्ना गल्ती महसुस गरी मुख रातो पारे । थक्क थक्क भए" ( विकल्प, २०६८ : १९) ।

यहाँ मुख रातो पार्नु, थक्क थक्क हुनुले मानिसहरूले गल्ती महसुस गरेको स्थितिलाई देखाएको छ । लघुकथामा गलत कार्य गर्ने मानिसहरूको कार्यप्रति टुक्काका माध्यमबाट व्यङ्ग्य गरिएको छ ।

नेपाली लघुकथामा टुक्काको प्रयोग गर्ने प्रमुख लघुकथाकार मध्ये भीम राना 'जिज्ञासु' पनि पर्दछन् । उनको **मिथ्था** लघुकथामा जोगीले अन्धविश्वासपूर्ण काम गरेकोमा उसको पोल खुलेको स्थितिलाई टुक्काका मार्फतबाट यसरी व्यङ्ग्य गरिएको छ, "त्यो सेतो वस्तु देखेर जोगी अक्षता जप्दै हान्दै हान्दै गयो । जब जोगी ऊ नजिकै आयो, उसले दुवै हात चलाइदियो । जोगी डरले त्यहाँबाट कुलेलम ठोक्दै भाग्यो" (जिज्ञासु, २०६१ : ५८) ।

यहाँ कुलेलम ठोक्नु टुक्काका माध्यमबाट जोगीको अन्धविश्वासले भरिएको कार्यप्रति व्यङ्ग्य गरिएको छ ।

बद्री पलिखेका लघुकथामा टुक्काको सशक्त प्रयोग गरिएको पाइन्छ । उनको **गोप्यता** लघुकथामा एउटा अवसरवादी मानिसको गलत व्यवहारलाई टुक्काका मार्फतबाट यसरी व्यङ्ग्य गरिएको छ, "नभन्दै उसको सफलता र प्रगति पनि भइरहेको छ । ऊ क्षणक्षणमा छेपारोझैं रङ्ग फेर्न सक्छ" ( पलिखे, २०६० : ६६) ।

यहाँ रङ्ग फेर्नु टुक्काका माध्यमबाट मानिसको अवसरवादी क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

टुक्काको प्रयोग गर्ने प्रमुख लघुकथाकारमा प्रयास सौरभ श्रेष्ठ पनि पर्दछन् । उनको **सम्मोहन** लघुकथामा आधुनिक युवायुवतीको प्रेमालापलाई टुक्काका मार्फतबाट यसरी व्यङ्ग्य गरिएको छ, "यात्रामा, अचानक दुवै आकाशबाट खसेझैं भए । सम्मोहनको यो अन्तिम यात्रा त्यतिखेर भङ्ग भयो जुन बेला "टाइमपास" गरिएको बिल रेष्टुरेण्टबाट आयो" ( श्रेष्ठ, २०५८ : ४५) ।

यहाँ भङ्ग हुनु टुक्काका माध्ममबाट आधुनिक युवायुवतीको चरम यौनालापपूर्ण क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

नवराज रिजालका लघुकथामा टुक्काको सशक्त प्रयोग गरिएको पाइन्छ । उनको **गोप्यता** लघुकथामा एउटा गरिब मानिसको विवशताप्रति टुक्काका मार्फतबाट यसरी व्यङ्ग्य गरिएको छ, "झुम्कीसँग आँखा जुझाउन खोज्यो तर समर्थ भएन, पोइ वा बाबु हुनदेखि लाज लागेर आयो" ( रिजाल, २०५४ : ६३) ।

यहाँ आँखा जुझाउनु टुक्काका माध्यमबाट पात्रका आफ्नो आर्थिक विवशतालाई लुकाउन श्रीमतीको अनुहारमा हेर्न नसकेको स्थितिप्रति व्यङ्ग्य गरिएको छ ।

भूपेन्द्र सुवेदीका लघुकथामा टुक्काको सशक्त प्रयोग पाइन्छ । उनको **अनर्थ** लघुकथामा एउटा मासुप्रेमी पण्डितको लोभी स्वभावलाई टुक्काका मार्फतबाट यसरी व्यङ्ग्य गरिएको छ, "पण्डितले कन्सिरीका रौं तताउँदै पूजा स्थगन गरेर तीन किलो नभई हुन्न भने" ( सुवेदी, २०६१ : ४) ।

यहाँ कन्सिरीको रौं तताउनु टुक्काका माध्यमबाट हिंसाप्रेमी पण्डितको क्रोधी स्वभावप्रति व्यङ्ग्य गरिएको छ ।

दिलीप शाहका लघुकथामा टुक्काको सशक्त प्रयोग गरिएको पाइन्छ । उनको **यो नेपाल हो** लघुकथामा कर्मचारीतन्त्र भित्रको मनोमानीपूर्ण क्रियाकलापलाई टुक्काका मार्फतबाट यसरी व्यङ्ग्य गरिएको छ, "चौरका भेडाबाख्राजस्तो छरिएका कर्मचारीजति मन्त्री, नेता, सचिवका पुत्रपुत्री, बुहारी, सालासाली, भान्जाभान्जी हुन, बाँकी युनियनका लिडर । यिनलाई चलाउनु भनेको अरिङ्गालको गोलो चलाउनु हो" ( शाह, २०६८ : ६०) ।

यहाँ अरिङ्गालको गोलो चलाउनु टुक्काका माध्यमबाट कर्मचारीहरूको कामचोर एवम् गैरजिम्मेवार प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

टुक्काको सशक्त प्रयोग गर्ने प्रमुख लघुकथाकारमा रमेश भट्टराई 'पूजारी' पनि पर्दछन् । उनको **मान्छे** लघुकथामा मानिसको धनलोलुप प्रवृत्तिप्रति टुक्काका मार्फतबाट यसरी व्यङ्ग्य गरिएको छ, "लास बाँध्ने बेलामा उसको कम्मरमा एउटा पोको देखियो । गाउँलेहरूले खोलेर हेरे । त्यसमा त ६० हजार रूपैयाँ र पुराना चाँदीका केही सिक्काहरू रहेछन् । भाइभतिजाहरूले कान ठाडा लगाए" ( पूजारी, २०६८ : ६२) ।

यहाँ कान ठाडा पार्नु टुक्काका माध्यमबाट मानिसहरूको धनलोभी क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

रवीन्द्र समीरका लघुकथामा टुक्काको सशक्त प्रयोग गरिएको पाइन्छ । उनको **अनुमान** लघुकथामा केही नगर्ने मन्त्रीले विकास गरेकोमा गाउँलेले आश्चर्य मानेका छन् । राजनीतिकर्मीले आश्वासन दिने तर काम नगर्ने गरेकोमा सोचेको भन्दा फरक स्थिति आएकोमा त्यो स्थितिप्रति टुक्काका मार्फतबाट यसरी व्यङ्ग्य गरिएको छ, "बुढाबुढी भन्न थाले-पश्चिमबाट घाम उदायो । अधबैंसेहरू कानेखुसी होइन, खुलेआम कुरा गर्न थाले-लौ, घोडाको सिङ आयो, ढुङ्गा टुसायो, उन्यू फुल्यो" ( समीर, २०६७ : ७१) ।

यहाँ घोडाको सिङ आउनु, ढुङ्गा टुसाउनु, उन्यू फुल्नु टुक्काले असम्भव कार्य जनाएको छ । लघुकथामा कहिले केही काम नगर्ने मन्त्रीले विकासको कार्य गरेकोमा मन्त्रीको सो कार्यप्रति व्यङ्ग्य गरिएको छ ।

ध्रुव मधिकर्मी नेपाली लघुकथामा टुक्काको प्रयोग गर्ने प्रमुख लघुकथाकारमध्ये एक हुन् । उनको **मिथ्या** लघुकथामा जोगीले मानिसको अहङ्कारपूर्ण स्थितिलाई टुक्काका मार्फतबाट यसरी व्यङ्ग्य गरिएको छ, "एक इन्च पनि पछाडि डेग नचली दुवै टक्क उभिरहे । दुवैलाई आ-आफ्नो अहमको रक्षा गर्नु जरूरी हुन गयो । अगाडि जाने काम ढिला होस्-केही छैन" (मधिकर्मी, २०५१ : २३) ।

यहँ टक्क उभिनु लघुकथाका माध्यमबाट मानिसको अहङ्कारी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

यसरी नै पुष्करराज भट्ट, मुक्तिनाथ घिमिरे, अगीब बनेपाली, कुसुम ज्ञवाली, देवेन्द्र अर्याल 'आँशु', डम्बर रसिक भारती, विनय कसजू लगायतका लघुकथामा पनि टुक्काको प्रयोग गरिएको पाइन्छ ।

### ५.११ नेपाली लघुकथामा नवनिर्मित क्रियाको प्रयोगका माध्यमबाट व्यङ्ग्य

नवनिर्मित क्रियाको प्रयोग विशिष्ट खाले भाषिक तथा शैलीगत विशेषता हो । नेपाली लघुकथाकारहरूले भावको अभिव्यक्तिको फराकिलोपन महसुस गरेर प्रचलित क्रियाभन्दा नवीन खाले क्रियाको पनि निर्माण गर्ने गरेका छन् । नवनिर्मित क्रियाको प्रयोगले भाषिक अभिव्यक्तिलाई विशिष्ट बनाएको छ । यस्ता क्रियाको प्रयोगले व्यङ्ग्यलाई सशक्त

बनाएको छ । नेपाली लघुकथामा व्यङ्ग्यका सिर्जना गर्न नवनिर्मित क्रियाको प्रयोग गरिएको पाइन्छ ।

हरिप्रसाद भण्डारीको **दयालु मालिक** लघुकथामा हिंसाका लागि बोका हेर्न आएका मानिसको क्रियाकलापलाई व्यङ्ग्य गर्न नवनिर्मित क्रियाको प्रयोग यसरी गरिएको छ, "मालिकले खोरको ढोका खोल्यो । ऊसँगै आएको मान्छेले सबै खसी बोकालाई एक एक गरी छामे, मुसारे, उचालेर जोखे अनि केहीलाई बगालबाट बेक्ताए" ( भण्डारी, २०६३ : ११०) ।

यहाँ हिंसा गर्नका लागि लग्ने बोकालाई अलग पारेको भन्नलाई 'बेक्ताए' भनिएको छ ।

सुमन सौरभको **नम्बर ८१** लघुकथामा तनाव र हिंसाजन्य गतिविधि एवम् क्रियाकलापलाई व्यङ्ग्य गर्न नवनिर्मित क्रियाको प्रयोग यसरी गरिएको छ, "करिब पचास पाइला हिँडेपछि उसले आधा मात्र ढप्किएको लजजस्तै लाग्ने भवन देख्यो । त्यसको ढोकामा टेढोमेढो अक्षरले लेखिएको थियो-नस्वागतम्" (सौरभ, २०६८ : ४३) ।

यस लघुकथामा मानिसहरूलाई प्रवेश निषेध गर्नका लागि नस्वागतम् भन्ने क्रियाको प्रयोग गरिएको छ ।

अमित घिमिरेको **अन्तराल** लघुकथामा किशोरको उरन्ठेउलो गतिविधि एवम् क्रियाकलापलाई व्यङ्ग्य गर्न नवनिर्मित क्रियाको प्रयोग यसरी गरिएको छ, "उरन्ठेउलो राजन, गाउँ, गोठ, गोबरभकारो, गोठालोको उल्लाईमा रल्लिएको सत्रको रेखी छापे" ( घिमिरे, २०६२ : ९७) ।

यहाँ अल्लारे केटाको क्रियाकलापलाई रेखी छापे क्रियाका माध्यमबाट व्यङ्ग्य गरिएको छ ।

नवराज रिजालको **भोक र संवेदना** लघुकथामा बाबु पात्रको आफ्नै अभावग्रस्त जीवन र  मनको छटपटीप्रति व्यङ्ग्य गर्न नवनिर्मित क्रियाको प्रयोग यसरी गरिएको छ, "नाईं भन्नुस् न, तपाँई मसँग रिसाएको हो ?" छोरीले प्रश्न दोहऱ्याई, उसको नजर भरिएर आयो । अबोध प्रश्नले छातीमा दरफऱ्यायो" ( रिजाल, २०५४ : ७५) ।

बाबु पात्रको आफ्नो विवशता र छोरीको जवाफ दिन नसकेकोमा बाबुको स्थितिप्रति व्यङ्ग्य गर्न दफऱ्यायो भन्ने क्रियाको प्रयोग गरिएको छ ।

मुक्तिनाथ घिमिरेको **सन्त्रास** लघुकथामा युद्धग्रस्त परिवेश एवम् भयग्रस्त वातावरणप्रति व्यङ्ग्य गर्न नवनिर्मित क्रियाको प्रयोग यसरी गरिएको छ, "ऊ बालक थियो । राज्यपक्ष र विद्रोहीपक्षबीच युद्ध चलिरहँदा जन्मिएको हुनाले उसको नाम राखियो-युद्धवीरे" ( घिमिरे, २०६६ : ४१) ।

यहाँ युद्ध भएका जन्मेको मानिस भएको हुनाले त्यो परिवेशप्रति व्यङ्ग्य गर्न युद्धवीरे क्रियाको प्रयोग गरिएको छ ।

पोष चापागाईको **छोयला र वास** लघुकथामा मानिसको अनावश्यक शङ्कालु कार्यप्रति व्यङ्ग्य गर्न यसरी नवनिर्मित क्रियाको प्रयोग गरिएको छ, "मेरो प्लेटमा एक चोक्टो मात्र बाँकी रुज्यो ....मैले त्यस चोक्टोलाई सद्दे हलो देखेँ । ....मान्छेले हलोलाई खानु हुँदैन भन्दै मैले त्यो चोक्टोलाई पनि मिल्काएँ" ( चापागाई, २०६१ : २१) ।

यहाँ रह्यो भन्नका लागि रुज्यो भनेर भनिएको छ ।

## ५.१२ निष्कर्ष

नेपाली लघुकथामा व्यङ्ग्य सिर्जना गर्न भाषा र शैलीका विशिष्ट पक्षहरू विचलन, समानान्तरता, पर्यायकथन, विशेषणगुच्छको प्रयोग, अप्रचलित शब्दयुग्मको प्रयोग, दृष्टान्तीकरण, अलङ्कारको प्रयोग, उखान टुक्काको प्रयोग तथा नवनिर्मित क्रियाको प्रयोग गरिएको पाइन्छ । यस अध्यायमा नेपाली लघुकथामा पाइने व्यङ्ग्यको अभिव्यक्ति कलालाई प्रस्तुत गर्ने मूल आधारका रूपमा विचलन, समानान्तरता, पर्यायकथन, विशेषणगुच्छको प्रयोग, अप्रचलित शब्दयुग्मको प्रयोग, दृष्टान्तीकरण, अलङ्कारको प्रयोग, उखानको प्रयोग, टुक्काको प्रयोग तथा नवनिर्मित क्रियाको प्रयोगलाई मूल आधार मानिएको छ ।

यस अध्ययनमा नेपाली लघुकथामा प्रयुक्त व्यङ्ग्य अभिव्यक्तिगत कला खोज्ने काम गरिएको छ । नेपाली लघुकथामा पश्चिमी साहित्य सिद्धान्तका आधारमा व्यङ्ग्यका विभिन्न रूपहरू प्रयोग भएको पाइन्छ । नेपाली लघुकथामा वाक्-बैदग्ध, अतिरञ्जना, हास्य, वक्रोक्ति एवम् व्यङ्ग्यस्तुति जस्ता रूपको प्रयोग गरिएको पाइन्छ ।

नेपाली लघुकथामा वाक् बैदग्धको प्रयोग पाइन्छ । नेपाली लघुकथाकारले भाषा र शैलीलाई सहजतासँग खेलाउन सक्ने भाषिक सामर्थ्य पाइन्छ । यस्तो भाषिक प्रयोगगत विशिष्टताका कारण लेखनमा अभिव्यक्तिगत चमत्कार पाइन्छ । नेपाली लघुकथामा अतिरञ्जना (क्यारिकेचर) को प्रयोग पाइन्छ । यसमा व्यक्तिका गलत वा विसङ्गत सोचाइ र क्रियाकलापप्रति व्यङ्ग्य गर्ने क्रममा व्यक्तिका आनीबानी र क्रियाकलापको बढाइचढाइ प्रस्तुत गरिएको पाइन्छ । कतिपय रचनामा अतिशयोक्तिपूर्ण तरिकाबाट तथ्यलाई बढाएर प्रस्तुत गरी प्रशंसालाई घृणाका तहमा विकसित गरिन्छ ।

नेपाली लघुकथामा अभिव्यक्तिगत कलाअन्तर्गत विचलनलाई व्यङ्ग्य निरूपणको प्रमुख आधारका रूपमा लिइएको छ । विचलनअन्तर्गत कोशीय विचलन, सहप्रयोगात्मक विचलन र व्याकरणिक विचलनको आधारमा व्यङ्ग्यको निरूपण गरिएको छ । व्याकरणिक विचलन अर्न्तगत कर्ता, कर्म र क्रियाको क्रममा विचलन, उद्देश्य र विधेयको क्रममा विचलन, पद/पदावलीगत विन्यासमा विचलन, उपवाक्यगत विन्यासमा विचलन, वाक्यगत विन्यासमा विचलनलाई अध्ययन गरिएको छ ।

नेपाली लघुकथामा अभिव्यक्तिगत कलाअन्तर्गत समानान्तरतालाई व्यङ्ग्य निरूपणको आधारका रूपमा लिइएको छ । समानान्तरता अन्तर्गत वर्ण, शब्द, पदावली, उपवाक्य एवम् वाक्यका तहमा रहेको समानान्तरतालाई अध्ययनको विषय बनाइएको छ । समानान्तरताका आधारमा लघुकथामा पाइने व्यङ्ग्यको पहिचान गरिएको छ ।

नेपाली लघुकथामा अभिव्यक्तिगत कला अन्तर्गत व्यङ्ग्य निरूपणका प्रमुख आधारका रूपमा पर्यायकथन, विशेषणगुच्छको प्रयोग, दृष्टान्तीकरण, अप्रचलित शब्दयुग्मको प्रयोग, अलङ्कार, उखान, टुक्का एवम् नवनिर्मित क्रियालाई मानेर तिनको आधारमा व्यङ्ग्यको पहिचान गरिएको छ ।

नेपाली लघुकथामा व्यङ्ग्यको अभिव्यक्तिगत कला लाई भाषा एवम् शैलीका विशिष्ट पक्षका आधारमा पहिचान गरिएको छ । नेपाली लघुकथामा भाषा र शैलीका विशिष्ट पक्षका आधारमा व्यङ्ग्य गर्ने नेपाली लघुकथाकारमा हरिप्रसाद भण्डारी, साधना प्रतीक्षा, शर्मिला खडका (दाहाल), दिलीप शाह, ध्रुव मधिकर्मी, सुमन सौरभ, नवराज रिजाल, कृष्ण शाह यात्री, कृष्ण बजगाई, रवीन्द्र समीर, अगीब बनेपाली, आर.आर. चौलागाई, प्रयास सौरभ श्रेष्ठ, किशन थापा अधिर, कुसुम ज्ञवाली, सरस्वती रिजाल, रामविक्रम थापा, रमेश भट्टराई

'पूजारी', देवेन्द्र अर्याल 'आँशु', डम्बर रसिक भारती, कपिल लामिछाने, गोरखबहादुर सिंह, श्रीओम श्रेष्ठ रोदन, सिन्धु गौतम, पुष्करराज भट्ट, गोविन्द भट्टराई, भीम राना जिज्ञासु, बद्री पलिखे, कल्याण पन्त, विनय कसजू, सुशीला देउजा रहेका छन् ।

नेपाली लघुकथामा व्यङ्ग्यको अभिव्यक्तिगत कला पहिचान गर्ने सन्दर्भमा समाजिक जीवनका विभिन्न विकृति विसङ्गतिप्रति व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली लघुकथामा भाषिक विशिष्टताका माध्यमबाट नेपालको राजनीति एवम् प्रशासनको क्षेत्रमा हुने गरेको भ्रष्टाचारप्रति व्यङ्ग्य गरिएको पाइन्छ । सामान्य जनतामा रहेको अज्ञानता एवम् मूर्खतापूर्ण क्रियाकलापप्रति भाषा एवम् शैलीका माध्यमबाट व्यङ्ग्य गरिएको छ । समाजमा रहेको आर्थिक विभेद र विभेदका कारण उत्पन्न विसङ्गत कार्यप्रति व्यङ्ग्य गरिएको छ । चेलीबेटी बेचबिखनका घटना, नशाखोरी लगायतका कार्यप्रति समेत प्रहार गरिएको छ । समाजमा रहेको जातीय एवम् लिङ्गीय विभेदप्रति व्यङ्ग्य गरिएको छ । प्रशासन क्षेत्रमा रहेका ढिलासुस्ती एवम् जनतालाई दुःख दिने क्रियाकलापलाई पनि विषय बनाइएको छ । यी लघुकथामा विज्ञानको दुरूपयोगका कारण मानिसले दुःख पाउनु परेकोमा सो कार्यप्रति समेत व्यङ्ग्य गरिएको छ । नेपाली समाजमा रहेका विभिन्न विकृति विसङ्गतिप्रति व्यङ्ग्य गर्न भाषा र शैलीगत विशिष्ट पक्षलाई आधार लिइएको छ ।

नेपाली लघुकथामा विशिष्ट प्रकारको अभिव्यक्तिगत कलाको प्रयोग पाइन्छ । भाषिक एवम् शैलीगत विशिष्टताले गर्दा नेपाली लघुकथा लेखन स्तरिय बन्दै आएको छ ।

# परिच्छेद छ

## सारांश तथा निष्कर्ष

### ६.१ सारांश

**पहिलो परिच्छेद**मा विषय परिचय, समस्या कथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य र महत्व, अध्ययनको सीमाङ्कन, सामग्री सङ्कलन तथा सैद्धान्तिक विधि एवम् शोधप्रबन्धको रूपरेखाका सम्बन्धमा प्रकाश पारिएको छ । विषय परिचयमा शोधको विषयको सङ्क्षिप्त परिचय दिइएको छ । समस्या कथनमा शोधको समस्याहरू प्रस्तुत गरिएको छ । शोधको उद्देश्य अन्तर्गत समस्या कथनमा उठाइएका प्रश्नहरूका समाधान गर्ने उद्देश्यले उद्देश्य निर्धारण गरिएको छ । पूर्वकार्यको समीक्षामा नेपाली लघुकथामा व्यङ्ग्यविधानसँग सम्बन्धित रहेर हालसम्म भएका अध्ययनहरूलाई प्रस्तुत गरिएको छ । हालसम्म भएका अध्ययनको समीक्षा समेत प्रस्तुत गरिएको छ । अध्ययनको औचित्य र महत्वमा यो अध्ययन गर्नुको औचित्य पुष्टिका लागि आधारहरू दिइएको छ । अध्ययनको सीमाङ्कनमा यो अध्ययनको सीमालाई प्रस्तुत गरिएको छ । सामग्री सङ्कलन तथा सैद्धान्तिक विधिमा सामग्री सङ्कलन एवम् सैद्धान्तिक विधिसँग सम्बन्धित आधारहरू प्रस्तुत गरिएको छ । शोधप्रबन्धको रूपरेखामा शोधका लागि आवश्यक रूपरेखा प्रस्तुत गरिएको छ ।

**दोस्रो परिच्छेद**मा व्यङ्ग्यको परिचय, व्यङ्ग्यको प्रयोजन, व्यङ्ग्य सम्बन्धी पूर्वीय, पश्चिमी एवम् नेपाली साहित्यशास्त्रीय मान्यता प्रस्तुत गरिएको छ । लघुकथाको लक्ष्य एवम् उद्देश्य तथा अभिव्यक्ति कलाका सन्दर्भमा व्यङ्ग्यको सैद्धान्तिक प्रतिमान स्थापना गरिएको छ । यस शोधमा लघुकथामा पाइने व्यङ्ग्यको अध्ययन पश्चिमा साहित्यमा प्रचलित 'सटायर' का आधारमा गरिएको छ ।

साहित्यमा पाइने व्यङ्ग्यको विश्लेषणका लागि पूर्वीय साहित्यशास्त्र एवम् पश्चिमी साहित्यशास्त्रका आफ्नै मौलिक सिद्धान्त छन् । पूर्वीय साहित्यशास्त्रमा ध्वनिलाई व्यङ्ग्यको मूल आधार मानेर अध्ययन गरिएको पाइन्छ । पश्चिमी साहित्यशास्त्रमा व्यङ्ग्यका विभिन्न रूपहरु हास्य, वक्रोक्ति, वाक्-वैदग्ध, विहास, अतिरञ्जना, प्रहसन, ठट्टा-नक्कल, व्यङ्ग्य चित्र, आक्रमोक्ति, व्यङ्ग्यस्तुति/व्याजोक्ति, उपहास र खिस्सी-गिल्ली, कटुक्ति/गालीगलौज

रहेका छन् । नेपाली साहित्यशास्त्रका विद्वानहरूले पूर्वीय साहित्यशास्त्र र पाश्चात्य साहित्यशास्त्रका सिद्धान्तलाई नै पछ्याउने कार्य गरेको पाइन्छ ।

नेपाली साहित्यमा साहित्य रचनाको विश्लेषण गर्ने क्रममा पूर्वीय साहित्यशास्त्रीय र पाश्चात्य साहित्यशास्त्रीय सिद्धान्तका आधारमा व्यङ्ग्यको अध्ययन गर्ने काम गरिएको पाइन्छ ।

नेपाली लघुकथामा विषयवस्तुगत व्यङ्ग्य अन्तर्गत राजनीतिक व्यङ्ग्य, सामाजिक व्यङ्ग्य, सांस्कृतिक व्यङ्ग्य, धार्मिक व्यङ्ग्य, आर्थिक व्यङ्ग्य, भाषा-साहित्य क्षेत्रसँग सम्बन्धित व्यङ्ग्य, शैक्षिक व्यङ्ग्य, स्वास्थ्य क्षेत्रसँग सम्बन्धित व्यङ्ग्य, प्रशासनिक व्यङ्ग्य, विज्ञानसँग सम्बन्धित व्यङ्ग्य, आधुनिक सभ्यता/जीवनशैलीसँग सम्बन्धित व्यङ्ग्य, न्याय/कानुनसँग सम्बन्धित व्यङ्ग्य, पत्रकारितासँग सम्बन्धित व्यङ्ग्य, वैयक्तिक व्यङ्ग्यलाई व्यङ्ग्यको अध्ययन एवम् विश्लेषणको आधार मानिएको छ । त्यसरी नै भाषा र शैलीमा पाइने व्यङ्ग्यलाई विचलन, समानान्तरता, पर्यायोक्ति-पर्याययुक्ति, विशेषणगुच्छको प्रयोग, दृष्टान्तीकरण, अलङ्कारको प्रयोग, उखान टुक्काको प्रयोग एवम् नवनिर्मित क्रियाको प्रयोगका आधारमा अध्ययन गरिएको छ ।

**तेस्रो परिच्छेद**मा नेपाली लघुकथाको ऐतिहासिक विकासक्रमअन्तर्गत नेपाली लघुकथाको विकासक्रमबारे गरिएको अध्ययनहरूका बारेमा चर्चा गरिएको छ । त्यस्तै नेपाली लघुकथाको विकासक्रमका बारेमा अध्ययन गरिएको छ । नेपाली लघुकथाको विकासमा योगदान दिने लेखक, लेखकहरूका कृति, सम्पादित कृति, विशेषाङ्कका बारेमा चर्चा गरिएको छ । व्यक्तिगत एवम् संस्थागत रूपमा भए गरेका कार्यको लेखाजोखा प्रस्तुत गरिएको छ । प्रमुख कालखण्डका प्रवृत्ति समेत निरूपण गरिएको छ ।

पूर्वीय साहित्यमा लघुकथाको ३००० वर्षभन्दा लामो परम्परा पाइन्छ । महाभारतमा आख्यानसँग उपकथा पनि जोडिएको पाइन्छ । चिनियाँ 'आफन्तीका कथा' एवम् भारतीय महाद्वीपको 'अकबर बिरबल विनोद' का श्रृङ्खलामा पनि लघुकथाको प्रारम्भिक सङ्केत पाइन्छ । 'अरबियिन नाइट्स' का कथामा पनि लघुकथाको बिज पाइन्छ ।

नेपाली लघुकथाको पृष्ठभूमि काल विगत पौराणिक कालदेखि वि. स. २००६ सम्मको अवधिलाई मानेर यहाँ अध्ययन गरिएको छ । नेपाली साहित्यको पृष्ठभूमिमा प्राचीन धार्मिक एवम् पौराणिक साहित्य आएको छ । नेपालमा लघुकथा पश्चिमी कथा सिद्धान्तमा

आधारित भएर प्रारम्भ भए पनि नेपाली लघुकथामा पूर्वीय साहित्यको पनि ठूलो प्रभाव रहेको छ । लघुकथाको पृष्ठभूमिमा धार्मिक, पौराणिक आख्यानहरूका अनुवाद, पञ्चतन्त्र र हितोपदेशसँग सम्बन्धित अनुवाद, इसपका नीतिकथाका साथै विभिन्न आख्यानका अनुवाद रहेका छन् । प्राथमिक एवम् माध्यमिक कालीन आख्यानका अनुवादलाई लघुकथाको निर्धारक मान्न सकिँदैन । प्राथमिक माध्यमिक कालको 'सत्सङ्गको वर्णन भएको कथाहा', 'राजा प्रपञ्चैको एउटा किस्सा' र 'मुन्सीका तीन आहान' मा लोकतत्वको उपस्थिति पाइन्छ । नेपाली लघुकथाको पृष्ठभूमिकालको उपलब्धी 'लौकिक न्याय मणिमाला' र 'कल्पना' लाई मान्न सकिन्छ ।

प्रस्तुत शोधप्रबन्धमा नेपाली लघुकथाको प्रथम चरण वि.स. २००७ देखि वि.स. २०२९ सम्म मानेर अध्ययन गरिएको छ । नेपाली लघुकथाको पहिलो चरणमा विविध प्रवृत्तिहरू पाइने भएकोले ती प्रवृत्तिहरू निरूपण गरिएको छ । यस अवधिका लघुकथामा राणाशासन र प्रजातन्त्र स्थापना भएपछिका समयमा भएको सङ्क्रमणकालीन अवस्था आएको पाइन्छ । वि.स. २०१७ मा प्रजातन्त्रको हरण भएपछिको नेपाली समाजका विभिन्न रूपहरू आएको पाइन्छ । यस समयका लघुकथा कृतिमा नेपाली समाजमा हुने गरेको अन्याय, अत्याचारका घटनाको चित्रण गर्नुका साथै विद्रोहको प्रस्तुति समेत आएको छ । यी लघुकथाहरूमा सामाजिक, आर्थिक एवम् सांस्कृतिक क्षेत्रका विसङ्गतिको चित्रण गरिएको पाइन्छ । पारिवारिक जीवनका समस्या, धार्मिक आडम्बर, अशिक्षा एवम् गरिबीका घटनाको वर्णन गरिएको पाइन्छ । यस कालमा मानवेत्तर पात्रको समेत प्रयोग गरिएको पाइन्छ । यसै कालबाट प्रतीकात्मक लेखनको पनि आरम्भ भएको पाइन्छ । यस अवधिका पछिल्ला लघुकथा रचनामा जीवनको विसङ्गत यथार्थको प्रस्तुतिका साथै निराशा, कुन्ठा एवम् हताश मानिसको जीवनकथा प्रस्तुत गरिएको पाइन्छ ।

नेपाली लघुकथाको दोस्रो चरण वि.स. २०३० देखि वि.स. २०४५ सम्म मानेर अध्ययन गरिएको छ । यस समयावधिका लघुकथा रचनामा जीवनको अभाव, अशिक्षा एवम् गरिबीबाट उत्पन्न मानवीय विसङ्गत क्रियाकलापको बारेमा चर्चा गरिएको पाइन्छ । यी लघुकथामा मानिसको जीवनको निस्सारता, खोक्रोपना, निराशा, कुन्ठा एवम् सामाजिक भ्रष्ट क्रियाकलापलाई देखाइएको छ । यस अवधिका लघुकथा कृतिमा आर्थिक, धार्मिक, राजनीतिक, एवम् प्रशासनिक क्षेत्रका विसङ्गतिप्रति व्यङ्ग्य पाइन्छ । यी लघुकथामा पञ्चायती व्यवस्थाको विरोध एवम् प्रजातन्त्रको चाहना पनि अभिव्यक्त भएको पाइन्छ । यस

अवधिको पछिल्लो समयका लघुकथामा पशुपक्षी पात्रको प्रयोग गरेर लघुकथा लेखिएको पाइन्छ । यस समयका लघुकथामा प्रतीकात्मक र अन्योक्तिमूलक लेखनको प्रारम्भका साथै कलात्मक सीपप्रति सचेतता पनि आउँदै गरेको पाइन्छ । यस अवधिमा लघुकथा लेखनको नवीन शैलीको प्रारम्भ भएर विषयगत विविधता पनि आएको पाइन्छ ।

नेपाली लघुकथाको तेस्रो चरण वि.स. २०४६ देखि २०५२ सम्मको अवधिलाई मानेर अध्ययन गरिएको छ । यस चरणका लघुकथा कृतिमा प्रजातन्त्र कालपछिको समयको चित्रण गरिएको पाइन्छ । वि.स. २०४६ को राजनैतिक परिवर्तन पछि जनताका अपेक्षा पुरा हुन नसकेकोमा असन्तुष्टि व्यक्त गरिएको पाइन्छ । यस अवधिका कृतिमा समाजिक जीवनका विभिन्न विषयवस्तुप्रति व्यङ्ग्य गर्ने काम गरिएको पाइन्छ । पछिल्लो समयमा लघुकथा रचनामा प्रतीकात्मक लेखन बढ्दै गएको पाइन्छ । यस कालखण्डमा साहित्यिक पत्रिकाले लघुकथा विशेषाङ्क निकाल्ने काम समेत गरेको पाइन्छ ।

नेपाली लघुकथाको चौथो चरण वि.स. २०५३ पछिको समयलाई मानेर अध्ययन गरिएको छ । यस चरणका लघुकथामा राजनैतिक मूल्यहीनता, भ्रष्टता एवम् अपराधीकरणप्रति चिन्ता व्यक्त गरिएको छ । मानिसमा रहेको स्वार्थी प्रवृत्तिका साथै चाकरी गर्ने कार्यप्रति व्यङ्ग्य गरिएको छ ।  नेपाली लघुकथामा आर्थिक क्षेत्रमा देखिएका गलत कार्यका साथै साहित्यिक क्षेत्रका विकृतिप्रति आक्रोश व्यक्त गर्ने काम गरिएको छ । मानिसको वैयक्तिक जीवनमा प्रेम, यौन एवम् ग्राहस्थ जीवनका घटना पनि आएका छन् । यस समयका लघुकथामा प्रविधिको विकाससँगै मानिसको चिन्तनमा आएको परिवर्तन एवम् नवीन मूल्यप्रतिको विश्वासलाई पनि समेटेको पाइन्छ । पछिल्ला दिनमा नेपाली लघुकथाकारहरूले डायस्पोरा एवम् नारीवादी चिन्तनलाई समेत स्थान दिन थालेका छन् ।

नेपाली लघुकथाको चौथो चरणमा नेपाली लघुकथाको लेखन, प्रकाशनले व्यापकता पाएको छ । नेपाली लघुकथाका कृति एवम् कृतिकारले सञ्चार माध्यममा महत्वपूर्ण ठाउँ पाउन थालेका छन् । लघुकथा लेखनबारे अन्तर्क्रिया, बहस प्रारम्भ भइसकेको छ । लघुकथा विधामा प्रतिबद्ध भएर लेख्ने लघुकथाकारको सङ्ख्या बढ्दो छ । लघुकथामा चित्रात्मकताका साथै नवीन बिम्ब एवम् प्रतीकको प्रयोग गर्ने चलन बढेको छ ।

वि.स. २००७ सालबाट नेपाली लघुकथा लेखनको सचेत प्रयास भएको पाइन्छ । त्यसपछिका दिनमा नेपाली लघुकथा क्रमशः विकसित भएको पाइन्छ । नेपाली लघुकथाको

विकास तीसको दशकको मध्यदेखि व्यापक बन्दै आएको छ । यस अध्ययनमा वि.स. २०३६ सालपछिको नेपाली लघुकथालाई अध्ययनको विषय बनाइएको छ ।

**चौथो परिच्छेद**मा नेपाली लघुकथामा व्यङ्ग्यले लक्षित गरेका क्षेत्रहरू बारेमा अध्ययन गरिएको छ । यस परिच्छेदमा नेपाली लघुकथामा व्यङ्ग्यको लक्ष्य एवम् उद्देश्यका निमित्त विभिन्न विषयवस्तुमा गरिने व्यङ्ग्यका आधारमा विश्लेषण गरिएको छ । व्यङ्ग्यको लक्ष्य एवम् उद्देश्यलाई चौध वटा शीर्षकमा आधारमा विभाजन गरेर विश्लेषण गरिएको छ । नेपाली लघुकथामा व्यङ्ग्यको उद्देश्य अन्तर्गत राजनैतिक, सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक, भाषा तथा साहित्य, शिक्षा, स्वास्थ्य, प्रशासन, विज्ञान, आधुनिक सभ्यता एवम् जीवनशैली, न्याय कानुन, पत्रकारिता एवम् वैयक्तिक विषयका आधारमा विश्लेषण गरिएको छ ।

नेपाली लघुकथामा विभिन्न विषयवस्तुमा व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली लघुकथाकारहरूले व्यक्ति जीवनदेखि समाज हुँदै राष्ट्रिय अन्तर्राष्ट्रिय जगतका विभिन्न घटना एवम् विषय सन्दर्भलाई आफ्नो लेखनीको विषय बनाएको पाइन्छ । यस परिच्छेदमा नेपाली लघुकथामा पाइने व्यङ्ग्यलाई राजनीतिक, समाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक, भाषा तथा साहित्य, शिक्षा, स्वास्थ्य, प्रशासन, विज्ञान, आधुनिक सभ्यता/जीवनशैली, न्याय/कानुन, पत्रकारिता एवम् वैयक्तिक विषयवस्तुका आधारमा विश्लेषण गरिएको छ ।

नेपाली लघुकथामा राजनैतिक विषय प्रमुखताका साथ उठाइएको पाइन्छ । नेपाली लघुकथाका कृतिमा जनताको अधिकार हरण गर्ने एवम् निरङ्कुशतन्त्र कायम गर्ने राजनैतिक शक्तिहरूको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । नेतृत्व वर्गमा रहेको भ्रष्ट एवम् अनैतिक आचरण एवम् क्रियाकलापप्रति प्रहार गरिएको पाइन्छ । जनतालाई अनावश्यक आश्वासन बाँड्ने र हिंसाजन्य गतिविधि देखाउने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली लघुकथाकारहरूले नेताहरूमा रहेको सिद्धान्त र व्यवहारबिचको बेमेलका साथै सत्ताका लागि अनैतिक गठबन्धन गर्ने कार्यप्रति प्रहार गरिएको छ । उच्च राजनैतिक नेतृत्वबाट राष्ट्रहित विपरीत काम गर्ने र मुलुकको प्रतिष्ठामा आँच आउने क्रियाकलाप हुने गरेकोमा त्यस्ता कार्यप्रति व्यङ्ग्य गरिएको छ । कार्यकर्ता वर्गमा रहेको नेताको मुख ताक्ने एवम् चाकडी गर्ने कार्यप्रति समेत व्यङ्ग्य गरिएको छ । जनतामा रहेको असचेतताका कारण उत्पन्न हुने मूर्खतापूर्ण क्रियाकलाप एवम् स्वार्थ लिन चाकरी गर्ने कार्यप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

नेपाली लघुकथामा समाजिक विषय सन्दर्भले पनि प्रमुख स्थान पाएको छ। नेपाली लघुकथामा समाजमा रहेको वर्गीय विभेद गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको पाइन्छ। चाकरी एवम् स्वार्थजन्य गतिविधिप्रति प्रहार गरिएको छ । जनतामा रहेको जातीय, क्षेत्रीय सङ्कीर्णताप्रति व्यङ्ग्य गरिएको छ। उपभोक्तामुखी क्रियाकलाप एवम् यौनजन्य अनैतिक क्रियाकलापप्रति झटारो हानिएको पाइन्छ । परिवारभित्र नै विभेद गर्ने, पैसामुखी चरित्र देखाउने मानिसहरूको कार्यप्रति समेत व्यङ्ग्य गरिएको छ। नेपाली लघुकथामा मानवीय मूल्यको ह्रास, संवेदनहीन क्रियाकलाप एवम् अन्धविश्वासजन्य क्रियाकलापलाई लिएर व्यङ्ग्य गरिएको  पाइन्छ। लघुकथाकारहरूले गैरसरकारी संस्थाका क्रियाकलाप र तिनको समाजमा परेको नराम्रो क्रियाकलापप्रति व्यङ्ग्य गरेका छन्।

नेपाली लघुकथामा हाम्रो सांस्कृतिक क्षेत्र र सो क्षेत्रसँग सम्बन्धित क्रियाकलापलाई पनि कथ्य सन्दर्भका रूपमा प्रस्तुत गरिएको पाइन्छ। नेपाली लघुकथामा मानिसहरूको विज्ञापनमुखी क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । चलचित्र एवम् सङ्गीत क्षेत्रमा फैलिएको विकृत मानसिकता एवम् कार्यप्रति व्यङ्ग्य गरिएको छ । मानिसहरूको न्यून सांस्कृतिक चेतना एवम् कृतघ्न प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ। नेपाली लघुकथामा आफ्नो मौलिक भाषा-संस्कृति भुलेर विदेशी संस्कृतिका नकारात्मक पक्षलाई ग्रहण गर्ने कार्यप्रति झटारो हानिएको छ। आफूले बोकेको भन्दा भिन्न सांस्कृतिक कार्य गर्ने विद्वान्का कार्यप्रति छेड हानिएको छ।

नेपाली लघुकथामा धर्म र धार्मिक कार्यमा संलग्न मानिसहरूका क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ। नेपाली लघुकथामा धर्मका नाममा जनता ठग्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको पाइन्छ। नेपाली लघुकथाकारहरूले जनतामा रहेको भाग्यवादी सोच र मानिसलाई भेदभाव गर्ने कार्यप्रति समेत छेड हानेका छन् । नेपाली लघुकथामा धर्मका आडमा हुने हिंसाजन्य गतिविधि, व्यभिचारी कार्यप्रति समेत सशक्त व्यङ्ग्य गरिएको छ । बेइमानलाई संरक्षण गर्ने र धर्मलाई आफ्नो स्वार्थ अनुकूल व्याख्या गर्ने प्रवृत्तिप्रति समेत व्यङ्ग्य गरिएको छ। गरिब र असहायलाई नहेर्ने र जसले जे गर्दा पनि टुलुटुलु हेरिरहने ईश्वरका कार्यप्रति समेत व्यङ्ग्य गरिएको पाइन्छ। त्यस्तै कतिपय लघुकथाकारले ईश्वरको अस्तित्वप्रति पनि प्रश्न उठाउँदै व्यङ्ग्य गरेको पाइन्छ।

नेपाली लघुकथामा आर्थिक क्षेत्र र सो क्षेत्रसँग सम्बन्धित विषयप्रति व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली लघुकथामा कर्मचारीतन्त्र भित्रका आर्थिक भ्रष्टाचारजन्य क्रियाकलापप्रति

व्यङ्ग्य गरिएको छ । सिद्धान्तभन्दा आर्थिक लेनदेनमा बढी चासो राख्ने राजनैतिक नेतृत्व वर्गप्रति व्यङ्ग्य गरिएको छ । नेपाली लघुकथाकारले जनतालाई ठग्न व्यापारिक कम्पनीहरूले गर्ने गरेको उपहारमुखी कार्यप्रति व्यङ्ग्य प्रहार गरिएको छ । नेपाली लघुकथामा बेरोजगार ठग्न विभिन्न किसिमका तालिम आयोजना गर्ने बजारमुखी कार्यप्रति झटारो हानिएको छ । सरकारी कर छल्ने व्यापारी क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । गैरसरकारी संस्थाका गलत आर्थिक कार्यप्रति व्यङ्ग्य गरिएको छ । महिलावर्गमा रहेको सम्पति एवम् गहनामोहप्रति छेड हानिएको छ । फाइनान्स कम्पनीका नाममा सञ्चालक मोटाउने र जनता ठगिने गरेकोमा त्यस्तो गलत कार्यप्रति व्यङ्ग्य गरिएको छ । नेपाली लघुकथामा विमान दुर्घटनामा मरेको मानिसको नक्कली अभिभावक बनेर पैसा लिन खोज्ने मानिसहरूको स्वार्थी एवम् पैसालोभी कार्यप्रति समेत व्यङ्ग्य गरिएको छ ।

नेपाली लघुकथामा भाषा-साहित्य क्षेत्रका विकृति-विसङ्गतिप्रति समेत व्यङ्ग्य गरिएको छ । नेपाली लघुकथामा साहित्यिक सङ्सङ्स्थामा रहेको परिवारवादप्रति व्यङ्ग्य गरिएको छ । पुरस्कारका नाममा हुने अनावश्यक चलखेलप्रति छेड हानिएको छ । सार्थक रचनाभन्दा पनि झाराटारा रचना सुनाएर कार्यक्रम औपचारिकतामा सिमीत गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । समालोचकले पुस्तकको भूमिका लेखेबापत पैसा लिने कार्य गर्ने गरेकोमा त्यस्ता क्रियाकलापप्रति व्यङ्ग्य गएिको छ । लघुकथामा साहित्यकार, कलाकारमा रहेको अनावश्यक प्रतिस्पर्धा एवम् भेदभावजन्य कार्यप्रति समेत झटारो हानिएको छ । आत्मप्रशंसा चाहने एवम् पुरस्कारका लागि मरिहत्ते गर्ने साहित्यकारका कार्यप्रति समेत व्यङ्ग्य गरिएको छ । पुस्तकमा रचनाभन्दा भूमिका बढी राखेर छपाउने लेखकका कार्यप्रति व्यङ्ग्य गरिएको छ ।

नेपाली लघुकथामा शिक्षा क्षेत्रसँग सम्बन्धित व्यक्ति र सम्बन्धित सरोकारवाला पक्षको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली लघुकथामा बोर्डिङ्ग स्कुलका सञ्चालकले शिक्षक एवम अभिभावकको आर्थिक शोषण गर्ने गरेकोमा त्यस्तो प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । मूर्ख एवम् पथभ्रष्ट अभिभावकका क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । आफ्नो जिम्माको काम नगर्ने शिक्षकका कार्यप्रति छेड् हानिएको छ । शैक्षिक संस्थामा हुने अनावश्यक राजनीतिकरण, भाँडभैलो, अनैतिक क्रियाकलापका साथै भ्रष्ट गनिविधिप्रति समेत व्यङ्ग्य गरिएको छ । विद्यार्थीप्रति अनावश्यक क्रूरता देखाउने र आफ्ना गाइड पढने विद्यार्थीलाई पास गर्ने शिक्षक गतिविधि प्रति व्यङ्ग्य गरिएको छ । आफू राजनीति गर्ने

आफ्नो साटो खेताला शिक्षक राख्ने शिक्षकका नेताहरूका गतिविधिप्रति पनि तीव्र व्यङ्ग्य गरिएको छ ।

नेपाली लघुकथामा स्वास्थ्य क्षेत्रसँग सम्बन्धित विकृति, विसङ्गतिप्रति व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली लघुकथामा जनताको स्वास्थ्यप्रति खेलवाड गर्ने र क्लिनिक धाउने डाक्टरको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । जनताको आर्थिक शोषण गर्ने नर्सिङ् होमका गलत कार्यप्रति झटारो हानिएको छ । आफ्नो स्वास्थ्यप्रति खेलवाड गर्ने र सरसफाइमा ध्यान नदिने जनताको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । नेपाली लघुकथाकारले स्वास्थ्यकर्मीले जनताप्रति विभेदपूर्ण व्यवहारलाई गर्ने गरेकोमा त्यस्तो कार्यप्रति समेत व्यङ्ग्य गरेका छन् । धामी झाँक्रीको विश्वासमा परेर बिरामीको उपचार नगराउँदा ज्यान जोगाउनु परेकोमा त्यस्तो कार्य गर्ने मानिसहरूप्रति पनि व्यङ्ग्य गरिएको छ ।

नेपाली लघुकथामा विज्ञान क्षेत्रका विकृति, विसङ्गतिप्रति व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली लघुकथामा विज्ञानको दुरूपयोगका कारण मानिसले दुःख पाउनु परेको घटना प्रस्तुत गरिएको छ । विज्ञानको दुरूपयोग गर्ने कार्यप्रति व्यङ्ग्य गरिएको छ । प्रविधिप्रतिको अत्यधिक निर्भरताका कारण मानिस अल्छी बनेको र उसको कार्यक्षमता घटेकोमा उसको सो कार्यप्रति व्यङ्ग्य गरिएको छ । हातहतियारको उत्पादन मानिसले आफ्नो सुरक्षाका लागि नभएर आफ्नै मृत्युका लागि गरेका छ । लघुकथाहरूमा मानिसको यस्तो गलत आविष्कार कार्यप्रति व्यङ्ग्य गरिएको छ ।

नेपाली लघुकथामा प्रशासन क्षेत्रसँग सम्बन्धित व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली लघुकथामा उच्च प्रशासनिक नेतृत्वमा मौलाएको भ्रष्ट एवम् अनैतिक क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । ठूला कर्मचारीले साना कर्मचारीलाई दुःख दिने, शंका र अविश्वास सिर्जना गर्ने कार्यप्रति समेत छेड हानिएको पाइन्छ । जनतालाई दुःख दिने कर्मचारीवर्गको कार्यप्रति समेत झटारो हानिएको छ । कर्मचारीवर्गको अवसरवादी चरित्र एवम् सामान्य जनताको आफ्नो काम गराउन कर्मचारीको चाकरी गर्ने, घुस दिने प्रवृत्तिप्रति पनि व्यङ्ग्य गरिएको छ ।

नेपाली लघुकथामा आधुनिक सभ्यता एवम् जीवनशैलीका कारण उत्पन्न विकृतिहरूप्रति व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली लघुकथामा आधुनिक सभ्यताको नाममा

हुने गरेका फेसनमुखी एवम् अनैतिक क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उपभोक्तामुखी संस्कृतिका कारण मानिसलाई धनका आधारमा मूल्याङ्कन गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । नेपाली लघुकथामा आफ्नो आर्थिक स्तर वृद्धि हुने बित्तिकै आफ्ना अग्रजहरू एवम् गुरुहरूप्रति अपमान गर्ने नवपुस्ताका क्रियाकलापप्रति छेड हानिएको छ । बौद्धिक क्षेत्रमा पनि विज्ञापनमुखी चरित्रका कारण प्रतिभा भन्दा पैसावाललाई मान्यता दिने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । गैरसरकारी संस्थाले जनतालाई मूर्ख बनाएर संस्थाका मानिस मोटाउने गरेकोमा उनीहरूका त्यस्ता कार्यप्रति व्यङ्ग्य गरिएको छ । जनतामा रहेको विदेशीको ठाडो नक्कल गर्ने एवम् विद्युतीय सामग्रीको सही सदुपयोग नगर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

नेपाली लघुकथामा न्याय कानुन क्षेत्रका विकृति विसङ्गतिप्रति पनि व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली लघुकथामा पदको दुरूपयोग गरेर जनतालाई दुःख दिने कार्यप्रति व्यङ्ग्य गरिएको छ । भ्रष्टाचार गरेर धन सङ्ग्रह गर्ने कार्यप्रति झटारो हानिएको छ । शान्ति सुरक्षाको बिग्रेका स्थिति र शान्ति सुरक्षा कायम गर्ने नसक्ने जिम्मेवार निकायको गतिविधिप्रति व्यङ्ग्य गरिएको छ ।

नेपाली लघुकथामा पत्रकारिता क्षेत्रसँग सम्बन्धित व्यङ्ग्य गरिएको पाइन्छ । निजी प्रकाशन गृहले श्रमजीवी पत्रकारको आर्थिक शोषण गर्ने कार्यप्रति व्यङ्ग्य गरिएको छ । आफ्नो पदको दुरूपयोग गर्ने पत्रकारको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । नेपाली लघुकथामा जनताको भन्दा नेताको खबर दिने र विज्ञापन दिनेको चाकरी गर्ने पत्रकार प्रवृत्तिप्रति पनि व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली लघुकथाकारहरूले पत्रिकामा अश्लील सामग्री प्रकाशन गरेर धनी हुने पत्रकार गतिविधि प्रति व्यङ्ग्य गरिएको छ । नेपाली लघुकथामा आफ्ना आफन्तलाई बढावा दिने पत्रकारका कार्यप्रति झटारो हानिएको छ ।

नेपाली लघुकथामा मानिसहरूका वैयक्तिक क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली लघुकथामा विश्वासको फाइदा लिन चाकरी गर्ने पछि वास्ता नगर्ने मित्र प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । मानिसको मनमा एउटा कुरा भए पनि व्यवहारमा खोट रहेकोमा त्यस्ता मानवीय चिन्तन एवम् क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । नेपाली लघुकथामा युवाहरूले युवती देख्दा मोहित भएर पछि लाग्ने गरेकोमा उनीहरूका त्यस्ता गलत कार्यप्रति व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली लघुकथाकारले समाजमा मानिसहरूले सम्पतिप्रति अनावश्यक आशक्ति राख्ने, जुवातास र नशामा डुब्ने लगायतका विकृत क्रियाकलाप गर्ने गरेकोमा त्यस्ता गलत कार्यप्रति सशक्त व्यङ्ग्य गरेका छन् । नेपाली लघुकथामा धोका दिने,

पैसा र चमक दमकमा भुल्ने, अनावश्यक घमण्ड गर्ने लगायतका गलत मानवीय प्रवृत्तिहरूप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

**पाँचौ परिच्छेद**मा नेपाली लघुकथामा व्यङ्ग्यको अभिव्यक्ति कलाको अध्ययन गरिएको छ । यस परिच्छेद अर्न्तगत नेपाली लघुकथामा व्यङ्ग्यको अभिव्यक्ति कलाअन्तर्गतभाषिक विचलन, समानान्तरता, पर्यायकथन, विशेषणगुच्छको प्रयोग, दृष्टान्तीकरण, अप्रचलित शब्द एवम् शब्दयुग्मको प्रयोग, अलङ्कार, उखान, टुक्का एवम् नवनिर्मित क्रिया गरेर १० वटा विषयलाई आधार मानेर अध्ययन गरिएको छ ।

यस अध्यायमा नेपाली लघुकथामा पाइने व्यङ्ग्यको अभिव्यक्ति कलालाई प्रस्तुत गर्ने मूल आधारका रूपमा विचलन, समाानान्तरता, पर्यायकथन, विशेषणगुच्छको प्रयोग, अप्रचलित शब्दयुग्मको प्रयोग, दृष्टान्तीकरण, अलङ्कारको प्रयोग, उखानको प्रयोग, टुक्काको प्रयोग तथा नवनिर्मित क्रियाको प्रयोगलाई मूल आधार मानिएको छ ।

नेपाली लघुकथामा अभिव्यक्तिगत कलाअन्तर्गत विचलनलाई व्यङ्ग्य निरूपणको प्रमुख आधारका रूपमा लिइएको छ । विचलन अन्तर्गत कोशीय विचलन, सहप्रयोगात्मक विचलन र व्याकरणिक विचलनको आधारमा व्यङ्ग्यको निरूपण गरिएको छ । व्याकरणिक विचलन अन्तर्गत कर्ता, कर्म र क्रियाको क्रममा विचलन, उद्देश्य र विधेयको क्रममा विचलन, पद/पदावलीगत विन्यासमा विचलन, उपवाक्यगत विन्यासमा विचलन, वाक्यगत विन्यासमा विचलनलाई अध्ययन गरिएको छ ।

नेपाली लघुकथामा व्यङ्ग्यको अभिव्यक्तिगत कला विश्लेषणको प्रमुख आधार समानान्तरतालाई आधारका रूपमा लिइएको छ । समानान्तरता अन्तर्गत वर्ण, शब्द, पदावली, उपवाक्य एवम् वाक्यका तहमा रहेको समानान्तरतालाई अध्ययनको विषय बनाइएको छ ।

नेपाली लघुकथामा व्यङ्ग्यको अभिव्यक्तिगत कला विश्लेषणको प्रमुख आधार रूपमा पर्यायकथन, विशेषणगुच्छको प्रयोग, दृष्टान्तीकरण, अप्रचलित शब्दयुग्मको प्रयोग, अलङ्कार, उखान, टुक्का एवम् नवनिर्मित क्रियालाई मानेर तिनको आधारमा व्यङ्ग्यको पहिचान गरिएको छ ।

नेपाली लघुकथामा व्यङ्ग्यको अभिव्यक्ति कला विश्लेषणका भाषा एवम् शैलीका विशिष्ट पक्षका अध्ययन गरिएको छ । नेपाली लघुकथामा व्यङ्ग्यको अभिव्यक्तिगत कला विश्लेषणका क्रममा समाजिक जीवनका विभिन्न विकृति विसङ्गतिप्रति व्यङ्ग्यको पहिचान गरिएको छ । नेपाली लघुकथामा भाषिक विशिष्टताका माध्यमबाट नेपालको राजनीति एवम् प्रशासनको क्षेत्रमा हुने गरेको भ्रष्टाचारप्रति व्यङ्ग्य गरिएको पाइन्छ । सामान्य जनतामा रहेको अज्ञानता एवम् मूर्खतापूर्ण क्रियाकलापप्रति भाषा एवम् शैलीका माध्यमबाट व्यङ्ग्य गरिएको  छ । समाजमा रहेको आर्थिक विभेद र विभेदका कारण उत्पन्न विसङ्गत कार्यप्रति व्यङ्ग्य गरिएको छ । चेलीबेटी बेचबिखनका घटना, नशाखोरी लगायतका कार्यप्रति समेत प्रहार गरिएको छ । समाजमा रहेको जातीय एवम् लिङ्गीय विभेदप्रति व्यङ्ग्य गरिएको छ । प्रशासन क्षेत्रमा रहेका ढिलासुस्ती एवम् जनतालाई दुःख दिने क्रियाकलापलाई पनि विषय बनाइएको छ । यी लघुकथामा विज्ञानको दुरूपयोगका कारण मानिसले दुःख पाउनु परेकोमा सो कार्यप्रति समेत व्यङ्ग्य गरिएको छ । भाषा र शैलीगत विशिष्ट पक्षका माध्यमबाट नेपाली समाजमा रहेका विभिन्न विकृति विसङ्गतिप्रति व्यङ्ग्य गरिएको छ ।

## ६.२ निष्कर्ष

(क) यस अध्ययनमा व्यङ्ग्यको परिचय दिनुको साथै व्यङ्ग्यको प्रयोजन प्रस्तुत गरिएको छ । व्यङ्ग्यसम्बन्धी पूर्वीय, पश्चिमी एवम् नेपाली साहित्यशास्त्रीय मान्यता प्रस्तुत गरिएको छ । लघुकथामा व्यङ्ग्यले लक्षित गरेका क्षेत्र तथा व्यङ्ग्यको अभिव्यक्ति कलाका सन्दर्भमा व्यङ्ग्यको सैद्धान्तिक प्रतिमान स्थापना गरिएको छ ।

(ख) पूर्वीय साहित्यशास्त्रमा ध्वनि सिद्धान्तअन्तर्गत अभिधा, लक्षणा र व्यञ्जना शब्दशक्ति रहेका छन् । व्यञ्जनाशक्तिका आधारमा व्यङ्ग्यको अध्ययन गर्न सकिन्छ । पश्चिमी साहित्यशास्त्रमा व्यङ्ग्यका विभिन्न रूपहरु हास्य, वक्रोक्ति, वाक्-वैदग्ध, विहास, अतिरञ्जना, प्रहसन, ठट्टा-नक्कल, व्यङ्ग्य चित्र, आक्रमोक्ति, व्यङ्ग्यस्तुति/व्याजोक्ति, उपहास र खिस्सी-गिल्ली, कटुक्ति/गालीगलौज रहेका  छन् ।

(ग) नेपाली लघुकथाको पृष्ठभूमि काल विगत पौराणिक कालदेखि वि. स. २००६ सम्मको अवधिलाई मानेर यहाँ अध्ययन गरिएको छ । नेपालमा लघुकथा पश्चिमी कथा सिद्धान्तमा आधारित भएर प्रारम्भ भए पनि यसले पूर्वीय साहित्यको पनि प्रभाव ग्रहण गरेको

छ । प्राथमिक माध्यमिक कालको 'सत्सङ्गको वर्णन भएको कथाहा', 'राजा प्रपञ्चैको एउटा किस्सा' र 'मुन्सीका तीन आहान' मा लोकतत्वको उपस्थिति पाइन्छ । नेपाली लघुकथाको पृष्ठभूमिकालको उपलब्धि 'लौकिक न्याय मणिमाला' र 'कल्पना' लाई मान्न सकिन्छ ।

(घ) नेपाली लघुकथाको प्रथम चरण वि.स. २००७ देखि वि.स. २०२९ सम्म मानेर अध्ययन गरिएको छ । यी लघुकथाहरूमा सामाजिक, आर्थिक एवम् सांस्कृतिक क्षेत्रका विसङ्गतिको चित्रण गरिएको पाइन्छ । पारिवारिक जीवनका समस्या, धार्मिक आडम्बर, अशिक्षा एवम् गरिबीका घटनाको वर्णन गरिएको पाइन्छ । यस कालमा मानवेत्तर पात्रको समेत प्रयोग गरिएको पाइन्छ । यसै कालबाट प्रतीकात्मक लेखनको पनि आरम्भ भएको पाइन्छ । यस अवधिका पछिल्ला लघुकथा रचनामा जीवनको विसङ्गत यथार्थको प्रस्तुतिका साथै निराशा, कुन्ठा एवम् हताश मानिसको जीवनकथा प्रस्तुत गरिएको पाइन्छ ।

(ङ) नेपाली लघुकथाको दोस्रो चरण वि.स. २०३० देखि वि.स. २०४५ सम्म मानेर अध्ययन गरिएको छ । यस अवधिका लघुकथा कृतिमा आर्थिक, धार्मिक, राजनीतिक एवम् प्रशासनिक क्षेत्रका विसङ्गति प्रति व्यङ्ग्य पाइन्छ । यी लघुकथामा पञ्चायती व्यवस्थाको विरोध एवम् प्रजातन्त्रको चाहना पनि अभिव्यक्त भएको पाइन्छ । यस अवधिको पछिल्लो समयका लघुकथामा पशुपक्षी पात्रको प्रयोग गरेर लघुकथा लेखिएको पाइन्छ । यस समयका लघुकथामा प्रतीकात्मक र अन्योक्तिमूलक लेखनको प्रारम्भका साथै कलात्मक सीपप्रति सचेतता पनि आउँदै गरेको पाइन्छ ।

(च) नेपाली लघुकथाको तेस्रो चरण वि.स. २०४६ देखि २०५२ सम्मको अवधिलाई मानेर अध्ययन गरिएको छ । यस चरणका लघुकथा कृतिमा प्रजातन्त्र कालपछिको समयको चित्रण गरिएको पाइन्छ । वि.स. २०४६ को राजनैतिक परिवर्तनपछि जनताका अपेक्षा पूरा हुन नसकेकोमा असन्तुष्टि व्यक्त गरिएको पाइन्छ । यस अवधिका कृतिमा समाजिक जीवनका विभिन्न विषयवस्तुप्रति व्यङ्ग्य गर्ने काम गरिएको पाइन्छ । पछिल्लो समयमा लघुकथा रचनामा प्रतीकात्मक लेखन बढ्दै गएको पाइन्छ ।

(छ) नेपाली लघुकथाको चौथो चरण वि.स. २०५३ पछिको समयलाई मानेर अध्ययन गरिएको छ । यस चरणका लघुकथामा राजनैतिक मूल्यहीनता, भ्रष्टता एवम् अपराधीकरणप्रति चिन्ता व्यक्त गरिएको छ । मानिसमा रहेको स्वार्थी प्रवृत्तिका साथै चाकरी गर्ने कार्यप्रति व्यङ्ग्य गरिएको छ ।  नेपाली लघुकथामा आर्थिक क्षेत्रमा देखिएका गलत

कार्यका साथै साहित्यिक क्षेत्रका विकृतिप्रति आक्रोश व्यक्त गर्ने काम गरिएको छ । यस समयका नेपाली लघुकथामा मानिसको वैयक्तिक जीवनमा प्रेम, यौन एवम् गार्हस्थ जीवनका घटना पनि आएका छन् । पछिल्ला समयका लघुकथामा प्रविधिको विकाससँगै मानिसको चिन्तनमा आएको परिवर्तन एवम् नवीन मूल्यप्रतिको विश्वासलाई पनि समेटेको पाइन्छ ।

(ज) यस अध्ययनमा नेपाली लघुकथामा व्यङ्ग्यले लक्षित गरेका क्षेत्र एवम् व्यङ्ग्यको अभिव्यक्तिगत कला खोज्ने काम गरिएको छ । नेपाली लघुकथामा पश्चिमी साहित्य सिद्धान्तका आधारमा व्यङ्ग्यका विभिन्न रूपहरू प्रयोग भएको पाइन्छ । नेपाली लघुकथामा वाक्-वैदग्ध, अतिरञ्जना, हास्य, वक्रोक्ति एवम् व्यङ्ग्यस्तुति जस्ता रूपको प्रयोग गरिएको पाइन्छ ।

(झ) नेपाली लघुकथामा व्यङ्ग्यले लक्षित गरेका क्षेत्रहरू अध्ययनका निमित्त सामाजिक जीवनका विभिन्न विषयवस्तुमा गरिने व्यङ्ग्यको विश्लेषण गरिएको छ । व्यङ्ग्यले लक्षित गरेका क्षेत्रहरू अध्ययनका लागि चौधवटा शीर्षकमा आधारमा विभाजन गरेर विश्लेषण गरिएको छ । नेपाली लघुकथामा व्यङ्ग्यले लक्षित गरेका क्षेत्रहरू अर्न्तगत राजनैतिक, सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक, भाषा तथा साहित्य, शिक्षा, स्वास्थ्य, प्रशासन, विज्ञान, आधुनिक सभ्यता एवम् जीवनशैली, न्याय कानुन, पत्रकारिता एवम् वैयक्तिक विषयलाई विश्लेषण गरिएको छ ।

(ञ) नेपाली लघुकथामा राजनैतिक विषय प्रमुखताका साथ उठाइएको पाइन्छ । नेपाली लघुकथाका कृतिमा जनताको अधिकार हरण गर्ने एवम् निरङ्कुशतन्त्र कायम गर्ने राजनैतिक शक्तिहरूको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । राजनैतिक नेतृत्व वर्गमा रहेको भ्रष्ट एवम् अनैतिक आचरण एवम् क्रियाकलापप्रति प्रहार गरिएको पाइन्छ । जनतालाई अनावश्यक आश्वासन बाँडने र हिंसाजन्य गतिविधि देखाउने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली लघुकथामा राजनैतिक क्षेत्रमा भएका क्रियाकलापप्रति व्यङ्ग्य गर्ने प्रमुख लघुकथाकारमा विनय कसजू, गोरखबहादुर सिँह, आर.आर.चौलागाई, रवीन्द्र समीर, कपिल लामिछाने, कृष्ण शाह यात्री, कृष्ण बजगाई, हरिप्रसाद भण्डारी, रामविक्रम थापा, पुष्करराज भट्ट रहेका छन् ।

(ट) नेपाली लघुकथामा सामाजिक विषय सन्दर्भले पनि प्रमुख स्थान पाएको छ । नेपाली लघुकथामा समाजमा रहेको वर्गीय विभेद गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

चाकरी एवम् स्वार्थजन्य गतिविधिप्रति प्रहार गरिएको पाइन्छ । मानिसमा रहेको जातीय, क्षेत्रीय सङ्कीर्णताप्रति व्यङ्ग्य गरिएको छ । उपभोक्तामुखी क्रियाकलाप एवम् यौनजन्य अनैतिक क्रियाकलापप्रति झटारो हानिएको पाइन्छ । परिवारभित्र नै विभेद गर्ने, पैसामुखी चरित्र देखाउने मानिसहरूको कार्यप्रति समेत व्यङ्ग्य गरिएको छ । नेपाली लघुकथामा सामाजिक व्यङ्ग्य सशक्तताका साथ प्रस्तुत गर्ने प्रमुख लघुकथाकारमा विनय कसजू, सुमन सौरभ, किशोर पहाडी, भुपेन्द्र सुवेदी, हरिप्रसाद भण्डारी, कृष्ण बजगाई, श्रीओम श्रेष्ठ रोदन, रामचन्द्र नेपाल, दिलीप शाह, कपिल लामिछाने, नवराज रिजाल, सरस्वती रिजाल, रवीन्द्र समीर, अच्युत घिमिरे, आर.आर. चौलागाई, प्रदिप प्रधान, गोपाल ढकाल, हरिगोविन्द लुइँटेल, गोरखबहादुर सिँह, रामबहादुर बानियाँ क्षेत्री, डम्बर रसिक भारती, रमेश भट्टराई, नारा जोशी, कल्याण पन्त, देवेन्द्र अर्याल, श्रीबाबु अर्याल, रामविक्रम थापा, किशन थापा अधिर, अगीब बनेपाली, पुष्करराज भट्ट पर्दछन् ।

(ठ) नेपाली लघुकथामा प्रशासन क्षेत्रसँग सम्बन्धित व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली लघुकथामा उच्च प्रशासनिक नेतृत्वमा मौलाएको भ्रष्ट एवम् अनैतिक क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । ठूला कर्मचारीले साना कर्मचारीलाई दुःख दिने, शङ्का र अविश्वास सिर्जना गर्ने कार्यप्रति समेत छेड हानिएको पाइन्छ । जनतालाई दुःख दिने कर्मचारीवर्गको कार्यप्रति समेत झटारो हानिएको छ । नेपाली लघुकथामा प्रशासनिक क्षेत्रसँग सम्बन्धित विषय सन्दर्भ प्रमुखताका साथ उठाउने प्रमुख लघुकथाकारमा विनयकुमार कसजू, सुमन सौरभ, बद्री पलिखे, पुष्करराज भट्ट, हरिप्रसाद भण्डारी, कृष्ण बजगाई, दिलीप शाह, श्रीओम श्रेष्ठ, कपिल लामिछाने, रवीन्द्र समीर, गोरखबहादुर सिह, कल्याण पन्त, दुलर्भलाल सिंह, माधव लामिछाने, रामचन्द्र नेपाल, प्रदीप प्रधान, हरिगोविन्द लुइँटेल, एलवी क्षेत्री पर्दछन् ।

(ड) नेपाली लघुकथामा धर्म र धार्मिक कार्यमा संलग्न मानिसहरूका क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली लघुकथामा धर्मका नाममा जनता ठग्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली लघुकथाकारहरूले जनतामा रहेको भाग्यवादी सोच र मानिसलाई भेदभाव गर्ने कार्यप्रति समेत छेड हानेका छन् । नेपाली लघुकथामा धर्मका आडमा हुने हिंसाजन्य गतिविधि, व्यभिचारी कार्यप्रति समेत सशक्त व्यङ्ग्य गरिएको पाइन्छ । बेइमानलाई संरक्षण गर्ने र धर्मलाई आफ्नो स्वार्थ अनुकूल व्याख्या गर्ने प्रवृत्तिप्रति समेत व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली लघुकथामा धर्मसँग सम्बन्धित विषय उठाउने

प्रमुख लघुकथाकारहरू श्रीओम श्रेष्ठ रोदन, पुष्करराज भट्ट, रवीन्द्र समीर, अच्युत घिमिरे, लुमडी आचार्य, एलवी क्षेत्री, सिन्धु गौतम, विश्वराज अधिकारी, देवेन्द्र अर्याल, कुसुम ज्ञवाली, गोपाल ढकाल, डम्बर रसिक भारती, भूपेन्द्र सुवेदी, विनय कसजू, रामबहादुर बानियाँ क्षेत्री, ध्रुव मधिकर्मी हुन् ।

(ढ) नेपाली लघुकथामा शिक्षा क्षेत्रसँग सम्बन्धित व्यक्ति र सम्बन्धित सरोकारवाला पक्षको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । शैक्षिक संस्थामा हुने अनावश्यक राजनीतिकरण, भाँडभैलो, अनैतिक क्रियाकलापका साथै भ्रष्ट गनिविधिप्रति समेत व्यङ्ग्य गरिएको छ । विद्यार्थीप्रति अनावश्यक क्रूरता देखाउने र आफ्ना गाइड पढ्ने विद्यार्थीलाई पास गर्ने शिक्षकका गतिविधिप्रति व्यङ्ग्य गरिएको छ । नेपाली लघुकथामा शिक्षासम्बन्धी विषय प्रमुखताका साथ प्रस्तुत गर्ने लघुकथाकारमा कपिल लामिछाने, सिन्धु गौतम, आरआर चौलागाई, नारायण तिवारी, हरिप्रसाद भण्डारी, पुष्करराज भट्ट, मुक्तिनाथ घिमिरे, रामविक्रम थापा, रामचन्द्र नेपाल, कृष्ण शाह 'यात्री', दिलीप शाह, लुमडी आचार्य, अच्युत घिमिरे, रामबहादुर बानियाँ क्षेत्री, डम्बर रसिक भारती रहेका छन् ।

(ण) नेपाली लघुकथामा भाषा-साहित्य क्षेत्रका विकृति-विसङ्गतिप्रति समेत व्यङ्ग्य गरिएको छ । नेपाली लघुकथामा साहित्यिक सङ्घसंस्थामा रहेको परिवारवादप्रति व्यङ्ग्य गरिएको छ । पुरस्कारका नाममा हुने अनावश्यक चलखेलप्रति छेड हानिएको छ । सार्थक रचनाभन्दा पनि झाराटारा रचना सुनाएर कार्यक्रम औपचारिकतामा सिमीत गर्ने प्रवृत्तिप्रति पनि व्यङ्ग्य गरिएको छ । समालोचकहरूको पुस्तकको भूमिका लेखेबापत पैसा लिने धनलोलुप कार्यप्रति व्यङ्ग्य गएिको छ । साहित्यकार, कलाकारमा रहेको अनावश्यक प्रतिस्पर्धा एवम् भेदभावजन्य कार्यप्रति झटारो हानिएको छ । नेपाली लघुकथामा भाषा तथा साहित्य विषयक व्यङ्ग्य गर्ने लघुकथाकारमा आर.आर. चौलागाई, हरिप्रसाद भण्डारी, विनय कसजू, हरिगोविन्द लुइँटेल, कृष्ण शाह यात्री, कपिल लामिछाने, श्रीओम श्रेष्ठ रोदन, रवीन्द्र समीर, रामविक्रम थापा, किशन थापा अधिर, पुष्करराज भट्ट, सिन्धु गौतम, रामचन्द्र नेपाल, अगीब बनेपाली, कृष्ण बजगाई, डम्बर रसिक भारती, अच्यूत घिमिरे, धनुषराज राई, गोपाल ढकाल, जगदीश नेपाली रहेका छन् । नेपाली लघुकथामा यस बाहेक पनि विभिन्न विषयसँग सम्बन्धित रहेर व्यङ्ग्य गरिएको पाइन्छ ।

(त) यस शोधमा नेपाली लघुकथामा प्रयुक्त व्यङ्ग्यको अभिव्यक्ति कलाको अध्ययन गरिएको छ । नेपाली लघुकथामा व्यङ्ग्यको अभिव्यक्ति कला विश्लेषण गर्न भाषिक

विचलन, समानान्तरता, पर्यायकथन, विशेषणगुच्छको प्रयोग, दृष्टान्तीकरण, अप्रचलित शब्द एवम् शब्दयुग्मको प्रयोग, अलङ्कार, उखान, टुक्का एवम् नवनिर्मित क्रिया गरेर १० वटा विषयलाई आधार मानेर अध्ययन गरिएको छ ।

(थ) नेपाली लघुकथामा प्रयुक्त व्यङ्ग्यको अभिव्यक्तिगत कलाको विश्लेषण गरिएको छ । यी लघुकथामा समाजिक जीवनका विभिन्न विकृति विसङ्गतिप्रति व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली लघुकथामा भाषिक विशिष्टताका माध्यमबाट नेपालको राजनीति एवम् प्रशासनको क्षेत्रमा हुने गरेको भ्रष्टाचारप्रति व्यङ्ग्य गरिएको पाइन्छ । सामान्य मानिसमा रहेको अज्ञानता, न्यून चेतना एवम् मूर्खतापूर्ण क्रियाकलापप्रति भाषा एवम् शैलीका माध्यमबाट व्यङ्ग्य गरिएको छ । समाजमा रहेको आर्थिक विभेद र विभेदका कारण उत्पन्न विसङ्गत कार्यप्रति व्यङ्ग्य गरिएको छ । चेलीबेटी बेचबिखनका घटना, नशाखोरी लगायतका कार्यप्रति प्रहार गरिएको छ । समाजमा रहेको जातीय एवम् लैङ्गिक विभेदप्रति व्यङ्ग्य गरिएको छ । प्रशासन क्षेत्रमा रहेका ढिलासुस्ती एवम् जनतालाई दुःख दिने क्रियाकलापलाई पनि विषय बनाइएको छ ।

# सन्दर्भ सामग्री सूची

## (क) प्राथमिक सन्दर्भ सामग्री सूची


अधिकारी. विश्वराज. (२०५४). **सूर्य**. विरगञ्ज : प्रतीक प्रकाशन समूह प्रा.लि ।

.....(२०६०). **अभिनय.** काठमाडौं : प्रज्ञापन प्रकाशन ।

अधिकारी. शिवहरि. (२०६२). **दुखेको मन.** चितवन : हाम्रो मझेरी साहित्य प्रतिष्ठान ।

अधिर. किशन थापा. (२०६०). **अन्धाहरुको देशमा**. काठमाडौं : नेपाली आख्यान समाज ।

आचार्य. लुमडी. (२०६८). **कागजको खोस्टो**. काठमाडौं : दामोदर पुडासैनी प्रतिभा पुरस्कार कोष ।

आँशु. देवेन्द्र अर्याल. (२०६६). **घाइते ईश्वर.** काठमाडौं : राजेश ढकाल 'प्यासी' ।

उत्प्रेरक. यमनदेव. (२०५९). **यात्रा-आरम्भ**. हेटौडा : लेखक स्वयम् ।

उदास. श्रीबाबु कार्की. (२०६२). **समय- बाछिटा**. काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

कवि. रसुवाली. (२०६८). **हत्यारो विदेशतिर**. काठमाडौं : जयगौरी पब्लिकेशन ।

कसजू. विनयकुमार. (२०३९). **पशुतन्त्र.** पाल्पा : गंगादेवी कसजु ।

.....(२०५३). **लिस्नो.** पाल्पा : गंगादेवी कसजु ।

.....(२०५७). **थोपाथोपा.** पाल्पा : गंगादेवी कसजु ।

.....(२०६६). **स्याललाई स्लिपिङ् ब्याग.** काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

कोजू. रत्न. (२०३९). **बूढो वर्तमान**. भक्तपुर : आरोहण प्रकाशन ।

क्षेत्री. एल. बी. (२०६४). **त्रिशङ्कुको देशमा.** चितवन : चितवन वाङ्मय प्रतिष्ठान ।

क्षेत्री. रामबहादुर बानियाँ. (२०५०). **यो जित कसको ?.** काठमाडौं : बानियाँ परिवार सहयोग

केन्द्रिय समिति

……(२०६७). **लघुकथा सङ्ग्रह**. पोखरा : बानियाँ प्रकाशन ।

खनाल. बालमुकुन्द. (२०५०). **बाध्यता.** काठमाडौं : मुकुन्द ।

गाउँले. लव. (२०३७). **गाउँलेका मसिना कथाहरु .** काठमाडौं : लेखक स्वयम् ।

गौतम. सिन्धु. (२०६८). **कर्कलाको शीत**. काठमाडौ : पैरवी प्रकाशन ।

घिमिरे. अच्युत. (२०६०). **शिखर चढिरहेको मान्छे.** काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

घिमिरे. अमित. (२०६२). **सलह.** सिन्धुपलाञ्चोक : गंगा लामिछाने ।

घिमिरे. मुक्तिनाथ. (२०६६). **२१६६**. काठमाडौँ : अक्सफोर्ड इन्टरनेशनल प्रकाशन ।

चापागाइँ. पोष. (२०६१). **हाइकु कथा.** काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

चौलागाई. आर. आर. (२०६५). **विघटनको तयारीमा** .हेटौडा : श्रीमती विष्णु ओझा (चौलागाई) ।

जिज्ञासु. भीम राना. (२०६५). **कर्फ्यु लागेको दिन.** काठमाडौँ : लुम्बिनी प्रकाशन ।

जोशी. नारा. (२०६५). **भीडमा एक्लो मान्छे** . कञ्चनपुर : जागृति जोशी ।

ज्ञवाली. कुसुम. (२०६०). **सहिदले बिर्सेको गाउँ.** काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन ।

ज्ञवाली. बुद्धिनाथ. (२०६३). **जल्दै गरेको आकाश.** बर्दिया : बर्दियाली साहित्य समाज ।

ढकाल. गोपाल. (२०६२). **अस्ताएको सूर्य**. काठमाडौं : कमला ढकाल (बराल) ।

ताम्राकार. सुमन राज. (२०६५). **गठेमङ्गल.** काभ्रेपलाञ्चोक : लेखक स्वयम् ।

तिवारी. नारायण. (२०४७). **दशैँखर्च**. ललितपुर : साझा प्रकाशन ।

थापा. रामविक्रम. (२०५५). **पात्रहरु.** खोटाङ् : चक्रप्रसाद पौडेल ।

थुलुङ. बि. (२०६२). **अनुभूत.** खोटाङ : राष्ट्रिय वाङ्मय कला प्रतिष्ठान ।

दाहाल. शर्मिला खडका. (२०६४). **सम्वत अफिस.** इटहरी : उत्खनन नारी साहित्य प्रतिष्ठान ।

देउजा. सुशिला. (२०६६). **दोभान.** काठमाडौं : नवएकिकृत सांस्कृतिक केन्द्र ।

नेपाल. रामचन्द्र. (२०६९). **प्रतिबिम्ब**. काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

नेपाली. जगदीश. (२०३९). **केही लघुकथाहरु.** धरान : महानन्द प्रकाशन ।

पन्त. कल्याण. (२०६९). **समय सन्दर्भ.**  पोखरा : नेपाल गद्य लेखक परिषद ।

प्रधान. केशव. (२०६१). **दुर्गे दमाइको मृत्यु.**  काठमाडौ : कौशीकी साहित्य प्रतिष्ठान ।

प्रधान. प्रदीप. (२०६४). **द्वन्द्वकालीन कथा.**  बुटवल : पुष्पाञ्जली प्रधान ।

प्रसाई इन्दिरा. (२०५५). **बयान** . काठमाडौं : लोकमानसिंह कार्की ।

प्रसाई. महेश. (२०६८). **फूलै फूलका आलापहरू.** ललितपुर : साझा प्रकाशन ।

पहाडी किशोर. (२०५३). **किंवदन्ती.** काठमाडौं : मिनी प्रोडक्सन्स ।

परियार. रमेश. (२०६७). **समय चक्र.** पर्वत : पर्वत साहित्य सङ्गम ।

प्रतीक्षा. साधना. (२०६८). **सन्दिग्ध समयका पाइलाहरु.** काठमाडौं : अक्सफोर्ड इन्टरनेशनल प्रकाशन ।

पलिखे. बद्री. (२०६०). **मनस्थिति**. विराटनगर  : वाणी प्रकाशन,

पाठक. मित्र राजु. (२०६३). **भलादमी श्रीमती.** ललितपुर : रत्नराधिका साहित्य परिषद ।

पूजारी. रमेश भट्टराई. (२०६८). **उर्दी.** काठमाडौं : वनिता प्रकाशन ।

पौडेल. हरिहर. (२०६२). **कालो उज्यालो**. चितवन : चितवन वाङ्मय प्रतिष्ठान ।

पौडेल. षडानन्द. (२०६१).  **परिवेश** : पर्वत : गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालय ।

बजगाई. कृष्ण. (२०६४). **यन्त्रवत्** . अमेरिका : अनेसास ।

..... (२०६६). **रोडम्याप.**  अमेरिका : अनेसास ।

बनेपाली. अगिब. (२०६०). **शुभयात्रा** . भक्तपुर : सुमा श्रेष्ठ ।

.....(२०६२). **अन्तिम आग्रह.** भक्तपुर : भक्तपुर साहित्य प्रतिष्ठान ।

ब्राह्मण. पूर्णप्रसाद. (२०४१). **एकतिस कथा**. काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

भट्ट. पुष्करराज. (२०५९). **कर्मयोद्धा** . काभ्रेपलाञ्चोक : जनमत प्रकाशन ।

.....(२०६२). **मुक्तिदूत.** कैलाली : गोपालदत्त भट्ट/राधिकादेवी भट्ट ।

.....(२०६४). **एक थोपा सागरको**. कञ्चनपुर : महाकाली साहित्य सङ्गम ।

भट्टराई. अमोददेव. (२०४७). **हस्ताक्षर.** काठमाडौं : अदेभको व्यक्तिगत पुस्तकालय ।

भट्टराई. गोविन्द. (२०५९). **भाग्यले लुटेको जिन्दगी.** पाल्पा : सीता गौतम ।

भण्डारी. हरिप्रसाद. (२०६३). **अविरल यात्रा.** काठमाडौँ : भूँडीपुराण प्रकाशन ।

..... (२०६७). **काला सर्पको खोजी** . ललितपुर : साझा प्रकाशन ।

भारद्वाज. भरत. (२०६१). **प्रश्नको क्याराभान.** काठमाडौं : बसुन्धरा मान प्रज्ञा प्रकाशन ।

भारती. डम्बर रसिक. (२०६०). **भूईंकुहिरो** . सिन्धुपलाञ्चोक : दुःखी प्रकाशन ।

.....(२०६९). **तुवाँलो.** काठमाडौं : डिकुरा प्रकाशन ।

भोजपुरे. हिरण्य. (२०६०). **जङ्घार.** काठमाडौं : सितु भोजपुरे र अन्य ।

मधिकर्मी ध्रुव (२०५१). **बुद्ध कहीँ छैन**. ललितपुर : साझा प्रकाशन,

मार्मिक. बासु. (२०५३). **छेस्काछेस्की.** ललितपुर : बादे ।

मुनकर्मी. राजुराम. (२०६२). **अन्तरद्वन्द्व** . काठमाडौ : विवेक सिर्जनशिल प्रकाशन ।

यात्री. कृष्ण शाह. (२०५६). **सूक्ष्म शिखाहरु** . उदयपुर : रामचन्द्र शाह ।

.....(२०६४). **आणविक अस्त्र.** काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

.....(२०६९). **तारो.** काठमाडौं : डिकुरा प्रकाशन ।

राशी. धनुषराज. (२०६२). **सेतो हस्ताक्षर.** काठमाडौ : ज्योतिपुञ्ज साइन आर्ट ।

रिजाल. नवराज. (२०५७). **अदृश्य पीडा.** काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

.....(२०६७). **माटो खोज्दै** . काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

रिजाल. सरस्वती. (२०६५).**प्रसङ्ग, भ्रम र पात्रहरु.** चितवन : अभिव्यञ्जना साहित्य प्रतिष्ठान ।

रेग्मी. सनत. (२०६६). **स्मृतिदंश र अन्य कथाहरू.** ललितपुर : साझा प्रकाशन ।

रोदन. श्रीओम श्रेष्ठ. (२०५८). **आँखीभ्याल :** ललितपुर : रुद्र थापा ।

.....(२०६७ ). **भ्रममार्ग** . ललितपुर : अक्सफोर्ड इन्टरनेसनल प्रकाशन ।

लामिछाने. कपिल. (२०५४). **अन्यथा.** भैरहवा : साहित्य सदन ।

.....(२०६१). **जलमानव.** काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

.....(२०६९). **बोन्साई** . काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

लामिछाने. माधव. (२०६१). **पुरस्कार**. काठमाडौं : शिशिर शर्मा ।

लुईटेल. हरिगोविन्द. (२०५५). **समय र पोखरी**. काठमाडौं : सिर्जना, चैत्र ३ ।

विकल्प. इन्द्रकुमार. (२०६०. **सर्वदलीय घर** . पर्वत : रामचन्द्र जोशी ।

शर्मा. पद्मप्रसाद. (२०६२). **उपहार.** दाङ : विशजी प्रकाशन, दाङका लागि विष्णुप्रसाद अधिकारी ।

शाह. दिलीप. (२०६६). **जालो.** काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

श्रेष्ठ. प्रयास सौरभ. (२०५८). **बिम्ब प्रतिबिम्ब.** धादिङ : लेखक स्वयम् ।

श्रेष्ठ. भागीरथी. (२०५०). **रङ्गीन पोखरी.** काठमाडौं : सृजनशील प्रकाशन ।

समीर. रवीन्द्र. (२०५३). **तेस्रो आँखा** . काठमाडौं : लेखक स्वयं ।

.....(२०६३). **पोष्टमार्टम** . काठमाडौं : दीपा पाण्डेय ।

.....(२०६३). **विकिरण.** काठमाडौं : शब्दघर प्रकाशन ।

.....(२०६५). **ईश्वरका कथा.** काठमाडौँ : रत्न पुस्तक भण्डार ।

.....(२०६७). **अर्जुनदृष्टि.** काठमाडौँ : रत्न पुस्तक भण्डार ।

.....(२०६९). **अणु र पहाड.** काठमाडौँ : पैरवी प्रकाशन ।

सागर. विजय. (२०६०). **सागरका कथाहरु.** पाल्पा : गोविन्द परिवार ।

सुवेदी. भूपेन्द्र. (२०६१). **एक मूल एकाउन्न फूल.** काठमाडौँ : सुरेन्द्र सुवेदी ।

सौरभ. सुमन. (२०५२). **आधुनिक लघुकथाहरु.** काठमाडौँ : भुवना खरेल ।

.....(२०६५). **पराई विचार** . काठमाडौँ : भुवना खरेल ।

.....२०६८. **चौथो लिङ्गी.** ललितपुर : साझा प्रकाशन ।

सिंह. गोरखबहादुर. २०६०. **आलुप्याज प्याजआलु** . ललितपुर : साझा प्रकाशन ।

.....(२०६५). **नगरसभाको पाँचौ दिन.** ललितपुर : साझा प्रकाशन ।

सिंह. दुर्लभलाल. (२०३७). **झुलभित्रको मान्छे**. ललितपुर : साझा प्रकाशन ।

'सिर्सेली'. टङकराम सुनुवार. (२०६७). **परेङ्**. काठमाडौँ : चुप्लु समाज ।

### (ख) द्वितीयक सन्दर्भ सामग्री सूची

अश्क. गोपाल. (२०५९). "नेपाली लघुकथा : उदभव र विकास". **समकालीन साहित्य** १२/४.४६. पृ. ५०-५९ ।

..... (२०६५). **नेपाली लघुकथा : सुत्र र पाठ.** काठमाडौँ : साझा प्रकाशन ।

अधिकारी. शारदा. (२०५८). "विषय र प्रस्तुतिका दृष्टिले आजका लघु/लघुत्तम कथाहरू". **गुञ्जन-५**/ ३, पृ. ८३-८४ ।

उपाध्याय. केशवप्रसाद. (२०४४). **साहित्य प्रकाश.** (च.सं.). काठमाडौँ : साझा प्रकाशन ।

ओझा. रामनाथ. (२०६४). **व्यङ्ग्य : परम्परा र स्वरूप**. काठमाडौँ : वाङ्मय प्रकाशन तथा

अनुसन्धान केन्द्र प्रा.लि. ।

..... (२०६५). "लघुकथाको सैद्धान्तिक परिचय". **बिसौनी-** ४/३. पृ. २०-२१ ।

.....(२०५९). "लक्ष्मीप्रसाद देवकोटाका निबन्धमा व्यङ्ग्य चेतना". विद्यावारिधि नेपाली शोधप्रबन्ध. मानविकी तथा सामाजिकशास्त्र संकाय. डीनको कार्यालय. त्रिभुवन विश्वविद्यालय. कीर्तिपुर ।

कसजू, विनयकुमार .सम्पा. (२०६५). **प्रतिनिधि नेपाली लघुकथाहरू.** काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि.।

कोइराला. कुमारप्रसाद. (२०५९). "नेपाली लघुकथा : स्वरूप र परम्परा". **दीपशिखा-**१३, ७/७.

पृ. १५-२३ ।

खडका. गणेशकुमार. (२०६०). "विनयकुमार कसजूको जीवनी, व्यक्तित्व र कृतित्व". स्नातकोत्तर शोधपत्र. त्रिभुवन विश्वविद्यालय. नेपाली केन्द्रीय विभाग. कीर्तिपुर ।

गिरी. गोविन्द "प्रेरणा". (२०५६). "लघुकथाको बनोट र नेपाली लघुकथा". **मधुपर्क-** ३२/४,

३६२. पृ. ७१-७२ ।

गौतम. कुलचन्द्र. (१९७८). **अलङ्कारचन्द्रोदय**. काशी : प. आत्माराम शर्मा ।

गौतम. ध्रुवचन्द्र. (२०६०). "अनेकन रहस्यहरूको उद्घाटन" (मन्तव्य). **अन्धाहरूको देशमा.** किशन थापा 'अधिर' (ले.). काठमाडौं : नेपाली आख्यान समाज ।

गौतम. लक्ष्मणप्रसाद. (२०५६). "लघुकथाको स्वरूप, संरचना र तत्त्व". **मधुपर्क-** ३२/४, ३६२. पृ. ६१-६२ ।

.....(२०६७). "लघुकथाको सैद्धान्तिक स्वरूप र नेपाली लघुकथाको सन्दर्भ". अप्रकाशित कार्यपत्र.

पृ. १-१२ ।

गौतम. लक्ष्मणप्रसाद र ज्ञानु अधिकारी. (२०६९). "नेपाली लघुकथाको विकासप्रक्रिया". **नेपाली कथाको इतिहास.** काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

गौतम. हेमकुमार. (२०५१). "भागरथी श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्व". स्नातकोत्तर शोधपत्र. त्रिभुवन विश्वविद्यालय. नेपाली केन्द्रीय विभाग. कीर्तिपुर ।

तिवारी. दुर्गादेवी. (२०६०). "साहित्यकार जगदीश नेपालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन". स्नातकोत्तर शोधपत्र. त्रिभुवन विश्वविद्यालय. नेपाली केन्द्रीय विभाग. कीर्तिपुर ।

तिवारी. नारायण. (२०६५). **विघटनको तयारीमा.** "विघटनको तयारीमा बारे सबै सबै अक्षरहरुमा प्रकट भएझैं" (मन्तव्य). आर.आर. चौलागाई (ले.) हेटौडा : श्रीमती विष्णु ओझा (चौलागाई) ।

थापा. रोशन. (२०५६). "लघुकथाको सैद्धान्तिक पक्ष र चालिसको दशकका लघुकथा". **मधुपर्क.** ३२/४. ३६२. पृ. ८५-८९ ।

..... (२०५८). "लघुकथाको सैद्धान्तिक पक्ष र चालिसको दशकका लघुकथा प्रवृत्ति एक झलक". **सारांश.** अंक २. पृ. ६-१६ ।

दी न्यू इन्साइक्लोपेडिया ब्रिटानिका भोलुम ९. (सन १९६२). सकागो : द युनिभर्सिटी अफ सकागो. पृ. ५-६ ।

देवकोटा. बिजुलीदेवी. (२०५६). "पूर्णप्रसाद ब्राह्मणको जीवनी, व्यक्तित्व र कृतित्व". स्नातकोत्तर शोधपत्र. त्रिभुवन विश्वविद्यालय. नेपाली केन्द्रीय विभाग. कीर्तिपुर ।

निखिल. निमेष. (२०६५). "लघुकथा र लघुकथा लेखन". **बिसौनी-** ४/३. पृ. ३९-४२ ।

नेपाल. शैलेन्द्रप्रकाश. (२०५५). "नेपाली साहित्यमा लघुकथा". **मधुपर्क-**३१/४. ३५०. पृ. १३०

१३२ ।

पन्थी. रेणुका. (२०५९). "पूर्णप्रसाद ब्राह्मणको कथाकारिता". स्नातकोत्तर शोधपत्र. त्रिभुवन विश्वविद्यालय. नेपाली केन्द्रीय विभाग. कीर्तिपुर ।

प्रधान. कृष्णचन्द्रसिंह. (२०६१). "भूमिका : एक अभिनय". **छ्याकन.** काठमाडौं : कौवा प्रकाशन ।

पाण्डेय. ताराकान्त. (२०४५). "महाकवि लक्ष्मीप्रसाद देवकोटाका कवितामा हास्यव्यङ्ग्य". स्नातकोत्तर शोधपत्र. त्रिभुवन विश्वविद्यालय. नेपाली केन्द्रीय विभाग. कीर्तिपुर ।

पाण्डेय. लक्ष्मी. (२०६१). "जयनारायण गिरीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन". स्नातकोत्तर शोधपत्र. त्रिभुवन विश्वविद्यालय. नेपाली केन्द्रीय विभाग. कीर्तिपुर ।

पोखेल. ईश्वरीप्रसाद. (२०५९). "नेपाली लघुकथाको परम्परा". स्नातकोत्तर शोधपत्र. त्रिभुवन विश्वविद्यालय. नेपाली केन्द्रीय विभाग. कीर्तिपुर ।

..... (२०६५). "नेपाली लघुकथा : एक अध्ययन". **प्रतिनिधि नेपाली लघुकथा**. काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

पौड्याल. शिवप्रसाद. (२०५८). **नेपाली उखानको विषयात्मक अध्ययन.** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

.....(२०६१). **नेपाली टुक्काहरूको सर्वेक्षण र विश्लेषण.** नवलपरासी : श्रीमती सुशीला पौड्याल ।

पौडेल. कृष्णराज. (२०६३). "इन्द्रकुमार विकल्पको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन". स्नातकोत्तर शोधपत्र. त्रिभुवन विश्वविद्यालय. नेपाली केन्द्रीय विभाग. कीर्तिपुर ।

पौडेल. भूपहरि. (२०४६). "प्राथमिककालीन नेपाली कवितामा व्यङ्ग्यचेतना". विद्यावारिधि शोधप्रबन्ध. मानविकी तथा सामाजिक शास्त्र संकाय. डीनको कार्यालय. कीर्तिपुर ।

बिष्ट. भगवती. (२०६४). "भूपेन्द्र सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन".

स्नातकोत्तर शोधपत्र. त्रिभुवन विश्वविद्यालय. नेपाली केन्द्रीय विभाग. कीर्तिपुर ।

भट्ट. पुष्करराज. (२०६५). "नेपाली लघुकथा : स्वरूप एवम् सिद्धान्त". **बिसौनी-** ४/३. पृ. ५६-

५७ ।

भट्ट. सावित्री. (२०६६). "साहित्यकार पुष्करराज भट्टको जीवनी, व्यक्तित्व र कृतित्व".

स्नातकोत्तर नेपाली शोधपत्र. पाटन संयुक्त क्याम्पस. काठमाडौं ।

भट्टराई. घटराज. (२०५६) "नेपाली लघुकथाको पहिलो मौलिक रूप मौलिक न्याय मणिमाला".

**मधुपर्क.** ३२/४. ३६२. पृ. ४१-४२ ।

भट्टराई. भरतकुमार. (२०४४). "हास्य र व्यङ्ग्यको सैद्धान्तिक स्वरुप". स्नातकोत्तर शोधपत्र.

त्रिभुवन विश्वविद्यालय. नेपाली केन्द्रीय विभाग. कीर्तिपुर ।

भट्टराई. सुरेन्द्र. (२०५५). "इन्दिरा प्रसाइको जीवनी, व्यक्तित्व र कृतित्व". स्नातकोत्तर शोधपत्र.

त्रिभुवन विश्वविद्यालय. नेपाली केन्द्रीय विभाग. कीर्तिपुर ।

भट्टराई. डिल्लीरमण. (२०६९). "नेपाली लघुकथामा कृष्ण शाह यात्री" .मन्तव्य. **तारो**.कृष्ण

शाह 'यात्री' (ले.). काठमाडौ : डिकुरा पब्लिकेशन ।

भण्डारी. गोपालप्रसाद. (२०५५) "नेपाली साहित्यमा लघुकथा". **समष्टि.** २०/४. पृ. ५२-५७ ।

भाउपन्थी. (२०६५). "अग्रगामी सिर्जनधर्मिता बोकेका रचनाहरू" .मन्तव्य.. **पराई विचार.**

सुमन सौरभ (ले.). काठमाडौं : भुवना खरेल ।

महर्जन. अनितालक्ष्मी. (२०६०). "लघुकथाकार विनयकुमार कसजूका कथाकृतिको विश्लेषण र

मूल्याङ्कन". स्नातकोत्तर नेपाली शोधपत्र. त्रिभुवन बहुमुखी क्याम्पस. पाल्पा ।

रेग्मी. शिव. (२०५६). "नेपाली लघुकथाको प्रयोगवादी सङ्ग्रह-कसिङ्गर". **मधुपर्क.**

३२/४. ३६२. पृ. ५६-५७ ।

राकेश. रामदयाल. (२०५९). "लघुकथा : एक लघु विवेचना". **समकालीन साहित्य-** १२/४.४६.

पृ. १५-२१ ।

लमिछाने. कपिल. (२०६४). "नेपाली लघुकथा र समकालीन सन्दर्भ". **मिर्मिरे-**३६/११. २७०.

पृ. १५२-१६९ ।

शर्मा. मोहनराज. (२०४८). **शैलीविज्ञान.** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

.....(२०५६). "लघुकथा : लघुत्तम आख्यान". **मधुपर्क.** ३२/४. ३६२. पृ. ५६-५७ ।

.....(२०५९). " नेपाली लघुकथा : सिद्धान्त र विश्लेषण. **समकालीन साहित्य.** पूर्णाङ्क

४३. पृ. ७-१४ ।

शर्मा. सीतादेवी. (२०६१). "साहित्यकार हिरण्य भोजपुरेको जीवनी, व्यक्तित्व र कृतित्वको

अध्ययन". स्नातकोत्तर शोधपत्र. त्रिभुवन विश्वविद्यालय. नेपाली केन्द्रीय विभाग.

कीर्तिपुर ।

शर्मा. सुकुम. (२०५८). **नेपाली व्याकरणको प्रारम्भिक इतिहास.** काठमाडौं : निरन्तर प्रकाशन ।

शर्मा. सोमनाथ. (२०१६). **साहित्य प्रदीप**. काठमाडौं : नेपाल एकेडेमी ।

श्रेष्ठ. दयाराम. (२०५६). "नेपाली लघुकथाको ऐतिहासिक पृष्ठभूमि तथा स्वरूप". **मधुपर्क**

३२/४. ३६२. पृ. १३-१६ ।

श्रेष्ठ. श्रीओम. (२०५६). “लघुकथा र यसको प्रकाशन”. **गुञ्जन** ३/३. पृ. ५९-६३ ।

सुवेदी. राजेन्द्र. (२०५३). “लघुकथाको परिचय, विकास र वर्तमान परिप्रेक्ष्यमा लघुकथाको महत्व”. अप्रकाशित कार्यपत्र. पृ. १-६ ।